३४७

# भक्तपुर

मासिक


Bhaktapur Monthly

वैशाख २०८२

ISSN 2705-4454





## '२०७२ सालको भूकम्पपश्चात् पुन:निर्माणको एक दशकको पुनरावलोकन' र अन्तर्राष्ट्रिय वैज्ञानिक समितिको तेस्रो वार्षिक बैठकको उद्घाटन

- प्राचीन सम्पदाले वर्तमान नेपालको गौरव र अर्थतन्त्रलाई सहयोग पुऱ्याउनेछ
- सिद्धान्तहीन दलहरूको गन्तव्यहीन यात्रा
- कटारी बजार हिजो र आज
- स्थानीय तहमा हुने बेरुजु र फछ्र्यौटको उपाय
- आलुको बियाँबाट आलु खेती एक जानकारी
- "नयाँ शिक्षा ऐनमा शिक्षा उत्पादन श्रमसित जोडिएको हुनुपर्छ"
- स्मृतिमा भैरव रिसाल
- इडविन पावेल हब्बल : ब्रह्माण्ड विस्तार सिद्धान्तका प्रणेता
- व्यवस्थित नगर वा स्मार्ट सिटी
- ठडियो धरोहर, उठ्यो शिर
- भक्तपुर नपाको गतिविधि



१३६ औं अन्तर्राष्ट्रिय श्रमिक दिवसको अवसरमा प्रवचन कार्यक्रम
( वैशाख १५ गते)



अन्तर्राष्ट्रिय वैज्ञानिक समिति (काठमाडौं उपत्यका विश्व सम्पदा क्षेत्र) का
प्रतिनिधिद्वारा भक्तपुरको टौमढी क्षेत्र अवलोकन (वैशाख १२ गते)

# भक्तपुर नगरपालिकाद्वारा प्रकाशित

☎ ६६१३९५७, ६६१०३१० फ्याक्स : ६६१३२०६

website : http://bhaktapurmun.gov.np
email : info@bhaktapurmun.gov.np

Bhaktapur Municipality

BHAKTAPUR [MONTHLY] मासिक

जि.का.द.सं.१९/०३९/४० भ.पु.जि.हु.का.द.नं.१/०६१/०६२

jÌ{$@ ★ cÆ ^ ★ g}; ‡!!$% ★ lj:; ‡@)*@ j}zfv ★ A.D.2025

कार्यालय : भक्तपुर नगरपालिका कार्यालय भवन

फोन नं. : ०१-६६१३०४३

email : bhaktapurmasik@gmail.com

सम्पादक : लक्ष्मण जोशी

सहायक सम्पादक : आशा कुमार चिकंबञ्जार

डेस्कटप : धनलक्ष्मी त्यात


आवरण सज्जा : रेणु ध्वजू

मुद्रण :
भक्तपुर अफसेट प्रिन्टर्स
ब्यासी, भक्तपुर
☎ ६६१३८८८

मूल्य रु. २५।-

तस्बिरहरू : भक्तपुर नपा (उल्लेख गरिएका बाहेक)


## Pp6f k'/fgf] t:jL/




सन् १९०१-१९०८ मा खिचिएको यस तस्वीरमा पाँचतले मन्दिरका साथै नरसिंह मन्दिरको प्रवेशद्वार पनि देखिन्छ।


'भक्तपुर' मासिकमा प्रकाशित लेख रचनामा अभिव्यक्त विचारहरूसँग प्रकाशक र सम्पादक मण्डलको सहमति अनिवार्य छैन।

"जति बुढो भए पनि दुष्ट दुष्ट नै रहन्छ जति पाके पनि तीतो फल तीतै रहन्छ ।" - कौटिल्य

## यस अङ्कमा


| क्र.सं. | शीर्षक | लेखक | पृष्ठ |
|---|---|---|---|
| १) | "प्राचीन सम्पदाले वर्तमान नेपालको गौरव र अर्थतन्त्रलाई सहयोग पुऱ्याउनेछ" | नारायणमान बिजुक्छेँ | ३ |
| २) | सिद्धान्तहीन दलहरूको गन्तव्यहीन यात्रा | विवेक | ५ |
| ३) | स्वास्थ्य बीमा कार्यक्रम : सरकारको प्रतिबद्धता एकातिर व्यवहार अर्कोतिर ! | - | ७ |
| ४) | कटारी बजार हिजो र आज | सुनिल | ८ |
| ५) | स्थानीय तहमा हुने बेरूजु र फछ्र्यौंटको उपाय | वसन्त भट्टराई | ११ |
| ६) | सांस्कृतिक नगर घोषणा गर्न बिलम्ब गर्न नहुने | विगोल | १६ |
| ७) | "नयाँ शिक्षा ऐनमा शिक्षा उत्पादन श्रमसित जोडिएको हुनुपर्छ" | ज्ञानसागर प्रजापति | २० |
| ८) | इडविन पावेल हब्बल : ब्रह्माण्ड विस्तार सिद्धान्तका प्रणेता | राजेन्द्रबहादुर कायष्ठ | २३ |
| ९) | व्यवस्थित नगर वा स्मार्ट सिटी | दामोदर सुवाल | २९ |
| १०) | स्मृतिमा भैरव रिसाल | आशा कुमार चिकंबञ्जार | ३१ |
| ११) | जिम्न्यास्टिक खेलाडी विष्णुनारायण ग्वाछासँग एकछिन | रामसुन्दर बासी | ३३ |
| १२) | अन्तर-नगर जिम्न्यास्टिक प्रतियोगिताबारे के भन्छन् सहभागीहरू | - | ३६ |
| १३) | ठडियो धरोहर, उठ्यो शिर | उपेन्द्र लामिछाने | ४१ |
| १४) | भक्तपुरलाई अझ राम्रो बनाउन | राजेन्द्र हाडा | ४५ |
| १५) | आलुको बियाँबाट आलु खेती एक जानकारी | शक्तिधर जोन्छेँ | ४७ |
| १६) | विश्व शान्तिका महानायक गौतम बुद्ध | न्हुछेरत्न बुद्धाचार्य | ५१ |
| १७) | ल्याटिन अमेरिकामा साम्राज्यवाद र गैरसरकारी संस्थाहरू | जेम्स पेट्रास | ५२ |
| १८) | दुई गजल | नरेन्द्रप्रसाद जोशी | ५६ |
| १९) | The City of the Yellow Devil (IX) | Maxim Gorky | ५७ |
| २०) | समाजवादी देशहरू पुँजीवादी देशहरूभन्दा छिटो विकास गर्न सक्षम | - | ५९ |
| २१) | "राजनीतिज्ञहरू कल्पनाशील र दूरगामी भएमा देश विकास हुन समय लाग्दैन" | सुनिल प्रजापति | ६१ |
| २२) | काठमाडौँ उपत्यकाका सम्पदाहरू हाम्रो सभ्यताको चिनारी हो | - | ६३ |
| २३) | सम्पदाको मौलिकता संरक्षणको लागि संस्कृति मन्त्रालय, पुरातत्त्व विभाग र स्थानीय तह एक भएर लाग्नु आवश्यक छ | सुनिल प्रजापति | ६६ |
| २४) | सम्पदाको मौलिकता संरक्षणमा भनपा सधैँ सचेत | - | ६९ |
| २५) | १३६ औँ अन्तर्राष्ट्रिय श्रमिक दिवसको अवसरमा प्रवचन कार्यक्रम | - | ७० |
| २६) | भक्तपुर नगरपालिका गतिविधि | - | ७४ |
| | क) शैक्षिक गतिविधि | - | ८० |
| | ख) स्वास्थ्य सेवा | - | ८५ |
| | घ) भेटघाट | - | ८९ |
| २७) | विविध समाचार | - | ९० |
| २८) | नयाँ वर्ष २०८२ को शुभकामना ! (सम्पादकको पृष्ठ) | - | १०० |


**साथमा** :


चीनका प्राचीन नीति कथा - २८/ प्रेरणीय - ३२/ जीवन-आचरण - ३५/ हाम्रा पुराना मूर्ति - ४०/ हाम्रो स्थानीय तह - ४४/ यता-उताबाट - ६०/ थाहा पाइराखौं - ६७/ बसिबियाँलो - ८४/ ख्वप अस्पतालको प्रगति - ८८/ Word Searh - ८९/ हाम्रो स्वास्थ्य - ९८/ पर्यटक तथ्याङ्क - ९९/ तस्बिरमा केही गतिविधि - क-घ ।

# “प्राचीन सम्पदाले वर्तमान नेपालको गौरव र अर्थतन्त्रलाई सहयोग पुऱ्याउनेछ”

–नारायणमान बिजुक्छेँ (रोहित)
अध्यक्ष, नेमकिपा

*(विश्व सम्पदा दिवस, २०८२ को अवसरमा नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले वास्तुकलाका प्रवृत्ति र सम्पदासम्बन्धी चौथो राष्ट्रिय सम्मेलनको उद्‌घाटन कार्यक्रममा वैशाख १५ गते व्यक्त मन्तव्य)*



वास्तुकलाका विविध धाराहरू र विश्व सम्पदाका विषयहरूमा छलफल गर्ने सुखद अवसरको रूपमा भेला हुँदै छौँ ।

वास्तुकलाबारे चिन्तन गर्दा एउटै भूगोलको परिवेशमा फरक-फरक युगमा मानव जातिले नयाँ-नयाँ भौतिक प्रगति र अमूर्त कलाको पनि विकासमा योगदान पुऱ्याइरहेकै छन् ।

मूर्त कलाले भौतिक प्रगतिको प्रतिनिधित्व गर्छ भने अमूर्त कलाले विश्वको मानव जातिको मन र मस्तिष्कको अत्यन्त कोमल भावनाको अभिव्यक्ति प्रस्तुत गर्छ ।

मूर्त कला र सम्पदाले हरेक क्षेत्र र तत् क्षेत्रका भौतिक प्रगतिको प्रदर्शन र परिचय प्रस्तुत गर्ने अवसर पाउनुका साथै विश्व मानव जाति र सभ्यतामा आ-आफ्नो योगदानलाई उजिल्याउने अवसर प्राप्त गर्छ । त्यसैगरी, समाजको नाचगान, चित्रकला तथा पहिरन एवम् शृङ्गारका वस्तुहरूले मानवीय भावना, सन्तोष र गौरवको अभिव्यक्ति प्रकाश पार्ने अवसर मिल्छ ।

नवदुर्गा नाच, भैरव नाच र देवी नाचले प्राचीन मानव समाजको भित्री मनलाई स्पन्दित गर्छ भने बाजागाजाले हरेक पात्रहरूको प्रतीकात्मक र साङ्केतिक अभिव्यक्तिमार्फत मानव मनलाई आल्हादित गर्छ ।

हाम्रा सबै प्रकारका रीतिरिवाजलाई अध्ययन गर्दा फल र फूलको प्रतिनिधित्व गर्ने सुपारीले माइतीको कर्तव्यको ठाउँमा पराइ घरको कर्तव्यको बोध गराउँछ । नवदुर्गा नाचले परिवारका छोरीदेखि सासूसम्मको कर्तव्यलाई इङ्गित गर्छ । थरीथरीका सङ्गीतले समाज र स्रोताहरूको हृदयलाई झङ्कृत गर्दै शब्द सन्देश पुऱ्याउँछन् ।

सम्पदाको नयाँ-नयाँ प्रविधि र विज्ञानको प्रयोगले चामत्कारिक उपलब्धि हासिल हुने विषयमा दुईमत नहोला ! त्यस्तै, मानिसको तार्किक चिन्तनले प्रगतिमा सहयोग पुऱ्याउनेछ ।

“प्राचीन सम्पदाले वर्तमान नेपालको गौरव र अर्थतन्त्रलाई सहयोग पुऱ्याउनेछ र देशविदेशका नयाँ प्रविधि एवम् विज्ञानले आकाशका ताराहरूलाई रात्री उत्सवहरूमा हाम्रै धर्तीमा जगमगाउनेछ ।

हाम्रो प्राचीन मूर्त र अमूर्त सम्पदा कला एवम्

---

मानव समाजको विषयमा नेपाल र नेपाली जनताले गरेका योगदानको रूपमा प्रस्तुत सम्पदाहरूलाई जोगाउन सकिएन भने देशको गौरव गर्ने प्रमाणहरूसमेत प्रस्तुत गर्नसक्ने छैनन् । आजसम्म पढ्दै र पढाउँदै आएको इतिहास पनि पुन:लेखन र पुन:विश्लेषण आवश्यक भएको बारे बरोबर छलफल हुँदै छ । महत्त्वपूर्ण पदमा बस्ने व्यक्तित्वहरूले यसबारे आफ्नो जाँगर र सचेतता नदेखाएसम्म अगाडि बढ्ने काम पनि पछि पर्नेछ ।

संस्कृति नै हाम्रो पहिचान हो; हाम्रो गौरव र जीवन्तता पनि त्यसैमा अन्तरनिहित छ।

युनेस्को पश्चिमी देशहरूको प्रभाव भएको संस्था हो। अन्तर्राष्ट्रिय दबाब आउने हुँदा उपनिवेशको समयमा उपनिवेशीहरूले बनाएका भवनहरू भत्काउँदैनन्। हाम्रै देशको हनुमानढोकामा रहेको सेतो भवनको पुन:निर्माण गर्दा त्यसमा बेलायतको ठाउँमा अमेरिकाको झन्डाको सङ्केत राखिएको छ। पहिले त्यो बेलायतले बनाएको हुँदा त्यहाँ बेलायती झन्डा अङ्कित थियो। उपनिवेशकालमा अरू देशमा बनाइएका भवनहरूलाई पनि उपनिवेशवादीहरू यथावत राख्न चाहन्छन्। त्यसको कारण हो, अहिलेसम्म साम्राज्यवादी वा पश्चिमी देशहरूले आफूले साम्राज्य जमाएका र उपनिवेश बनाएका देशहरूमाथि 'हाम्रो हैकम थियो है' भनेर संस्मरणका सङ्केतहरू राखिएका हुन्। ती देशहरूमा आक्रमण र विध्वंस गर्नुमा उनीहरू दु:खमनाउ गर्दैनन्, गौरव गर्छन्, देशभक्तहरूले त्यसलाई अपराधको रूपमा हेर्छन्।

---

युनेस्को पश्चिमी देशहरूको प्रभाव भएको संस्था हो । अन्तर्राष्ट्रिय दबाब आउने हुँदा उपनिवेशको समयमा उपनिवेशीहरूले बनाएका भवनहरू भत्काउँदैनन् । हाम्रै देशको हनुमानढोकामा रहेको सेतो भवनको पुन:निर्माण गर्दा त्यसमा बेलायतको ठाउँमा अमेरिकाको झन्डाको सङ्केत राखिएको छ । पहिले त्यो बेलायतले बनाएको हुँदा त्यहाँ बेलायती झन्डा अङ्कित थियो । उपनिवेशकालमा अरू देशमा बनाइएका भवनहरूलाई पनि उपनिवेशवादीहरू यथावत राख्न चाहन्छन् । त्यसको कारण हो, अहिलेसम्म साम्राज्यवादी वा पश्चिमी देशहरूले आफूले साम्राज्य जमाएका र उपनिवेश बनाएका देशहरूमाथि 'हाम्रो हैकम थियो है' भनेर संस्मरणका सङ्केतहरू राखिएका हुन् । ती देशहरूमा आक्रमण र विध्वंस गर्नुमा उनीहरू दु:खमनाउ गर्दैनन्, गौरव गर्छन्, देशभक्तहरूले त्यसलाई अपराधको रूपमा हेर्छन् ।

---

त्यसकारण, यी सबै विषयमा विद्यार्थी भाइबहिनीहरूलाई बताएन भने साम्राज्यवादी संस्कारहरूबाट हाम्रो नयाँ पुस्ता पनि मुक्त हुनेछैनन्। नयाँ परिवेशमा पनि आउन नसक्ने; पुराना कुरा पनि छोड्न नसक्ने नेपालका सरकारहरूलाई समयले नै सिकाउनेछ।

अहिले संसारमा विज्ञान र प्रविधिमार्फत वास्तुकला र विज्ञानमा भएका नयाँ–नयाँ साधन र प्रगतिलाई अस्वीकार गर्ने होइन। तर, पुराना कुरालाई संरक्षण गरी जोगाएन भने भविष्यमा धेरै अप्ठ्याराहरूको सामना गर्नुपर्नेछ। हिजो के भएको थियो आज सङ्ग्रहालयहरूमा गएर हेर्न–बुझ्ने गर्छन्। इतिहास नबुझ्ने हो भने भविष्यको विषयमा पनि मानिसले सोच्न सक्दैन। यदि डार्बिनले हाडखोरहरू जम्मा नगरेका भए आफ्नो सिद्धान्तलाई अगाडि बढाउन सक्ने थिएनन्।

मानव समाजको विषयमा नेपाल र नेपाली जनताले गरेका योगदानको रूपमा प्रस्तुत सम्पदाहरूलाई जोगाउन सकिएन भने देशको गौरव गर्ने प्रमाणहरूसमेत प्रस्तुत गर्नसक्ने छैनन्। आजसम्म पढ्दै र पढाउँदै आएको इतिहास पनि पुन:लेखन र पुन:विश्लेषण आवश्यक भएको बारे बरोबर छलफल हुँदै छ। महत्त्वपूर्ण पदमा बस्ने व्यक्तित्त्वहरूले यसबारे आफ्नो जाँगर र सचेतता नदेखाएसम्म अगाडि बढ्ने काम पनि पछि पर्नेछ।

पुराना संरचनाहरूको मर्मत र सम्भार गर्न तथा पुन:निर्माण गर्न पनि नेपाली सामग्रीहरूको खोजी र अनुसन्धान गर्न ढीलो हुने सम्भावना छ। त्यसबारे देशका महाविद्यालय र विश्व विद्यालयहरूले नै अगुवाइ गर्नु उपयुक्त हुनेछ भन्ने भावना जनतामा व्यापक छ।

यसको निम्ति विभिन्न प्रकारका काठ-पात, माटो, इँटा, ढुङ्गा र विविध निर्माण सामग्रीहरूको गुण–दोष, दिगोपना, पछि पनि उपलब्ध हुने सम्भावना आदिबारे सचेत हुनुपर्नेछ।

आज नगरपालिकाका प्राविधिकहरूले नेपाली सामग्रीहरूको दिगोपना र क्षमताबारे वैज्ञानिक र अनुसन्धानका कुनै प्रामाणिक दस्ताबेजहरू नहुँदा ऐन–कानुनबाट आफूहरू जोगिन विदेशी फलामे छड–सिमेन्ट आदि सामग्रीहरूमात्र प्रयोग गर्न सिफारिस गर्छन्।

त्यस प्रवृत्तिले नेपाली सामग्रीहरूप्रति उपेक्षा र विदेशी वस्तुमाथि नै भरपर्ने प्रवृत्ति र आर्थिकरूपले देशलाई पनि कमजोर पार्ने हुँदा नेपालले यस क्षेत्रको निम्ति आवश्यक सामग्रीको अनुसन्धानलाई ढिलो गर्न नहुनेबारे व्यापक चिन्ता बढ्नु स्वाभाविक छ।

यस सतत र दुर्लभ कार्यक्रममा सहभागी मित्रहरूको सुन्दर र जानकारीमूलक अभिव्यक्तिप्रति मानव मनलाई मुग्ध तुल्याउने विषयको रूपमा हामी सबै सहमत हुनेछौँ। यस्तो गरिमामय कार्यक्रममा आफ्ना मनको कुनामा लुकेका केही भावनालाई फुकाउने अवसर प्राप्त गराउने यस कार्यक्रमका आयोजक संस्था र साथीहरूलाई धन्यवाद दिन चाहन्छु।

# सिद्धान्तहीन दलहरूको गन्तव्यहीन यात्रा

विवेक

जनसङ्ख्या, भूमि, सार्वभौमिकता र सङ्गठन राज्यको लागि आवश्यक तत्त्वहरू हुन्। तीमध्ये कुनै एकको अभावमा राज्यको कल्पना गर्न सकिँदैन। ठीक त्यसरी नै पार्टीको लागि विचार, सङ्गठन, नेतृत्वकर्ता राजनैतिक दल र विचारको आधारमा निर्माण हुने आदर्श समाजको कल्पना (गन्तव्य) आवश्यक हुन्छ। तर अहिले नेपालका शासक दलहरू विचारशून्य हुँदै गइरहेका छन्। यसले ती दलहरू राजनैतिक दलभन्दा पनि भिडजस्ता देखिँदै छन्।

नेकाले प्रजातान्त्रिक समाजवाद, एमालेले जनताको बहुदलीय जनवाद र माओवादीले एक्काइसौँ शताब्दीको जनवादलाई बैचारिक आधार बनाएका छन्। नेका प्रजातान्त्रिक समाजवादको वैचारिक आधारमा नेपालमा पुँजीवादी समाजको स्थापना गर्न चाहन्छ भने एमाले र माओवादीले भने आफूलाई कम्युनिस्ट पार्टी दाबी गर्दै आएका छन्। एमाले र माओवादी दुबैले मार्क्सवाद र लेनिनवादलाई आफ्नो सैद्धान्तिक आधार मान्नेका छन्। साझा उद्देश्य प्राप्तिका लागि विचार मिल्नेहरूबिच संयुक्त मोर्चाहरू गठन हुन सक्छन्, गठबन्धन गर्न सक्छन् र आन्दोलनका कार्यक्रमहरू बनाउन सक्छन्। तर, सरकारमा जानकै लागि सिद्धान्त त्याग्नु भनेको राजनैतिक अनैतिकता हो। सिद्धान्तहीनताले कुनै पनि पार्टीले आफ्नो लक्ष्य प्राप्त गर्न सक्दैन।

नेका र माओवादीहरू एक अर्कालाई 'दुश्मन' भन्ने गर्थे। पछिल्लो चरणमा ती पार्टीहरूबिच सरकारमा मात्र होइन निर्वाचनमा पनि गठबन्धन हुने गरेको छ। २०७९ सालको निर्वाचनमा नेका र माओवादी गठबन्धन गरेर चुनाव लडे। निर्वाचनपछि गठबन्धन सरकार पनि चलाए। गठबन्धन भएकैले नेकाले ७९ सीट, माओवादीले ३२ सीट जित्न सफल भए। गठबन्धनमा एकीकृत समाजवादी, जसपा र राजमो पनि थिए। ती पार्टीहरू आफूलाई कम्युनिस्ट नै दाबी गर्छ। एकीकृत समाजवादीले प्रतिनिधिसभामा १० सीट र राष्टिय सभामा ८ सिट प्राप्त गर्यो भने राजमोले प्रतिनिधिसभामा एक, राष्ट्रिय सभाका एक र स्थानीय तहमा १५९ सीट जित्न सफल भयो। एमसीसीको विरोध पनि गर्ने सरकारको समर्थन पनि गर्ने राजमोको अवसरवादी नीति पनि प्रस्ट भयो। विपरीत विचार राख्ने वा 'वर्ग दुश्मन' बिच गठबन्धन गरी चुनाव लड्ने र सरकार गठन गर्ने परम्पराले नेपाली समाजको भविष्य अनिश्चित हुन पुगेको छ।

कम्युनिस्टहरूको मुख्य उद्देश्य समाजवादी समाज स्थापना गर्नु हो। एमाले, माओवादी, एकीकृत समाजवादीले आफ्नो पार्टीको उद्देश्यमा समाजवाद हुँदै साम्यवादी समाज स्थापना गर्ने नै उल्लेख गरेका छन्। तर, सिद्धान्तहीन गठबन्धनले ती पार्टीहरू कस्तो समाजवाद स्थापना गर्न खोजेका हुन् भन्ने प्रश्न उठेको छ।

२०४६ सालको आन्दोलनले ३० वर्षे पञ्चायती निरङ्कुश व्यवस्थाको अन्त्य गर्‍यो। त्यस व्यवस्था रक्षाका लागि तत्कालीन पञ्चहरूले धेरै नेपालीहरूको ज्यान लिए, धेरैलाई जेलमा थुने, कतिलाई प्रवास र भूमिगत जीवन व्यतीत गर्न बाध्य पारे। बहुदलको माग गरी आन्दोलन गर्ने जनतालाई गोली हानेर हत्या गरे। ती अपराधीहरूलाई बहुदलीय व्यवस्था पुनःस्थापनापश्चात् जेलमा राख्नुपर्ने थियो। मल्लिक आयोगले दोषी ठहर गरेका पूर्वपञ्चहरू बहुदलीय व्यवस्थामा पटक-पटक मन्त्री भए। बहुदलीय व्यवस्था पुनःस्थापनाको छोटो समयमै महापञ्चहरू २०५३ सालमा एमालेको सहयोगमा लोकेन्द्रबहादुर चन्द र २०५४ सालमा नेकाको सहयोगमा सूर्यबहादुर थापा पालै पालो प्रधानमन्त्री भए। २०४६ सालपछि नेका र एमाले सरकारको लागि सिद्धान्तच्युत हुँदै गएका यी उदाहरणहरू हुन्। पार्टी नेतृत्वको गलत कामले जीवनभर पञ्चायतविरुद्ध सङ्घर्ष गरेका इमानदार नेता र कार्यकर्ताहरूको शिर झुक्यो।

सूर्यबहादुर थापाले आफ्नो संस्मरणमा लेखे- 'पञ्चायती व्यवस्था जाँदा म फेरि यो मुलुकको प्रधानमन्त्री हुँला भन्ने चिताएको पनि थिइनँ।' (सूर्यबहादुर थापा : मेरा नौ दशक पेज ३४१) उनले भने -'म चन्दको सरकार ढाल्न तयार भएँ। गिरिजाबाबु सकारात्मक भयो। मेरो नेतृत्वमा आठ महिना सरकार चलाउने, राजीनामा दिने र त्यसपछि गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री बन्ने टुङ्गो लाग्यो।' तर ३ महिनामै छाड्न बाध्य पारेकोमा उनको चित्त दुखाइ पनि छ। तर जे होस्, पञ्चहरूले समेत कल्पनासम्म नगरेको बेला नेका र एमालेले सरकारको नेतृत्वमा पुर्‍याउनु नै आजको अन्योलको कारण मान्न सकिन्छ।

१० वर्षसम्म सशस्त्र सङ्घर्ष गरी संसदीय राजनीतिमा आएका माओवादीले पनि २०६४ सालमा सम्पन्न पहिलो संविधानसभामा पूर्वअञ्चलाधीश सूर्यबहादुर सेन वली र सेनाका पूर्वसहायक रथीकुमार फुदुङलाई संविधानसभा सदस्यमा मनोनीत गरेको थियो। त्यसको माओवादी पङ्क्तिबाट चर्को विरोध भएको थियो भने संविधानसभामा उनीहरूको हाकाहाकी आलोचना पनि भयो। माओवादी नेतृत्वले भने सशस्त्र आन्दोलनको बेला ठुलो 'सहयोग' गरेको भन्दै उनीहरूको बचाउ गर्ने गरेको थियो।

दलहरूले सरकारमा पुग्नकै लागि सिद्धान्तहीन गठबन्धन गरेकै कारण पछिल्लो निर्वाचनमा एमालेले राप्रपाका नेताहरू जिताउन भएभरको तागत खर्च गर्यो। राजेन्द्र लिङ्डेन मात्र होइन धेरै जनालाई जिताउन एमालेले सहयोग गरेको थियो। अझ कमल थापालाई 'सूर्य' चिह्न दिएर चुनाव लडाउन पनि एमाले पछि परेन।

सिद्धान्तहीन गतिविधि एकैदिनको भने होइन। २०५१ सालको मध्यावधि निर्वाचनमा नेमकिपाबाट ४ जना सांसद

जितेका थिए। भक्तबहादुर रोकाया र विनोद शाहीलाई अनुशासनहीन काम गरेको कारण पार्टीले कारबाही गर्‍यो। पछि नेका प्रवेश गरेपछि रोकायालाई मन्त्री बनाइयो भने विनोद शाहीलाई एमाले बनाइयो। नेमकिपाले पुँजीवादी सरकारमा नजाने निर्णय गरेपछि रोकायाले र पजेरो नलिने निर्णयपछि शाहीले पार्टी निर्णय उल्लङ्घन गरेका थिए। अनुशासनहीन कार्यकर्ताहरूलाई कडा कारबाही गर्नुपर्नेमा अर्को पार्टीले रातो कार्पेट ओछ्याएर स्वागत गर्दै पुरस्कृत गर्ने व्यवहारले त्यस्ता कार्यकर्ताहरूको मनोबल बढ्दै गयो र पार्टीहरूमा अनुशासन उल्लङ्घन गर्नेहरूको जमात ठूलो हुँदै गयो।

चरम अनुशासनहीनताले राजनैतिक दलहरू जनताबिच बदनाम भए। सत्ताको लागि 'कुकुर झगडा' गर्ने प्रवृत्तिले जनतामा दलहरूप्रति वितृष्णा जाग्न थालियो। जनताले विश्वास गरेका नेताहरू सरकारमा गएको छोटो अवधिमै करोडौँको गाडी चढ्ने, करोडौँ बैङ्क ब्यालेन्स र राजधानीमा घरजग्गाको मालिक बने। मकै, भतमास खाने नेताहरू काजु र पिस्टामा रमाउन थाले। नेताहरूको सम्पन्नता र बिलासी जीवनयापनले इमानदार नेता कार्यकर्ताहरू निराश मात्र भएनन् क्रमशः कार्यकर्ताहरूमा पनि त्यो रोग सर्दै गयो। त्यसले पैसा नै प्रधान रहेछ, विचार र सिद्धान्त गौण भन्ने ठाउँमा कार्यकर्ताहरूलाई पुऱ्यायो। दुःखमा हुर्केका राजनैतिक कार्यकर्ताहरूमा निराशा आउनुको कारण यही हो।

राजनीतिलाई छोटो समयमा अकुत सम्पत्ति कमाउने 'उद्योग'को रूपमा लिन थालियो। ठूला ठूला पुँजीपतिहरू, गुण्डाहरू, तस्करहरू, भ्रष्टाचारीहरू र अपराधीहरूको बेरोकतोक प्रवेशले पार्टीहरू थप बदनाम हुन पुगे। प्रहरीको मोस्ट वान्टेड सूचीमा परेका गुण्डा नाइकेहरूले नै नेका, एमाले र माओवादीको संरक्षण पाए। अझ पार्टीको टिकट दिएर सांसद मात्रै होइन दिपक मनाङ्गेलाई त पटक पटक मन्त्री नै बनाइयो। प्रहरीको खोरमा बस्नुपर्नेलाई प्रहरीले सलाम गर्नुपर्ने ठाउँमा पुऱ्याउने पनि शासक दलहरू नै हुन्। उनीहरूले शासक दलहरूभित्र इमानको राजनीति गर्नेहरूलाई पाखा लगाउँदै गए। मोटो रकम 'सहयोग' गर्न सक्नेहरू नेताहरूको नजिक पुग्न सफल भए। सङ्घ, प्रदेश सांसद बन्नेहरूमा नवप्रवेशीहरू बढ्न थाल्यो। उनीहरूले आफ्नो स्वभाव र चरित्र संसद् र मन्त्रिमण्डलमा पनि देखाउँदै छन्।

शासक दलहरू त्यत्तिकै बदनाम भएका होइनन्। पाइला पाइला गरी उनीहरूले व्यक्तिगत र दलगत स्वार्थका लागि पार्टी सिद्धान्तविपरीत देशघातका कार्यहरू गर्दै गए। यसले नयाँ पुस्तामा राजनीतिप्रति वितृष्णा बढ्न गयो। स्वतन्त्रहरूप्रति युवाहरूको आकर्षण बढ्नुको कारणमध्ये यो पनि एक हो। युवा पुस्तालाई समाजवाद र पुँजीवादबारे भेद स्पष्ट पार्दै देश र जनताको सेवामा इमानदारीपूर्वक लाग्न प्रेरणाका स्रोत बन्नुपर्ने नेताहरू स्वयम् अहिले नकारात्मक पात्र बन्न पुगेका छन्। यो देश र समाज कसैको पनि हितमा छैन।

सिद्धान्त त्यागेपछि के हुन्छ ? सोभियत सङ्घ हेरे पुग्छ। सन् १९१७ को समाजवादी क्रान्तिपछि सोभियत सङ्घका जनताले निःशुल्क शिक्षा र निःशुल्क स्वास्थ्य उपचार पाए। खान लाउनको कुनै दुःख थिएन। सारा नागरिकहरूको लागि योग्यताअनुसारको काम र कामअनुसारको ज्यालाको बन्दोबस्त थियो। पुरुष र महिलाबिच कुनै विभेद थिएन। सबै नागरिकहरू समान थिए। सम्पूर्ण उत्पादनका साधनहरूमा समाजको स्वामित्व थियो। निजी सम्पत्ति भने थिएन। कामदार वर्गको लागि 'स्वर्ग' कहीं थियो भने त्यही थियो। नयाँ पुस्ताले दुःख के हो थाहा पनि थिएन।

स्तालिनको निधनपछि नेतृत्वमा आएका ख्रुश्चेभको संशोधनवादी नीतिको कारण पाइला पाइला गरी समाजवादी सोभियत सङ्घ पुँजीवादीकरण हुँदै गयो। सन् १९९१ मा सोभियत सङ्घ विघटन भयो। देशभरका कलकारखानाहरू निजीकरण गरिए। ती सबै ठूलठूला पुँजीपतिवर्गको नियन्त्रणमा गयो। अहिले त्यहाँ समाजवादमात्र नरहेको होइन हिजोको सोभियत सङ्घ १५ वटा देशमा विभाजित भयो। पहिले एउटै देशको रूपमा रहेका रुस र युक्रेनबिच अहिले युद्ध चलिरहेको छ। संरा अमेरिकाको उक्साहटमा युक्रेनले रुसविरुद्ध युद्ध गरिरहेको छ। ती देशका जनता रोजगारीका निम्ति युरोपका विभिन्न देशमा भौतारिरहेका छन्। जीवन जिउन महिलाहरू यौन व्यवसाय गर्न बाध्य छन्। सबैको निम्ति निःशुल्क शिक्षा, स्वास्थ्य उपचार र रोजगारी उनीहरूका लागि सपना भएका छन्। यो समाजवादी सिद्धान्त त्याग्नुको परिणाम हो। अध्यक्ष रोहित भन्नुहुन्छ, "सिद्धान्त त्याग्नुको अर्थ हिमालयमा चिप्लेटी खेल्नुसरह हुन्छ।" यसको अर्थ हो डुब्नु वा समाप्त हुनु हो।

## नेमकिपा सिद्धान्तको राजनीतिमा अटल

पुँजीवादको बाढीबिच नेपाल मजदुर किसान पार्टी सिद्धान्तको मामिलामा अटल छ। नेमकिपालाई समाजवादी विचारबाट विचलित पार्न प्रतिक्रियावादीहरूले प्रयास नगरेका होइनन्। २०६२।६३ पछि बनेका प्रायःजसो सरकारले नेमकिपालाई मन्त्री पदको निम्ति आग्रह गर्ने गरेका थियो तर नेमकिपाले निर्वाचनको बेला जनताबिच गरेका प्रतिबद्धताअनुसार पुँजीवादी सरकारमा नजाने र राजनीति भनेको 'देश र जनताको इमानदारीपूर्वक सेवा गर्ने थलो हो' भन्ने आदर्शलाई कायम राख्दै आएको छ। सङ्घ र प्रदेशको सरकारमा सहभागी नभई प्रखर प्रतिपक्षको भूमिका निर्वाह गर्दै छ। स्थानीय तहमा भाग लिएर जितेका पालिकाहरूमा पनि पार्टीको नीति र सिद्धान्तअनुसार बहुमत जनताको हितमा काम गर्दै आएको छ।

नेका, एमाले र माओवादीलगायत सबै पार्टीहरूले आआफ्नो पार्टीले जितेका पालिकाहरूमा आआफ्नो सिद्धान्तअनुसार नमुना काम गरेर देखाएको भए युवा पुस्ताका लागि कामको आधारमा पार्टीहरू छान्न सजिलो हुने थियो। अहिले दलहरूको सिद्धान्तहीन कार्यले गर्दा नयाँ पुस्तामा 'सबै दल उस्तै' भन्ने छाप पर्न गएको छ। यसैको फाइदा राजावादीहरूले उठाउँदै छन्। सिद्धान्तहीन र विचारशून्य राजनैतिक दलहरूकै कारण युवा पुस्तामा निराशा छाएको छ। त्यसको अन्त्य दलहरूले सिद्धान्तअनुसारको व्यवहार गरेर देखाउनु आवश्यक छ।

# स्वास्थ्य बीमा कार्यक्रम : सरकारको प्रतिबद्धता एकातिर व्यवहार अर्कोतिर !

यस वर्ष चैत २५ गते 'तपाईंको स्वास्थ्य हाम्रो अठोट' भन्ने मूल नाराका साथ स्वास्थ्य बीमा दिवस मनाइयो। प्रधानमन्त्री खड्गप्रसाद ओलीले सो अवसरमा शुभकामना दिँदै 'समाजवादउन्मुख राज्यको अवधारणा लागु गर्न स्वास्थ्य बीमा कार्यक्रमप्रति सरकार प्रतिबद्ध' रहेको बताए।

स्वास्थ्य बीमा कार्यक्रमदेखि निराश जनतामा प्रधानमन्त्रीको प्रतिबद्धताले झिनो आशा पलाएको छ। २०७२ चैत २५ गते कैलाली जिल्लाबाट सुरु भएको स्वास्थ्य बीमा कार्यक्रम हाल ७ प्रदेशको ७५३ पालिका पुगेको छ। सरकारी, सामुदायिक र निजी गरी देशभरका ४८० वटा अस्पतालमा स्वास्थ्य बीमा कार्यक्रम लागु भएको छ। सबैले समान रूपले सेवा पाउने भएकोले यो व्यवस्थाबाट आर्थिक रूपमा कमजोर मानिसहरू लाभान्वित भएका छन्। स्वास्थ्य सेवा अत्यन्त महँगो भएकोले गरिब जनताको लागि स्वास्थ्य बीमा कार्यक्रम उपचारको भरपर्दो बिकल्प बनेको छ। ठूलठुला रोग लागेमा गरिबहरू उपचारबिना नै मृत्युवरण गर्नुपर्ने अवस्था छ। कैयौँले उपचारका लागि घरखेत बेच्न परेको र कैयौँ मानिसहरू उपचार गर्दा गर्दै गरिब बनेका थुप्रै उदाहरणहरू नभएका होइनन्। एक सर्वेक्षणअनुसार स्वास्थ्य उपचारकै कारण वार्षिक ५ लाख नेपालीहरू गरिबीको रेखामुनि झर्ने गर्छन्। यस्तो महँगो स्वास्थ्य उपचारको बेला स्वास्थ्य बीमा कार्यक्रम अत्यन्त उपयोगी साबित भएको छ। तर, सरकारले त्यसलाई भरपर्दो बनाउन सकेको छैन। हाल देशभर ८० लाखभन्दा बढी नागरिकहरू बीमामा आबद्ध भएकोमा नवीकरण गर्नेहरूको सङ्ख्या ५७ लाख ५३ हजारमात्र हुनु बीमाप्रति जनविश्वास घट्दै जानुको सङ्केत हो।

सरकारले बीमामा सूचिकृत अस्पतालहरूलाई समयमा भुक्तानी दिन सकेको छैन। फागुन मसान्तसम्ममा अस्पतालहरूलाई भुक्तानी बाँकी १६ अर्ब ४५ करोड पुगेको र बीमा बोर्डसँग भने जम्मा १ अर्ब रूपैयाँ मात्र रहेको बीमा बोर्डका कार्यकारी निर्देशक रघुराज काफ्लेले बताए। मासिक करिब २ अर्ब रूपैयाँ भुक्तानी दिनुपर्ने उनको भनाइ छ। प्रधानमन्त्रीले प्रतिबद्धता गरेर मात्र बिमाको समस्या समाधान हुने होइन, त्यसको लागि पर्याप्त बजेट विनियोजन गर्नु आवश्यक छ। देशभर सञ्चालित अस्पतालहरूले ९ महिनादेखि बीमा भुक्तानी पाएका छैनन्। धेरैजसो अस्पतालहरूले स्वास्थ्य बीमा कार्यक्रम नै बन्द गर्न थालेका छन्। अस्पतालहरूले स्वास्थ्य बीमा कार्यक्रम बन्द गरेमा बिरामीहरू निजी अस्पतालहरूमा जान बाध्य हुनेछन्।

स्वास्थ्य बीमा कार्यक्रम नाफा र घाटासँग सम्बन्धित विषय होइन। यो त विशुद्ध सेवा क्षेत्र हो। नागरिकको स्वास्थ्य उपचार सहज रूपमा गर्नु यसको मुख्य उद्देश्य हो। कोही पनि नागरिक बिनाउपचार मर्नु नपर्ने वातावरण सिर्जना गर्नु बिमाको मुख्य उद्देश्य हो। सबै नागरिकलाई स्वास्थ्य बीमामा आबद्ध गर्न सकेको भए धेरै राम्रो हुने थियो। नेपालको संविधानले आधारभूत स्वास्थ्य उपचार निःशुल्क हुने नागरिकको मौलिक हकमै राखिएको छ।

सरकारले लोकप्रियता र चर्चाको लागि यस्तो कार्यक्रम गर्ने होइन। स्वास्थ्य बीमा कार्यक्रम नागरिकको स्वास्थ्यसँग प्रत्यक्ष सरोकार राख्ने कार्यक्रम भएकोले झन् विश्वासिलो र भरपर्दो बनाउनु आवश्यक छ। त्यसको लागि स्वास्थ्य मन्त्रालयले सम्बन्धित क्षेत्रका विज्ञहरूसँग आवश्यक छलफल, अन्तरक्रिया समय समयमा चलाउनु पर्छ।

स्वास्थ्य बीमा कार्यक्रममा निजी अस्पतालहरूलाई पनि सूचिकृत गरी सेवा प्रवाहसमेत त्यहाँबाट गर्नु उचित होइन। निजी अस्पतालहरूको उद्देश्य सेवाभन्दा पैसा कमाउने रहेको हुन्छ। नागरिकहरूको उपचारको लागि अस्पताल छिर्ने बित्तिकै आवश्यकताभन्दा बढी परीक्षणहरू गराई बढीभन्दा बढी पैसा असुल्नु उनीहरूको विशेषता हो। यसर्थ, निजी अस्पतालहरूलाई त्यस सूचीबाट हटाउनु स्वास्थ्य बीमामा भइरहेको अनियमितता कम गर्ने उपाय हुनसक्छ। प्रधानमन्त्री र मन्त्रीहरूले बीमाको अवस्था बुझेर बोलेका भए हाँसोको पात्रो बन्नुपर्ने थिएनन्। झन्डै एक वर्षदेखि बीमाको भुक्तानी दिन नसकेको अवस्थामा स्वास्थ्यमन्त्री जस्ता जिम्मेवार व्यक्तिले बीमा सुविधा रु. ५ लाख पुर्‍याउने बताउँदै छन्। जनताबाट आलोचना भएपछि उनी बीमा बोर्डसँग पैसा नभएको र बीमा कार्यक्रम बन्द हुने जस्ता गैरजिम्मेवार अभिव्यक्ति दिन्छन्। यस्ता हल्का टीका टिप्पणी र अभिव्यक्ति दिँदै हिँड्नु मन्त्रीहरूलाई सुहाउने विषय होइन।

भक्तपुर नगरपालिकाबाट सञ्चालित ख्वप अस्पताललाई पनि बीमा बोर्डले ९ महिनादेखि भुक्तानी गरेको छैन। बीमा बोर्डसँग लिनुपर्ने भुक्तानी २४ करोड नाघेको ख्वप अस्पतालले जनाएको छ। नगरवासी मात्र होइन देशभरका बिरामीहरूलाई त्यस अस्पतालले सेवा दिइरहेको छ। ख्वप अस्पतालले यस आ.व. २०८१।८२ को बितेको ८ महिना (साउनदेखि चैत मसान्त) सम्ममा देशका ७२ जिल्लाका २ लाख १२ हजारभन्दा बढी बिरामीहरूलाई सेवा प्रदान गरिसकेको छ भने गत वर्ष २ लाख ५३ हजारभन्दा बढी जनतालाई सेवा प्रदान गरेको थियो। बीमाको भुक्तानी नहुँदा अस्पताल सञ्चालनमा समस्या भइरहेको अस्पतालले जनाएको छ। स्वास्थ्य बीमामा भएका कमी कमजोरी अध्ययन गरी जनताको लागि सहज रूपमा उपचारको व्यवस्था होस्। त्यसको लागि देशभरका अस्पतालको बाँकी भुक्तानी शीघ्र प्रदान गरी स्वास्थ्य बीमा कार्यक्रम अझ प्रभावकारी, भरपर्दो र विश्वासिलो बनाउनेतर्फ सरकारले ध्यान देओस्।

*स्रोत : 'श्रमिक' साप्ताहिक*

# कटारी बजार हिजो र आज

सुनिल

आजभन्दा पाँच दशक अघिको कटारी बजार आजको जस्तो थिएन । त्यतिबेला काठ र बाँसले बनेका, खर(एक प्रकारको घाँस) र खप्राले छाएका स-साना एकतले र दुईतले घरहरू थिए । सडक बनिसकेको थिएन । बाटामा सुँगुरहरू यत्रतत्र दौडिरहन्थे । मोटर गाडीहरू त्यति थिएनन् । एउटा दुईवटा जीप चल्थे । घोडा र बयल गाडाहरू नै यातायातका भरपर्दा सामान ढुवानीका साधनहरू थिए । हरेक शुक्रबार हात बजार लाग्थ्यो । स-साना खुद्रा व्यापार गर्नेहरू टोकरी टाउकोमा राखेर सामान बेच्न ल्याउँथे । दनुवारहरूको छुट्टै गाउँ थियो । दनुवार अत्यन्त पछाडि परेको जातिमा गनिन्थ्यो । पुरुष र महिलासँग मुस्किलले लाज छोप्ने छोटो कपडाबाहेक केही हुँदैनथे ।


दनुवार जातिका पुरुषहरू खोलामा गएर माछा मार्थे । त्यही उनीहरूको दैनिकी थियो । जङ्गल नजिक भएकोले काम गर्नसक्ने युवाहरू जङ्गलबाट दाउरा ल्याएर बजारमा बेच्थे । एक भारीको ४/५ रूपैयाँ हुन्थ्यो । त्यति पनि बिक्री हुँदैनथ्यो । जीवन अत्यन्त कष्टकर थियो ।

कटारी बजारको केन्द्र भागमा एउटा ठुलो पोखरी थियो । त्यहाँ तराईका कुम्हालेहरू घरको छाना छाउने



कटारी बजार (अहिले)

माटोको खप्रा बनाउँथे त भक्तपुरबाट गएका व्यापारीहरूले सिमेन्टको टाइल बनाउँथे । त्यतिबेला हुनेखानेले घरमा सिमेन्टको टाइल छाउने चलन थियो । एउटा दुइटाबाहेक पक्की घर नै थिएन । व्यापारीहरू अधिकांश धुलिखेलबाट गएका नेवारहरू थिए । उनीहरू कपडा, भाँडाकुँडा, जुत्ता, किराना पसलहरू राखेर बसेका थिए ।



कटारी बजार (पहिले)

नेमकिपाको ५१ औँ स्थापना दिवस मनाउन विभिन्न जिल्लामा जाने क्रममा २०८१ माघ १८ गते उदयपुर जिल्लाको कटारी बजार पुग्दा साना बेलाको त्यो पुरानो कटारी बजारको याद आयो । हुन त यसअघि पनि त्यहाँ नपुगेको भन्ने होइन तर त्यतिखेर बजारबारे ध्यान गएको थिएन । यस पटक भने त्यहाँ आफू ९/१० वर्षको उमेरमा बुबाहरू भाँडा बनाउने सिलसिलामा कटारी जाँदा सँगै खेलेका साथी राजकुमार श्रेष्ठसँग भेट भयो । उनले शिक्षण पेसाबाट भर्खरै अवकाश पाएको बताए । उनी बजारमा भव्य घर बनाएर बसेका छन् । उनका भतिजा अशोक श्रेष्ठ सकृय युवा हुन् । हामीलाई त्यहाँको शिक्षा, स्वास्थ्य र आधुनिकताबारे जानकारी दिने पनि उनी नै थिए । हामीले पाँच दशकअघिको सार्वजनिक पोखरी, पर्ती जग्गा, आँपका बगैँचा, दनुवार गाउँ र विद्यालयबारे सोधन थालेपछि उनी अल्मलिए । उनमा कटारी बजारको इतिहास राम्रो जानकारी नभएको पाइयो । उनले काकालाई देखाउँदै भने, “कटारी बजारको इतिहासबारे हामीलाई भन्दा उहाँलाई राम्रो थाहा रहेछ ।”

कटारी बजारको रूप फेरिसकेको छ । पहिले पौडी खेल्ने र माछा मार्ने ताउ खोलामा अहिले पक्कि पुल बनिसकेको छ । दक्षिणतर्फ पूर्व-पश्चिम राजमार्गको मिर्चैयामा जोडिएको र पश्चिमतर्फ मध्य पहाडी राजमार्ग सिन्धुली हुँदै काठमाडौँसँग जोडिने चौडा सडक बनिसकेको छ । उत्तर ओखलढुङ्गा जाने पक्की सडक छ । यसरी कटारी बजार अहिले अत्यन्त महत्त्वपूर्ण व्यापारिक केन्द्र बनेको छ ।



कटारी बजारको पहिलाको स्वरूप

कटारी अहिले नगरपालिका बनिसकेको छ। ठुल ठुला पक्की घरहरू, व्यापारिक कम्प्लेक्सहरू, बैङ्क र कार्यालयहरूको स्थापनाले कटारी बजारको रूप आधुनिक सहरमा परिवर्तन भइसकेको छ। अहिलेको पुस्तालाई सायदै त्यहाँको इतिहासबारे थाहा छ। बिगतमा कटारी बजार जहाँ भाँडावर्तन, कपडा पसल, तरकारी बजार प्रायः धुलिखेलका नेवारहरूले नै सञ्चालन गरिरहेका थिए। अहिले पनि व्यापारीहरूमा धेरै नेवारहरू भेटाउन सकिन्छ तर धेरैले नेवारी भाषा बोल्न जान्दैनन् वा बोल्दैनन्। हामीले भेटेका थुप्रै नेवारहरूसँग मातृभाषाबाट कुरा गर्न खोज्दा फर्काउन नआएको जवाफ पाइयो।

अहिले कटारी नगरपालिकाका मेयर राजेश श्रेष्ठ हुन्। उपमेयर गीता खड्कासँग हाम्रो भेटघाट भयो। बजारमा रहेको १५ शय्याको अस्पताल अस्पताल अब ५० शय्यामा स्तरोन्नति हुँदै गरेको र त्यहाँ दैनिक १००-१५० जना बिरामी उपचारको निम्ति आउने गरेको अस्पतालमा कार्यरत चिकित्सकहरूले जानकारी दिए। अस्पतालमा उपचारार्थ भर्ना भएका बिरामीहरू, स्टाफहरूसँग अस्पतालबारे सामान्य जानकारी लियौँ।



नगरप्रमुख प्रजापतिद्वारा कटारी नगरपालिकाका उपप्रमुख गीता खड्कालाई नगरपालिकाका प्रकाशनहरू हस्तान्तरण गर्दै

कटारी बजारमा बाल्यकालको महत्त्वपूर्ण समय बितेको थियो। २०३० सालदेखि २०३३ सालसम्म हरेक वर्ष मङ्सिरदेखि चैतसम्म ४ महिना बिताएको ठाउँ हो त्यो। चार वर्षमा झन्डै १६ महिना समय त्यही व्यतीत गरेकोले पनि त्यस ठाउँको विकासप्रति चासो बढेको हुनसक्छ।

त्यतिबेला प्रजापतिहरू हरेक वर्ष भाँडा बनाउन समूह समूह गरी देशका जिल्ला जिल्लामा जाने चलन थियो। त्यसलाई नेवारी भाषामा ज्यालुवानेगु भनिन्छ। त्यतिबेला प्लास्टिक र आल्मुनियमका भाँडाहरूको त्यति विकास भइसकेको थिएन। पानी राख्ने, मकै भुट्ने, रक्सी पार्ने र अन्य प्रयोजनका लागि माटाका भाँडाहरू नै गाउँ बस्तीमा बस्ने नेपालीहरूको राम्रो विकल्प थियो। पिताहरू कटारी बजारमा त्यस्तै भाँडाकुँडा बनाउन जानुहुन्थ्यो। त्यतिबेला उमेरलेमा भर्खर १० वर्षको मात्र थिएँ। बुबाहरू ९।१० वर्षकै उमेरदेखि छोराहरूलाई पनि साथमा लिएर जानुहुन्थ्यो।

त्यहाँ फाँटका फाँट सुर्ती खेती हुन्थ्यो। त्यतिखेर जनकपुर चुरोट कारखाना सञ्चालनमा थियो। किसानहरू सुर्तीखेतीबाट मनग्य आम्दानी गर्थे र त्यसैका आधारमा जीवन गुजारा गर्थे। अहिले ती ठाउँ सबै आधुनिक घरहरूले छोपिसकेका छन्। आँपका ठुलठुला रुखहरूले ढाकेका ती आँप बगैँचा अहिले स्मरणमा मात्र सीमित छ। दनुवार गाउँ पनि आधुनिकताले छोइसकेको छ। आँपका एकाध रुखहरू अद्यापि बाँकी छन्। आँप बगैँचानेरको त्यतिबेलाको सानो विद्यालय अहिले विशाल भवनसहितको प्राविधिक विद्यालय बनेको छ। मेरा मित्र राजकुमार श्रेष्ठले केही महिनाअघि त्यही विद्यालयबाट अवकाश पाएका रहेछन्।

पुरानो त्यो ऐतिहासिक पोखरीबिचमै पर्ने गरी

अहिले सडक बनिसकेको छ। बिचमा पार्कजस्तो बनाई त्यसमा नेपालका जात जातिका प्रतीकको रूपमा विभिन्न भेषभूषाका मानिसहरूको आकृति राखेर 'पृथ्वी' लाई ती मानिसहरूले संयुक्त रूपमा हातमा उठाएको अर्थात् पृथ्वी साझा हो भन्ने त्यसले सन्देश दिन खोजिएको जस्तो देखिन्छ। ठुला साना गाडीहरूमा आउजाउ, मानिसहरूको भीडभाड, चिल्ला सडकहरूले कटारी बजार साँच्चै आधुनिक सहर बजार बनेको छ। उदयपुर जिल्लाको सदरमुकाम गाईघाट भए पनि कटारी बजार जिल्लाको अर्को महत्त्वपूर्ण सहर बनेको छ। लामो समयपछि जाँदा पाएको त्यो कटारी बजार र आधुनिक कटारी बजारबिचको आकाश पातालको फरक पाइयो।



कटारीस्थित त्रिवेणी माध्यमिक विद्यालय अवलोकन

त्यतिखेर वागीश्वरी स्कूलमा कक्षा ३ मा पढ्दै थिएँ। कक्षामा जम्मा १७/१८ जना मात्रै विद्यार्थी थिए। वागीश्वरी स्कूलको एकतले जस्ताले छाएको भवनमा पढाइ हुन्थ्यो। घोकन्ते विद्याको चलन थियो। पाठ घोक्ने र कण्ठ नआएमा उसले सजाय भोग्नुपर्थ्यो। अरुको तुलनामा अलि बढी कण्ठ गर्नसक्ने भएकोले मैले शिक्षकहरूको पिटाइ भने त्यति खानु परेको थिएन।

खाली खुट्टामा विद्यालय जान्थ्यौँ। घरबुन्ना कपडाको लुगा लगाउँथ्यौँ। घरमा राम्रो खानाको बन्दोबस्त थिएन। आमाहरूले बुबाहरूसँग पठाउन गाडीमा चढ्न पाइने भनेर फकाउनु हुन्थ्यो। हामी त्यही प्रलोभनमा विद्यालयमा मिनपचासको बिदा पनि पर्ने भएकोले जान तयार हुन्थ्यौँ। बाबुहरूले भाँडा बनाउने क्रममा ओसार्ने, सुकाउने सहयोगीको रूपमा काम गर्थ्यौँ।

त्यतिबेला अहिलेको जस्तो यातायातको सुविधा थिएन। घरबाट हिँडेर दूधपाटीसम्म पुग्नुपर्थ्यो। त्यहाँबाट गाडी चढेर धरहरा पुग्थ्यौँ। धरहराबाट हेटौँडा जाने




कटारी अस्पताल निरीक्षण

खाली ट्रकहरूमा चढेर हेटौँडासम्म पुग्थ्यौँ। हामी साना बच्चाहरूको पैसा लिँदैनथ्यो। ८ रुपैयाँ भाडामा बाइरोडको बाटोबाट भिमफेदी हुँदै हेटौँडा पुऱ्याउँथ्यो। हेटौँडाबाट बस चढेर सिराहा जिल्लाको गोडारमा झरेर चिसापानी हुँदै कटारीसम्म हिँडेर जान्थ्यौँ। खोलाको किनारै किनारा बालुवै बालुवामा बुबाहरूसँगै हिँडेर गएको र खुट्टा फुटेर रगत बगेर रोएका सम्झनाहरू पनि छन्।

भाँडा सुकाउने, भाँडा पोल्नेमा सहयोग गर्ने हाम्रो दैनिकी हुन्थ्यो। बिहान बेलुका खाना पकाउने हाम्रो नियमित काम थियो। १० वर्षकै उमेरमा १२-१४ जनालाई खाना पकाएर खुवाउनु पर्थ्यो। कहिलेकाहीँ ठुला बाबाहरूले सहयोग गर्नुहुन्थ्यो। दाउरा बाल्न नसकेर चुलोमै बसेर क्वाँ क्वाँ रोएका ती दिनहरू पनि सम्झनामा छ। बिहान ६:०० नबज्दै उठेर खाना पकाउने र दिनभरि मात्र होइन रातको १२:० बजेसम्म चिसो माटोमा काम गर्नुपर्दाका ती क्षणहरू अहिले एकादेशको कथाजस्तै भइसकेको छ। त्यो सबै गरिबहरूको दैनिकी थियो। त्यसमध्येका हामी एक पात्र मात्रै हौँ। गरिब मानिसहरूको दुर्दशा अहिले पनि त्यस्तै छ। त्यसैले त हामी त्यो सिङ्गो समाज पल्टाउन हिँडिरहेका छौँ।

२०७४ सालमा स्थानीय तहको निर्वाचनपछि नगर प्रमुख पदमा निर्वाचित भएँ। भनपामा नेमकिपाका सबै उम्मेदवारहरू अत्यधिक मतले निर्वाचित भएपछि 'सेतो पाटी' अनलाइनका पत्रकार समुद्र घिमिरेले घरमै आएर अन्तर्वार्ता लिनुभयो। मैले बालककालमा भाँडा बनाउने कहानी बताएपछि उहाँले त्यसको स्टोरी नै बनाउनुभयो। शीर्षक थियो– "पहिले भाँडा बनाउँथें अहिले सहर बनाउँछु" (२०७४ जेठ ५ गते)। यो लेखको शीर्षक परिवर्तन गरी 'सञ्चारमाध्यममा भक्तपुर' पुस्तकमा सङ्ग्रहित छ।

२०८१।१०।२०

# स्थानीय तहमा हुने बेरुजु र फछ्र्यौटको उपाय



वसन्त भट्टराई

## विषय प्रवेश

स्थानीय तहमा सार्वजनिक सेवा प्रवाह, पूर्वाधार विकास तथा आर्थिक व्यवस्थापनको कार्य अत्यन्तै महत्त्वपूर्ण मानिन्छ। यस कार्य सम्पादनका लागि प्रत्येक स्थानीय तहले वार्षिक बजेट, कार्यक्रम तथा योजनाको कार्यान्वयनमार्फत विभिन्न आर्थिक कारोबारहरू गर्छन्। यस्ता कारोबारहरू कानुन, नियम तथा प्रक्रियाको पालना गर्दै पारदर्शी र जवाफदेही ढङ्गले सञ्चालन हुनु अत्यावश्यक हुन्छ। तर पछिल्लो समयमा लेखा परीक्षणको क्रममा बेरुजु देखिनु सामान्य बन्न पुगेको छ, जसले स्थानीय तहको आर्थिक अनुशासनमाथि गम्भीर प्रश्न खडा गरिरहेको छ।

नेपालको आर्थिक कार्यविधि ऐन, २०५५ को परिच्छेद ५ र आर्थिक कार्यविधि नियमावली, २०६४ को परिच्छेद ११ मा बेरुजु फछ्र्यौटसम्बन्धी स्पष्ट कानुनी व्यवस्था गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा महालेखा परीक्षकको कार्यालयले औँल्याएका बेरुजुहरू सम्बन्धित स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत वा जिम्मेवार व्यक्तिले फछ्र्यौट गर्नुपर्ने, फछ्र्यौटको क्रममा सम्बन्धित कारोबारको औचित्य प्रमाणित गर्ने कागजात पेस गर्नुपर्ने, रकम फिर्ता गर्नुपर्ने वा आवश्यक कानुनी प्रक्रिया सुरु गर्नुपर्ने र महालेखा परीक्षकको कार्यालयले यी फछ्र्यौट कागजातहरूको परीक्षण गरी उपयुक्त देखेमा लेखा सम्परीक्षण तथा लगत कट्टा गर्ने कानुनी प्रबन्ध रहेको छ।

लेखापरीक्षणले वित्तीय कारोबारको मूल्याङ्कन, विश्लेषण र परीक्षणमार्फत पारदर्शिता र जवाफदेहिता प्रवर्धन गर्छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख गरिएका कैफियत उपर सुधार गर्न तथा बेरुजुहरूको फछ्र्यौट गर्न आवश्यक कारबाही गरिनु नै सुशासनको अभ्यास हो। यसले मात्र स्थानीय तहमा आर्थिक अनुशासन कायम राख्न मद्दत पुग्दछ। त्यसैले, बेरुजु न्यूनीकरण र प्रभावकारी फछ्र्यौट प्रणाली स्थानीय शासनको सुदृढीकरणका लागि अपरिहार्य आधारस्तम्भ बन्नुपर्छ।

### १) बेरुजु केलाई जनाउँछ ?


बेरुजु भन्नाले लेखापरीक्षणका क्रममा प्रचलित कानुन, नीति तथा विधिको पालना नगरी गरिएको वा लेखामा नदेखाइएको आर्थिक कारोबारलाई जनाउँछ। जब कुनै आम्दानी वा खर्च लेखा प्रणालीमा सही ढङ्गले प्रस्तुत हुँदैन वा लेखा परीक्षणले त्यसलाई अनियमित, बेमनासिब वा प्रक्रियाविहीन ठहऱ्याउँछ, त्यस्तो रकम वा कारोबार बेरुजु मानिन्छ। अन्तर्राष्ट्रिय अभ्यासअनुसार पनि यस्तो प्रकारका रकमलाई लेखापरीक्षणको कैफियत वा व्यहोरा भन्ने गरिन्छ। उदाहरणका लागि, कुनै कार्य बिनामूल्याङ्कन भुक्तानी गरिनु, उपभोक्ता समितिले सम्पादन नगरेको कामको रकम लिइनु, कार्य सम्पन्न विवरण वा प्रमाणपत्र नदिई रकम निकासा गरिनु वा लेखा अभिलेख अद्यावधिक नगरिनुजस्ता क्रियाकलाप बेरुजुमा पर्दछन्।

बेरुजु मुख्यतः दुई किसिमका हुन्छन्- **सैद्धान्तिक र लगती**। सैद्धान्तिक बेरुजु भन्नाले नीति, नियम वा प्रक्रिया निर्माण नहुनु वा पालना नभएकाले प्रणालीगत समस्या उत्पन्न भएको अवस्था जनाउँछ। त्यस्तै लगती बेरुजु भनेको स्पष्ट रूपमा कुनै व्यक्ति, कार्यालय वा संस्थाको नाममा रकम उल्लेख गरी लेखा परीक्षणले औँल्याएको अवस्था हो। लगती बेरुजुलाई फछ्र्यौट गर्दा तीन भागमा वर्गीकृत गरिन्छ असुल उपर गर्नुपर्ने, अनियमित र पेस्की।

बेरुजुको समयमै पहिचान, वर्गीकरण र उचित विधिबाट फछ्र्यौट गर्नु वित्तीय अनुशासन, पारदर्शिता र सुशासनका दृष्टिकोणले अत्यन्त महत्त्वपूर्ण हुन्छ। यसले सार्वजनिक स्रोत साधनको सदुपयोगमा योगदान पुर्‍याउनुका साथै आर्थिक कारोबारमा विश्वास र जवाफदेहिता कायम राख्न मद्दत गर्दछ

### १.१ बेरुजुको वर्गीकरण

महालेखापरीक्षकको कार्यालयबाट प्राप्त लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनबाट कायम भएको बेरुजुको प्रकृति र फछ्र्यौट गर्न अपनाउनुपर्ने कारबाहीसमेतका आधारमा नगरपालिकाका जिम्मेवार व्यक्तिले देहायअनुसार बेरुजुलाई वर्गीकरण गरी अभिलेख राखी फछ्र्यौटको कारबाही गर्नु पर्दछ। बेरुजुलाई देहायअनुसार देखाउन सकिन्छ–




महालेखापरीक्षकको कार्यालयबाट प्राप्त प्रारम्भिक लेखापरीक्षण प्रतिवेदनमा उल्लेख गरिएका बेरुजुहरूलाई प्रकृति र फछ्र्यौट गर्नुपर्ने आधारमा नगरपालिकाका जिम्मेवार व्यक्तिले वर्गीकरण गरी अभिलेख राख्नुपर्दछ र त्यसअनुसार कारबाही गर्नुपर्दछ । बेरुजुलाई मुख्यतः निम्नअनुसार वर्गीकृत गर्न सकिन्छः

### क) सैद्धान्तिक बेरूजुः

सैद्धान्तिक बेरुजु भन्नाले प्रणालीगत त्रुटी वा कानुनी तथा नीतिगत व्यवस्थाको अभावका कारण देखिएको बेरुजुलाई जनाउँछ । यस्तो बेरुजुमा कुनै व्यक्ति वा संस्थाको नाममा रकम उल्लेख हुँदैन, तर नीति निर्माण, कानुनी सुधार, संरचना वा प्रक्रियामा सुधार आवश्यक रहेको औँल्याइन्छ ।

### ख) लगती बेरूजुः

लगती बेरुजु भनेको नगरपालिकाको आर्थिक कारोबारमा देखिएको स्पष्ट त्रुटी वा कमजोरीका कारण उत्पन्न हुने बेरुजु हो, जुन कुनै निश्चित व्यक्ति, कार्यालय वा संस्थाको नाममा रकमसहित उल्लेख गरिन्छ । यसमा तीन उप-प्रकार हुन्छन्ः

### ग) असुल उपर गर्नुपर्ने बेरूजुः

यो वर्गमा स्रोत साधनको दुरूपयोग, हानि नोक्सानी, बढी भुक्तानी, घटी राजस्व असुल वा दाखिला नगरेको रकम पर्दछ । यस्ता बेरुजुहरू कानुनअनुसार जिम्मेवार व्यक्तिबाट असुल गरी बेरुजु खाता वा राजस्व खातामा दाखिला गरेपछि मात्र फछ्र्यौट हुन्छ ।

### घ) नियमित गर्नुपर्ने बेरूजुः

प्रक्रिया नपुर्‍याई गरिएको भुक्तानी, निर्णय कागजात पेस नगरिएका खर्चहरू, नगदी वा जिन्सी मौज्दातको अभाव, वा राजस्वको जिम्मेवारी नसारेका अवस्था यसअन्तर्गत पर्दछन् । यस्ता बेरुजुलाई आवश्यक प्रमाण कागजात पेस गरेर नियमित गरिन्छ ।

### ङ) पेस्की बेरूजुः

म्याद नाघेका तर फछ्र्यौट नभएका कर्मचारी पेस्की, ठेक्का सम्झौताबमोजिम प्राप्त पेस्की, प्रतीतपत्र पेस्की तथा अन्य संस्थागत पेस्कीहरू यस वर्गमा पर्दछन । यदि फछ्र्यौटको म्याद बाँकी छ भने यो सामान्य पेस्की हो, म्याद नाघेपछि यो बेरुजुमा परिणत हुन्छ ।

### च) लेखा परीक्षण बक्यौताः

महालेखापरीक्षकले तोकेको समयमा लेखा तथा वित्तीय विवरण प्रस्तुत नहुँदा लेखापरीक्षण सम्पन्न हुन नसकेको अवस्थालाई लेखा परीक्षण बक्यौता भनिन्छ । यस्तो अवस्थामा प्रमुख प्रशासकीय अधिकृतले सम्बन्धित कर्मचारी वा पदाधिकारीबाट स्पष्टीकरण लिई आवश्यक कागजात पेस गराई लेखापरीक्षण प्रक्रिया सम्पन्न गर्नुपर्छ । यदि प्रमुख प्रशासकीय अधिकृतले पनि कार्य नगरेमा अध्यक्ष/प्रमुखले निर्देशन दिनुपर्छ ।

## १.२ बेरूजु सृजना हुने माध्यमहरू

### क) सैद्धान्तिक बेरुजु सृजना गर्ने कारणहरू

- आन्तरिक लेखापरीक्षण नगरेको,
- सामाजिक वा सार्वजनिक लेखापरीक्षण नहुनु,
- निर्धारित ढाँचामा लेखा नहुनु (जस्तै SUTRA प्रणाली प्रयोग नहुनु),
- बेरुजुको अभिलेख राखेर फछ्र्यौट नगरेको,
- विभाज्य कोष स्थापना नगरेको वा त्यसको लेखा नराखेको,
- सामाजिक सुरक्षा भत्ता लाभग्राहीको विवरण अद्यावधिक नगरेको,
- साविकका कार्यालय तथा सम्पत्तिहरू हस्तान्तरण नगरेको,
- अर्थ मन्त्रालयको स्वीकृतिबिना सवारीसाधन खरिद,
- आन्तरिक आय न्यून रहनु,
- राजस्व परिचालन गर्न नसक्नु वा बाँडफाँड नगरेको,
- सङ्घ, प्रदेश र स्थानीय तहबिच दोहोरो रूपमा राजस्व सङ्कलन,
- वडा कार्यालयमार्फत खर्च गरिएको, तर अख्तियार नदिएको,
- निष्क्रिय सार्वजनिक सम्पत्ति वा जग्गा,
- तोकिएको समयमा बजेट पेस वा पारित नगरेको,
- स्वीकृत बजेटभन्दा बढी वा कम खर्च गरेको,
- खर्च वितरणमा स्पष्ट मापदण्ड नहुनु,
- वितरणमुखी तथा गैर-आवश्यक खर्च (पिकनिक, तीज, भ्रमण आदि),
- दोहोरो कार्यक्रम सञ्चालन,
- कर्मचारी व्यवस्थापन र सेवा प्रवाहमा कमजोरी,
- कानुनी व्यवस्थाबिना दोहोरो सुविधा लिएको,
- सङ्घीय कानुनविपरीत स्थानीय कानुन निर्माण,

• अनुगमन तथा प्रतिवेदनबिनै अनुदान वितरण।

**ख) असुल गर्नुपर्ने बेरुजु उत्पन्न हुने कारणहरू**

• सामाजिक सुरक्षा भत्ता दोहोरो वा बढी भुक्तानी,
• सङ्घीय सरकारको निर्देशिकाविपरीत सामाजिक सुरक्षा खर्च,
• विद्यालयका लागि दोहोरो तलब, छात्रवृत्ति, पाठ्यपुस्तक रकम वितरण,
• स्वीकृत दरबन्दीभन्दा बढी शिक्षकलाई तलब,
• सहकारीलाई दिइएको ऋण असुल नभएको,
• निवृत्तभरण लिने व्यक्तिलाई थप सुविधा दिंदा दुबै भुक्तानी,
• निजी नाफामूलक संस्थालाई अनुदान,
• बैठक भत्ता तोकिएको भन्दा बढी वा अवैध रूपमा वितरण,
• चाडपर्व खर्च कानुनविपरीत,
• आन्तरिक आय असुल गरी दाखिला नगरेको,
• बाँकी राजस्व असुल नगरेको,
• VAT (मूल्य अभिवृद्धि कर) उठाएर दाखिला नगरेको,
• उपभोक्ता समितिसँग सम्झौताअनुसार अनुपातिक कटौती नगरेको।

**ग) नियमित गर्नुपर्ने बेरुजु सिर्जना हुने कारणहरू**

• विनियोजनभन्दा बढी खर्च (रकमान्तरबिना),
• स्वीकृति नलिई खर्च,
• मापदण्डविपरीत आर्थिक सहायता वितरण,
• सार्वजनिक खरिद नियमावलीविपरीत ऋय,
• कर्मचारीलाई अतिरिक्त तलब वा सुविधा वितरण,
• अनुदानलाई निर्दिष्ट प्रयोजनबाहेक अन्यत्र खर्च,
• बाँकी सशर्त अनुदान सङ्घ/प्रदेश कोषमा दाखिला नगरेको,
• बैङ्क र स्रेस्ता मिलान नहुनु,
• सङ्घ/प्रदेशको कोषमा जानुपर्ने रकम स्थानीय सञ्चित कोषमा राख्नु।

## २) बेरूजु फछ्र्यौट तथा सम्परीक्षणका उपाय

लेखापरीक्षणबाट औँल्याइएको व्यहोराको कार्यान्वयन भए नभएको, असुल उपर गर्न, अनियमित भएकोमा नियमित गर्न तथा पेस्की बाँकी रहेकोमा फछ्र्यौट गरि बेरुजु उपर कारबाही गरे नगरेको सम्बन्धमा लेखापरीक्षकले पछिल्लो वर्षको लेखापरीक्षणमा मूल्याङ्कन विश्लेषण गरी विगतमा औँल्याइएका व्यहोरामा सुधार गरी बेरुजु फछ्र्यौट गर्दा देखिएका विषयहरू पछिल्लो वर्षको प्रतिवेदनमा उजागर गर्ने अभ्यास तथा सिद्धान्त र मान्यता संसारभरको लेखापरीक्षणमा रहेको छ। यस्तो प्रक्रियालाई सम्परीक्षण भनिन्छ जुन लेखापरीक्षण प्रक्रियाको एउटा अभिन्न कडीको रूपमा रहेको हुन्छ।

### २.१) बेरूजु फछ्र्यौट गर्न लिइने कानुनी आधारहरु

• नेपालको संविधान
• स्थानीय सरकार सञ्चालन ऐन २०७४
• लेखापरीक्षण ऐन २०७५
• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६
• सार्वजिनक खरिद ऐन २०६३
• गाउँपालिका/नगरपालिका आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन (प्रस्तावित)
• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७
• सार्वजनिक खरिद नियमावली २०६४
• बेरुजु वर्गीकरण निर्देशिका २०७६, महालेखापरीक्षकको कार्यालय नेपाल।
• स्थानीय तहको लेखापरीक्षण मार्गदर्शन २०७४, महालेखापरीक्षको कार्यालय।
• बेरुजु र सरकारी बाँकी रकमसम्बन्धी जानकारी पुस्तिका, कुमारी चोक तथा केन्द्रीय तहसिल कार्यालय, बबरमहल काठमाडौँ।

### २.२) बेरूजु फछ्र्यौटका आधारहरु

नगरपालिकाको अन्तिम लेखापरीक्षणमा कायम भएका व्यहोरा तथा बेरुजुलाई देहायका तरिका अवलम्बन गरी कार्यान्वयन तथा फछ्र्यौट गर्ने।

(क) कारोबारको लेखा तथा वित्तीय विवरणसहित स्रेस्ता कागजात पेस नभई लेखापरीक्षण हुन नसकी बक्यौता रहेकोमा वित्तीय विवरणसहित स्रेस्ता कागजात पेस गरी लेखापरीक्षण गराई बेरुजु फछ्र्यौट गर्ने।

(ख) सैद्धान्तिक बेरुजुको हकमा प्रारम्भिक प्रतिवेदन प्राप्त भएको ३५ दिनभित्र प्रतिवेदनमा सुझाएको नीति कानुन संरचना निर्माण गरेर वा कार्यान्वयन गर्ने प्रतिबद्धता र कार्यान्वयन कार्ययोजनासहितको जवाफ प्रतिक्रिया लेखापरीक्षण गर्ने निकायमा पेस गरेर बेरुजु फछ्र्यौट तथा सम्परीक्षण गराउने।

(ग) असुल गर्नुपर्ने भनी औँल्याएको रकम सम्बन्धितबाट असुल गरी दाखिला गरेको प्रमाणसहित बेरुजु फछ्र्यौट गरी सम्परीक्षणमा पेस गर्ने।

(घ) अनियमित रूपमा कारोबार गरेको व्यहोराका सम्बन्धमा सामान्य रित नपुगेको तर सरकारी हानि नोक्सानी नभएको व्यहोरा खुलाई जिम्मेवार व्यक्ति तथा प्रमुख प्रशासकीय अधिकृतबाट नियमित गराएर बेरुजु फछ्र्यौट हुनसक्दछ।

(ङ) प्रमाण कागजात पेस नभएको बेरुजुको व्यहोराको सम्बन्धमा माग भएका प्रमाण कागजात पेस गरेर बेरुजु फछ्र्यौट गर्नुपर्दछ ।

(च) पेस्की बेरुजुको हकमा नियमानुसार पेस्की असुल फछ्र्यौटको

भएको कागजात संलग्न गरी बेरुजु फछ्र्यौट गर्नुपर्दछ ।

(छ) नियमित गर्ने बेरूजुको हकमा लेखापरीक्षण ऐन २०७५ को दफा २०(३) र २२ बमोजिम नगरपालिकाको लेखा समितिको प्रतिवेदन गाउँ सभा / नगर सभाबाट पारित भएअनुसार कानुनबमोजिम बेरुजु फछ्र्यौट हुनसक्दछ ।

(ज) नियमानुसार रकमको सीमामा रहेर विभिन्न तहमा अधिकारीबाट मिन्हासम्बन्धी कारबाही गरी निश्चित अवस्थामा बेरुजु फछ्र्यौटको कारबाही गर्न सकिन्छ ।

(झ) लेखापरीक्षण व्यहोरा तथा बेरुजुका सम्बन्धमा अदालत वा न्यायाधिकरणमा निवेदन परी भएको आदेश वा फैसला वा निर्णयअनुसार बेरुजु हटाउन वा फछ्र्यौट गर्न सकिन्छ ।

## ३) बेरूजु फछ्र्यौटको प्रक्रिया

### ३.१) सैद्धान्तिक बेरुजु फछ्र्यौट

लेखापरीक्षणको प्रतिवेदनमा लगती रूपमा बेरुजु कायम नगरिएको असुल गर्नुपर्ने तथा अनियमित भएको तथा पेस्की बेरुजुबाहेकका अन्य सैद्धान्तिक बेरुजुमा कानुनी तथा नीतिगत र प्रणालीगत सुधार गर्नुपर्ने व्यहोराहरू रहनेछन् । यसरी सुझावको रूपमा रहेका व्यहोराहरूमा बेरुजुको प्रकृतिअनुसार नीतिगत व्यवस्था वा कानुनमा सुधार वा कार्यविधि, निर्देशिका, मापदण्ड, मार्गनिर्देशन तर्जुमा गरी प्राप्त सुझाव कार्यान्वयन भएको तथा पुनः उस्तै कमजोरी नदोहोऱ्याउने प्रतिबद्धतासहित जवाफ तथा अनुरोध पठाउन सकिने छ । लगतीबाहेक अन्य बेरुजुको हकमा त्यस्तो बेरुजु हुनु नपर्ने कुनै कारण भए सोलाई पुष्टि गर्ने कागजातसहित बेरुजु कायम नगर्न नगरपालिकाले महालेखापरीक्षकको कार्यालयमा लेखी पठाउनुपर्दछ ।

### ३.२) असुल उपर गर्नुपर्ने बेरुजु फछ्र्यौट प्रक्रिया

लेखापरीक्षणको प्रतिवेदनमा उल्लेख भएको बेरुजु मध्येबाट आर्थिक कारोबार गर्दा हिनामिना, मस्यौट, हानि नोक्सानी पारेको र अन्य असुल गर्नुपर्ने भनी कायम भएको असुल उपर गर्नुपर्ने बेरुजु फछ्र्यौटको लागि देहायका प्रक्रिया अपनाउनु पर्दछः

(क) असुल उपर गर्ने बेरुजुको हकमा जो जसबाट असुल उपर गर्नुपर्ने हो सम्बन्धित व्यक्तिलाई तत्काल त्यस्तो रकम दाखिला गर्न लगाई राजस्व वा सञ्चित कोष दाखिला गरेको सक्कल भौचर वा राजस्व दाखिला भएको यकिन हुने प्रमाण सम्बन्धितबाट लिनुपर्नेछ । असुल उपर गर्नुपर्ने बेरुजुमा हर्जाना, ब्याज, सुद आदि गणना गरी सोसमेत असुल उपर गर्नुपर्ने भएमा सोसमेत असुल गरी प्रमाणसहित महालेखापरीक्षकको कार्यालयको नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) मा अपलोड गरी जवाफ प्रतिक्रियासहित सम्परीक्षणको लागि पेस गर्नुपर्दछ ।

(ख) लेखापरीक्षण प्रतिवेदनमा असुल उपर गर्नुपर्ने भनी उल्लेख गरिएको बेरुजु रकम सम्बन्धित व्यक्तिलाई तत्काल दाखिला गर्न लगाएकोमा दाखिला नभएमा कार्यालय प्रमुखले सम्बन्धित व्यक्ति वा संस्थालाई निश्चित समयभित्र दाखिला गर्न लिखित पत्रमार्फत जानकारी गराउनु पर्दछ ।

(ग) तोकिएको अवधिभित्र बेरुजु रकम दाखिला नगरेमा कार्यालयले सम्बन्धित व्यक्ति वा संस्थाले सरकारी निकायबाट कुनै रकम भुक्तानी पाउने रहेछ भने त्यस्तो रकमबाट कट्टा गरिदिन सम्बन्धित निकायलाई लेखी पठाउनु पर्दछ ।

(घ) त्यसरी भूक्तानी हुने रकमबाट कुनै असुल गर्नुपर्ने बेरुजु कट्टा गर्न लेखी आएमा सम्बन्धित निकायले त्यस्तो रकम कट्टा गरी जानकारी पठाइदिनु पर्दछ ।

(ङ) बेरुजु रकम दाखिला गर्न पत्राचार भएकोमा वा रकम दाखिला गर्ने म्याद माग भएको मा म्याद थप तथा भुक्तानी पाउने कुनै रकम भए कट्टा गरी दिन अन्य निकायमा लेख्दा समेत बेरुजु असुल हुन नसकेमा पालिकाले बेरुजु रकम दाखिला गर्न सम्बन्धित व्यक्ति वा संस्थाको नाममा पैतीस दिनको सार्वजनिक सूचना जारी गरी दाखिला गर्न लगाई बेरुजु फछ्र्यौट गराउनु पर्दछ ।

(च) महालेखापरीक्षकको अन्तिम प्रतिवेदन प्राप्त भएकोमा उक्त प्रतिवेदन गाउँ सभा/नगरसभामा पेस भई गाउँपालिका/नगरपालिकाको लेखा समितिमा छलफल गराउनु पर्दछ । लेखा समितिमा छलफल हुने व्यहोराबाहेक असुल गर्नुपर्ने भनी औँल्याईएको बेरुजु रकम असुल भई प्रमाण पेस हुन आएको बेरुजु रकम सम्परीक्षणको लागि महालेखापरीक्षकको कार्यालयमा अनुरोध गरी सम्परीक्षण तथा लगत कट्टा गर्नु गराउनु पर्दछ ।

(छ) महालेखापरीक्षकको कार्यालयबाट लगत कट्टाको जानकारी प्राप्त भएको आधारमा नगरपालिकाले आफ्नो बेरुजुको लगतमा समेत हटाई अध्यावधिक गर्नुपर्दछ ।

### ३.३) नियमित गराउनुपर्ने बेरुजु फछ्र्यौट गर्ने गराउने प्रक्रिया

लेखापरीक्षणको प्रतिवेदनमा उल्लेख भएको बेरुजुमध्येबाट अनियमित भएको, प्रमाणका कागजात पेस नभएको, राजस्व लगत जिम्मेवारी नसारेको, शोधभर्ना नलिएको जस्ता नियमित गर्नुपर्ने बेरुजु फछ्र्यौटको लागि देहायका प्रक्रिया अपनाउनु पर्दछः

(क) आर्थिक कारोबार गर्दा आम्दानी खर्चको आवश्यक बिल

तथा भर्पाई राख्न छुट भएकोमा संलग्न गरेर, राजस्व बक्यौता तथा धरौटीको गत वर्ष वा विगतको जिम्मेवारी सार्न छुट भएकोमा जिम्मेवारी सारी लेखा स्रेस्ता तयार गरी, अन्य कुनै प्रमाण कागजात पेस नभएको बेरुजुको हकमा लेखापरीक्षणको समयमा उपलब्ध नहुनुको कारण प्रस्तुत गरी आवश्यक पुस्ट्याइँ र प्रमाणको आधारमा कार्यालय प्रमुख वा जिम्मेवार व्यक्तिबाट नियमित गराउनुपर्दछ ।

(ख) प्रतिवेदनमा दर्शाइएको बेरुजुमध्ये कानुनको प्रक्रिया पालना नभएकोले कायम भएको बेरुजुका सम्बन्धमा प्रचलित कानुनबमोजिम पुऱ्याउनुपर्ने रीत नपुगेको कारणसहित खोली कार्यालय प्रमुखले त्यस्तो खर्च नियमित गरी बेरुजु फछ्र्यौट तथा फरफारक गरिदिन प्रमुख प्रशासकीय अधिकृतसमक्ष पेस गर्नुपर्छ ।

(ग) बेरुजु नियमित गर्न प्रमुख प्रशासकीय अधिकृतसमक्ष लेखी आएकोमा नियमित गर्न मिल्ने सोहीबमोजिम प्रक्रियामा र नियमित गर्न नमिल्ने असुल नै गर्नुपर्ने देखिएमा असुल उपर गर्ने प्रक्रियामा लैजानु पर्दछ ।

(घ) महालेखापरीक्षकको अन्तिम प्रतिवेदनमा परेका लेखा समितिमा छलफल हुने व्यहोराबाहेक प्रमाण कागजात पेस नभएको भनी औँल्याइँएको बेरुजु रकमको मागअनुसारका पर्याप्त, सान्दर्भिक तथा उपयुक्त प्रमाण कागजात पेस गरी फछ्र्यौट गर्न सकिन्छ ।

(ङ) गाउँपालिका / नगरपालिकाले फछ्र्यौट र फरफारक भएको तथा बाँकी बेरुजुको अद्यावधिक विवरण महालेखापरीक्षकको कार्यालयमा पठाउनु पर्दछ ।

(च) प्रमुख प्रशासकीय अधिकृतबाट नियमित गरी फछ्र्यौट भएको बेरुजुको लगत कट्टा गर्न, गाउँपालिका / नगरपालिका लेखा समितिमा लेखापरीक्षण प्रतिवेदनउपर छलफल भई निर्णय भएको समितिको प्रतिवेदनको सभाबाट स्वीकृत भएको आधारमा नियमित तथा फछ्र्यौट गरी सम्परीक्षण तथा लगत कट्टा गरिदिन अधिकार प्राप्त अधिकारीले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) मा कागजात अपलोड गरी महालेखापरीक्षकको कार्यालयमा अनुरोध गर्नुपर्दछ ।

### ३.४) पेस्की बेरुजु फछ्र्यौट गर्ने गराउने प्रक्रिया

लेखापरीक्षणको प्रतिवेदनमा उल्लेख भएको बेरुजुमध्येबाट कानुनले तोकेको म्यादभित्र पेस्की फछ्र्यौट नभएको कारणले कायम भएको बेरुजुको फछ्र्यौटका लागि देहायका प्रक्रिया अपनाउनु पर्दछः

(क) गाउँ तथा नगर कार्यपालिका कार्यालयले प्रचलित कानुनले तोकेको म्यादभित्र पेस्की फछ्र्यौट नभएको कारणबाट कायम भएको बेरुजुका सम्बन्धमा लेखापरीक्षणको प्रतिवेदन प्राप्त हुनासाथ पेस्की लिने कर्मचारी पदाधिकारी तथा वस्तु तथा सेवा आपूर्तकर्ता र निर्माण व्यवसायीलाई आवश्यक कागजात पेस गरी तुरुन्त त्यस्तो पेस्की फछ्र्यौट गर्न जानकारी गराउनु पर्दछ ।

(ख) पेस्की बेरुजुको कायम भएकोमा पेस्की फछ्र्यौट गर्ने म्याद नाघेको मितिबाट वार्षिक दस प्रतिशत ब्याजसमेत लगाई असुल गरी बेरुजु फछ्र्यौट गर्नु गराउनु पर्दछ ।

(ग) गाउँपालिका / नगरपालिकाले म्यादभित्र पेस्की फछ्र्यौट नगर्ने कर्मचारी वा पदाधिकारीले भुक्तानी पाउने जुनसुकै रकम रोक्का राखी बेरुजु रकम असुल गरी फछ्र्यौट गर्नसक्छ ।

(घ) सार्वजनिक खरिद ऐन २०६३ अनुसार निर्माण व्यवसायीले लिएको पेस्की लिनुको उद्देश्यअनुरूपको काममा उपयोग नभएको नदेखिएमा पेस्कीको लागि लिएको बैङ्क जमानत जफत गरी राजस्व दाखिला गरी बेरुजु फछ्र्यौट गर्नुपर्दछ ।

(ङ) पेस्की सम्झौताबमोजिमको म्यादभित्र काम हुन नसकी फिर्ता दाखिला गरेकोमा ढिला दाखिला हुँदा प्रचलित कानुनअनुसार दस प्रतिशत ब्याजसमेत असुल गरी दाखिला गरेको प्रमाण लिई बेरुजु फछ्र्यौट गर्नुपर्दछ ।

(च) निर्माण व्यवसायीले सम्झौताअनुसार लिएको पेस्की रकम निर्माण काम सम्पादन भएको तर रनिङ बिलबाट कट्टा गरी पेस्की फछ्र्यौट नभएकोमा आवश्यक बिल भर्पाई संलग्न गरी पेस्की बेरुजु फछ्र्यौटको कारबाही गर्नुपर्दछ ।

## ४) निष्कर्ष


स्थानीय तहमा सार्वजनिक वित्तीय व्यवस्थापन पारदर्शी, जवाफदेही र कानुनी दायराभित्र रहन अत्यावश्यक हुन्छ । बेरुजुहरू वित्तीय अनुशासनमा कमजोरी, नियमनको अभाव र कार्यान्वयनको कमजोरीका प्रत्यक्ष सङ्केत हुन् । लेखापरीक्षणको क्रममा देखापर्ने यस्ता बेरुजुहरू समयमै सही प्रकारले वर्गीकृत गरी आवश्यक प्रमाणसहित फछ्र्यौट गर्न सक्नुपर्छ । यस प्रक्रियाले शासन प्रणालीमा जनविश्वास कायम गर्न, अनियमितता नियन्त्रण गर्न र स्रोतको प्रभावकारी उपयोग सुनिश्चित गर्न महत्त्वपूर्ण योगदान दिन्छ । त्यसैले, सम्बन्धित निकायहरूले लेखापरीक्षणका प्रतिवेदनहरूलाई गम्भीरतापूर्वक लिएर फछ्र्यौट, असुल, नियमित र सुधारका उपायहरू अवलम्बन गर्न जरुरी छ । बेरुजु न्यूनीकरण र प्रभावकारी फछ्र्यौट प्रणालीले मात्र स्थानीय तहलाई सुशासन र वित्तीय पारदर्शितातर्फ उन्मुख गराउनेछ ।

# सांस्कृतिक नगर घोषणा गर्न बिलम्ब गर्न नहुने

**विगोल**

भक्तपुर प्राचीन बस्तीको नगर हो । कला, संस्कृति र सम्पदाले भरिपूर्ण यो सुन्दर नगर विश्वकै परिचित सहर हो । यहाँका कला, संस्कृति र सम्पदा देशकै गौरव र विश्वको सम्पत्ति बनेको छ । टोल-टोलमा चल्ने जात्रा, पर्व, मेला, नाचगान, वाद्यवादन, भजन, दाफा र गुठीले यहाँको संस्कृतिलाई जीवन्तता दिएको छ । कलाको अनुपम भक्तपुर नगर कलाकारहरूको वासस्थल पनि हो । इँटा, काठ, ढुङ्गा, कागज र धातुमा कुँदिएका विभिन्न आकारका कलात्मक मूर्ति, टुँडाल, देवीदेवताका प्रतीकका मूर्ति, पशुपन्छी, मानव आकृतिको संरचनाले भक्तपुर उहिल्यै सिपालु कलाकारहरूको स्थल रहेछ भन्ने बुझिन्छ । यहाँको नाचगान र वाद्यवादनले भक्तपुर कलाकारको सहर भएको प्रस्ट हुन्छ । कलाका पारखी जगदीश शमशेर राणाले भक्तपुर सहरलाई 'नाचगानको राजधानी'त्यसै भनेका होइनन् । पावेल ई.ए.ले "नेपालमा अरु केही नहोस् तर भक्तपुरको दरबार क्षेत्र सुरक्षित रहोस्" त्यसै भनेका होइनन् ।

स्कूल, कलेज या शिक्षाध्ययनको बन्दोबस्त नभएको बेला विश्व प्रसिद्ध र नेपालको सबभन्दा अग्लो पाँचतले मन्दिर र पचपन्न झ्यालको दरबारको निर्माण के कलाकौशल र कार्यकुशलको अद्वितीय नमुना होइन ? मन्दिरको डिजाइन शैली, मन्दिरमा प्रयोग भएका काठका मूर्ति, टुँडाल, मन्दिरको बनोटले त्यतिबेलै शैक्षिक प्रमाणपत्र नभए पनि पारखी इन्जिनियरहरू रहेको थाहा हुन्छ । कुनै देशको नक्कल नगरी आफ्नै मौलिक शैलीका ईँट, काठ, प्रस्तर, धातुकला, वास्तुकला, चित्रकला, मूर्तिकला र त्यससित सम्बन्धिन अन्य कलाकारहरू रहेको यो ठाउँ कलाकारहरूको खुला विश्वविद्यालय कसरी होइन भन्ने । अत:यिनीहरू वाद्यवादक, नाचगान र कलाका उत्कृष्ट गुरु मात्र होइनन् इँटा, काठ प्रस्तर र धातुकलाका इन्जिनियरहरू हुन् । यो कार्यकुशलताको बेजोड नमुना त हो नै । यो विचार र चिन्तनको सबल पक्ष पनि हो । वाद्यवादनको आकार, बनोट, स्वर, ताल, लय, नाचगानको भेषभूषा, हाउभाउ, नाचको प्रारम्भ, मध्य र




अन्त्य, त्यसको कथावस्तुको निर्माण कम चिन्तनको विषय होइन ।

यहाँ निर्मित मठ मन्दिर, सत्तल, पाटीपौवा, देवालय, शिवालय, मूर्ति, चैत्य, विहार, पोखरी, इनार, ढुङ्गेधारा, चोक, दबु, मण्डप, यहाँको नाचगान, जात्रापर्व, बाजा आदिको जीवन्तताले भक्तपुर सहर सांस्कृतिक नगर हो । भक्तपुर एसियाकै सफा नगर, सुन्दर नगर, एसिया महादेशकै स्मारक र सांस्कृतिक नगर हो । यो नगरलाई सांस्कृतिक नगर घोषणा गर्न नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँले सदनमै आफ्नो विचार व्यक्त गर्नुभएको थियो । नेमकिपाले घोषणापत्रमा पुरातात्विक, ऐतिहासिक, सांस्कृतिक महत्त्वका मठ मन्दिरको संरक्षण गरेर जीवन्तता दिनुपर्ने कुरा उल्लेख गरेको थियो; प्राचीन नाचगानको संरक्षण र विकास गर्न जोड दिँदै आएको थियो । नेमकिपाको प्रयासबाटै नवौँ पञ्चवर्षीय योजना (२०५४-०५९) मा 'भक्तपुर नगरलाई सांस्कृतिक नगरको रूपमा विकास गर्ने सिद्धान्त तय गरिनेछ ।' भन्ने नीति तय गरिएको थियो । सोही नीतिको आधारमा स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा ८८ (४)मा (कुनै नगरको ऐतिहासिक, पुरातात्त्विक वस्तु र कला संस्कृति संरक्षण गर्न सरकारले तोकेको आधारमा सांस्कृतिक नगर घोषणा गर्नसक्नेछ ।' उल्लेख भएको थियो । स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम ७४ मा कुनै नगरपालिकाको सम्पदा विश्व सम्पदा संरक्षण सूचीमा समावेश भएको रहेछ भने सो कुराको समेत विचार गरी यस्तो नगरपालिकालाई सरकारले सांस्कृतिक नगर घोषणा गर्नसक्नेछ' उल्लेख भएको छ । यसको आधारमा सम्पदा संरक्षण भएको जीवित सङग्रहालयको रूपमा रहेको भक्तपुर नगरलाई 'सांस्कृतिक नगर' घोषणा गर्न सकिन्छ । देशकै सांस्कृतिक नगरको रूपमा परिचित भक्तपुर सहरलाई सांस्कृतिक

नगर घोषणा गर्न विलम्ब गर्नुपर्ने जरुरी छैन ।

यहाँ सांस्कृतिक नगरका सबै पूर्वाधार छन् । भक्तपुर नगरपालिकाले कला र संस्कृतिको मात्र होइन सम्पदा संरक्षण गरिरहेको छ । यहाँका अधिकांश मठ, मन्दिर, सत्तल, द्योछेँ, पाटी पौवा, पोखरी पुनः निर्माण, जीर्णोद्धार तथा मर्मत सम्भार भइसकेको छ । भनपाले हरेक सडक, गल्ली, चोकमा ईँटा र ढुङ्गा छपाइ गरिरहेको छ; ढुङ्गेधारा र इनारको मर्मत सम्भार गरिरहेको छ; चैत्य र विहारको संरक्षण गरिरहेको छ; नाचगान र वाद्यवादनको संरक्षण र जीवन्तता दिन प्रत्येक वर्ष प्रतियोगिता र प्रदर्शन गरिरहेको छ । नगरको पुरानो क्षेत्रमा संरक्षण गर्ने उद्देश्यले संरक्षित स्मारक क्षेत्रको मापदण्ड लागु गरी भवन निर्माण गर्न दिने व्यवस्था गरिएको छ । मौलिक शैलीको घर निर्माण गरे आर्थिक सहयोग प्रदान गरिरहेको छ । सरसफाइ र स्वास्थ्योपचारमा जोड दिइरहेको छ ।

भक्तपुर विश्व सम्पदा सूचीमा परेको सहर हो । भक्तपुर दरबार क्षेत्र सम्पदा स्थल हो । देशकै सबभन्दा अग्लो र विश्व प्रसिद्ध पाँचतले मन्दिर, ५५ झ्याले दरबार, सुनको ढोका यही सहरभित्र छ । भनपा र जनताको आर्थिक सहयोग र श्रमदानबाट पाँचतले मन्दिर, भैरवनाथ मन्दिर र पचपन्न झ्याले दरबार मर्मत सम्भार भइसकेको छ । प्रत्येक महिनामा कुनै न कुनै उत्सव, पर्व मेला हुन्छ । गाईजात्रामा नौ दिन नाचगान चल्छ । नगरको २१ स्थानमा माघ २ गतेदेखि नवदुर्गा गणको डालाकेगु (माछा मार्ने) जात्रा हुन्छ । दीपङ्कर मेला हुन्छ । हरेक दिनझैँ कहीं बिहान र कहीं साँझपख टोल-टोलको पाटी, मन्दिर प्राङ्गण र पेटीमा भजन चलिरहेको हुन्छ । समय-समयमा देवगणहरूको टोल-टोलमा जात्रा हुन्छ । पुरानो सम्पदा क्षेत्रमा घर निर्माण गर्ने घरधनीहरूको लागि मौलिक शैलीमा घर निर्माण गरेमा घरको मोहडामा लाग्ने ईँटा, झिङ्गति र काठको लागि लाग्ने खर्चको ३५ प्रतिशत अनुदान नगरपालिकाले दिइरहेको छ । गाईजात्रामा प्रदर्शित हुने नाटक, नृत्य, प्रहसन, घिन्ताङघिसीलाई प्रतियोगितात्मक मूल्याङ्कन गरी जात्रा व्यवस्थित गर्ने उद्देश्यले पुरस्कारको व्यवस्था गरिरहेको छ । हरेक वर्ष एउटा एउटा वाद्यवादनको प्रतियोगिता गरी पुरस्कृत गरिरहेको छ । सांस्कृतिक संरक्षणमा लागेका वाद्यवादन, गीत, नाचगानका अग्रज गुरु एवं संस्कृतिकर्मीहरूको उच्च मूल्याङ्कन गरी प्रत्येक वर्ष प्रत्येक वडाका दुईदुई जना संस्कृतिकर्मीहरूलाई नपाले सम्मान गरिरहेको छ । बेलाबखत विभिन्न अवसरमा यहाँको सांस्कृतिक झाँकीहरू देखाउने काम भइरहेको छ । यहाँका ठुलठुला पोखरीहरू भाज्या पोखरी र रानीपोखरीलाई जीवन्तता दिन पुनः निर्माण, मर्मत तथा सरसफाइको काम भएको छ ।

भक्तपुर नगर मध्यकालीन मल्ल शासनकालको प्रतिनिधिमूलक नगर हो । यहाँका परम्परागत सांस्कृतिक, धार्मिक र कलात्मक संरचनाको संरक्षण र संवर्द्धन गर्न, विद्यमान सांस्कृतिक धरोहर भावी पुस्तामा हस्तान्तरण गर्न र मध्यकालीन नेपालको गौरवपूर्ण निर्माणहरूलाई अविच्छिन्न रूपमा कायम गर्न २०५३ सालमै 'स्मारक क्षेत्र निर्धारण अध्ययन, अनुसन्धान र सुझाव टोली' गठन गरिएको थियो । टोलीको बैठकले नक्साको अध्ययन र संस्कृतिका विभिन्न पक्षका महत्त्व तथा नगरस्थित सम्पदाहरूकै स्थितिबारे गहिरो अध्ययन, अनुसन्धान र खोजीनीति गरी नगरका सांस्कृतिक सम्पदालाई समेटिने गरी मध्यकालीन नगरको मूल क्षेत्रलाई स्मारक क्षेत्र घोषणा गर्नुपर्ने प्रस्ताव गरेको थियो । नगरलाई आन्तरिक र बाह्य खतराबाट सुरक्षित राख्न नगरको अष्टबिन्दुमा अष्ट भैरवसहित अष्टमातृको स्थापना गरिएको थियो । राजा यक्ष मल्लको पालामा नगरको सुरक्षाको लागि नगरलाई चारैतिरबाट पर्खालले घेरी आठ वटा नगर प्रदेशद्वार निर्माण गरिएको थियो । मङ्गलतीर्थमा अद्यापि पर्खालको अवशेष बाँकी रहेको छ ।

यहाँ विश्वकै उत्कृष्ट कलाहरू रहेका छन् । यहाँ वास्तुकलाको अनुपम भण्डार छ । भक्तपुर सहर पाटीपौवा मात्र होइन मन्दिरै मन्दिरको सहर भने पनि फरक पर्दैन । भक्तपुर विभिन्न शैलीका कलाकारितायुक्त मन्दिर, द्योछेँ, दवी देवताका मूर्ति, मठ, चैत्य, विहार, दरबार, द्वार आदिबाट सुशोभित सहर हो । हरेक टोलमा ढुङ्गेधारा, साना-ठुला पोखरी, इनारको माध्यमबाट खानेपानी वा अन्य प्रयोजनको लागि आवश्यक पानीको व्यवस्था मिलाइएको छ । उत्तर र दक्षिण दिशाबाट बग्ने खोला नगरका बासिन्दाबिच श्राद्ध, जन्म, मृत्यु संस्कार र दैनिक जीवनका अन्य पक्षसँग सम्बन्धित कार्य अद्यापि चालु छ । यहाँका परम्परागत नाचगानको लागि टोल-टोलमा 'दबु' हरूको व्यवस्था गरिएको छ । विभिन्न वाद्यवादनको स्वर, ताल र लयमा साँझ बिहान भजनियाँहरू भजन गाउँछन् । सरकारी वा जनस्तरमा निर्मित देवालय, शिवालयमा स्थापित देवीदेवताको बेलाबखत पर्व पूजा, नित्य पूजा भइरहेको छ । यसरी भक्तपुर सहरमा ईँटा, काठ, प्रस्तर र धातुबाट निर्मित उत्कृष्ट कलामात्र होइन विभिन्न शैलीमा निर्मित मठ, मन्दिर, विहार, विश्राम पाटी, सत्तल, भजन घर, शिवालयको व्यवस्थापनले भक्तपुर सांस्कृतिक दृष्टिकोणले सुव्यवस्थित सहरको रूपमा परिचित भएको

देखिन्छ। यसकारण, पुर्ख्यौली सम्पदा, पुर्ख्यौली आस्था र विश्वासलाई जीवन्त राख्ने भक्तपुर सहरको पुरानो बस्तीलाई सांस्कृतिक नगर घोषणा गर्नु जरुरी छ।

ऐतिहासिक नगरको मौलिक स्वरूपलाई कायम राख्नु आवश्यक छ। पुरानो बस्तीभित्र रहेका सम्पदालाई जीवन्तता दिन सकिएन भने कालान्तरमा पुरानो बस्तीको क्षेत्र सुनसानको क्षेत्र हुन बेर लाग्दैन। अहिले नै पुरानो बस्तीभित्रका कति बासिन्दाहरू नयाँ नयाँ बस्तीमा स्थानान्तरण भइसकेका छन्। २०७२ सालको भूकम्पले झन् यहाँका बासिन्दाहरू नयाँ स्थानमा सरेका छन्। बस्तीको विकाससँगै पुरानो बस्ती बाहिर बजारको विकास भइरहेको छ। पुरानो बस्तीको बजार सुक्ने हो कि भन्ने चिन्ता छ। आन्तरिक र बाह्य पर्यटकहरूको चहल-पहल गर्न र गराउन या आवतजावत गराउन पनि सम्पदा संरक्षण गर्नु आवश्यक छ। सांस्कृतिक नगर घोषणा गर्नुपर्ने चर्चा हुँदा केही मानिसहरूले भक्तपुरलाई खोर बनाउन लाग्यो, भक्तपुरवासीलाई खोरभित्र राख्न खोज्यो भनी विरोध गरेका थिए। सहरलाई सफा, स्वच्छ र सुन्दर बनाएर भविष्यसम्म आफ्नो जीवनको जोहो गर्न या सुनिश्चित गर्न ल्याइएको अवधारणालाई बुझ्दै नबुझी या बुझेर पनि बुझ पचाएर या विरोधको निम्ति विरोध गर्न सांस्कृतिक नगर घोषणा गर्नुपर्ने अवधारणाको विरोध गरियो। त्यसबेला विरोध गरेका केही मानिसहरू भनपाले गरिरहेको सम्पदा संरक्षणको कारण अहिले बिउँझेका छन्। यहाँको कला, संस्कृति र सम्पदाको संरक्षण आफ्नै लागि हो रहेछ भन्ने कुरा उनीहरूले महसुस गर्न थालेका छन्। ढिलो घर फर्केकोलाई हराएको भनिँदैन भनेझैँ ढिलै भए पनि कला, संस्कृति र सम्पदा संरक्षणको महत्त्व बुझ्न थालेको राम्रै हो।

सांस्कृतिक सम्पदाको संरक्षण पनि पर्यटन व्यवसायको एउटा भरपर्दो आधार हो। यहाँको संरक्षित कला, संस्कृति, नाचगान र सम्पदा अवलोकन गर्न नै देश विदेशका लाखौँ पर्यटकहरू भक्तपुर आउँछन्, आइरहेका छन्। भक्तपुर आफैमा पर्यटकहरूको आगमन केन्द्र हो। देशको पर्यटन विकास र भक्तपुरका पर्यटक व्यवसायीहरूको जीवन जोहो गर्न पनि कला, संस्कृति र सम्पदाको संरक्षण आवश्यक छ।

यहाँका सम्पदाहरू पुरानो बस्तीको एकै ठाउँमा केन्द्रित छैन। सम्पदाहरू नगरको सबै वडाहरूमा छरिएर रहेका छन्। त्यसमध्ये पनि महत्त्वपूर्ण केन्द्र लायकु दरबार, टौमढी र दत्तात्रय हुन्। अस्टमातृका र अन्य देवीदेवताका द्योछेँहरू सबैजसो वडामा छन्। बिस्केट जात्रा, गाईजात्रा, नवदुर्गा गणको ङालाकेगु (माछा मार्ने) जात्रा यहाँका नाचगानसम्बन्धी महत्त्वपूर्ण जात्रा हुन्। यहाँका पुराना घरहरू सबै चारतले छन्, झिँगटी छानाका छन्। यहाँ बेजोडामुखी झ्याल हुन्छ। घर ईँटा-माटोले बनाइएको छ। तर, अहिले घर जीर्ण, पुरानो भएसँगै नयाँ बनेका घरहरू आधुनिक शैलीको बन्न थालेका छन्। नपाले पुराना बस्तीमा मौलिक शैलीकै घर बनाउन जोड दिइरहेको छ र अनुदानको व्यवस्था पनि गरिरहेको छ। दत्तात्रय मठहरूको केन्द्र भने पनि फरक पर्दैन। तथापि, मठहरू अन्य वडामा पनि छन्। यहाँका मल्लकालीन मठहरू पनि उत्कृष्ट काष्ठकला र वास्तुकलाले बनेका छन्।

सामान्यतः चैत २७ /२८ देखि वैशाख ५ गतेसम्म बिस्केट जात्रा चल्छ। यस अविधिमा भैरव र भद्रकालीको रथ तान्ने, चैत मसान्तमा लिङ्गो उभ्याउने र बाराही, माहेश्वरी आदिको जात्रा हुन्छ। वैशाखमा चासुपुन्ही, बुद्ध पूर्णिमा हुन्छ। भक्तपुर र बनेपामा चण्डेश्वरी जात्रा हुन्छ र बुद्धको प्रतिमासहित नगर परिक्रमा गरिएको हुन्छ। जेठमा सिठि नःखा (चाड) हुन्छ। इनार सफा गर्ने र देवाली पूजा हुन्छ। असारमा भगष्ठी (भलभल अष्टमी) हुन्छ। नवदुर्गा नगर परिक्रमा गरिएको हुन्छ। साउनमा घण्टाकार्ण (गाठामुग चह्रे) को पर्व हुन्छ। भदौमा गुँलाधर्म, गुनीपुन्ही, जनैपूर्णिमा र गाईजात्रा हुन्छ। यही समयमा पञ्चदान पर्व (दीपङ्कर) मेला हुन्छ , कृष्णाष्टमी, बुबाको मुख हेर्ने र गोकर्ण औँसी हुन्छ। असोजमा चोठाः गणेश चौथी (गणेशको जन्मदिन) र यन्यापुन्ही- अर्थात् इन्द्रको प्रतीक यम द्योको जात्रा हुन्छ। यसै समयमा पुलुकिसी (इन्द्रजात्रा) र मुपात्रको मेला हुन्छ। कार्तिकमा तिहार हुन्छ। यो समयमा काग पूजा, कुकुर पूजा, म्हा पूजा (गोवर्द्धन पूजा) र भाइटीका हुन्छ। मङ्सिरमा सकिमा पुन्ही हुन्छ। टोल-टोलको देवस्थलमा र यातु महादेव स्थानमा पूजा र भजन हुन्छ। यही महिना बाला चतुर्दशी हुन्छ। पशुपतिमा सतबीज छर्छ। योमारी पुन्ही पनि सामान्यतः मङ्सिर पुसमा पर्छ। माघमा माघे सङ्क्रान्ति हुन्छ। स्वस्थानी व्रत प्रारम्भ हुन्छ। यसै महिनामा श्रीपञ्चमी पर्छ र विवाह, व्रतबन्ध र बेलविवाह आदि हुन्छ। फागुनमा शिवरात्रि, होलि पूर्णिमा हुन्छ र चैतमा पाहाँचऱ्हे हुन्छ। नेवार समुदायमाझ गुठी सञ्चालन हुन्छ। यसरी नै अन्य चाडपर्वको अवसरमा निजी गुठीहरू चलेका हुन्छन्। यसरी बाह्रै महिना यहाँ एउटा न एउटा मेला, पर्व हुन्छ।

यहाँ अनेक नाचगानहरू पनि छन्। भैले प्याखं, देवी प्याखं, फाकंदली प्याखं, कलाँलीचा प्याखं, माक प्याखं, लाखे, नागाचा, नटुवाचा, भालु, गाइँचा, धुँ (बाघ), हनुमान,

लुसी, म्हेखा, जङ्गली र कवांचा नाचहरू छन् । यहाँका अन्य नाचहरूमा ख्या, खिचा, हाँय्, महाद्यो-पार्वती, शेर सिंह, सलाँ, म्ये प्याखं आदि नाचहरू छन् । यसबाहेक एकाङ्की विधामा कपाय् फेनेगु, थाज्या थाय्गु, किजापूजा, काची मचा वां छोयेगु, सिलु वानेगु आदि विधाहरू छन् ।

यहाँ वाद्यवादन पनि अनेक छन् । पछिमा, लालाखीं, पस्ताखीं, ताताली बाजा, करखीं बाजा, धिमे बाजा, धाँ बाजा, धिमय्, का:खी बाजा, ढोलक, तँ, झ्यालिचा, ख्वालिमालिचा, सिं छ्यय् भुछ्यॉय्, कान्ताडबडब (डमरु) नगरा, सारङ्गी आदि छन् । मुखले बनाउने बाजामा बाँसुरी, ङक, पँगा, महालीं, बेको महालीं, कँ बाजा आदि छन् ।

यसरी अनेक चाडपर्व, अनेक नाचगान, अनेक बाजा र अनेक कलाकारहरू रहेको यो भक्तपुर सहरलाई सांस्कृतिक नगर घोषणा गर्न विलम्ब गर्नु अन्याय नै हो ।

अहिले नयाँ पुस्ताका कलाकर्मीहरू पनि मठ-मन्दिर बनाउन हौसिए, देखिए, मूर्ति बनाउन, कलात्मक देवी देवता र टुँडाल बनाउन खप्पिस भए । भक्तपुरका ती युवाहरू काष्ठकला, प्रस्तरकला बनाउन मुक्ति क्षेत्र, सुर्खेत, दैलेख, नुवाकोट, जनकपुरलगायत जहाँ जहाँ मन्दिर, देवालय छन् त्यहाँ त्यहाँ पुगेर आफ्नो सीप र कला देखाएर जोहो गर्न लागे । काष्ठकला, धातुकला, प्रस्तरकला मात्र होइन माटोका अनेक भाँडाकुँडा बनाउने मृत्तिकाका कलाकारहरूको सङ्ख्या पनि यहाँ कम छैन । जन्मेदेखि मृत्यु हुँदासम्म चाहिने माटाका भाँडाकुँडा यही भक्तपुरमा बनेको हुन्छ ।

यहाँका शिल्पकारहरू काठै काठद्वारा निर्मित भैरव र भद्रकालीको रथ बनाउँछन् । यहाँ अन्नका कलाकारहरू पनि छन् । अन्नबाट प्रतीकात्मक मन्दिर बनाइन्छ । अन्नबाट भैरवको रथ, दत्तात्रय मन्दिर, लिङ्गोलगायत अन्य स्वरूपमा देवता बनाएर भजन गाउँछन् । बाजा बजाउने, नाच्ने, गीत गाउने मात्र होइन नाच सिकाउने, बाजा बनाउने नाचका लागि भेषभूषा बनाउने, मकुन्डो बनाउने काम पनि सामान्य होइन । काठ, इँट, कागज, धातु र ढुङ्गामा अभिलेख लेख्ने गुरुहरू पनि आखिर कलाकार नै हुन् । यसरी अनेकानेक कलाकृतिको अध्ययन, खोजीनीति र विश्लेषण गर्दा यहाँ माटोकला, काष्ठकला, प्रस्तरकला, चित्रकला, मूर्तिकला, सङ्गीतकला, वाद्यवादनकला, नृत्यकलाले नेपाली जनतामा अमित छाप परेको छ । यही भएर सन् १९७९ अक्टोबरमा इजोरको लुजरिमा सम्पन्न विश्व सम्पदा समितिको तेस्रो सम्मेलनले भक्तपुरको लायकु दरबार, चाँगुनारायण क्षेत्रसहित काठमाडौँ उपत्यकाभित्रका सात वटा विश्व सम्पदा सूचीमा समावेश गर्ने निर्णय गरेको हो ।



# “नयाँ शिक्षा ऐनमा शिक्षा उत्पादन श्रमसित जोडिएको हुनुपर्छ”

– ज्ञानसागर प्रजापति, अध्यक्ष नेक्राशिसङ्घ



नयाँ ऐन नलिई नफर्कने अडानमा रहेका महासङ्घका शिक्षक साथीहरूले अदालतको आदेशलाई कुन रूपमा लेलान् त्यो पनि हेर्न बाँकी छ । सरकार विशेषत: प्रधानमन्त्री शिक्षक आन्दोलनको विषयमा अत्यन्त घिङ्न्याहा देखिन्छ । यस्तालाई झुकाएरै छाड्ने नाममा विद्यार्थी अभिभावकहरूलाई शिक्षकले चिढाउनु हुँदैन । विद्यार्थीको भविष्यप्रति जिम्मेवार भई शैक्षणिक गतिविधिलाई अगाडि बढाउँदै शिक्षक आन्दोलनको स्वरूप परिवर्तन गर्नुपर्ने देखिन्छ ।

**◆ नेपाल शिक्षक महासङ्घले २०८१ चैत २० गतेदेखि काठमाडौंकेन्द्रित शिक्षक आन्दोलन गरिरहेकोमा नेपाल क्रान्तिकारी शिक्षक सङ्घको संलग्नताबारे केही प्रकाश पारिदिनुहुन्छ कि ?**

नेपाल क्रान्तिकारी शिक्षक सङ्घ एक समय महासङ्घको केन्द्रीय कोषाध्यक्षको जिम्मेवारीमा थियो । तर, महासङ्घका आफूलाई ठुला भन्ने सङ्घ-सङ्गठनहरूले हामीलाई कोष छुनै दिएका थिएनन् । महासङ्घको बैठकमा ती ‘ठुला’ सङ्घ-सङ्गठनहरूमा आफ्नो निर्णय लाद्न थालेपछि छलफल, तर्कवितर्क नहुने त्यस्तो बैठकमा बस्नुको औचित्य हामीले देखेनौँ ।

महासङ्घको कोषका बारेमा कोषाध्यक्षको नाताले चासो राख्दा महासङ्घभित्र कोषको रकम भ्रष्टाचार भएको हामीलाई आभाष भयो । त्यसैले महासङ्घभित्रको भ्रष्टाचारको दलदल र ‘ठुला’ को निर्णयको साक्षी किनारा मात्र किन बस्ने भन्दै महासङ्घबाट अलग्गिएका हौँ । अहिले नेक्राशिसङ्घ महासङ्घमा छैन ।

**◆ महासङ्घले पुन: आबद्धताको लागि प्रस्ताव गऱ्यो कि गरेन ?**

महासङ्घका लक्ष्मण शर्मा, राजेन्द्र पौडेल र शङ्कर अधिकारीलगायतले आबद्धताबारे बिचबिचमा सम्पर्क गर्नुभएको थियो । तर, नेक्राशिसङ्घको सुर्खेतमा भएको केन्द्रीय परिषद्बाटै महासङ्घबाट पृथक रहने निर्णय भएको हुँदा उहाँहरूलाई ‘महासङ्घले शिक्षकहरूको हकहितका काम गर्नुहोस्, हाम्रो समर्थन रहनेछ, हामीलाई कुर्सी चाहिँदैन, महासङ्घबाट कहीकतै कमीकमजोरी भएमा आलोचना गरेर हामी महासङ्घलाई सहयागे गर्छौं’ भनी जवाफ दिँदै आएका छौँ ।

**◆ हाल महासङ्घले उठाएका मुख्य मागहरूबारे नेक्राशिसङ्घको धारणा के छ ?**

महासङ्घले उठाएको सबैभन्दा मुख्य माग भनेको २०२८ सालको पञ्चायती शिक्षा ऐन विस्थापित गरी सङ्घीय विद्यालय शिक्षा ऐन जारी गरियोस् भन्ने नै हो ।

देश सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक अवस्थामा पुगिसक्दा पनि देशको शिक्षा पञ्चायती ऐनबाटै निर्देशित भइरहनु वास्तवमै विडम्बनापूर्ण छ । सङ्घीय विद्यालय शिक्षा ऐन यो देशको आवश्यकता हो । यसमा कसैको विमति छैन । तर, ऐनमा समेटिने विषयमा भने महासङ्घसित पेसागत हकहितका विषयबाहेक अन्य विषयमा नेक्राशिसङ्घका बेमेलहरू धेरै छन् ।

**◆ जस्तो कि ?**

राहत शिक्षक, करार शिक्षक, साबिक उमावि शिक्षक, अस्थायी अनुदान शिक्षक, विशेष शिक्षा र प्राविधिक धारका शिक्षक, प्रशिक्षक अनुदान कोटामा कार्यरत शिक्षकलगायत प्रारम्भिक बाल विकासका शिक्षक (सहजकर्ता) लगायत विद्यालय कर्मचारीहरूको स्थायित्व र वृत्ति विकासका विषयमा हाम्रो मतैक्य रहेको छ । त्यस्तै आवधिक बढुवाको सुनिश्चितता, श्रेणीगत मात्र नभई तहगत बढुवा र विशिष्ट श्रेणीको पनि व्यवस्था हुनुपर्नेमा पनि हाम्रो मत महासङ्घ सित मेल खान्छ ।

तर, महासङ्घ कम्पनी ऐनमा दर्ता भई सञ्चालित संस्थागत स्कूलको बारेमा मौन देखिन्छ । नेक्राशिसङ्घ शिक्षामा कम्पनी ऐनको प्रावधान हटाउने पक्षमा छ । अर्थात्, कम्पनी ऐनमा दर्ता भई सञ्चालित नाफामुखी निजी स्कूलहरू निश्चित अवधिभित्र शैक्षिक गुठीमा लानुपर्ने भन्ने पक्षमा छ । शिक्षामा व्यापारीकरणको मुख्य कारण नै कम्पनी ऐनमा शैक्षिक संस्था दर्ता भई सञ्चालन हुनु हो ।

नेपाली शिक्षाको अर्को विकृति देशभित्र वैदेशिक सम्बन्धनमा अनेक शैक्षिक संस्थाहरू सञ्चालन हुनु हो । अब बन्ने नयाँ शिक्षा ऐनमा यो प्रावधान पनि हटाउनुपर्छ । यसबारे पनि महासङ्घ मौन नै देखिन्छ ।

**◆ अरू पनि ?**

छन् धेरै । जस्तो कि महासङ्घले आन्दोलनको सुरुआती चरणमा जोडदारका साथ उठाएको एउटा विषय थियो – विद्यालय शिक्षा स्थानीय पालिकाअन्तर्गत राख्नु हुँदैन । यो सङ्घकै मातहतमा हुनुपर्छ ।

नेक्राशिसङ्घले महासङ्घको यो विषयमा पूर्णतः विमति राख्दै आएको छ । नेपालको संविधान २०७२ को अनुसूची ८ मा विद्यालय शिक्षा स्थानीय पालिकाको एकल अधिकारसित बाझिने गरी महासङ्घले शिक्षा ऐन माग्नु गलत थियो ।

त्यस्तै देश सङ्घीयतामा गइसकेको अवस्थामा महासङ्घले जिल्ला शिक्षा कार्यालय पुनःब्यूँताउन चाह्यो भने हामी नेक्राशिसङ्घ पालिकाको शिक्षा शाखालाई नै सबल बनाई हालको शिक्षा विकास तथा समन्वय एकाइसमेत खारेज हुनुपर्छ भन्ने मान्यता राख्छौँ ।

त्यस्तै महासङ्घ शिक्षक अध्यापन अनुमति पत्र (लाइसेन्स) को पक्षमा देखिन्छ भने हामी विपक्षमा छौँ । शिक्षकको शैक्षिक योग्यता नै लाइसेन्स मान्न सकिन्छ भन्ने हाम्रो भनाइ हो । हाल निजी विद्यालय र उच्च तहमा पढाउन लाइसेन्स चाहिँदैन । सामुदायिक विद्यालयमा पनि निश्चित विषयको लागि मात्र लाइसेन्स अनिवार्य गरिएको छ । अध्यापनको लागि लाइसेन्स अनिवार्य भए संस्थागत, उच्च शिक्षा र सामुदायिकमा पनि सबै विषयको लागि अनिवार्य हुनुपर्‍यो । अन्यथा कहीँ पनि आवश्यक छैन भन्ने हाम्रो भनाइ हो ।

**◆ महासङ्घको शिक्षक आन्दोलेनले देशको शिक्षाको अवस्था र विद्यार्थीको भविष्यमा कस्तो असर पर्ला ?**

मही माग्ने ढुङ्ग्रो नलुकाउने भन्ने हो भने महासङ्घको नेतृत्व राजनीतिक दृष्टिले मूलतः काङ्ग्रेस, एमाले र माओवादी शिक्षक साथीहरू नै हुनुहुन्छ । २०७५, २०७८ र २०८० सालमा तिनै काङ्ग्रेस, एमाले, माओवादी नेतृत्वको सरकारसँग महासङ्घले विभिन्न विषयमा सहमति–सम्झौता गर्‍यो । तर, कुनै पनि सरकारले सहमति–सम्झौता कार्यान्वयन गरेन भन्ने आक्रोश हाल महासङ्घमा देखिन्छ । आफैं बोक्सी आफैं धामी जस्तो । यसले देशको समग्र शैक्षिक अवस्था राम्रो भन्ने सङ्केत गर्दैन ।

फेरि शिक्षक आन्दोलन अनिश्चितकालीन भनिएको छ – त्यो पनि विद्यार्थी भर्नाको समयमा । एकातिर संस्थागत विद्यालयहरू निर्बाध सुरु हुनु अर्कोतिर सामुदायिक विद्यालय बन्द हुँदा स्वाभाविकरूपमा अभिभावकहरूले गाँस काटेर भए पनि आफ्ना सन्तान संस्थागत विद्यालयतर्फ लाने नै भए । केही वर्ष पहिलेसम्म संस्थागत विद्यालयमा १६ प्रतिशत विद्यार्थी भएकोमा अहिले ३५ प्रतिशत पुगेको बताइएको छ । विद्यालय बन्द यसरी नै लम्बिँदै गएमा ४५ प्रतिशत नाघ्न बेर छैन । यसले सामुदायिक विद्यालयकै भरमा परेका विद्यार्थीको भविष्यमा नकारात्मक असर पर्ने देखिन्छ ।

**◆ त्यो कतिको उचित हो त ?**

एकदमै अनुचित छ । संविधानद्वारा प्रदत्त विद्यार्थीको पढ्न पाउने नैसर्गिक अधिकार हनन गर्ने छुट कसैलाई छैन ।

**◆ तब हुनुपर्थ्यो के त ?**

केही शिक्षकहरू आन्दोलनमा बसे पनि अधिकांश शिक्षकहरू विद्यार्थीको पठनपाठनमा लागेका भए विद्यार्थी र अभिभावकको समर्थन शिक्षकहरूलाई हुन्थ्यो । अहिले अनिश्चितकालीन हडताल हुँदा बिस्तारै विद्यार्थी र अभिभावकमा शिक्षक आन्दोलनप्रति नकारात्मक छाप बढ्दै गएको पाइन्छ ।

**◆ यो शिक्षक आन्दोलनमा राजनीतिक स्वार्थ पनि छ कि ?**

महासङ्घमा आबद्ध १५ वटा घटकहरू फरक फरक राजनीतिक आस्थाका हुनाले यो आन्दोलनमा त्यसको छाप नपर्ने कुरै भएन । आन्दोलनमा नेपाल शिक्षक सङ्घ (काङ्ग्रेस), एकीकृत अनेशिसं (माओवादी) जति सक्रिय देखिन्छन् त्यति नेराशिसं (एमाले) सक्रिय देखिँदैन । किनभने, प्रधानमन्त्री, अर्थमन्त्री, शिक्षामन्त्री अहिले एमालेकै भागमा छ ।

स्थानीय पालिकालाई दिइएको मावि तहसम्मको एकल अधिकार केन्द्रमा फिर्ता लिने सत्तारुढ पार्टीहरूको रणनीति पनि हुनसक्छ – यो शिक्षक आन्दोलन ।

**◆ स्थानीय पालिकामा आइसकेकेको अधिकार के फिर्ता जाने सम्भावना छ ?**

शिक्षा ऐन माग्ने महासङ्घले स्थानीय पालिका सबल बनाउनुपर्छ भन्ने आवाज उठाएको कतै सुनिँदैन ।

सङ्घीय सरकार वा प्रदेश सरकारको तर्फबाट स्थानीय सरकारलाई सबल बनाउनेतर्फ खासै ध्यान नदिएको हुँदा त्यो आशङ्का गरिएको हो ।

२०८१ सालको कक्षा ८ को अन्तिम परीक्षा (बीएलई) मा देशका ७५३ मध्ये १५९ वटा स्थानीय पालिकाको अङ्ग्रेजी, गणित र विज्ञान विषयको परीक्षाको लागि राष्ट्रिय परीक्षा बोर्डसँग प्रश्नपत्र लिई परीक्षा सञ्चालन गरेको भन्ने बुझिएको छ । अर्थात्, कक्षा ८ को परीक्षासमेत केन्द्रले सञ्चालन गर्ने सोच देखिन्छ । यो सङ्घीय दृष्टिले ठीक होइन । यसले स्थानीय पालिका सबल बनाउँदैन । त्यसैले पनि यो आशङ्का गरिएको हो ।

**◆ स्थानीय पालिकाप्रति महासङ्घको त्यतिबिघ्न आक्रोश किन भएको होला ?**

महासङ्घका साथीहरूका अनुसार स्थानीय सरकार (जनप्रतिनिधिहरू) ले राजनीतिक दुराग्रह र पूर्वाग्रह राखेर शिक्षकहरूको सरुवा र बढुवा प्रभावित भएको हुनाले स्थानीय पालिकाअन्तर्गत शिक्षा राख्नु हुन्न भन्ने भनाइ छ । जबकि ७५३ मध्ये अधिकांश पालिकामा काङ्ग्रेस, एमाले, माओवादीकै जनप्रतिनिधि छन् र महासङ्घमा उहाँहरू नै हुनुहुन्छ ।

अर्को तर्क छ – शिक्षकहरू स्नातक, स्नातकोत्तर उत्तीर्ण गरेका शिक्षकहरू आठ कक्षा पनि उत्तीर्ण नभएका जनप्रतिनिधिको मातहतमा बस्नु अप्ठ्यारो लाग्छ । तर, हाम्रो बुझाइमा जनप्रतिनिधिलाई कुनै शैक्षिक योग्यताको आधारमा मापन गर्नु उचित हुँदैन । जागिरे कर्मचारी शिक्षकहरूभन्दा जनप्रतिनिधिको स्थान धेरै उच्च नै हुनुपर्छ र हुन्छ पनि । जनप्रतिनिधिलाई अवमूल्यन गर्ने छुट जतिसुकै योग्यता भएका शिक्षकलाई पनि हुँदैन ।

**◆ त्यसो भए शिक्षक आन्दोलेलनको अन्तर्य राजनीति नै हो कि के हो ?**

महासङ्घले प्रस्ट भाषामा त्यस्तो भनेको सुनिँदैन । तर, संसद्मा प्रस्तुत विद्यालय शिक्षा विधेयक अध्ययन गर्दा शिक्षकलाई निर्वाचनमा मतदान गर्ने एउटा अधिकारबाहेक राजनीतिका बारेमा केही बोल्ने, लेख्ने अधिकार दिइएको छैन । विधेयकको दफा ७३ मा शिक्षकलाई 'कुनै प्रकारको राजनीतिक क्रियाकलापमा संलग्न हुनुहुँदैन' भन्ने प्रावधान राखिएको छ । महासङ्घले यसको विरोध गरेको कतै सुनिएको छैन ।

भोलिका दिनमा हुने निर्वाचन विभिन्न राजनीतिक दलहरूको घोषणापत्रको तुलनात्मक अध्ययन गरी शिक्षकले यो ठीक र यो बेठीक भन्ने विचारसम्म प्रकट गर्न नपाइने प्रावधान विधेयकमा छ । यो शिक्षकको वाक् स्वतन्त्रता हनन गर्ने प्रावधान नयाँ शिक्षा ऐनमा हट्नुपर्छ ।

**◆ अभिभावक र विद्यार्थीको दृष्टिले नयाँ शिक्षा ऐन कस्तो हुनुपर्छ ?**

संविधानले कक्षा १२ सम्म मावि र मावि तहसम्म निःशुल्क भन्ने निश्चित गरेको छ । संविधानको यो प्रावधानलाई सरकारले अक्षरशः लागु गरेर देखाउनुपर्छ । यसको निम्ति सरकारले शिक्षामा कम्तीमा राष्ट्रिय बजेटको २४ प्रतिशत लगानी गर्नुपर्छ । निःशुल्क गर्ने भनेपछि सामुदायिक-संस्थागत भन्ने हुँदैन । दुवैतर्फ राज्यले व्यहोर्नुपर्छ । अभिभावकलाई शिक्षाको लागि मावि तहसम्म कुनै आर्थिक भार पार्नुहुँदैन ।

विद्यार्थीको लागि गुणस्तरीय शिक्षा चाहिन्छ । शैक्षिक आन्दोलनलाई गुणस्तरीय शिक्षासँग जोड्नुपर्छ । अहिलेको शिक्षा केवल योग्यता र जागिरमुखी जनशक्तिमा सीमित भयो । त्यसैले नयाँ शिक्षा ऐनमा शिक्षा उत्पादन श्रमसित जोडिएको हुनुपर्छ । शिक्षा सीपसँग जोडिएको हुनुपर्छ ।

संविधानतः देश समाजवादउन्मुख भएकोले देशका जनप्रतिनिधि, कर्मचारी, सेना, प्रहरीलगायतका सन्तानहरू अनिवार्य रूपमा सामुदायिक स्कूलमा पढाउनु पर्ने प्रावधान अबको शिक्षा ऐनमा हुनुपर्छ ।

**◆ शिक्षा विधेयकबारे नेक्राशिसङ्घको धारणा के छ त ?**

हामीले विधेयकबारे केन्द्र, जिल्ला, पालिका र विद्यालय एकाइ तहसम्म छलफल गरी राय सङ्कलन गरेका थियौँ । साथीहरूको रायअनुसार ७६ वटा बुँदाहरू संशोधन सांसद प्रेम सुवालमार्फत संसद्मा पेस गरेका छौँ । ती ७६ बुँदामै केन्द्रित रहेर यहाँ तपाइँका प्रश्नहरूको जवाफ दिएको हुँ ।

**◆ अन्त्यमा केही ?**

सर्वोच्च अदालतले तीन दिनभित्र आन्दोलनरत शिक्षकहरू विद्यालयमा फर्काउने वातावरण बनाउन अन्तरिम आदेश गरेको छ । त्यो आदेशलाई सरकार कसरी पालना गर्ला, हेर्न बाँकी छ ।

नयाँ ऐन नलिई नफर्कने अडानमा रहेका महासङ्घका शिक्षक साथीहरूले अदालतको आदेशलाई कुन रूपमा लेलान् त्यो पनि हेर्न बाँकी छ ।

सरकार विशेषतः प्रधानमन्त्री शिक्षक आन्दोलनको विषयमा अत्यन्त घिङ्न्याहा देखिन्छ । यस्तालाई झुकाएरै छाड्ने नाममा विद्यार्थी अभिभावकहरूलाई शिक्षकले चिढाउनु हुँदैन । विद्यार्थीको भविष्यप्रति जिम्मेवार भई शैक्षणिक गतिविधिलाई अगाडि बढाउँदै शिक्षक आन्दोलनको स्वरूप परिवर्तन गर्नुपर्ने देखिन्छ ।


मजदुर, वैशाख १३ गते

# इडविन पावेल हब्बल ब्रह्माण्ड विस्तार सिद्धान्तका प्रणेता



राजेन्द्र बहादुर कायष्ठ

**विषय प्रवेश :** पृथ्वीलाई संसार वा विश्व भन्ने गरिन्छ। ताराहरूको समूहलाई तारापुञ्ज (Galaxy) भनिन्छ। सूर्य वा सौर्यमण्डल सदस्य भएको तारापुञ्जलाई आकाशगंगा (Milky way) भनिन्छ। आकाशगंगामा मात्र लगभग १ सय ५९ अर्ब ताराहरू रहेका छन्। ताराहरूको समूह मिलेर परिचित वस्तुको आकृति बनाएको ताराहरूको समूहलाई तारामण्डल भनिन्छ। हालसम्म ८८ ओटा तारामण्डलहरू वैज्ञानिकहरूले फेला पारेका छन्। त्यसमध्ये १२ ओटा राशीहरू (मेष, वृषलगायत अन्य राशीहरू) पनि तारामण्डल हुन्। ताराहरू सबै आफै उज्यालो दिन सक्ने दिप्त वस्तु (Luminous body) हुन्। प्राचीनकालमा मानिसहरूलाई आकाशका ताराहरूबारे खासै धेरै ज्ञान थिएन। खगोल विज्ञानको विकाससँगै आकाशमा रहेका ताराहरूबारे मानिसहरूमा जिज्ञासा बढ्दै गयो। अझ भन्ने हो भने सत्रौँ शताब्दीमा वैज्ञानिक ग्यालिलियोले दूरदर्शक यन्त्र (Telescope) को आविष्कार गरेपछि खगोलीय पिण्डहरूबारे नयाँ नयाँ तथ्यहरू प्रकाशमा आए। यसबाट मानिसहरूलाई आकाशमा ताराहरू लाखौँ करोडौँको सङ्ख्यामा नभई अर्बौंको सङ्ख्यामा रहेको जानकारी भयो। आकाशमा देखिने ताराहरू सूर्यजस्तै चम्किलो र तातो पिण्डहरू हुन् भन्ने ज्ञान भयो। आकाशगंगामा रहेका अर्बौं ताराहरूमध्ये सूर्य आकार र उज्यालोको आधारमा मध्यम खालको तारा हो। जसमध्ये पृथ्वीबाट सूर्य सबभन्दा नजिकको तारा भएकोले बढी चम्किलो र ठुलो देखिएको हो। सूर्यपछि पृथ्वीबाट सबभन्दा नजिकको तारा प्रोक्सिमा सेन्टावरी (Proxima centauri) हो। जुन पृथ्वीबाट ४.२५ प्रकाश वर्ष टाढा पर्दछ। प्रकाशले एक सेकेन्डमा ३ लाख किलोमिटरका दरले १ वर्षमा पार गरेको दूरीलाई १ प्रकाश वर्ष भनिन्छ। आकाशमा देखिने अन्य ताराहरू पृथ्वीबाट धेरै टाढा भएकोले राती अँध्यारो हुँदा मात्र टिल्पिलाएको देख्दछौँ। सन् १९२४ सम्म आकाशगंगालाई ब्रह्माण्ड मानिन्थ्यो। आकाशगंगाबाहेक आकाशमा अन्य तारापुञ्जहरू पनि छन् भन्ने कुरा पत्ता लगाई ब्रह्माण्डको सीमा विस्तार गर्ने अमेरिकी वैज्ञानिक वा खगोलविद् इडविन पावेल हब्बल (Edwin Powell Hubble, 1889-1953) हुन्। उनले सर्वप्रथम ब्रह्माण्ड विस्तारसम्बन्धी सिद्धान्त पत्ता लगाएका थिए। उनलाई ब्रह्माण्ड विस्तार सिद्धान्तका प्रणेता भनिन्छ। उनले ब्रह्माण्डमा थुप्रै तारापुञ्जहरू छन् र तारापुञ्जहरू एकबाट अर्को टाढा गइरहेको छ भन्ने पत्ता लगाएका थिए। यसलाई बीसौँ शताब्दीमा खगोल विज्ञानको महान् आविष्कार मानिन्छ। यो आविष्कारले अन्तरीक्ष र त्यसमा पृथ्वीको स्थानबारे वैज्ञानिकको बुझाइमा परिवर्तन आयो। हब्बलको खोजले तारा र तारापुञ्जको गतिविधिबारे पूर्ण र सही कुरा बताउन सम्भव भयो।



इडविन पावेल हब्बल

**बाल्यकाल र शिक्षा :** हब्बलको जन्म सन् १८८९ को नोभेम्बर २० मा Marshfield, Missouri, U.S. मा भएको थियो। उनको बुबाको नाम John Powell Hubble

र आमाको नाम Virginia Lee James थियो। उनका बुबा पेसाले बीमा अधिकृत थिए। उनी ११ वर्षको हुँदा बसाइँसराइ गरेर Wheaton, Illinois मा बस्न गए। उनी विद्यालयमा पढ्दा शैक्षिक गतिविधिमा भन्दा खेलकुदमा बढी रुचि राख्दथे। तैपनि, परीक्षामा उनी प्रायःजसो विषयमा राम्रो अङ्क प्राप्त गर्दथे। युवावस्थामा उनीसँग खेलाडीको प्रतिभा थियो। उनले विद्यालय र कलेज अध्ययन गर्दा बास्केटबल, फूटबल र दौड प्रतियोगितामा ७ ओटा स्वर्ण र १ ओटा काँश्य पदक जितेका थिए। उनले बास्केटबलमा विभिन्न भूमिकामा खेल खेले। सन् १९०७ मा उनले University of Chicago's basketball team बाट बास्केटबल टिमको नेतृत्व गरे र उपाधी पनि हासिल गरे।

सन् १९१० मा उनले शिकागो विश्वविद्यालयबाट अन्डर ग्राजुएट डिग्री प्राप्त गरे। उक्त विश्वविद्यालयमा रहन्जेल उनको बढी लगाव खेलतर्फ रहेको थियो। उनी आफ्नो समयमा बास्केटबलका उत्कृष्ट खेलाडी रहेका थिए। उनी एक व्यावसायिक बक्सिङ खेलाडी पनि थिए। उनी सानो छँदा विभिन्न चराहरू र जनावरहरूको अवलोकन गर्न र तिनीहरूको बारे जान्न बढी चाख राख्दथे। उनी तन्नेरी हुँदै गएपछि उनको रुचि आकाशीय पिण्डहरूको अध्ययन र अवलोकनमा रहन गयो। तर, उनी एक सफल बास्केटबल खेलाडी पनि भएकाले खगोल विज्ञानमा एकचित्त भएर काम भने गरेनन्। हब्बलले अक्सफोर्ड विश्वविद्यालयबाट रोड्स छात्रवृत्ति पाएर कानुनको पनि अध्ययन गरेका थिए। उनले कानुनी सेवाको लागि परीक्षा पनि उत्तीर्ण गरेका थिए। त्यसपछि केही समय उनले कानुनी पेसा पनि अपनाएका थिए। तर, उनलाई कानुनी पेसामा खासै रुचि नभएको कारण छोटो समयमा नै छोडे। त्यसपछि उनको रुचि फेरि खगोल विज्ञानतिर बढ्न गयो।



हब्बल निहारिकाको अध्ययनमा


**अनुसन्धान र सफलता :** उनले खगोल विज्ञानको अध्ययनको क्रममा शिकागो विश्वविद्यालयको एर्कस वेधशालाबाट ग्राजुएट पूरा गरे। त्यही वेधशालाबाट उनले टाढा आकाशमा देखिने कमानी आकारका निहारिका (Spiral Nebula) को अध्ययन गर्न थाले। त्यही कामबाट नै उनले सन् १९१७ मा पी.एच.डी. उपाधी हासिल गरे। उनले पी.एच.डी. उपाधी हासिल गरेपछि खगोल विज्ञानमा कार्य गर्न क्यालिफोर्नियाको पासाडेनास्थित माउण्ट विल्शन वेधशालामा निमन्त्रणा गरियो। त्यस वेधशालामा केही समयसम्म काम गर्दा नै उनलाई पहिलो विश्वयुद्धमा स्थल सैनिकहरूको निम्ति टेलिग्राफी काममा स्टाफको रूपमा काम गर्न बोलाइयो। यसको २ वर्षपछि उनी पुनः वेधशालामा आएर खगोलीय पिण्डहरूको अध्ययन गर्न सुरु गरे। हब्बल यस पटक माउन्ट विल्सन वेधशालाबाट १०० इन्च व्यास भएको परावर्तनीय दूरदर्शक यन्त्रको सहायताबाट खगोलको अवलोकन गर्न थाले। त्यस समयमा उक्त दूरदर्शक यन्त्र विश्वको नै सबभन्दा ठूलो दूरदर्शक यन्त्र थियो।



हब्बल विल्सन वेधशालाबाट १०० इन्च व्यास भएको परावर्तनीय दूरदर्शक यन्त्रबाट खगोलको अवलोकन गर्दै

आकाशीय पिण्डहरूको अवलोकनको क्रममा उनी आकाशमा देखिएका रहस्यमय कमानी निहारिकाहरूको दूरी मापन गर्न सफल भए। यस अघिसम्म ती निहारिकाहरूलाई

ग्यासका बादलहरू मात्र हुन् भनी विश्वास गरिएको थियो। तर हब्बलले उक्त धारणालाई गलत साबित गरी ती निहारिकाहरू ग्यासका बादलहरू नभई हाम्रो आकाशगंगाबाट टाढा रहेका अन्य तारापुञ्जहरू भएको तथ्य पत्ता लगाए। उनले अवलोकनकै क्रममा सन् १९२४ मा हाम्रो आकाशगंगाबाहेक अन्य तारापुञ्जहरू पनि रहेको पत्ता लगाएर खगोल विज्ञानमा नयाँ आयाम थपे। बीसौँ शताब्दीको सुरुतिर ब्रह्माण्डमा एउटा मात्र तारापुञ्ज (Galaxy) छ र त्यो आकाशगंगा (Milky Way) हो भन्ने बुझाइ थियो। यसलाई उनले अवलोकनबाट अन्य तारापुञ्जहरू पत्ता लगाएर गलत साबित गरिदिए। हाम्रो सौर्यमण्डल सदस्य भएको तारापुञ्ज आकाशगंगाको व्यास करिब १,००,००० प्रकाश वर्ष छ। आकाशगंगा तारापुञ्जको केन्द्रबाट हाम्रो सौर्यमण्डल ३०,००० प्रकाश वर्ष दूरीमा छ।




एन्ड्रोमेडा

हब्बलले दूरदर्शक यन्त्रको प्रयोगबाट निहारिकाको अध्ययन गर्न सुरु गरे। उनले यसको सुरुवातमा एन्ड्रोमेडा (Andromeda) को अवलोकन गरे। अवलोकनको क्रममा एन्ड्रोमेडा ग्यासको बादल होइन भन्ने देखायो। यो त लाखौँ लाख ताराको अति खाँदिएको बढी घनत्व भएको पत्ता लगाए। उनले एन्ड्रोमेडाका थुप्रै केपहेड (Cepheid) तारातर्फ दूरदर्शक यन्त्रबाट थप अवलोकन गरे र ती ताराहरूको धड्कन हुन्छ भनी पत्ता लगाए। ती ताराको धड्कनको दर र प्रकाशको परिमाण नापेर तारा कति टाढा छन् भनेर पत्ता लगाउन सकिने तथ्य प्राप्त गरे। एन्ड्रोमेडा अलग्गै तारापुञ्ज भएको पनि पत्ता लगाए। उनले ६ महिनामा १८ ओटा निहारिकाहरूको अवलोकन गरे। ती सबै अलग अलग तारापुञ्जहरू भएको पत्ता लगाए। जुन पृथ्वीबाट १० करोड प्रकाश वर्षसम्म टाढा रहेको पत्ता लगाए। यसबाट ब्रह्माण्ड यति विशाल छ भन्ने थाहा पाएर खगोल वैज्ञानिकहरू तीनछक्क परे। ब्रह्माण्डमा हजारौँ तारापुञ्जहरू रहेको पत्ता लगाउनु हब्बलको सुरुवाती कार्य थियो। उनले धेरै टाढा रहेका निहारिकाहरूको अवलोकनको क्रममा त्यसबाट रातो ज्वाला निरन्तर आइरहेको देखे। वैज्ञानिकहरूले हिलियम, हाइड्रोजन, अक्सिजन, आर्गन आदि जस्ता तत्त्वहरूले निश्चित आवृत्तिमा निरन्तर ऊर्जा उत्सर्जन गरिरहेको हुन्छ भनी पत्ता लगाएका थिए। उनीहरूले ताराबाट उत्सर्जित प्रकाशको स्पेक्ट्रोग्राफ (अलग अलग आवृत्तिमा रेडियत हुने प्रकाशको चार्ट) बनाउने हो भने स्पेक्ट्रोग्राफमा देखिने रेखाले तारामा कुन तत्त्व कुन अनुपातमा छ भन्ने पत्ता लगाउन सकिन्छ भन्ने पत्ता लगाएका थिए। हब्बलले तारामा पाइने स्पेक्ट्रोग्राफ रेखामा हिलियम, हाइड्रोजनलगायत आमरूपमा पाइने तत्त्वहरू पत्ता लगाए। तर उनले बनाएको स्पेक्ट्रोग्राफमा रेखा सामान्य आवृत्तिभन्दा कम देखाइएको थियो। यसलाई रक्तिम सराइ (red shift) भनिन्छ। किनभने, जब प्रकाशको आवृत्ति कम हुन्छ, त्यसको रंग रातो देखिन थाल्छ। तर प्रकाशको आवृत्ति बढ्यो भने त्यसको रंग निलो देखिन्छ। जसलाई निलो सराइ (blue shift) भनिन्छ।

हब्बलले अर्को २ वर्षसम्म आफूले पत्ता लगाएका २० ओटा तारापुञ्जहरूमाथि गहिरो अध्ययन र अवलोकन गरे। उनले के पत्ता लगाए भने अपवादमा एन्ड्रोमेडाबाहेक सबै तारापुञ्जहरू पृथ्वीबाट टाढा हुँदै गइरहेको छ। यसबाहेक एउटा तारापुञ्ज अर्को तारापुञ्जबाट टाढिँदै गइरहेको छ। उनले यो पनि पत्ता लगाए कि एउटा तारापुञ्ज अर्को तारापुञ्जबाट ८०० देखि ५०,००० किलोमिटर प्रतिसेकेन्डको दरले टाढिँदै गइरहेको छ। यसबाट हब्बल ब्रह्माण्ड विस्तारका प्रणेताका रूपमा परिचित भए। यसरी यो ब्रह्माण्ड प्रत्येक सेकेन्ड विस्तार हुँदै गइरहेको छ। दिनप्रतिदिन ब्रह्माण्ड विशाल भइरहेको छ। हब्बलका अनुसार तारापुञ्जहरूबिचको दूरीलाई 'd' मान्ने हो भने तिनीहरूबिच एकआपसमा टाढा भाग्ने गतिको सूत्र $V = Hd$ हुन्छ। यहाँ H लाई हब्बलको अचर वा स्थिरात्त (Hubble's constant) भनिन्छ जसको मान 73 km/s/Mpc (kilometer per second per Mega parsec) हुन्छ। साथै यहाँ V को अर्थ तारापुञ्जको एकआपसमा टाढिने गति हो। यसको अर्थ यदि कुनै दुई तारापुञ्ज आपसमा एक मेगापारसेकको दूरीमा रहेका छन् भने तिनीहरू प्रतिसेकेन्ड ७३ किलोमिटरका दरले एक आपसमा अझै टाढा गइरहेका छन् भन्ने हुन्छ। यसरी कुनै दुई तारापुञ्जबिचको दूरीलाई मेगापारसेकमा उल्लेख गरी हब्बलको स्थिरात्तले गुणा गर्ने हो भने ती तारापुञ्जहरू कुन वेगमा एकआपसमा टाढिँदै छन् भने हिसाब निकाल्न सकिन्छ। गणितीय रूपले हिसाब गरी हेर्दा तारापुञ्जहरू तीव्रगतिमा

एक आपसमा झन् टाढा हुँदै गइरहेको तथ्य थाहा हुन्छ। यो सूत्रको आधारमा तारापुञ्जहरू जति जति अगाडि बढ्दै जान्छन् त्यति नै छिटो छिटो टाढा सर्ने रहेछन् भन्ने बुझ्न सकिन्छ।



बिग ब्याङ वा महाविस्फोटबाट ब्रह्माण्डको उत्पत्ति

हब्बलको यो निष्कर्षबाट एउटा उदाहरण चित्र अङ्कित बेलुनलाई हावा भर्दा हुने अवस्थासँग तुलना गर्न सकिन्छ। जसरी हावा भरिँदै गरेको बेलुनको आकार बढ्दै जान्छ साथै त्यसमा छापिएका बुट्टाका प्रत्येक बिन्दु एकआपसमा टाढिँदै जान्छ त्यसरी नै सिङ्गो ब्रह्माण्डको क्षेत्रको आकार बढ्दै गइरहेको छ। यसमा भएका तारापुञ्जहरू पनि एकआपसमा टाढिँदै गइरहेको कुरा प्रस्ट हुन्छ। त्यसैले विगतमा यिनीहरू एकआपसमा नजिक थिए र धेरै समय अगाडि सबै एउटै बिन्दुमा थिए भन्ने कुरा अनुमान लगाउन सकिन्छ। यसरी हब्बलको अध्ययनले बिग ब्याङको सिद्धान्तलाई (Big Bang theory) पुष्टि गर्न मद्दत गर्दछ। हब्बलले खगोललाई अझ बढी गहिरिएर अध्ययन अवलोकन गर्नको लागि अमेरिकाको सानडियागो टापु नजिक पालोमार पहाडमा २०० इन्च व्यास भएको **'हेल दूरदर्शक यन्त्र'** स्थापना गर्न ठूलो सहयोग गरेका थिए। त्यस दूरदर्शक यन्त्रबाट सबभन्दा पहिले उनले नै आकाशको अवलोकन गरे।



पालोमार वेधशालामा रहेको हेल दूरदर्शक यन्त्र

**बिग ब्याङ सिद्धान्त** (Big Bang Theory) : ब्रह्माण्ड उत्पत्तिसम्बन्धी धेरै सिद्धान्तहरू प्रतिपादित भएका छन्। त्यसमध्ये सबैभन्दा विश्वसनीय सिद्धान्त बिग ब्याङ सिद्धान्तलाई मानिन्छ। यो सिद्धान्त बेल्जियन खगोलशास्त्री, मनोविद् तथा पुजारी Georges Lemaiitre ले बीसौँ शताब्दीको सुरुमा प्रतिपादन गरेका थिए। यस सिद्धान्तअनुसार ब्रह्माण्डको उत्पत्ति अति बढी घनत्व भएको, एकदम तातो एउटै परमाणुको महाविस्फोटनबाट भएको मानिएको छ। विस्फोटनपूर्व ब्रह्माण्डमा रहेका चार आधारभूत बल : गुरुत्वाकर्षण बल (Gravitational force), विद्युत चुम्बकत्व (Electro magnetic force), बलियो आणविक शक्ति (strong nuclear force) र कमजोर आणविक शक्ति ( weak nuclear force) हरू एकीकृत रूपमा एकल शक्तिका रूपमा रहेको मानिन्छ। त्यसैले अस्तित्वको पहिलो चरणमा ब्रह्माण्ड एकदमै सङ्कुचित अवस्थामा रहेको मानिन्छ। त्यस समयमा ब्रह्माण्ड सानो एकल परमाणुको आकारमा एकदमै ऊर्जावान अवस्थामा रहेको मानिन्छ। बिग ब्याङ सिद्धान्तअनुसार अत्यधिक शक्ति र चापका कारण उक्त परमाणुको विस्फोट भयो र ब्रह्माण्डको उत्पत्ति भएको हो। यस विस्फोटनबाट ब्रह्माण्डमा रहेका सम्पूर्ण आकाशीय पिण्डहरूको उत्पत्ति भएको मानिन्छ। जस्तै एउटा पटका पड्किँदा त्यसमा रहेका पिण्डहरू चारैतिर छरिन्छन् र एक अर्काबाट टाढा टाढा उछिटिन्छन्। त्यसरी नै उक्त विस्फोटनपश्चात् सबै आकाशीय पिण्ड एक अर्काबाट टाढा टाढा गइरहेका छन्। त्यसैले ब्रह्माण्डको आकार पनि दिनदिनै बढ्दै गइरहेको छ।

### हब्बलले उच्च शिक्षा हासिल गरेका शैक्षिक संस्थाहरू :

- University of Chicago (BS, PhD)
- The Queen's College, Oxford (MA

### हब्बलले प्रतिपादन गरेका सिद्धान्तहरू :

- Hubble sequence
- Hubble's law
- Hubble luminosity law
  Hubble–Reynolds law

### हब्बलले कार्य गरेका संस्थाहरू :

- University of Chicago
- Mount Wilson Observatory
- Carnegie Institution for Science

University of Cambridge

**हब्बलको अमेरिकी सेनामा संलग्नता :** उनले छोटो अवधिको लागि अमेरिकी सेनामा पनि काम गरेका थिए। सन् १९१८ मा अमेरिकी सेनामा मेजर पदमा रहेर 86th Division, 2nd Battalion, 343rd Infantry Regiment मा कार्य गरेका थिए। उनी पहिलो विश्वयुद्धमा अमेरिकी सैनिकको रूपमा संलग्न भएका थिए। उनले दोस्रो विश्वयुद्धमा पनि रणनीतिक सल्लाहकारको रूपमा काम गरेका थिए।

## हब्बलले प्राप्त गरेका पुरस्कार र सम्मानहरूः

### क) पुरस्कारहरू :

- Newcomb Cleveland Prize in 1924;
- Bruce Medal in 1938;
- Franklin Medal in 1939;
- Gold Medal of the Royal Astronomical Society in 1940;
- Legion of Merit for outstanding contribution to ballistics research in 1946.

### ख) सम्मानहरू :

- Elected member of the United States National Academy of Sciences in 1927.

Elected member of the American Philosophical Society in 1929.

### ग) हब्बलको नाममा राखिएका शिशुग्रह र संस्थाहरू :

- Asteroid 2069 Hubble;
- The crater Hubble on the Moon;
- Orbiting Hubble Space Telescope;
- Edwin P. Hubble Planetarium, located in the Edward R. Murrow High School, Brooklyn, New York;
- Edwin Hubble Highway, the stretch of Interstate 44 passing through his birthplace of Marshfield, Missouri;
- Hubble Middle School, a public school in Wheaton, Illinois, where he lived from 11 years old and up.

## हब्बलसम्बन्धी केही तथ्यहरू :

क) उनलाई ब्रम्हाण्ड विस्तार गर्ने वैज्ञानिकको रूपमा लिइन्छ।

ख) उनले आफ्नो समयको सबभन्दा उन्नत दूरदर्शक यन्त्रको प्रयोग गरी आकाशगंगाभन्दा पर अन्य तारापुञ्जहरू रहेको र ब्रह्माण्ड विस्तार हुँदै गएको पत्ता लगाए।

ग) उनको अध्ययनले आधुनिक खगोल विज्ञानको आधार तयार गऱ्यो।

घ) उनलाई उद्‌विकासवादी खगोल शास्त्रीको रूपमा लिइन्छ।

ङ) उनमा कुनै तालिमबिना खेल प्रतिभा भएकोले जन्मजात खेलाडीको रूपमा लिइन्छ।

च) उनले दुइटा विश्वयुद्ध लडेका थिए।

छ) उनको पालामा भौतिक विज्ञानको नोबेल पुरस्कार विधामा खगोल विज्ञान समावेश गर्ने व्यवस्था नभएकोले आफ्नो अनुसन्धानको लागि नोवेल पुरस्कार पाएन। तर पछि विभिन्न पक्षहरूको आवाजले खगोल विज्ञानलाई भौतिक विज्ञानको विधाको रूपमा लिइएको थियो। खगोल विज्ञानलाई भौतिक विज्ञानमा राख्ने निर्णय गर्दा उनको मृत्यु भइसकेको थियो। भनिन्छ उनी अलि लामो समय जीवित भएको भए उनले आफ्नो अध्ययनको लागि नोबेल पुरस्कार पाउने थिए।

ज) उनको अध्ययनले ब्रह्माण्डको उत्पत्तिसम्बन्धी बिग ब्याङ वा विस्फोटनको सिद्धान्तलाई सहयोग पुगेको थियो।

झ) उनी बाल्यकालमा विज्ञानका कथाहरू विशेषगरी जुल्स भर्नको 20,000 Leagues Under the Sea पुस्तकले उनलाई जिज्ञासु बनाएको थियो।

ञ) उनका हजुरबुबा शौकिन खगोलशास्त्री थिए जसले हब्बललाई आकाशका ताराहरूबारे अध्ययन गर्न सानैदेखि उत्प्रेरित गरेका थिए। यसको कारण पनि पछि गएर हब्बललाई ताराहरूको अध्ययनमा रुचि जाग्न गयो।

ट) उनले सन् १९१७ मा प्रस्तुत गरेको शोधपत्र Photographic Investigations of Faint Nebulae बाट पि.एच.डी. उपाधी हासिल गरेका थिए।

ठ) उनले सन् १९३६ मा प्रकाशित पुस्तकमा तारापुञ्जहरू अनियमित वा कुनै निश्चित आकार नभएको, गोलाकार वा चेप्टो र कमानी आकार गरी तीन प्रकारको भएको उल्लेख गरेका थिए।

ड) उनले सन् १९४६ मा अमेरिकी सेनालाई दोस्रो विश्वयुद्धमा सैन्य सुधारमा विशेष योगदान दिएबापत 'मेडल अफ मेरिट' पुरस्कार पाएका थिए।

ढ) उनले नोबेल पुरस्कार कमिटीलाई खगोलशास्त्रलाई भौतिक शास्त्रमा समावेश गर्न वकालत गरेका थिए ताकि खगोलशास्त्रीहरूले पनि नोबेल पुरस्कार पाउन सकून्। तर यो कुरा उनको जीवनकालमा भएन।

ण) हब्बल आफ्नो आमाबुबाका आठजना सन्तानमध्ये तेस्रो सन्तान थिए।

त) उनको परिवार सम्पन्न र शिक्षाप्रति समर्पित थिए।

थ) सन् १९१३ मा आफ्नो बुबाको निधनपछि केही समय उनले केन्टुकीको लुइसभिलमा कानुनी अभ्यास गरे । पछि इन्डियानाको न्यु अल्वानी हाइस्कुलमा स्पेनिस, भौतिक शास्त्र र गणित पढाए साथै विद्यार्थीहरूलाई बास्केटबलको प्रशिक्षण पनि दिए । उनी विद्यार्थीहरूमाझ अत्यन्त लोकप्रिय भएकोले सन् १९१४ मा विद्यालयको वार्षिक उत्सवमा प्रकाशित पुस्तकमा उनलाई 'समर्पित शिक्षक' र 'बफादार मित्र' भनिएको थियो ।

द) ब्रह्माण्ड अनन्तकालदेखि थिएन । आधुनिक वैज्ञानिकहरूको भनाइअनुसार ब्रह्माण्डको सुरुवात १३ अर्ब ७० करोड वर्ष पहिले भएको हो ।

ध) ब्रह्माण्डलाई सामान्यतया अन्तरीक्षको रूपमा लिइन्छ तर ब्रह्माण्ड भनेको अन्तरीक्ष, समय, पदार्थ र ऊर्जा हो ।

न) वैज्ञानिकहरूको भनाइअनुसार ब्रह्माण्डको मृत्यु गुगोल (goo-



अन्तरीक्षमा प्रक्षेपण गरिएको हब्बल दूरदर्शक यन्त्र

gol) वर्ष (१०१०० वर्ष) मा हुने अनुमान गरेका छन् ।

**पारिवारिक जीवन :** सन् १९२४ मा हब्बलले ग्रेस बर्कसँग विवाह गरे । उनीहरूको सन्तान भएन । हब्बलको पत्नी ग्रेसले आफ्नो डायरीमा हब्बलको जीवनीबारे जीवन्त रूपमा वर्णन गरेकी थिइन् । हब्बल एक सुसंस्कृत व्यक्ति थिए । उनी शास्त्रीय सङ्गीत, हाइकिङ र माछा मार्नेमा रमाउँथे । उनी पियानोवादक पनि थिए ।

**निधन :** हब्बल एक दूरदर्शी वैज्ञानिक थिए । उनले ब्रह्माण्डसम्बन्धी हाम्रो बुझाइमा नयाँ आयाम थपे । उनले आकाशगंगाबाहेक अन्य थुप्रै तारापुञ्जहरू रहेको पत्ता लगाए । साथै उनको अनुसन्धानले ब्रह्माण्डको उत्पत्तिबारेको बिग ब्याङसम्बन्धी सिद्धान्तलाई सहयोग पुग्यो । उनले ब्रह्माण्डमा रहेका तारापुञ्जहरू एक अर्कोबाट टाढा गइरहेको गति पत्ता लगाउने सूत्र पनि पत्ता लगाए । उनले पत्ता लगाएको ब्रह्माण्ड विस्तारको खोज बीसौँ शताब्दीको ठुलो बौद्धिक क्रान्ति थियो । सन् १९५३ मा ६३ वर्षको उमेर स्ट्रोकको कारण क्यालिफोर्नियाको सानमारिनोमा हब्बलको निधन भयो । त्यसबेला उनी पालोमारमा नयाँ खगोलीय अध्ययनको तयारीमा थिए ।

उनको मृत्युपछि उनकी श्रीमतीले हब्बलका कागजपत्रहरू हटिङटन पुस्तकालयलाई दान गरिनन् । उनको सम्मानमा अमेरिकाले सन् १९९० मा **हब्बल स्पेस दूरदर्शक यन्त्र** प्रक्षेपण गऱ्यो । जसले ब्रह्माण्डको उमेर, संरचना र विस्तारबारे नयाँ जानकारी दियो । उनको नाममा चन्द्रमामा हब्बल क्रेटर, मिसौरीमा हब्बल राजमार्ग, क्षुद्रग्रह २०६९ हब्बल राखियो ।

उनको भौतिक शरीर नष्ट भए पनि उनको नाममा राखिएको विश्वको शक्तिशाली दूरदर्शक यन्त्र र उनको ब्रह्माण्ड विस्तारसम्बन्धी सिद्धान्तले उनलाई विश्वले सधैँ सम्झिराख्ने छन् ।

## सन्दर्भ सामग्रीहरू :

क) आजको विज्ञान : विकास बज्राचार्य (खोजी प्रकाशन गृह)

ख) जेम्स वाट र अन्य वैज्ञानिकहरू : तुल्सीदास महर्जन (मूल्याङ्कन प्रकाशन गृह)

ग) कक्षा १० विज्ञान : जनक शिक्षा सामग्री केन्द्र

घ) The Classical Scientist : S. Chand & Company.

ङ) The Origin of Universe : John Barrow (Newyork Basic books, 1994)

च) गुगल

## चीनका प्राचीन नीतिकथा

### bO{ hgf l;sf/L

जलहाँसको बथान आकासमा उडिरहेको थियो । दुई जना सिकारी ती हाँसलाई मार्न धनुवाण ताकिरहेका थिए । एक जना सिकारीले भन्यो, 'हेर त यी जङ्गली हाँसहरू कति मोटा छन् । यिनलाई पोलेर नुनखुर्सानीसँग खानु कस्तो मिठो होला ?'

अर्को सिकारीले भन्यो, "होइन जलहाँसको त कवाफ मिठो हुन्छ । मैले यी हाँ सको कवाफ पकाएर खान्छु ।"

धेरै बेरसम्म ती सिकारीहरूबिच हाँसलाई पोलेर खाने कि कवाफ पकाएर खाने भन्ने कुरामा बहस चल्यो । उनीहरूको बहस नटुङ्गिँदै जलहाँसको बथान उडेर डाँडा काट्यो ।

अनुवाद: विनय कसजू

# व्यवस्थित नगर वा स्मार्ट सिटी



दामोदर सुवाल

नेपालमा प्रजातान्त्रिक अभ्यासको क्रमसँगै देश भूमण्डलीकरणको दिशामा अगाडि बढ्दै छ। सो क्रममा राज्य सञ्चालनमा विभिन्न नयाँ शब्द र भाष्यहरूको प्रयोग हुन थालेको छ। स्थानीय तहमध्येका विकसित नगरहरूलाई अझ थप विकास गरी विज्ञान प्रविधियुक्त सुविधा सम्पन्न नगरको अवधारणालाई नयाँ भाष्यमा स्मार्ट सिटी भनी प्रयोग गर्न थालिएको छ। आधुनिक आधारभूत भौतिक संरचनाहरू सडक, खानेपानी, विद्युत्, ढलनिकास, यातायात, ट्राफिक चिह्न र बत्ती, अत्याधुनिक यातायातका साधन तीव्र गतिको इन्टरनेट सेवा, आर्थिक, सांस्कृतिक र प्रविधियुक्त समाजसहितको सहरलाई आजभोलि स्मार्ट सिटीको रूपमा परिभाषित गर्न थालिएको छ। आधुनिक विज्ञान र प्रविधियुक्त शिक्षाबाट सुविधा सम्पन्न, आधुनिक पूर्वाधारयुक्त, प्राविधिक पूर्वाधारयुक्त, सिर्जनशील र व्यवसायीयुक्त समाज, पारदर्शी र खुला सरकारको अवधारणालाई स्मार्ट सिटीको विभिन्न अवयवको रूपमा लिने गरेको पाइन्छ।

नेपालका विभिन्न स्थानीय तह वा सहरहरू बिस्तारै विकसित र व्यवस्थित हुँदै गरेका नयाँ नगरहरू हुन्। जहाँ आधारभूत आवश्यकतासम्बन्धी भौतिक संरचना पनि क्रमशः विकास हुँदै गरेको छ। अझै पनि देशका कतिपय स्थानीय तह र स्थानीय तहका वडा कार्यालयहरू, जिल्लाको सदरमुकाम र राजमार्गको सडक सञ्जालसँग नजोडिएको तीतो यथार्थ हामीसँग छ। धेरै नगरवासी र गाउँपालिकावासी अझै पनि सम्बन्धित वडासम्म पुग्न घण्टौं होइन दुइ तीन दिन नै हिंड्नु पर्ने अवस्था छ। कति स्थानीय पालिकाहरू खानेपानीको समस्यासँग दिनदिनै जुधिरहनु पर्ने विकराल अवस्था छ। त्यस्तै ढल निकास, बिजुली बत्ती, सञ्चार सुविधा, विद्यालय, अस्पतालजस्ता अत्यावश्यक सेवा सुविधासँग सम्बन्धित संरचना नै नभएका धेरै पालिकाका वडाहरू पनि छन्।

भौतिक पूर्वाधारको विकास देशको आर्थिक अवस्थामा भरपर्ने विषय हो। पुँजीको अभावमा विकासशील देशहरूले चाहेर पनि आधुनिक पूर्वाधारहरू विकास गर्न नसकिएको धरातलीय यथार्थ हो। अधिकांश विकासशील देशहरूका विकास निर्माणसम्बन्धी कार्यहरू दातृ राष्ट्र र निकाय तथा अन्तर्राष्ट्रिय वित्तीय सङ्घ संस्थाहरूको सहयोग र ऋणमा सञ्चालित रहेको पाइन्छ। देशको आन्तरिक राजस्वबाट चालु खर्च नै धान्न नसक्दा विदेशी सहयोग रोकिने बित्तिकै विकास निर्माणको काम ठप्प भएका धेरै उदाहरणहरू हेर्न र पढ्न पाइन्छ। यस्तोमा विकासोन्मुख देशहरूले तत्काल आफ्ना देशका सहरहरूलाई पश्चिमा देशहरूसँग तुलना गर्दै स्मार्ट सिटी बनाउने परिकल्पना गर्नु तत्काल कार्यान्वयन गर्न सक्ने विषय हुनसक्दैन।

दातृ राष्ट्र, निकाय र अन्तर्राष्ट्रिय वित्तीय सङ्घसंस्थाहरूको सहयोग र अनुदानसँगसँगै आउने विभिन्न सर्त र भाष्यहरूलाई आफ्नो देशको विशेषता र मौलिकता अनुकूल सदुपयोग गर्न सकिएन भने यसबाट आर्थिक विकास हुनुको सट्टा देश झन्झन् परनिर्भर हुँदै जाने हुन्छ। संसारमा यस्ता धेरै मुलुकहरू छन् जसलाई दातृ राष्ट्रहरू अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरूले जर्जर बनाएको छ। नेपालको सन्दर्भमा पनि राजनैतिक प्रणाली, आर्थिक प्रणाली, सामाजिक विकास, भौतिक निर्माण र विकासलगायत विभिन्न क्षेत्रहरूमा उचित




र अनुचित सर्तहरूसहित सहयोग र ऋण लिई कार्यक्रम र योजनाहरू सञ्चालन गरिंदा प्राप्त अनुदान र सहयोगको अनुपातमा धेरै न्यून प्रतिफल प्राप्त हुनका साथै केही टाठाबाठाहरूले यसलाई दुरूपयोग गरी आफ्नो स्वार्थ सिद्ध गरेका धेरै उदाहरणहरू भेटिन्छन्। यसले एकातिर लक्षित योजना तथा कार्यक्रम मात्र पूर्ण रूपमा सफल नहुने होइन समाजमा आर्थिक असमानतासमेत बढ्न गई आपराधिक गतिविधिसमेत बढ्ने गरेको विज्ञहरूको बुझाइ छ। नेपालकै उदाहरण हेर्ने हो भने पनि महिला विकासको लागि, बालबालिकाको लागि, विपन्न वर्गको लागि, अपाङ्गता भएकाहरूको लागि लक्षित गरेर प्राप्त भएका अनुदानहरूलाई मात्र गणना गर्ने हो भने पनि देशको बजेट भन्दा पनि धेरै हुन्छ। त्यस्तै शिक्षा, स्वास्थ्य, पोषण, लैङ्गिक समानताको लागि प्राप्त भएका अनुदान र ऋण पूर्ण रूपमा सदुपयोग हुने हो भने नेपालका यी क्षेत्रहरू विश्वको पहिलो मुलुकको भन्दा कम हुने थिएन। तर, सहयोग र अनुदान लक्षित समूहसम्म पूर्ण परिचालन नहुँदा राज्यले लिएको लक्ष्य मात्र प्राप्त नभएको होइन, लक्षित समूहको नाममा योजना र कार्यक्रमहरू स्वीकृत गराई आफ्नो खल्ती भर्ने विज्ञ र विद्वान भनाउँदाहरूको मागी खाने भाँडो र पेसा बनेको छ। यसले देशलाई आर्थिक रूपमा पछाडि धकेलेको मात्र हाइन खरबौं ऋण बोकाउनुका साथै समाजको विसङ्गति र विकृतिलाई अझ बढाउन टेवा समेत पुर्‍याएको छ।

विकास र पूर्वाधार निर्माण सँगसँगै सहरीकरणको गति क्रमशः बढ्दै जानु स्वाभाविक हो। भौतिक पूर्वाधार र सुविधायुक्त स्थान तथा रोजगारी र आर्थिक विकासको अवसर प्राप्त हुने स्थानको खोजीमा मानिसहरू ऐतिहासिक कालदेखि बसाइँसराइ गर्दै आएको अध्ययनले देखाउँछ। राजमार्गको विकास, सदरमुकामको व्यवस्था र भौतिक पूर्वाधार निर्माणले नेपालमा पनि पूर्वदेखि पश्चिमसम्म विभिन्न स्थानहरूमा महानगर, उपमहानगर र नगरपालिकाहरू गठन भएका छन्। कानुनी व्यवस्थाअनुसार पर्याप्त पूर्वाधार निर्माण नै नभई घोषणा भएका कतिपय स्थानीय तहहरूलाई अझै फोहोरमैला व्यवस्थापन, ढल निकास व्यवस्था, खानेपानी सेवा, विद्युत्, सञ्चार र सडक यातायात व्यवस्था गर्नु ठूलो चुनौतीको रूपमा रहेको छ। ७५३ वटा स्थानीय तहको तुलनात्मक अध्ययन गर्ने हो भने विकल्पका एक दुई वटा स्थानीय तहबाहेक अन्य स्थानीय तह अझै कानुनमा व्यवस्था भएका आधारभूत भौतिक पूर्वाधार नभएका स्थानीय तह धेरै छन्।

नेपालको सन्दर्भमा स्थानीय तह वा सहरहरूलाई पश्चिमा देशहरूको अन्ध नक्कल गरी स्मार्ट सिटी बनाउने भाष्य प्रयोग गर्नुभन्दा पनि स्थानीय मौलिकता र विशेषतालाई बुझी मानवीय आधारभूत आवश्यकतासम्बन्धी पूर्वाधारयुक्त र आधारभूत सेवा सुविधाहरू शिक्षा, स्वास्थ्य, सरसफाइ, खानेपानी, विद्युत्, सञ्चारलगायतका सेवा सुविधा सम्पन्न बनाउनमा नै जोड दिनुपर्ने देखिन्छ। नेपाल भौगोलिक र सांस्कृतिक विविधतायुक्त मुलुक हो। यसको संरक्षण र संवर्द्धनको लागि यहाँका मौलिक विशेषताहरूलाई जोगाउनु अत्यन्त जरुरी छ। आधुनिकीकरण र यन्त्रीकरणको नाउँमा मौलिकता मासिने विषयमा गम्भीर ध्यान जान जरुरी छ।

अन्यथा, अन्ध नक्कलले देश भड्खालो नजाला भन्न सकिँदैन। देश सङ्घीयतामा गएको दस वर्ष पुगिसक्दा पनि देशको सन्तुलित विकासमा उल्लेखनीय प्रगति भएको देखिँदैन। सन्तुलित र समानुपातिक विकासको उद्देश्यले अँगालेको सङ्घीय व्यवस्थालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नको लागि पनि देशको धरातलीय यथार्थ अनुकूलको योजना र कार्यक्रम ल्याउनु आजको आवश्यकता हो। जसको लागि स्थानीय तहका विशेषताअनुसार सांस्कृतिक नगर पर्यटकीय गन्तव्य, पदमार्ग आरोहण क्षेत्र, साहसिक पर्यटनका केन्द्र र गन्तव्य, घरेलु तथा लघु उद्यम केन्द्र, जडिबुटी क्षेत्रलगायतका विभिन्न केन्द्र र सहरहरू निर्माण गरी देशलाई आत्मनिर्भरतातर्फ अगाडि बढाउन समेत जोड दिनुपर्ने देखिन्छ। फराकिलो सडक ठूलठूला भवन अत्याधुनिक सवारी साधन र माध्यम आधुनिक यन्त्र उपकरणले मात्रै देशको विकासमा भूमिका खेल्ने नहुन सक्छ। अहिले पनि काठमाडौँलगायत ठूलठूला सहरहरूमा युरोप र अमेरिकामा भन्दा बढी सेवा सुविधा उपभोग गरी विलासी जीवन जिउने धनाढ्यहरू मात्र होइनन् देशका विकट ठाउँमा सिटामोल, जीवनजलजस्ता आधारभूत औषधि नपाएर मृत्युवरण गर्नुपर्ने तथा विद्यालय र शिक्षकको अभावमा समुदायमै निरक्षर रहनुपर्ने, सामान्य सडक सञ्जाल, विद्युत्, खानेपानी, सञ्चार, बैङ्कजस्ता सुविधाबाट विमुख भई अति गरिबीको रेखामुनि जीवन जिउनुपर्ने नेपाली पनि विद्यमान नै छ। यसर्थ, देशलाई सन्तुलित र समानुपातिक विकासको लागि पश्चिमाहरूलाई अनुकूल भएका भाष्य र अवधारणालाई भन्दा देशको माटो सुहाउँदो योजना र कार्यक्रम ल्याउन सके बढी उपयोगी हुने निश्चित छ। अतः सरकारले स्थानीय तहलाई अमूर्त स्मार्ट सिटी बनाउन जोड दिनुभन्दा मूर्त रूपमा आधारभूत भौतिक संरचनायुक्त प्राथमिक सेवा सुविधा प्रदान गर्न सक्षम र आत्मनिर्भर मौलिक स्थानीय तहहरू विकासमा जोड दिन सके देशको सन्तुलित विकासमा महत्त्वपूर्ण योगदान हुने विश्वास गर्न सकिन्छ।

# स्मृतिमा भैरव रिसाल





आशा कुमार चिकंबन्जार

नेपालभाषा साहित्य तःमुंज्याको डबलीमा एक सशक्त वक्ताको अन्त्य भएको दुःखद खबरले हामी स्तब्ध छौँ। प्रत्येक वर्ष एउटा सशक्त विषयवस्तु लिएर जनताको मन छुने अभिव्यक्तिले जनतालाई सचेत पार्ने भैरव रिसाल, सरल, सरस भाषामा आफ्नो भावना पोख्दै जनताको मन जित्दै आउनुभएका भैरव रिसालको जन्म भक्तपुर जिल्लाको दधिकोट तिथलीमा वि.सं. १९८५ साउन २९ गते भएको थियो। जीवनका ९७ वर्ष पत्रकारिता क्षेत्रमा समर्पित गर्नुभएका रिसाल सुरुसुरुमा निष्ठाको पत्रकारिता थियो, अहिले निष्ठा छैन, पैसा छ भन्नुहुन्थ्यो। २०१३ सालदेखि पत्रकारिता सुरु गरेका रिसालले लेखेकै कारण १० महिना जेल जीवन बिताउनु पर्‍यो।'एसियाली मापदण्ड मन्त्रीमण्डलको ठगी खाने भाँडो' भन्ने शीर्षकमा लेख लेखेबापत उनी जेल परेका थिए। त्यतिबेला कुनै पनि लेख लेख्दा होसियार हुनुपर्थ्यो। विकृति, विसङ्गति केलाउन डराउँथे। तर, वरिष्ठ पत्रकार रिसालले भन्ने गर्नुहुन्थ्यो, "म आलोचनात्मक समाचार लेख्थेँ।"

सरकारी सेवामा अधिकृत स्तरमा नाम निकालेर पनि जागिर खान नपाएपछि उनी पत्रकार बने। २०१२ सालमा लोकसेवा आयोगमा शाखा अधिकृतको परीक्षा दिएर नाम निकालेका उनले संस्कृतमा शास्त्री (स्नातक तह सरह) गरेका उनले लिखितपछि अन्तर्वार्तामा पनि आफूलाई योग्य साबित गरे। म सेक्सन अफिसर हुने भएँ भनेको तर मलाई राज्यले जागीर दिएन। उनकै भनाइमा – किनभने त्यसबेला राज्यले कम्युनिस्ट पाल्दैनथियो।

पत्रकारिता राज्यको चौथो अङ्गको रूपमा लिइन्छ। चाकडी, गुलामी गर्ने पीत पत्रकारिताको बाटो त्यागेर प्रतिपक्षको बेन्चमा बसेर रिसालले ९७ वर्षको उमेरसम्म लेखिरहे, लेखाइरहे। देश दुख्दा आफूलाई पनि दुख्ने अनि त्यही दुःखाइ कागजको मैदानमा कलमको रातो मसीले लेख्ने गर्नुहुन्थ्यो- सतिक सत्य,तथ्य कुरा। कुरा कालापानीको, कालापानीलाई भारतले आफ्नो देशमा राखेर नयाँ नक्सा जारी गर्‍यो भन्ने कुराले मनभरि विद्रोहको रगत तताउँदै भन्नुभयो, "यो सरासर भारतले हेपेको हो। म खुद गएर त्यहाँ जनगणना गराएको छु, त्यो नेपालकै भूभाग हो, भारतले नक्सामा राख्न कसरी पाइन्छ ?" त्यसको विरुद्ध नेपालका दलहरू एक भई चुच्चे नक्सा बनाउन सफल त भए तर भैरव दाइको जीवनमा कालापानी, लिम्पियाधुरा, लिपुलेक नेपालकै जस्तो व्यवहार गरेको हेर्न भने अहिलेसम्म अधुरै रह्यो।

भैरव रिसाललाई पत्रकारिता क्षेत्रमा अभिभावकको रूपमा पनि लिने गरिन्छ। आजको वैज्ञानिक र सञ्चारको युगमा समाचारको स्रोत विभिन्न माध्यमबाट लिन सक्ने कुरालाई कोट्याउँदै भन्नुहुन्थ्यो, "हाम्रो पालामा भन्दा त अहिले कति धेरै अवसर र सुविधा छ, पत्रकारितामा, त्यसबाट सकेको लाभ लिनु र अघि बढ्नू।" शताब्दी आयु पुग्नै लाग्दा समेत लेखन कर्ममा उत्तिकै सक्रिय र जिउँदो जाग्दो अक्षरजीवी भैरव रिसाल एक जीवित इतिहास आज हाम्रोसामु हुनुहुन्न। सुरुमा निजी पत्रिका 'हालखबर' मार्फत र पछि सरकारी अड्डा 'राष्ट्रिय समाचार समिति' मार्फत ६ दशक पत्रकारिता क्षेत्रमा कलम चलाएर नयाँ पुस्तालाई जिम्मा लगाएर गएका भैरव रिसालबाट सिकेर पत्रकारिताको बाटो फराकिलो बनाउनुपर्छ।

वर्षको एकपल्ट कौलाथ्व द्वादशी र त्रयोदशीका दिन भक्तपुरको विभिन्न टोलमा नेपालभाषा साहित्य तःमुंज्याको साहित्य सम्मेलन र सांस्कृतिक कार्यक्रम हुँदै आएको छ। त्यस कार्यक्रममा प्रत्येक वर्ष जनतालाई जनचेतना दिने कक्षामा गुरू भएर आउनुहुन्थ्यो। भैरव दाइको कुरा सुनेर जनताले मनमनै गुन्थे; राम्रो कुरा भनी सुन्थे। आजको राजनीति १८ औं शताब्दीको जस्तो होइन २१ औं शताब्दीको जस्तो हुनुपर्छ।

हिँड्नु पऱ्यो जम्नु भएन। जमेर बस्ने खालको हुनुमा दलका ठुला नेता जिम्मेवार छन् भनी कमाउ राजनीति गर्ने शासक दलहरूलाई छ्याँस्दै बोल्ने निर्भिक, निडर वक्ता भैरव रिसालले 'सर्वजन हिताय र सर्वजन सुखायको भावनाबाट प्रेरित भई कर्ममा विश्वास गर्नुहुने र पत्रकारिताको साख जोगाउनु पर्छ है भनेर नयाँ पुस्तालाई हौसला दिनुहुन्थ्यो। उहाँको कामलाई कदर गर्दै नेपालभाषा साहित्य सम्मेलनमा वक्ताको रूपमा बोलाउन पाउँदा नेपालभाषा साहित्य तः मुंज्याले गर्व गरेको थियो।

उहाँले साधुलाई शूली (जेल डायरी), उहिलेको बाजेको पालामा, लोग्ने स्वास्नी, केही मित्रका चिठी, 'सुशीला भैरव' भैरव दाइ, उहिलेको नेपाल (अनुभवसङ्ग्रह) लगायतका पुस्तकसमेत प्रकाशित गरी अमूल्य कृतिहरू छोडेर जानुभएको छ।

भैरव दाइले आफ्नो शरीरले साथ दिएसम्म इमानदारीका साथ काम गरिरहनुपर्छ र आफ्नो पेसाबाट अवकाश लिनुहुन्न भनी आफैले कर्म गरी देखाइ जानुभयो २०८१ चैत २४ गते आइतबारका दिन। उहाँलाई हामी स्मरण गर्दै छौँ। अब स्मृतिमा मात्र रहेको छ वरिष्ठ पत्रकार भैरव रिसाल।

जीवन हुँदा मात्र नभई जीवनपछिको शेष शरीरसमेत मानव कल्याणमा काम लागोस् भनेर आफ्नो शरिरसमेत अस्पताललाई दान दिएर अर्को एउटा उदाहरणीय कार्य गरेर जानुभएको छ, श्रद्धा सुमन भैरव दाइलाई।

*(स्रोत विभिन्न पत्रपत्रिकाबाट)*


**भक्तपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
ब्यासी, भक्तपुर

## प्राङ्गारिक मल बिक्रीसम्बन्धी सूचना

भक्तपुर नगरपालिकाबाट कुहिने फोहोरलाई CNBM प्रविधि प्रयोग गरी तयार पारेको प्राङ्गारिक मलप्रति किलो रु. २०/- का दरले धमाधम बिक्री गरिरहेको जानकारी गराउँदै उक्त प्राङ्गारिक मलको प्रयोग गरी आफ्नो कृषि उत्पादन वृद्धि गरी लाभ लिन प्राङ्गारिक मल खरिदको लागि सम्बन्धित वडा कार्यालयमा सम्पर्क गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।


# प्रेरणीय

## डोरीका तीन गाँठा

एक स्थानमा केही दिनदेखि गौतम बुद्धको प्रवचन चलिरहेको थियो। एक दिन बिहानैदेखि मानिसहरू बुद्धको प्रवचन सुन्न धैर्यपूर्वक प्रतीक्षा गरिरहेका थिए। निर्धारित समयमै बुद्ध मञ्चमा पुगे। उनले आज पहिलोपटक आफ्नो हातमा केही लिएर आएका थिए। उनको हातमा एउटा ठिक्कै आकारको डोरी थियो। उनी केही नबोली सो डोरीमा गाँठा बनाउन लागे।

केहीबेरमा बुद्धले सोधे– मैले यस डोरीमा तीन गाँठा बनाएँ। के यो त्यही डोरी हो, जुन गाँठा बाँध्नुपूर्व मेरो हातमा थियो ? उनका एक शिष्यले जवाफ दिए– यसको उत्तर दिन अलि कठिन छ। हामीले कसरी यसलाई हेर्छौं, त्यसमा निर्भर हुन्छ। एकातिरबाट हेर्दा डोरी उही हो। यसमा कुनै परिवर्तन आएको छैन। अर्कोतिरबाट हेर्दा यसमा पहिले नभएका तीन गाँठा बनेका छन्। त्यसैले, यसलाई बदलिएको पनि भन्न सकिन्छ। यथार्थमा बाहिरबाट हेर्दा बदलिएको देखिए पनि यो भित्रबाट भने पहिले जे थियो, त्यही नै हो।

ठीक भन्नुभयो। अब म यी गाँठा खोल्छु। यति भनेर बुद्धले डोरीको दुवै छेउबाट तान्न थाले। अनि, उनले सोधे– यसरी तान्दा डोरीका गाँठा खुलान् त ? एक शिष्यले उत्तर दिए– होइन प्रभु, यसो गर्दा त यी गाँठा थप कसिन्छन् र खोल्न झनै मुस्किल हुन्छ।

बुद्धले पुनः प्रश्न गरे– त्यसो भए गाँठा खोल्न के गर्नुपर्छ त ? अर्का एक शिष्यले भने– ती गाँठा कसरी बाँधिएका छन्, तिनलाई ध्यानपूर्वक हेर्नुपर्छ र खोल्ने प्रयास गर्नुपर्छ। हो, जसरी डोरीमा गाँठो बन्दैमा त्यसको वास्तविक स्वरूपमा बदलाव आउँदैन, ठीक त्यसैगरी मानिसमा केही खराबी देखिँदैमा उसको भित्री असलपनको बीज समाप्त हुँदैन। जसरी ध्यानपूर्वक हेरेर हामी डोरीका गाँठा खोल्न सक्छौं, त्यसैगरी मानिसका कमी-कमजोरी पनि सुधार्न सक्छौं। जहाँ जीवन छ, त्यहाँ समस्या पनि हुन्छ। त्यसको मुख्य कारण खोज्न जानियो भने समाधान कठिन छैन।

# जिम्न्यास्टिक खेलाडी विष्णुनारायण ग्वाछासँग एकछिन



रामसुन्दर

भक्तपुर नगरपालिकाको आयोजनामा गत चैत २३ गतेदेखि २५ गतेसम्म अन्तर-नगर जिम्न्यास्टिक प्रतियोगिता सम्पन्न भयो। प्रतियोगितामा १८ वटा नगरपालिकाका १६६ जना खेलाडीहरूले सहभागिता जनाएका थिए। यस प्रतियोगितामा जुनियर छात्र/छात्रा र सिनियर छात्र/छात्राको फ्लोर र भल्वका खेलहरूको प्रतियोगिता सञ्चालन भएका थिए।

जिम्न्यास्टिक खेललाई मदर अफ अल स्पोर्टस् (Mother of all sports) भनिन्छ। सबै खेलको आधार खेल जिम्न्यास्टिकलाई लिने गरिन्छ। तर, नेपालमा थोरै कम प्रतियोगिता हुने खेलमध्ये जिम्न्यास्टिक पनि एक हो। जिम्न्यास्टिक खेल महँगो खेल मानिन्छ। यसका खेल सामग्रीहरू विदेशबाट आयात गर्नुपर्ने हुँदा नेपाल र नेपालीका लागि महँगो हुन्छ। यस खेलका खेल सामग्रीहरूको सुरक्षाका लागि कभर्डहलभित्र राख्नुपर्ने र खेलाडीहरूले अभ्यास पनि कभर्डहल भित्र गर्नुपर्ने कारणले जिम्न्यास्टिकको लागि हल अनिवार्य हुन्छ।

सम्भवतः यस्तै कारणले हुनसक्छ, नेपालजस्तो विकासउन्मुख देशमा जिम्न्यास्टिकको विकास हुन सकेको छैन। तर, सीमित स्रोत साधनको उपलब्धमा पनि भक्तपुरका जिम्न्यास्टिक खेलाडीहरूले राष्ट्रिय अन्तर्राष्ट्रिय क्षेत्रमा हासिल गरेको प्रगति देख्दा अचम्म मान्नुपर्छ। समग्र नेपालमा भक्तपुरका जिम्न्यास्टहरू अग्रपङ्क्तिमा रहेको तथ्याङ्कले देखाउँछ। राष्ट्रिय रेफ्री सृजना प्रजापतिले पाँचौं राष्ट्रिय खेलकुद प्रतियोगितामा चार गोल्ड मेडल र अर्का राष्ट्रिय रेफ्री पिङ्की झाङले सातौं राष्ट्रिय खेलकुद प्रतियोगितामा २ वटा गोल्ड मेडल जित्नु यसको प्रमाण हो। भक्तपुर नगरपालिकाले आयोजना गरेको अन्तर-नगर जिम्न्यास्टिक प्रतियोगितामा भक्तपुर टीम च्याम्पियन हुन सफल भयो। जिम्न्यास्टिकका १५ जना राष्ट्रिय रेफ्री भक्तपुरको हुनुले पनि भक्तपुरमा जिम्न्यास्टिकको स्तर अन्य जिल्लाको अनुपातमा कहाँ छ भन्ने कुरा अनुमान गर्न सकिन्छ।

वि.स. २०३७ सालबाट भक्तपुरमा जिम्न्यास्टिक खेलको प्रशिक्षण सुरू भएको देखिन्छ। सीमित खेल सामग्रीबाट सुरू भएको प्रशिक्षणबाट भक्तपुरमा उत्कृष्ट खेलाडीहरू उत्पादन भएको देखिन्छ। १२ वर्षको हुँदा वि.सं २०३७ सालबाटै जिम्न्यास्टिक प्रशिक्षण लिई विभिन्न प्रतियोगिता जित्दै भक्तपुरको मान सम्मान बढाउने कार्य गर्ने भक्तपुरका खेलाडीमध्ये विष्णुनारायण ग्वाछा पनि एक हुन्। १४ वर्षकै उमेरमा सन् १९८५ मा भारतको पतियाला गई प्रशिक्षण लिने अवसर उनले प्राप्त गरेका थिए। भक्तपुर नगरपालिकाले आयोजना गरेको अन्तर-नगर जिम्न्यास्टिक प्रतियोगिता मूल समारोह समितिका सदस्यसमेत रहेका ग्वाछासँग भक्तपुरको जिम्न्यास्टिक खेल र नगरपालिकाले आयोजना गरेको प्रतियोगिताकेन्द्रित रही जानकारीमूलक कुराकानी गर्ने अवसर पाएँ।




भक्तपुर नगरपालिका वडा नम्बर ७ निवासी विष्णुनारायण ग्वाछा एक पूर्वजिम्न्यास्टिक खेलाडी हुन्। लामो समय (वि.स. २०३७) देखि जिम्न्यास्टिक क्षेत्रमा उनी सक्रिय हुँदै आएका हुन्। विष्णुनारायण ग्वाछाले युवावस्थामा राष्ट्रियस्तरका विभिन्न प्रतियोगिताहरूमा भाग लिँदै थुप्रै शिल्ड, मेडल र प्रमाणपत्र जितेका थिए। उनले जिम्न्यास्टिकलाई आफ्नो जीवनको अभिन्न हिस्सा बनाएको देखिन्छ। उमेर र शारीरिक अवस्थाका कारण हाल उनी जिम्न्यास्टिक खेल्दैनन्। तर, यस खेलप्रतिको मोह र समर्पण




उनमा अझै युवा अवस्थाको जस्तै देखिन्छ। यही कारणले उनी विभिन्न खेल गतिविधिहरूको प्रवर्द्धनमा सक्रिय भइरहन्छन्। उनी भक्तपुर जिल्ला जिम्न्यास्टिक सङ्घका उपाध्यक्ष र नेपाल जिम्न्यास्टिक सङ्घका केन्द्रीय सदस्यको रूपमा क्रियाशील छन्। भक्तपुर नगरपालिकाको आयोजनामा हालै सम्पन्न अन्तर-नगर जिम्न्यास्टिक प्रतियोगितामा उनी आयोजक समितिको सदस्यको रूपमा सक्रिय थिए।

विष्णुनारायण ग्वाछा करिब ११-१२ वर्षको उमेरदेखि जिम्न्यास्टिकतर्फ आकर्षित भएका थिए। बाल्यकालमै शरीर चलाउने लचिलोपन र खेलप्रतिको जिज्ञासाले उनलाई यस खेलतर्फ डोऱ्याएको उनी बताउँछन्। त्यो बेलाको सन्दर्भमा खेलको स्रोत र संरचना आजजस्तो व्यवस्थित नभएको तर पनि जुनसुकै परिस्थितिमा अभ्यास जारी राख्ने गरेको उनी सम्झन्छन्। जिम्न्यास्टिकको कलात्मकता, सन्तुलन र मानसिक अनुशासनले उनलाई सधैँ मोहित बनाएको रहेछ। शारीरिक मात्र नभई मानसिक सुदृढताका लागि पनि जिम्न्यास्टिक खेल अत्यन्तै प्रभावकारी भएको उनी सुनाउँछन्। समयसँगै जिम्न्यास्टिक खेल उनको जीवनशैली र पहिचान बन्न पुग्यो।

यसपटकको अन्तर-नगर जिम्न्यास्टिक प्रतियोगिता उत्साहजनक रहेको उनी बताउँछन्। जिम्न्यास्टिकजस्तो खेललाई प्राथमिकता दिइनु र स्थानीय युवाहरूलाई सहभागी गराइनु निकै सकारात्मक सङ्केतको रूपमा उनी लिन्छन्।। प्रतियोगिताको तयारीदेखि व्यवस्थापनसम्मको प्रक्रियामा सक्रिय भएर काम गरेका विष्णुनारायण ग्वाछा प्रतियोगितामा सहभागीहरूको उत्साह देख्दा निकै खुसी छन्।

स्थान व्यवस्थापन, उपकरण उपलब्ध गराउने र प्रचारप्रसारमा भक्तपुर नगरपालिकाबाट आवश्यक सहयोग सधैँ मिलेको कारण भक्तपुर जिल्ला जिम्न्यास्टिकसँगको सदस्यको हिसाबले खासै अप्ठ्यारो महसुस गर्न नपाएको उनी सुनाउँछन्। यद्यपि, संस्थागत ढाँचामा काम गर्न सके सहयोगको प्रभावकारिता अझ बढ्न सक्नेमा उनी विश्वास गर्छन्।

भक्तपुर नगरपालिकाले आयोजना गरेको अन्तर-नगर जिम्न्यास्टिक प्रतियोगिताको व्यवस्थापन समग्रमा प्रशंसनीय रहेको उनी बताउँछन्। कार्यक्रम समयमै सुरु भएको, खेलाडीहरूका लागि छुट्टै तयारी क्षेत्र बनाइएको र निर्णायक टोली पनि अनुभवी र निष्पक्ष देखिएको उनी बताउँछन्। खेल सामग्रीको व्यवस्थापन र सरसफाइमा पनि नगरपालिकाले ध्यान दिएको उनी सुनाउँछन्। "केही साना समस्याहरू पनि देखिए। प्रविधिको प्रयोग अझ सुदृढ गर्न सकिने थियो, स्कोरिङ प्रणाली अझ पारदर्शी र सहज बनाउन सकिन्थ्यो। ती कुरा आगामी प्रतियोगितामा सुधार गर्न सकिने खालका हुन्। यो प्रतियोगिता जिम्न्यास्टिकको भविष्यका लागि उदाहरणीय कदम भएकोमा म सन्तुष्ट छु।" नेपाल जिम्न्यास्टिक सङ्घका सदस्यसमेत रहेका विष्णुनारायण ग्वाछाले कमीकमजोरीहरू औँल्याए।

हालका दिनमा नेपालमा प्रतिभाशाली खेलाडीहरू प्रशस्तै रहेको तर अवसरको अभाव रहेको उनी सम्झन्छन्। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडीहरू आफूले चालेको बाटोमा सङ्घर्षरत हुने तर सरकारी तहबाट दीर्घकालीन योजना र स्थिर सहयोगको कमी अझै रहेको उनी भन्छन्। खेलाडीहरूलाई निरन्तर प्रशिक्षण, पोषण, मनोवैज्ञानिक सहयोग र प्रोत्साहन आवश्यक रहेको उनी जोड दिन्छन्। सङ्घीय, प्रदेश र स्थानीय सरकारले खेलाडीलाई सुरुदेखि नै चिन्ने, प्रशिक्षण दिने, छात्रवृत्ति उपलब्ध गराउने र खेलपछि



पनि सम्मानपूर्वक पुनर्स्थापना गर्ने नीति बनाउनु अनिवार्य रहेको उनी बताउँछन् । "यसो गर्न सके हामीले विश्वस्तरका खेलाडी उत्पादन गर्न सक्छौँ," उनी भन्छन् ।

स्थानीय सरकारले खेलकुदलाई शिक्षासरह प्राथमिकता दिनुपर्ने उनको राय छ । विद्यालयस्तरबाटै खेलप्रतिको अभिरुचि विकास गर्न खेलकुदलाई नियमित पाठ्यक्रममा समावेश गर्नुपर्ने, खेल मैदान, प्रशिक्षण केन्द्र, प्रशिक्षक र खेल सामग्रीको सुनिश्चितता अनिवार्य रहेको तर्क उनको छ । यसका लागि बजेट विनियोजन र योजना कार्यान्वयनमा पारदर्शिता आवश्यक रहेको उनी बताउँछन् । त्यस्तै, प्रतिभा पहिचानका लागि वार्षिक वा अर्धवार्षिक प्रतियोगिता आयोजना गर्नु पनि उपयुक्त हुने उनी भन्छन् । खेलकुदमा लगानी भविष्यको स्वस्थ, सक्षम र अनुशासित पुस्तामा लगानी हो भन्ने दृष्टिकोण राखेर अगाडि बढ्नुपर्नेमा उनी जोड दिन्छन् ।

प्रतियोगितालाई अझ प्रभावकारी बनाउन आयोजक समितिलाई केही सुझाव दिन चाहनुहुन्छ कि भन्ने प्रश्नको जवाफमा उनी भन्छन्, "अवश्य, केही सुझावहरू छन् । भविष्यका प्रतियोगिताहरूलाई अझ प्रभावकारी बनाउन सक्छ । पहिलो, प्रतियोगिताको पूर्वतयारी चरणमै खेलाडी, प्रशिक्षक र निर्णायकहरूका लागि अभिमुखीकरण कार्यक्रम गर्न सकिन्छ । दोस्रो, स्कोरिङ प्रणालीमा प्रविधिको प्रयोग गरी पारदर्शिता र तत्काल परिणाम प्रस्तुत गर्ने व्यवस्था गर्नुपर्छ । तेस्रो, सूचनामूलक बोर्डको आवश्यकता छ । अन्तमा, सहभागिता र योगदान दिने सबैलाई प्रमाणपत्र वा सम्मानपत्र प्रदान गरिनु आवश्यक छ, जसले उनीहरूमा थप प्रेरणा दिनेछ ।"

# जीवन–आचरण

## कालीदास र महिला (दुई चीज)

थकित भएर विद्वान् कालीदास एउटी महिलाको आँगनमा पुग्छन् ।

कालीदास– ए हजुर, मलाई धेरै प्यास लागेको छ, पिउने पानी दिनुहोस् न ।

महिला – म तिमीलाई चिन्दिनँ, पहिला आफ्नो परिचय देऊ । म अवश्य पानी दिन्छु ।

कालीदास – म यात्री हुँ ।

महिला – तिमी यात्री कसरी हुनसक्छौ ? यात्री त केवल दुई मात्र छन्– सूर्य र चन्द्रमा, जो कहिल्यै रोकिन्नन्, हमेशा चलिरहन्छन् । साँचो बताऊ, तिमी को हौ ?

कालीदास – म पाहुना हुँ ।

महिला – तिमी पाहुना कसरी हुन्छौ ? संसारमा दुई जना मात्र पाहुना छन् । पहिलो धन र दोस्रो यौवन । यिनीहरूलाई जान समय लाग्दैन । भन को हौ तिमी ?

कालीदास – म सहनशीलता हुँ । अब त पानी दिनुहोस् ।

महिला – नाइँ, सहनशीलता त दुई मात्र छन् । पहिलो, धर्ती जो पापी – धर्मात्मा सबैको बोझ सहन्छिन्, जसको छाती चिरेर बीज राखिदिँदा अन्नको भण्डार दिन्छिन् । अनि, दोस्रो हो रूख जसलाई पत्थरले हिर्काए पनि मिठो फल दिन्छ । साँच्चै भन त को हौ तिमी ?

कालीदास – म हठी हुँ ।

महिला – फेरि असत्य । हठी त दुई मात्र छन् । पहिलो नङ र दोस्रो केश । जति काटे पनि फेरि फेरि निक्लिरहन्छन् । सत्य बोल, को हौ तिमी ?

(कालीदास आफूलाई अपमानित र पराजित महसुस गर्दछन् ।)

कालीदास – त्यसो भए म मूर्ख हुँ ।

महिला – होइन, तिमी मूर्ख कसरी हुनसक्छौ ? मूर्ख त दुई मात्र छन् । पहिलो शासक जो बिनायोग्यता पनि सबैलाई शासन गर्न सक्छन् अनि दोस्रो उसका सल्लाहकार जो शासकलाई प्रसन्न बनाउन उसका गलत क्रियाकलापलाई पनि तर्क दिएर सही सिद्ध बनाउने चेष्टा गर्छन् ।

उत्तर दिँदा दिँदा हैरान बनेका कालीदास केही बोल्नै नसक्ने भए । आफ्नो फरक फरक परिचय दिएका कारण उनी महिलाको गोडा समाउँदै याचना गर्छन् ।

कालीदास – म कालीदास हुँ ।

महिला – उठ कालीदास । खासमा म सरस्वती माता हुँ ।

आवाज सुनेर माथि हेर्दा त साक्षात् माता सरस्वती त्यहाँ हुनुहुन्थ्यो ।

माता सरस्वती – शिक्षाबाट ज्ञान आर्जन हुन्छ न कि अहङ्कार । तिमीले शिक्षाको बलमा प्राप्त गरेको मान र प्रतिष्ठालाई आफ्नो उपलब्धि मान्यौ र अहङ्कारको सिंहासनमा बस्यौ । यसैले तिम्रो चक्षु खोल्नको लागि मैले यो नाटक गर्नुपर्‍यो ।

कालीदासलाई आफ्नो गल्ती महसुस हुन्छ र अन्ततः पानी पिएर प्यास मेटाउँछन् ।

त्यसैले, विद्वताउपर कहिल्यै घमण्ड नगरौँ, घमण्डले विद्वतालाई नष्ट गरिदिन्छ । त्यस्तै दुई चीजलाई कहिल्यै व्यर्थ जान दिनु हुँदैन । पहिलो 'अन्नको कण' अनि दोस्रो 'समयको क्षण' । बेलैमा बुझौँ । ॥

# अन्तर-नगर जिम्न्यास्टिक प्रतियोगिताबारे
# के भन्छन् सहभागीहरू

भक्तपुर नपाबाट आयोजित अन्तर-नगर जिम्न्यास्टिक प्रतियोगिता (२०८१ चैत २३, २४ र २५) सफलताका साथ सम्पन्न भएको छ । यस प्रतियोगितामा सहभागी खेलाडीसँग एकै प्रकारको प्रश्नमा लिइएको अन्तर्वार्ता पाठकहरूको जानकारीको लागि यहाँ दिइएको छ ।

## प्रश्नहरू

१. तपाइँको परिचय दिनुहोस् ?

२. तपाइँ कहिलेदेखि यस जिम्न्यास्टिक खेलमा आबद्ध हुनुभयो र के कारणले यस खेलमा आकर्षण गरायो ?

३. भक्तपुर नगरपालिकाको आयोजनामा भएको अन्तर-नगर जिम्न्यास्टिक प्रतियोगितामा भाग लिँदाको आफ्नो अनुभव कस्तो रह्यो ? प्रतियोगितामा भाग लिनुपूर्व आफ्नो स्थानीय तहबाट के कस्तो सहयोग पाउनुभयो ?

४. भक्तपुर नगरपालिकाको अन्तर-नगर जिम्न्यास्टिक प्रतियोगिताको व्यवस्थापन तपाइँलाई कस्तो लाग्यो ?

५. राष्ट्रिय र अन्तर्राष्ट्रिय खेलाडीहरुको वर्तमान अवस्था कस्तो पाउनुभएको छ ? खेलाडी प्रोत्साहनमा सङ्घ, प्रदेश र स्थानीय सरकारले के कस्तो पहल गर्नु आवश्यक ठान्नुहुन्छ ?

६. स्थानीय सरकारकहरूले आफ्नो क्षेत्रको खेलकुद पूर्वाधार र खेलकुद विकासमा के कस्तो नीति अवलम्बन गर्दा उपयुक्त हुन्छ जस्तो लाग्छ ?

७. प्रतियोगितालाई अझ प्रभावकारी बनाउन आयोजक समितिलाई केही सुझाव दिन चाहनुहुन्छ कि ?



### कृष्णराम जाकिबन्जार

**उत्तर १.** मेरो नाम कृष्णराम जाकिबन्जार हो । म जिम्न्यास्टिकमा प्रवेश गरेको २०३९ सालबाट हो । हाल म भक्तपुर नगरपालिकाको जिम्न्यास्टिक कोचको रूपमा कार्यरत छु ।

**उत्तर २.** खेल जीवनमा खेलाडीबाट जिम्न्यास्टिक कोचसम्मको यात्रा कठिन भयो । खेलाडी भएर विभिन्न खेलहरू जित्दै गर्दा विभिन्न अवसरहरू आउने समयमा राजनैतिक अवस्थाले गर्दा जीवन र खेल दुवैमा कठिनाइ आयो । २०४५ सालमा भक्तपुर काण्ड भएको थियो । सोही कारण हामी भक्तपुरका युवाहरूलाई काठमाडौँको रंगशालामा गएर खेल्न गाह्रो भयो । सोही कारण मलाई विदेशमा खेल्ने अवसरबाट बञ्चित गरियो । मेरा प्रिय मित्र कृष्णसुन्दर प्रजापति (हाल भक्तपुर नगरपालिकाका बक्सिङ कोच) हामी दुईजना दिनहुँ भक्तपुरदेखि रंगशालासम्म रनिङ गर्दै जाने गर्थ्यौँ । भक्तपुर काण्डको विरोधमा भएको मसाल जुलुसमा सहभागी भएको भन्दै कृष्णसुन्दरलाई पक्राउ गरियो । यसपछि खेल जीवन निरन्तरता दिन निकै मुश्किल भयो । रंगशालामा "भक्तपुरदेखि होसियार ।" भनी सबै ठाउँमा वाल पेन्टिङ गरी मलाई वरिष्ठ कोचहरूद्धारा प्रवेश निषेध गर्ने काम गरे । अहिले ती घटना सम्झँदा रिस उठ्छ र साथै दाइहरूको निर्देशनअनुसार सत्यको बाटो नछोडेकोमा खुसी पनि लाग्छ । जतिसुकै कठिनाइ बाधा अवरोधहरू आए पनि अहिलेसम्म जिम्न्यास्टिक छोडेको छैन । कृष्णसुन्दरले पनि बक्सिङ छोडेका छैनन् ।

**उत्तर ३.** मैले १३-१४ वर्षको उमेरमा जिम्न्यास्टिक खेल्न सुरु गरेको थिएँ । त्यो भन्दा अगाडि खेलको बारेमा सुनेको मात्र थिएँ तर खेल्दै जाँदा मलाई निकै रमाइलो महसुस हुनुका साथै आफू पनि स्वस्थ हुँदै आएको अनुभव गरेँ । वि.स. २०४२ सालमा मैले क्षत्रीय खेलमा दोस्रो स्थान हासिल गरेको थिएँ । त्यसपछि वि.स. २०४५ सालमा वाग्मती अञ्चलबाट टीम समूहमा प्रथम मेडल पाएँ । मेडलहरू पाउँदै गर्दा थप हौसला मिल्दै गयो । वि.स. २०५१ सालमा भक्तपुरमा उसु क्वान स्थापना गरेँ । उसुको राष्ट्रिय खेल खेल्न दमौली र पाल्पामा जाने मौका पाएको थिएँ । पाल्पामा भएको उसुको खेलमा मैले करुवा पुरस्कार पाएँ । त्यसपछि फेरि वि.स. २०५३ सालमा जिम्न्यास्टिकको राष्ट्रिय खेल खेलेँ । उक्त प्रतियोगितामा म्याटमा दोस्रो र साइड

हर्समा तेस्रो स्थान प्राप्त गरेको थिएँ । त्यसपछि स्वयम्सेवक कोचको रूपमा धेरै वर्ष काम गरेँ । राजनैतिक कारणले गर्दा कहिलेपनि राष्ट्रिय खेलकुद परिषद्बाट कोच पद प्राप्त भएन । मभन्दा जुनियरहरू कोच बनाइए तर मलाई कोच नियुक्ति गरिएन । खेलप्रतिको मायाले स्वयम्सेवक प्रशिक्षक भए पनि खुसी नै थिएँ ।

**उत्तर ४.** भक्तपुर नगरपालिकाको जिम्न्यास्टिक कोच भएको नाताले यस प्रतियोगितामा भाग लिन पाउँदा गौरव र खुसी महसुस गरेँ । मेरो बुझाइमा यो नेपालमै पहिलो पटक भएको अन्तर-नगर खेल हो । यसको लागि भक्तपुर नगरपालिका र सहयोगी हातहरूलाई धेरै धन्यवाद दिन चाहन्छु । भक्तपुर जिम्न्यास्टिक सङ्घको सदस्य भएको नाताले र नगरपालिकाको कोच पनि भएको हिसाबले सबै कार्यक्रम आयोजना गर्न, सूचना आदानप्रदान गर्न सहजै भएको अनुभव गरेँ । सङ्घका अन्य सदस्यहरू र मेरा पूर्व खेलकुदका प्रशिक्षार्थीहरूलाई पनि धेरै धन्यवाद दिन चाहन्छु । सबैको सहयोगले खेललाई चाहिने सामग्रीहरू, खेल प्रतियोगिता स्थान र अन्य व्यवस्थापन सहज भएको हो ।

**उत्तर ५.** समग्रमा भन्नुपर्दा प्रतियोगिताको व्यवस्थापन उत्कृष्ट नै रहयो । अन्य नगरका कोचहरूले पनि प्रशंसा गरेका छन् । हामीले भक्तपुर नगरपालिकाका खेलाडीलाई क्लोज क्याम्पमा राखी खेलाडीहरूलाई आवश्यक डाइटको पनि व्यवस्थापन गरेका थियौँ । साना तिना समस्याहरू भनेको सबै ठाउँमा आइरहने विषय हुन् । समग्रमा म खुसी छु ।

प्रतिभाशाली खेलाडीहरू धेरै छन् । अझै उत्कृष्ट खेलाडीहरू पनि उत्पादन हुने देख्छु । राष्ट्रिय अन्तर्राष्ट्रिय खेलाडी उत्पादनको लागि खेलाडीहरूको लागि खेल प्रतियोगिता नियमित हुनु, खेल्ने स्थानको व्यवस्थापन हुनु, खेलाडीलाई छात्रावृत्ति दिनु, स्वास्थ्य बीमालगायत अन्य सुविधाहरू दिनु आवश्यक देख्छु ।

**उत्तर ६.** स्थानीय सरकारले खेलको फाइदाको बारेमा सबै विद्यार्थीहरूमाझ पुऱ्याउनु पर्छ । खेलकुदको निम्ति चाहिने कभर्डहल, सामग्री उचित अवस्थामा उचित समयमा प्रदान पनि गर्नुपर्छ । यस अन्तर-नगर प्रतियोगितालाई निरन्तरता दिइराख्न सक्यो भने पनि खेलकुदप्रति सबैको मोह बढ्ने देख्छु । खेलकुदको प्रतियोगिता मात्र नभई समयसमयमा खेलकुदका कोचहरूको निम्ति पनि अवसर र थप कोर्स पनि आवश्यक देख्छु । खेलकुदले शिक्षा, शारीरिक अवस्था र जीवनस्तर उकास्न मद्दत गर्छ भन्ने हिसाबमा खेलको विकास अगाडि बढाउनु पर्छ ।

**उत्तर ७.** खेल आयोजना गर्दा डिजिटल स्कोरिङ प्रणाली, क्यामेरा र टेलिभिजनहरू जस्ता प्राविधिक साधनको प्रयोग गरेको भए निर्णय पारदर्शिता गर्न सजिलो हुन्थ्यो । सुरुदेखि नै सबै निर्णायकहरूले एउटै निर्णय प्रणाली पालना गर्नुपर्ने आवश्यकता देख्छु । आकस्मिक स्वास्थ्य सेवा र फिजियोथेरापिस्टको पनि व्यवस्थापन गर्न सकेको भए अझै राम्रो हुने थियो ।



## शिवकृष्ण चवाल

**उत्तर १.** म शिवकृष्ण चवाल, भक्तपुर जिल्ला जिम्न्यास्टिक सङ्घको कार्यसमिति सदस्य वाग्मती प्रदेश जिम्न्यास्टिक सङ्घको सदस्य साथै केन्द्रीय जिम्न्यास्टिक सङ्घको प्राविधिक समूहको सक्रिय सदस्यको रूपमा कार्यरत छु । हाल म सूर्यविनायक नगरपालिकामा बसोबास गर्दछु ।

**उत्तर २.** जिम्न्यास्टिक खेलमा वि.स. २०४७ सालदेखि निरन्तर प्रशिक्षार्थी, प्रशिक्षक, प्राविधिक र निर्णायकको भूमिकामा कार्यरत छु । यो खेल हरेक खेलको जननी हुनुका साथै यस खेल मानिसलाई अनुशासित, बलियो, आशावादी, लचकता, तन्दुरुस्त, सुगठित र सन्तुलित हुनका लागि आवश्यक हुन्छ । यी नै यस खेलप्रति आकर्षित गर्ने बलिया पक्ष हुन् ।

**उत्तर ३.** भक्तपुर नगरपालिकाद्धारा आयोजित अन्तर-नगर जिम्न्यास्टिक प्रतियोगिता हुनु नै अहिलेको समयमा खेलाडी तथा प्रशिक्षकहरूलाई चलायमान बनाउनु हो । विगत धेरै समयदेखि हुन नपाएको प्रतियोगिता स्थानीय सरकारको घोषणापत्रको रूपमा सञ्चालन हुनु एकदमै सुखद पक्ष हो । यस प्रतियोगितामा भएका हरेक पक्षहरू एकदमै राम्रो छ । प्राविधिक समूहले यस पटक प्रतियोगितामा प्रयोगमा ल्याएका निर्णय पर्चा विशेष तथा आधुनिक लाग्यो । होटेल तथा बसाइँ पनि स्तरीय लाग्यो । स्थानीय तहमा खेलाडीहरू अभाव तथा स्थानीय निकाससँग समन्वय गर्न सोचेभन्दा अलि बढी नै मिहिनेत गर्नुपऱ्यो ।

**उत्तर ४.** यस पटकको नगरपालिकाद्वारा आयोजित अन्तर-नगर जिम्न्यास्टिक प्रतियोगिता विगतका वर्षहरूमा भए गरेका तथा सुनेको भन्दा नितान्त फरक र स्तरीय नै पाएँ । प्रतियोगिता अगावै तथा प्रतियोगिता अवधिभर आयोजक समितिको तर्फबाट गठित समिति,

उपसमितिले आ–आफ्नो जिम्मेवारी बिना कुनै स्वार्थ सेवाभावले निर्वाह गरेको पाएँ। नगरपालिका र सम्बन्धित जिल्ला खेलकुद सङ्घको समन्वय राम्रो पाएँ। यो प्रतियोगिता भव्य, सभ्य र सौहार्दपूर्ण वातावरणमा सम्पन्न हुनु यसको परिणाम हो। हरेक क्रियाकलाप समयमा नै अनुशासित र विवादरहित रहेको अनुभूति गरेँ।

**उत्तर ५.** नियमितरूपमा प्रतियोगिताहरू नहुनुले राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलाडीहरू खेलक्षेत्रबाट पलायनको अवस्थामा छ। निरन्तर खेल गतिविधि हुनु हरेक क्षेत्रलाई सुखद पक्ष लाग्छ। सङ्घ, प्रदेश र स्थानीय सरकारले निरन्तर प्रतियोगिता आयोजना तथा पूर्वाधार निर्माणमा जिल्ला खेलकुद सङ्घसँग समन्वय गरी आवश्यक नीति निर्माण गरेमा खेलाडी पलायनबाट रोक्न सकिन्छ।

**उत्तर ६.** आफ्नो क्षेत्रको खेलकुद पूर्वाधार र खेलकुद विकासको निम्ति स्थानीय सरकारहरूले अध्ययन, अवलोकन, विभिन्न तालिमको आयोजना तथा तालिममा सहभागिता जनाउने, उचित बजेटको व्यवस्था तथा वार्षिक कार्य योजना र सो अनुरूपम कार्यसम्पादन भए गरेमा चाँडै नै खेल क्षेत्रमा विशिष्ट स्थान हासिल गर्न सकिन्छ।

**उत्तर ७.** आयोजक समतिले प्रतियोगिता पूर्व तथा प्रतियोगिता अवधिभरमा भए गरेका क्रियाकलापहरूको सूक्ष्म अध्ययन तथा गठित विभिन्न समिति उपसमितिहरूको सुझाव सङ्कलन गरी आगामी प्रतियोगिता सञ्चालनका लागि पूर्वाधार तथा नीति निर्माण गरी प्रतिवेदन तथा दस्ताबेज बनाउनु उपयुक्त रहेको देख्छु।



## सुरभी श्रेष्ठ

**उत्तर १.** मेरो नाम सुरभी श्रेष्ठ हो। म काठमाडौँ महानगरपालिका वडा नं. १६ मा बस्छु।

**उत्तर २.** यस खेलमा विगत दुई वर्षदेखि निरन्तर आबद्ध हुँदै आएकी छु। शारीरिक हिसाबले सबै खेलमा जिम्न्यास्टिक लागु हुने हुँदा यस खेलमा मेरो आकर्षण भएको हो।

**उत्तर ३.** अनुभवको हिसाबले सोचेको भन्दा धेरै धेरै राम्रो भयो। निरन्तर अपेक्षासहित महानगरपालिकाबाट पूर्ण सहयोग भएको छ।

**उत्तर ४.** व्यवस्थापन आफैमा पनि धेरै कठिन र मेहनत गर्नुपर्ने कार्य हो। छिटपुटबाहेक धेरै राम्रो व्यवस्थापन भएको पाएँ।

**उत्तर ५.** राष्ट्रिय र अन्तर्राष्ट्रिय खेलाडीहरूको वर्तमान अवस्था हेर्दा जिम्न्यास्टिक प्रतिगोगिता नै नभएको स्थितिमा सङ्घ, प्रदेश र स्थानीय सरकारले नै पहल गर्नुपर्ने देख्छु।

**उत्तर ६.** हरेक स्थानीय सरकारहरूले खेलकुद पूर्वाधार विकासको लागि कभर्ड हल, खेलकुद सामग्रीहरू जरुरत ठान्छु। खेलकुद मैत्री र खेलाडी मैत्री विशेष नीतिको नगरपालिकाले अवलम्बन गर्नु आवश्यक देख्छु।

**उत्तर ७.** यो खेल प्रतियोगिताको लागि कभर्ड हलको जरुरत छ।



## सुरभी श्रेष्ठ

**उत्तर १.** मेरो नाम सुरभी श्रेष्ठ हो। म भक्तपुरको वडा नं. ६ चोछेँमा बस्छु। म हाल बाल विकास सेकेन्डरी स्कूलमा कक्षा ४ मा अध्यनरत छात्रा हुँ।

**उत्तर २.** मलाई सानै उमेरदेखि जिम्न्यास्टिक खेल मनपर्ने भएकोले विगत एक वर्षदेखि यस खेलमा आबद्ध छु।

**उत्तर ३.** खेलाडी भएपछि खेलसँग सम्बन्धित प्रतियोगितामा भाग लिनु भनेको मूल्याङ्कन प्रक्रियामा समावेश हुनु हो। भक्तपुर नगरपालिकाको आयोजनामा भइरहेको अन्तर–नगर जिम्न्यास्टिक प्रतियोगितामा प्रतियोगीको रूपमा भाग लिन पाउँदा मलाई खुसी र हौसला प्राप्त भएको छ। मेरो आदरणीय प्रशिक्षकको साथ, समर्थन र तालिमबाट यहाँसम्म आइपुगेको हो।

**उत्तर ४.** भक्तपुर नपाले गरेका कामहरू आजसम्म कुनै पनि नराम्रा र असफल भएको मलाई स्मरण छैन। मैले मेरो जीवनमा अनुभव गरेका विभिन्न प्रतियोगिताहरूमध्येको यो एउटा उत्कृष्ट कार्यक्रम हो। भनपाको व्यवस्थापन व्यवस्थित पाएँ।

**उत्तर ५.** हाल राष्ट्रिय र अन्तर्राष्ट्रिय खेलाडीहरूले राम्रो तालिमको अभाव भोगेको मैले अनुभव गरेको छु। मेरो विचारमा खेलाडी प्रोत्साहनमा सङ्घ , प्रदेश र स्थानीय सरकारले आर्थिक र प्राविधिक दुवै पक्षबाट साथ र समर्थन गर्न जरुरी देख्दछु।

**उत्तर ६.** मेरो विचारमा स्थानीय सरकारले धेरैभन्दा धेरै खेलाडीहरू उत्पादन गर्नको लागि उपयुक्त स्थानहरूमा खेल प्रशिक्षण केन्द्रको व्यवस्था गर्नुपर्छ। योग्य प्रशिक्षकहरूलाई राम्रो सेवा सुविधा प्रदान गरेर प्रोत्साहन दिएमा धेरै राम्रा खेलाडीहरूको उत्पादन गर्न सकिन्छ जस्तो लाग्छ।

**उत्तर ७.** अरु व्यवस्थापन त राम्रै छ तर यस्तो प्रतियोगिता खुला ठाउँमा नगरिकन सकेसम्म कभर्ड हलहरूमा आयोजना गरिएको भए अझै राम्रो हुने थियो जस्तो लाग्छ।



## विशाल पुन

**उत्तर १.** मेरो नाम विशाल पुन हो। मेरो घर धा.गा.पा.३ मुना हो। मेरो जिल्ला म्याग्दी हो। मैले राष्ट्रिय स्तरको खेलमा पाँचौं, छैठौं र नवौं खेलेको छु।

**उत्तर २.** मैले जिम्न्यास्टिक खेलको सुरुवात २०६२ सालबाट सुरु गरेको थिएँ। साथीको सूचनाको आधारमा यो खेल खेल्न मौका मिलेको थियो।

**उत्तर ३.** यो प्रतियोगितामा भाग लिंदा मलाई राम्रो लागेको छ। स्थानीय तहबाट केही रकमको उपलब्ध गराउनमा अलि कति झमेला भएको थियो।

**उत्तर ४.** व्यवस्थापनको विषयमा राम्रो लाग्यो। नजिक आउन जान सजिलो पनि भएको छ। खानपिन पनि राम्रो व्यवस्था भएको पाइएको छ।

**उत्तर ५.** सबै कुरा राम्रो छ। तर यस खेलको लागि सङ्घमा मात्र बढी चासो देखिएको छ। प्रदेश र स्थानीय सरकारलाई पनि यस खेलप्रति चासो बढाउने कार्यक्रमहरू बनाउन जरुरी देखिन्छ।

**उत्तर ६.** पूर्वाधारको एकदमै आवश्यक छ। सङ्घसम्म राम्रो छ। त्यहाँभन्दा तलको सरकारमा खासै त्यस्तो राम्रो देखिँदैन।

**उत्तर ७.** प्रदेश र स्थानीय सरकारमा खेलाडीहरूलाई प्रोत्साहित गर्न जरुरी छ।



## दिप्सन न्यौपाने

**उत्तर १.** मेरो नाम दिप्सन न्यौपाने हो। म बनेपा नगरपालिकाको तर्फबाट आएको खेलाडी हुँ। मेरो रुचिको कुरा गर्नुपर्दा जिम्न्यास्टिक पहिलो स्थानमा आउने गर्छ। म अहिले १५ वर्षको भएँ र आफ्नो जीवनकालमा जिम्न्यास्टिकबाट नेपाललाई अन्तर्राष्ट्रिय मञ्चमा गई पदक जिताउन चाहन्छु।

**उत्तर २.** म करिब २ वर्षदेखि यस खेलमा आबद्ध भएको हुँ। यस खेलमा रहेका विभिन्न व्यायामका साथै निकै बल र बुद्धि लाउनुपर्ने कुराले मलाई आकर्षण गरायो।

**उत्तर ३.** भक्तपुर नगरपालिकाको आयोजनामा भएको अन्तर-नगर जिम्न्यास्टिक प्रतियोगितामा भाग लिंदाको मेरो अनुभव रमाइलो र रोचक रह्यो। यो मञ्च हाम्रो लागि नयाँ थियो। हामीले यहाँबाट निकै नयाँ कुर बटुल्यौं। प्रतियोगितामा भाग लिनुपर्छ। आफ्नो स्थानीय तहबाट हामीले केही रकम पायौं। यसबाट हामीले आफ्नो जिम्न्यास्टिक पोसाक किन्यौं।

**उत्तर ४.** भक्तपुर नपाको अन्तर-नगर जिम्न्यास्टिक प्रतियोगिताको व्यवस्थापन मलाई ठिक्कै लाग्यो। त्यहाँ पानी, खाना र सुरक्षाको राम्रो व्यवस्था थियो।

**उत्तर ५.** राष्ट्रिय र अन्तर्राष्ट्रिय खेलाडीहरूको वर्तमान स्थिति मलाई त्यति ठीक लागेन। उनीहरूमा अनुभवको कमी भएको मैले महसुस गरेँ। उनीहरूको प्रोत्साहन बढाउनका लागि सङ्घ, प्रदेश र स्थानीय सरकारले विभिन्न कार्यक्रम आयोजना गर्न जरुरी देखिन्छ।

**उत्तर ६.** स्थानीय सरकारले आफ्नो क्षेत्रको खेलकुद पूर्वाधार र खेलकुद विकासको निम्ति नीति अवलम्बन गर्नुपर्छ। खेलकुदमा रहने खेलाडी र कोचहरूलाई खेल्ने सही ठाउँ र खेलाउनका लागि सही समय जरुरी छ।

**उत्तर ७.** प्रतियोगितालाई अझ प्रभावकारी बनाउन आयोजक समितिले खेलाडीहरूलाई प्रोत्साहन गर्नको निम्ति अनुभवको प्रमाणपत्र दिनुपर्छ भन्ने सुझाव दिन चाहन्छु।



## पिङ्की झाङ

**उत्तर १.** म अन्तर्राष्ट्रिय खेलाडी डा.पिङ्की झाङ।

**उत्तर २.** म यस खेलमा २०६४ सालदेखि आबद्ध

भएकी हुँ। यस खेलमा खेलको लचकता, Strength, powre ले आकर्षण गरायो।

**उत्तर ३.** राम्रो नै रहयो। प्रतियोगितामा भाग लिनुपूर्व बन्द प्रशिक्षण भयो। खेलाडीलाई दिइएको यो प्रशिक्षणले खेल खेल्नमा मद्दत पुग्यो।

**उत्तर ४.** प्रतियोगिताको व्यवस्थापन राम्रो लाग्यो।

**उत्तर ५.** राष्ट्रिय र अन्तर्राष्ट्रिय खेलाडीहरूको वर्तमान अवस्था खासै राम्रो पाएको छैन। किनभने, यसको प्रतियोगिता अहिले खासै हुन्न। खेल नहुने बित्तिकै खेलाडीलाई पनि आफ्नो खेल मनपर्न छोड्छ। अन्तैतिर मन तानिएको देख्छु।

**उत्तर ६.** बेला बेलामा यस्ता प्रतियोगिताहरू हुनुपर्छ। खेल सामग्रीहरू नभएमा उपलब्ध गराउनुपर्छ। प्रशिक्षक पनि खटाउनुपर्ने देख्छु।



## दिपक बस्नेत

**उत्तर १.** मेरो नाम दिपक बस्नेत हो। पूर्वराष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडी, विद्यालय तथा क्लब प्रशिक्षक, प्राविधिक सदस्य (ने.जि.सं) मा कार्यरत छु।

**उत्तर २.** यस खेलमा वि.सं. २०४५ सालमा आबद्ध भएँ। अरुले गरेको विभिन्न शारीरिक कौशलबाट प्रभावित भएर यस खेलमा लागेँ।

**उत्तर ३.** यस प्रतियोगितामा निर्णायकतर्फबाट भन्नु पर्दा प्रतियोगिता सञ्चालनदेखि अन्य व्यवस्थापन उत्कृष्ट देखिएको छ। समग्रमा भन्दा हरेक कुरामा सही व्यवस्थापन रह्यो।

**उत्तर ४.** व्यवस्थापनमा कुनै कमी कमजोरीको महसुस भएन।

**उत्तर ५.** राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडीहरूको वर्तमान अवस्था त्यति सुधारमूलक छैन। सबै सम्बन्धित निकायले यसको विकास विस्तारमा सहयोग पुऱ्याउन आवश्यक देखिन्छ।

**उत्तर ६.** विशेष गरेर खेल विकासको प्रमुख आधार भनेकै पूर्वाधार हो। खेलसम्बन्धी नीति, प्रशिक्षक, कार्ययोजना, सुविधा महत्त्वपूर्ण आधार हो।

**उत्तर ७.** प्रतियोगिताको निरन्तरताले यो खेलको विकासमा प्रभावकारी टेवा पुऱ्याउँछ।

## हाम्रा पुराना मूर्ति



**मञ्जुश्री (१७ औं शताब्दी)**

स्रोत : राष्ट्रिय चित्र सङ्ग्रहालय, भक्तपुरको प्रदर्शनी

भक्तपुर नपाबाट नियमित रूपमा प्रकाशित 'भक्तपुर' मासिक र 'ख्वप पौ' पढौं।

BHAKTAPUR [MONTHLY] मासिक

भक्तपुर नपाको वेबसाइट
bhaktapurmun.gov.np
को 'प्रकाशनहरू' मा पढ्न सक्नुहुनेछ।

# ठडियो धरोहर उठ्यो शिर



उपेन्द्र लामिछाने

आफूले पूजा गर्दै आएका आस्थाका मन्दिर टेकोका घरमा देख्दा उनीहरूको मन आत्तिन्थ्यो । कतिपय ठाउँमा भत्केको घरबाट पूजा थाली बोकेर भूकम्पको भग्नावशेषमा गणेशको मूर्ति खोज्दै गरेको दृश्य पनि देखियो । भत्केको घरमा समेत जात्रा मनाउँदै गरेका उनीहरू भत्केको मन्दिर अगाडि भने निराश भेटिन्थे । ती निराश मनमा यति बेला आशा भरिएको छ ।

काठमाडौँ जैसीदेवलका ७३ वर्षीय पूर्ण श्रेष्ठलाई २०७२ सालको भूकम्पमा आफ्नो घरको छानो भत्केको भन्दा पनि सुन्धारास्थित धरोहरा भत्केकोमा बढी पिर लागेको थियो। लामो समयदेखि धरोहराको पेटीमा टहल्दै आएका उनी संयोगले त्यो दिन अन्तै गएका थिए। भूकम्पले उनको पुरानो घरको छानो भत्किए पनि उनलाई भने धरोहरा ढलेको पिरले निकै सतायो।

"धरोहरा भत्केको देख्दा घर भत्केभन्दा बढी पिर लागेको थियो," उनले भने, "यो ठडिएसँगै शिर ठडिएको छ।" भूकम्प गएको केही महिनापछि घरको छानो फेरे पनि सुन्धारातिर घुम्न आउँदा धरोहराको ठाउँ रित्तो देख्दा मन भक्कानिने गरेको अनुभव उनले सुनाए। "अहिले आएर धरोहरा नियाल्दा मनै चङ्गा हुन्छ," उनी भन्छन्, "विगतका सबै घटना सपनाजस्तो लाग्छ।"

उनलाई मात्र होइन, उपत्यकाका धेरै सर्वसाधारणलाई मठमन्दिर र प्राचीन सम्पदा भत्केको पिरले पिरोलेको थियो। आफूले पूजा गर्दै आएका आस्थाका मन्दिर टेकोका भरमा देख्दा उनीहरूको मन आत्तिन्थ्यो। कतिपय ठाउँमा भत्केको घरबाट पूजा थाली बोकेर भूकम्पको भग्नावशेषमा गणेशको मूर्ति खोज्दै गरेको दृश्य पनि देखियो। भत्केको घरमा समेत जात्रा मनाउँदै गरेका उनीहरू भत्केको मन्दिर अगाडि भने निराश भेटिन्थे। ती निराश मनमा यति बेला आशा भरिएको छ। भूकम्पमा तहसनहस भएका सम्पदाको पुनर्निर्माणले चर्केका मनहरू जोडिएका छन्।

पुरातत्त्व विभागका अनुसार भूकम्पबाट क्षतिग्रस्त नौ सय २० सम्पदामध्ये ८० प्रतिशत अर्थात् ८ सय १० सम्पदा पुनर्निर्माण भएका छन्। त्यस्तै विश्व सम्पदा क्षेत्रका ढलेका १ सय १० सम्पदामध्ये १ सय ६५ उठिसकेका छन्। सम्पदा पुनर्निर्माणले पछिल्लो समय निकै राम्रो गति लिएको पुरातत्त्व अधिकृत भीष्म बास्कोटा बताउँछन्। "भूकम्पपछि निकै ढिलो सुरुवात भए पनि सम्पदा क्षेत्रमा उल्लेखनीय प्रगति भएका छन्," राष्ट्रिय पुनर्निर्माण प्राधिकरण सम्पदा संरक्षण शाखामा ६ वर्ष काम गरेका उनले भने, "बन्न बाँकी सम्पदामा पनि काम भइरहेको छ।"

भूकम्प गएको केही समयपछि निजी आवासको पुनर्निर्माण थालियो। तर, एक वर्षसम्म पनि सम्पदा पुनर्निर्माण गर्ने वा नगर्ने अन्योल कायमै थियो। सरकारको प्राथमिकतामै सम्पदा पुनर्निर्माणभन्दा निजी आवास प्राथमिकतामा रहेको थियो। निजी आवास पुनर्निर्माण गर्न जस्तो सजिलो नभएकोले दुई वर्षपछि मात्रै विश्व सम्पदामा सूचिकृत सम्पदादेखि पुरातात्त्विक महत्त्व बोकेका सम्पदाहरू पुनर्निर्माण थालियो।

भूकम्पमा विश्व सम्पदा क्षेत्रअन्तर्गत हनुमानढोका क्षेत्रका काष्ठमण्डप, दशावतार, च्यासिंदेगलगायतका सम्पदा ढलेका थिए भने पाटनमा पुरानो चारनारायण, देगु तलेजु, योगनरेन्द्र मल्लको सालिकलगायतका सम्पदा ढलेका थिए। त्यसैगरी भक्तपुरमा सिद्धिलक्ष्मी, वत्सला, फसिदेगलगायतका सम्पदा ढलेका थिए भने चाँगुनारायण मन्दिरमा क्षति पुगेको थियो। त्यसैगरी बौद्ध, स्वयम्भूलगायतका स्तुपामा पनि भूकम्पले नराम्ररी क्षति पुगेको थियो। राष्ट्रिय पुनर्निर्माण प्राधिकरणमा सुरुवाती चरणदेखि अन्तिम समयसम्म काम गरेका पुरातत्त्व अधिकृत बास्कोटा सम्पदा पुनर्निर्माण कार्य सुरुमा प्राथमिकतामा नपरे पनि पछि निकै राम्रो ढङ्गले अगाडि बढेको सुनाउँछन्।

"सम्पदा पुनर्निर्माण घर बनाएजस्तो सजिलो थिएन," हाल संस्कृति मन्त्रालयमा पुरातत्त्व अधिकृतका रूपमा कार्यरत उनले भने, "यसको पुनर्निर्माण गर्दा मौलिक, सांस्कृतिक पक्ष मात्रै होइन, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्डलाई पनि विचार गर्नुपर्छ।" सर्वसाधारण बोले पनि सम्पदा नबोल्ने भएका कारण सम्पदा पुनर्निर्माण कार्य सुरुका केही वर्ष ढिलो हुन पुगेको उनले स्वीकारे।

"जब सम्पदाको महत्त्व सबैले बुझे, यसको कार्य अगाडि बढ्यो, कतै स्थानीय सरकारको सहयोग, कतै जनसहयोग त कतै विदेशी सहयोगमा बन्न थाले।" नेपाल सम्पदाको पुनर्निर्माण श्रीलङ्का, अमेरिका, भारत, चीन तथा स्विस

सहयोगको महत्त्वपूर्ण योगदान रहेको उनले बताए । उतिबेला रानीपोखरी, काष्ठमण्डप र धरोहरा छिटो उभिन नसकेकाले जनताले सम्पदा पुनर्निर्माणले गति नलिएको गुनासो गरेको उनले सुनाए, "यी सम्पदाको पुनर्निर्माण भएपछि जनतामा नयाँ आशा जागेको छ," उनले भने, "सर्वसाधारणको आस्थासँग जोडिएका धरोहरा ठडिँदा उनीहरूलाई खुसी दिएको छ ।"

नेपालको धार्मिक, सांस्कृतिक र ऐतिहासिक पहिचान जोडिएका सम्पदाहरूको पुनर्निर्माण सबैका लागि चासो र चिन्ताको विषय बन्दै आएको थियो । सम्पदा पुनर्निर्माण ढिलो हुनमा केही प्राविधिक कारण भएको समेत सुनाए ।

प्राधिकरणले सम्पदा पुनर्निर्माणलाई प्राथमिकीकरणका आधारमा चौथो स्थानमा राख्नुले पनि यसको पुनर्निर्माणमा ढिलाइ भएको थियो । प्राधिकरणले पहिलो प्राथमिकतामा निजी आवासलाई राखेको छ । त्यसपछि स्वास्थ्य संस्था र शैक्षिक संस्थाको पुनर्निर्माणलाई राखिएको छ । बास्कोटाले बाँकी सम्पदा यसै वर्षसम्ममा सकिने अनुमान गरे । "धेरैमा काम भइरहेको छ, केही अन्तिम चरणमा पुगेका छन्," उनी भन्छन्, "चाँडै नै सबै सम्पदाहरूको पुनर्निर्माण सम्पन्न हुनेछ ।"

२०७२ सालको भूकम्पले नौ सय २० वटा पुरातात्त्विवक सम्पदाहरूमा क्षति पुगेको थियो । विश्व सम्पदा क्षेत्रका एक सय ७० वटा सम्पदा र उपत्यकाका तीन जिल्लाका सानाठुला गरेर चार सय ६ वटा सम्पदामा पूर्ण क्षति भएको थियो । यस्तै उपत्यकाबाहिरका जिल्लामा रहेका तीन सय ४४ वटा सम्पदामा क्षति पुगेको राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको तथ्याङ्कमा उल्लेख छ ।

## पुनर्निर्माण सकिएको सम्पदा

### बौद्धनाथ

भूकम्पमा क्षतिग्रस्त राजधानीको बौद्धस्थित बौद्धनाथ स्तूप भने स्थानीय स्तरबाटै पुनर्निर्माण सकिएको छ । भूकम्प प्रभावित विश्व सम्पदा सूचीमा सूचिकृत सम्पदामध्ये बौद्ध स्तूप सबैभन्दा छिटो पुनर्निर्माण गरिएको हो ।

ऐतिहासिक तथा पुरातात्त्विक सम्पदा पुनर्निर्माणले गति नलिएको बेला बौद्धनाथ क्षेत्र विकास समितिले सरकारको मुख नताकी आफ्नै अगुवाइमा पुनर्निर्माण सम्पन्न गरेको हो । "विनाशकारी भूकम्पले बौद्ध स्तूप चिरा परेको थियो । गजुर पनि कोल्टे परेको थियो," बौद्धनाथ क्षेत्र विकास समितिका अध्यक्ष सम्पूर्ण कुमार लामाले त्यति बेला भनेका थिए, "स्तूपको दुरावस्था धेरै समय हेर्न सकेनौँ । त्यसैले पुनर्निर्माणमा आफैं जुटेका हौं ।" बौद्ध धर्मावलम्बीको आस्थाको धरोहर बौद्धनाथ स्तूप पुनर्निर्माण गर्न परेको स्थानीयको सकारात्मक दबाबले पुनर्निर्माण छिटो सकिएको हो ।

समितिकै अगुवाइमा २०७२ मङ्सिरमा सुरु भएको पुनर्निर्माण २०७३ कार्तिकमा सम्पन्न भएको हो । बौद्धनाथ स्तूप पुनर्निर्माणमा १८ करोड ४५ लाख रूपैयाँ लागत अनुमान भए पनि केही बढेको थियो ।

### रानीपोखरी



भूकम्पको पाँच वर्षपछि रानीपोखरीको पुनर्निर्माण पुरानै स्वरूपमा सम्पन्न भएको छ । यद्यपि पुनर्निर्माणका दौरान विभिन्न विवादहरू सिर्जना भएका थिए । काठमाडौँ महानगरपालिकाले पुनर्निर्माण गर्न लागेको रानीपोखरीमा कङ्क्रिट प्रयोग गरेको भन्दै विवाद भएपछि महानगर पछि हटेको थियो । राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले जिम्मा लिएपछि रानीपोखरी मल्लकालीन शैली र सामग्रीबाटै पुनर्निर्माण भयो । जसमा भक्तपुरवासीले पनि सहयोग गरेका थिए ।

### धरोहरा

भूकम्प गएको छैटौँ वर्षमा ढलेको धरोहरा पनि उठ्यो । धरोहराको पुनर्निर्माण सम्पन्न भइसकेकोले प्रधानमन्त्री केपी शर्मा ओलीले उद्घाटन गरे । अहिले नयाँ बनेको धरोहरा



वसन्तपुर

आधुनिक र भूकम्प प्रतिरोधी रहेको छ । उद्घाटन गरेपछि पनि यसको बाहिरी काम अझै जारी छ । सर्वसाधारण धरोहराबाट काठमाडौँ नियाल्न थालिसकेका छन् । "धरोहराबाट काठमाडौँ नियाल्दा भूकम्पलाई जितेको महसुस भएको छ," बिजुलीबजारबाट आएका नेत्र दाहालले भने, "माथि चढेपछि सम्झनामा भूकम्प आउँछ तर डर आउँदैन ।"

## वसन्तपुर

पुनर्निर्माण सम्पन्न भएपछि वसन्तपुर क्षेत्रले नयाँ स्वरूप पाएको छ । स्वदेशी तथा विदेशी पर्यटकको आकर्षक थलो अहिले सुन्दरतम देखिएको छ । काठले टेको लगाएर राखिएका वसन्तपुर क्षेत्रमा सम्पदाहरू पुनर्निर्माण भइसकेपछि सर्वसाधारण खुसी देखिन्छन् । नौतले दरबार तथा गद्दी बैठकको सौन्दर्यले विगतको पीडा भुलाएको छ ।

## काष्ठमण्डप



पाटन दरबार क्षेत्र

राजधानी काठमाडौँको नामको उत्पत्तिसम्म जोडिएको काष्ठमण्डपले फेरि सुन्दरता पाएको छ । काष्ठमण्डप पुनर्निर्माणमा प्रारम्भदेखि नै विवाद देखिए पनि अन्ततः स्थानीय आफैं पुनर्निर्माणमा जुटेर यसलाई सफल बनाएका छन् ।

## पाटन दरबार

ललितपुरको पाटन दरबारभित्र रहेका सम्पदाहरूमा पनि भूकम्पले पूर्ण क्षति पुऱ्याएको थियो । तर, स्थानीयको सक्रियतामा पाटन दरबारभित्र रहेका ऐतिहासिक मन्दिरहरूको पुनर्निर्माण सम्पन्न भएको छ । ऐतिहासिक थलोमा सुन्दरता छाएको छ । मन्दिरको पेटमा बसेर वृद्धवृद्धा ठडिएका सम्पदा नियाल्दै दङ्ग छन् । "भूकम्पपछि फेरि अब मन्दिर ठडिँदैन कि जस्तो लागेको थियो," च्यासलका रामभक्त अवाले भन्छन्, "हेर्दा हेर्दै मन्दिरहरू फेरि ठडिए ।"

## भक्तपुर दरबार स्क्वायर



भक्तपुरको टौमढी क्षेत्र

भूकम्पले भक्तपुर दरबार क्षेत्रका अधिकांश सम्पदामा क्षति पुऱ्याएको थियो । भत्केका मन्दिरले सुन्दर सहरको दृश्य निकै दुःखदायी देखिन्थ्यो । ढलेका सम्पदाहरू उठाउन भक्तपुरका स्थानीय सरकारसँगै स्थानीयले तदारुकता देखाउँदा निजी आवासभन्दा पनि पहिले सम्पदा पुनर्निर्माण भएको छ ।

### गुम्बा पुनर्निर्माण भने सुस्त

सम्पदा पुनर्निर्माणमा प्रगति भइरहे पनि भूकम्पबाट क्षतिग्रस्त बनेका गुम्बाहरूको पुनर्निर्माण भने छायामा परेको छ । भूकम्पले एक सय वर्ष पुराना दुई सय ५० वटा गुम्बामा क्षति पुगेको थियो । तर अधिकांश गुम्बाहरूको अझै पुनर्निर्माण हुन सकेको छैन ।

### सम्पदा संरक्षणमा 'स्वाभिमानी' भक्तपुर

सम्पदा संरक्षणमा कतिपयले देशी तथा विदेशी सहयोगको अपेक्षा गरिरहेको समयमा भक्तपुर नगरपालिकाले भने आफ्नै बलबुत्तामा पुनर्निर्माण कार्यलाई अगाडि बढायो । स्थानीय जनताको समेत सहयोग लिएर विभिन्न उपभोक्ता समितिमार्फत पुनर्निर्माण कार्य अगाडि बढाएको यो नगरपालिकाले भक्तपुरको पाँचतले मन्दिरजस्तै आफ्नो स्वाभिमानको शिर पनि ठड्याएको छ ।

भक्तपुर नगरपालिकाका मेयर सुनिल प्रजापति नगरपालिकाभित्र जेजति सम्पदा निर्माण भए, ती सबै नेपाल सरकार वा स्थानीय तहबाटै भएको बताउँछन् । भूकम्पपश्चात् विभिन्न ठाउँबाट सहयोगको अफर आए


पनि त्यसमा मौलिकता नभएको भन्दै कतिपय अस्वीकार गरेको उनले सुनाए । उनले नेपाल सरकार र जर्मनी सरकारबिच भक्तपुरका सम्पदाहरू पुनर्निर्माणको सम्झौता भए पनि कतिपय कुरामा सहमति नभएका कारण सहयोग नलिएको अनुभव सुनाए ।

"भक्तपुरको १० वटा सम्पदा पुनर्निर्माणका लागि जर्मन सरकारसँग एक अर्ब २० करोड रूपैयाँको सम्झौता भएको थियो," उनले भने, "उनीहरूको नीतिनियम र निर्देशन मन नपरेपछि हामीले सम्झौता अवरुद्ध गऱ्यौँ ।" सम्झौतामा निर्देशक समिति उनीहरूकै नेतृत्वमा गठन गर्नुपर्ने, निर्देशक समितिको निर्देशनअनुसार काम गर्ने, सम्पदाहरूमा प्राचीन स्मारक संरक्षण ऐन, २०१३ विपरीत डन्डी र सिमेन्टको समेत प्रयोग गर्न सकिनेलगायतका कुरो उल्लेख भएको उनले सुनाए । त्यस्तै हिसाब परीक्षण जर्मनी लेखा परीक्षकले गर्ने, मुद्दामामिला भएमा जर्मनी अदालतमा चलाउनेलगायतका गम्भीर विषय उल्लेख भएको उनले सुनाए । "भक्तपुर नगरपालिकाको तर्फबाट हामीले ती सबै बुँदा हटाउनुपर्ने धारणा राख्यौँ," उनले भने, "जर्मनी पक्ष सम्झौताको एउटा बुँदा, शब्द, कमा र पूर्णविरामसमेत परिवर्तन गर्न तयार भएन । हामी पनि त्यो सम्झौता कार्यान्वयन गर्न तयार भएनौँ । त्यसपछि त्यो सम्झौता रद्द भयो ।"

तिनै सम्पदामध्येका पाँचतले मन्दिर (डातापोल्हँ), भैरवनाथको मन्दिर जीर्णोद्धारजस्ता महत्त्वपूर्ण सम्पदालगायत अन्य सम्पदाको जीर्णोद्धार सम्पन्न भइसकेको उनले बताए । २०७२ सालको भूकम्पपश्चात् भक्तपुर नगरपालिकाले ५८ वटा पाटी, ३६ वटा मन्दिर, नौ वटा द्योछेँ, १३ वटा पोखरी, नौ वटा सत्तल, आठ वटा इनार, आठ वटा ढुङ्गेधारा र अन्य विविधसमेत गरी एक सय ९० वटा सम्पदा पुनर्निर्माण सम्पन्न गरेको छ भने हाल २५ वटा सम्पदाहरू निर्माणाधीन अवस्थामा रहेको जनाएको छ । "पुर्खाले हामीलाई दिएको नासो हामीले आफ्नै बलबुत्ताले ठडाएको छौँ," उनले भने, "नगरवासीको साथ र सहयोगले हामी सबैले शिर उठाउन पाएका छौँ ।" महाभूकम्पबाट त्यहाँ दुई सय १५ सम्पदामा क्षति पुगेको थियो ।

*– नागरिक २०८२ वैशाख ११*

# हाम्रो स्थानीय तह




## शंखरापुर नपा, काठमाडौँ

| जनगणना वर्ष (विसं) | २०६८ | २०७८ |
|---|---|---|
| परिवार सङ्ख्या | ५४०६ | ७१४० |
| जनसङ्ख्या | २५३३८ | २९३१८ |
| परिवार आकार | | ४.११ |
| लैङ्गिक अनुपात | | ९६.९६ |
| वार्षिक जनसङ्ख्या वृद्धिदर प्रतिशत | | १.४० |
| जनघनत्व | | ४८७ |
| साक्षरता दर प्रतिशत | | ७९.९५ |

स्रोत : नक्सा (नेपाल अर्काइभ्स), जनसङ्ख्या (राष्ट्रिय तथ्याङ्क कार्यालय)


## भक्तपुर नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

ब्यासी, भक्तपुर

## पर्यटक सेवा शुल्कसम्बन्धी सूचना

यस नगरपालिका क्षेत्रभित्र प्रवेश गर्ने गैरसार्क पर्यटकलाई १५ अमेरिकी डलर वा रु. १५००/- नेपाली रुपैयाँ लिँदै आइरहेकोमा हाल आएर डलरको भाउ क्रमशः वृद्धि हुँदै एक अमेरिकी डलर बराबर १२७/- नेपाली रुपैयाँको हाराहारीमा पुगेकोले डलरको भाउ समायोजन गर्न नेपाली रुपैयाँको हकमा पर्यटक सेवा शल्क रु. १५००/- को सट्टा सन् २०२३ जनवरी १ देखि लागु हुने गरी एक गैरसार्क पर्यटकको **१५ अमेरिकी डलर वा रु. १८००/- (एक हजार आठ सय) नेपाली रुपैयाँ** कायम गर्ने निर्णय गरिएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

# भक्तपुरलाई अझ राम्रो बनाउन

राजेन्द्र हाडा

भक्तपुरवासीको नाताले भक्तपुर नगरपालिकाले गरेका काम कारबाहीहरू घामजतिकै छर्लङ्ग छ। सम्पदा संस्कृतिको संरक्षण, शिक्षा र स्वास्थ्य क्षेत्रमा भक्तपुर नगरपालिकाले गरिराखेको काम सराहनीय नै छ। सरसफाइको क्षेत्रमा राम्रो गरिरहनु, +२ देखि स्नातकोत्तरसम्मका कलेजहरू खोल्नु, अस्पताल खोल्नु, खुला जिमखाना खोल्नु, सम्पदा संरक्षणमा लागिपर्नु, बढ्दो सहरीकरण र जनसङ्ख्यालाई थेग्न विभिन्न जग्गा एकीकरण आयोजना चलाउनु आदि यसका उदाहरण हुन्। यस हिसाबले देशका अरू नगरपालिकाहरूको दाँजोमा भक्तपुर नगरपालिकाको कार्य उदाहरणीय नै हो।


यति हुँदाहुँदै आफ्नो कार्य क्षेत्रभन्दा बाहिरको वा अर्थ र प्राविधिक हिसाबले आफूले गर्न नसकेर हनुमन्ते खोलाको वातावरण सहरी क्षेत्रमा खानेपानीको प्रचुरता आदि क्षेत्रमा अहिलेसम्म भक्तपुर नगरपालिकाले जति गर्नुपर्ने हो त्यति काम गर्न सकेको छैन।

भक्तपुर नगरपालिकाले भक्तपुर नगर क्षेत्र पैदलयात्री मैत्री सहर बनाउने सोच राखेको छ। नगरपालिकाले दरबार क्षेत्रमा यातायात गाडी प्रवेश निषेध धेरै पहिले नै गरिसक्यो। अहिले तौमढी क्षेत्रमा पनि यो व्यवस्था लागु भइसकेको छ। पार्किङको पर्याप्त व्यवस्था नगरी गरिएको यस निषेधले जनतामा एक किसिमले असन्तोष पनि बढेको छ। पानीको ट्याङ्कर, एम्बुलेन्स, दैनिक खाद्य सामग्री तथा घर निर्माण सामग्री ओसार- पसारमा समस्या भएको महसुस जनताले गर्दै छन्। निश्चय नै भक्तपुरजस्तो सानो सहरमा यातायातलाई निर्वाधरूपमा चल्न दिनुभन्दा यसलाई नियन्त्रण गर्नु राम्रो हो। पानीको ट्याङ्कर, एम्बुलेन्स, दैनिक खाद्य सामग्री तथा घर निर्माण सामग्री ओसारपसार आदि व्यवस्थित गर्नुपर्ने आवश्यक महसुस भइसकेको छ। नगरलाई अझ राम्रो बनाउनेबारे अहिलेदेखि नै सोच्दै जानुपर्छ।

भक्तपुर नगर पूर्व-पश्चिम लाम्चो छ। पूर्व-पश्चिम लम्बाइ लगभग २.५ किमि छ। यसको पश्चिममा चोडा गणेशस्थान सल्लाघारी र पूर्वमा गोंस पुल रहेको छ। चोडा गणेश एरिया अलिकति सुधारोन्मुख छ। रानीपुखुको दक्षिणको चौर सल्लाघारी झारपातले भरिसकेको छ। सरसफाइमा नगरपालिकाको ध्यान नपुगेको हो कि सेनाले छुन नदिएको हो, बुझ्न सकिएको छैन। चोडा गणेशस्थान र सल्लाघारी स्थान घाँस बुट्यानहरू काटेर पहिलेजस्तै राम्रो सन्ध्याकालीन विचरण गर्ने पार्कको रूपमा विकास गर्दा राम्रो हुन्छ। सिद्धपोखरीको वरिपरि पनि घाँस बुट्यानहरू काटेर राम्रो बगैँचा र पार्किङको राम्रो व्यवस्था गर्नुपर्छ। भित्री नगर क्षेत्रमा सरसफाइमा राम्रो व्यवस्था छ। तर, पूर्व र पश्चिमतिर नगरपालिकाको ध्यान नपुगेको जस्तो छ। कमलविनायक प्लानिङ क्षेत्रमा पानी र ढल निकासको हिसाबले पछि नै परेको छ। कमलविनायक सडकको हालत नगरकोटको सडकभन्दा फरक पर्दैन। भक्तपुर नगरले जसरी सफा नगरमा नाम कमाएको छ, त्यसरी नै नगरको बाहिरी भाग पनि सरसफाइ राख्नेमा नगरपालिकाको ध्यान जानेछ।

## पार्किङको व्यवस्था

भक्तपुर नगरभित्र अत्यावश्यकबाहेक अन्य सवारी साधनहरू प्रवेश निषेध गर्ने धेरै पहिलेदेखिको योजना हो। यसमा भक्तपुरवासीहरूको समर्थन पनि जुट्दै गएको देखिएको छ। यसको लागि नपाले दीर्घकालीन योजना तयार गर्नुपर्छ। भक्तपुर नगरभित्र छिर्ने नाकाहरू धेरै छन्। सल्लाघारी, हाकुफो हिटी फल्चा, ब्यासी, महाकालीस्थान, देकोचा, कमलविनायक, च्याम्हासिङ्, ख्वप कलेज चोक, हनुमानघाट, जगाती, आदर्श चोक, सूर्यविनायक चोक, बाराहीस्थान चोक आदि यसका उदाहरणहरू हुन्। यी स्थानहरूमध्ये माहेश्वरी खेल मैदान, हनुमानघाटको परोपकारको दक्षिण-पश्चिम क्षेत्र, गय्भिन्द्योको उत्तर (पुरानो फोहर सङ्कलन केन्द्र) तिर व्यवस्थित पार्किङ बनाउन सकिने देखिन्छ।



त्यस्तै हालको जनज्योति पुस्तकालयको दक्षिणपट्टि खाली रहेको जग्गामा पनि नगर छिर्ने सवारीहरूको लागि पार्किङको व्यवस्था मिलाउन सकिन्छ। सल्लाघारी र लान्चा फल्चातिरको चौडा सडकमै पनि मिलाएर व्यवस्थित पार्किङ गर्न सकिने देखिन्छ। सल्लाघारीको कङ्क्रिट डिभाइडरले सवारी चलाउँदा ज्यादै असजिलो महसुस हुन्छ, त्यसलाई हटाउनु नै जाती हुन्छ। त्यहाँको सडकको सेट ब्याक सडकको बिचबाट १०–१० मिटर कायम गरिएको छ। यसमा पनि घर बनाउँदा १.५ मिटर अर्को सेट ब्याक अनिवार्य छोड्नुपर्ने बाँकी छ। २० मिटरको राइट अफ वेमा ७.५ मिटर ट्राभल लेन, १.६ – १.६ मिटर बाइक वा साइकल लेन, २.४–२.४ मिटर पार्किङ लेन र त्यसपछि बाँकी १.५–१.५ मिटर फुटपाथ मज्जाले राख्न सकिन्छ। फुटपाथ पनि १.५ सेट ब्याक + २.१५ सडकबाट मिलाउँदा ३.६५ मिटरको हुन आउँछ। यसमा पार्किङपट्टि साना साना रुखहरू रोप्न सकिन्छ। यसले सडकको सौन्दर्य बढाउनेछ।

भक्तपुर अस्पताल अगाडिको अव्यवस्थित पार्किङ समस्या निराकरणको लागि नपुखु पश्चिम र उत्तरतिरको खाली जग्गालाई प्रयोग गर्दा राम्रो होला जस्तो लाग्छ। यो बाहेक रानीपोखरीको दक्षिणपट्टिको सल्लाघारी क्षेत्र पनि सेनासँग सल्लाह गरेर उपयोगमा ल्याउन सकिन्छ। पहिले त त्यो सार्वजनिक क्षेत्र नै हो जस्तो लाग्छ। अहिले सेनाको अधीनमा छ। हामी सानो बेलामा साँझपख घुम्ने र आराम गर्ने ठाउँ हो त्यो। सैनिक विद्यालयको खेल मैदानसमेत खुला थियो त्यो बेला। सैनिक विद्यालय भक्तपुरमा सरेपछि अझ सङ्कटकालदेखि त्यो क्षेत्र सर्वसाधारणको आवत–जावतमा रोक लगाइएको हो। त्यो एरियामा भएको चार वटा पोखरीहरू रानीपोखरी (न्हु पुखु), सिद्धपोखरी, भाज्या पुखु र नःपुखु भक्तपुरको सौन्दर्य हो। यहाँ आजभोलि हजारौँ आन्तरिक पर्यटकहरू आउने गर्छन्। त्यसैले यी चारवटै पोखरीलाई हेर्न डुल्न मिल्ने गरी नगरपालिकाले ट्रायक रुटको विकास गर्नुपर्छ। उपयुक्त ठाउँ हेरेर एक दुई ठाउँमा ओभर हेड पुलको व्यवस्था मिलाउन सकिन्छ। यी पोखरी डुल्न अहिले सडकै सडक हिँड्नुपर्छ। पार्किङको समस्याले भाज्या पुखुको डिलमा मोटरसाइकल पार्किङ राख्नु राम्रो होइन।

हाम्रोमा घरअगाडि गाडी रोक्न दिन पाएमा व्यापार बढ्ने सोच छ। हाइ वेमै पसल राख्ने जातका हौँ हामी। तर, अन्यतिर यसको ठीक उल्टो छ। गाडीमा आउनेले पसल डुल्दैन। हिँडेर सहर डुल्नेले बढी किनमेल गर्ने गरेको अन्य ठाउँको अनुभव छ। यसबारेमा अहिलेदेखि नै स्थानीय नगरवासीलाई शिक्षित गर्दै लानु राम्रो हुन्छ।

माथिका पार्किङ क्षेत्रको विकास सँगसँगै त्यहाँको सौन्दर्यीकरणमा योजना बनाउनुपर्छ। पार्किङ एरिया व्यवस्थित गर्न पार्किङ शुल्कको सिस्टम लागु गर्नुपर्छ। त्यहाँ उठेको शुल्कले त्यहीँको वातावरण सुधार गर्नमा खर्च गर्दा पार्किङ व्यवस्थित र वातावरणमा राम्रो सुधार हुनेछ। नगरपालिकालाई पुँजीगत खर्चबाहेक अन्य भार पर्ने सम्भावना कमैमात्र होला भन्ने लाग्छ। त्यस्तै दरबारस्क्वायर वरपरको अव्यवस्थित पार्किङले कुरूप नै बनेको छ (हाल जगनाथ क्षेत्रमा सारेको)। यसको विकल्पको रूपमा नगरपालिकाअगाडिको श्री पद्म माध्यमिक विद्यालयको खाली जग्गाको स्कूलसँगको सहकार्यमा भूमिगत पार्किङको साथै नयाँ विद्यालय भवनको निर्माण तथा विकास गर्नुपर्छ। भूमिगत पार्किङसहितको नयाँ भवन निर्माणको लागि नगरपालिकाले आर्थिक सहयोग गर्नुपर्छ। भूकम्पले क्षति पुऱ्याएको यो स्कूल नयाँ भवनको नक्सा नगरपालिकाबाट पास भइसक्दा पनि अहिलेसम्म निर्माण कार्य सुरु गर्न सकेको छैन। नगरपालिकाले दीर्घकालीनरूपमै अत्याधुनिक व्यवस्थित पार्किङको बारेमा अहिलेदेखि नै सोच्दा राम्रो हुन्छ।

नगरपालिकासँग अहिले करिब २०० जना सफाइ मजदुरहरू कार्यरत छन्। तिनीहरूको कामप्रतिको लगनशीलतालाई सलाम गर्नैपर्छ। तर, ती सबै कामदारहरू भित्री नगरमा मात्र सीमित भएको जस्तो छ। मन्दिरहरूमा घाँस झारपात उखेलेर अझ राम्रो बनाउनु आवश्यक छ। तिनीहरूलाई नगरपालिकाले बनाएको सिद्धपोखरी वरिपरिको बगैँचाको स्याहार सुसारमा पनि खटाउन पाए नगरपालिकाले गरेको लगानी सदुपयोग हुनेछ र यसले सहरको सौन्दर्यतामा वृद्धि हुनेछ। यसको लागि नगरपालिकाले बगैँचे (Gardener) हरू नियुक्ति गर्दा राम्रो होला। कमलविनायक प्लानिङ क्षेत्रमा रहेको खुला क्षेत्र तःमुंज्या पार्क अलि राम्रो बनाए पनि माटो थुपारेको कारण हेर्न नहुने अवस्थामा पुगेको छ। नगरपालिकाले यी र यस्ता खुला क्षेत्रको सौन्दर्यीकरणमा विशेष ध्यान दिन अब ढिला नगरौँ। सौन्दर्यीकरणमा योजना बनाउँदा हरियो फूलको बोट, घाँस रोप्ने, काँटछाँट नियमित गर्ने, रुख चौतारा बनाउनेदेखि हामीकहाँ घरेलुरूपमै उत्पादन हुने मृत्तिका कला प्रशस्त मात्रामा प्रयोग गरी स्थानीय उत्पादनको प्रमोसन गर्ने काम गर्न सकिन्छ।

अहिले हामीकहाँ भएका मन्दिर परिसरहरू मनलाग्दो किसिमले बनाउने र बनाउन दिने परिपाटी बसेको छ। यसलाई व्यवस्थित र परम्परागत तरिकाले घर टहराहरू बनाउनेतिर नगरपालिकाको ध्यान जानुपर्छ। मन्दिरमा जथाभावी रङ्गरोगनमा खर्च गर्नु कोषको अपव्यय नै हो। यसले सम्पदालाई क्षणिकरूपमा राम्रो त बनाउला तर दीर्घकालीनरूपमा सम्पदालाई कुरूप र खर्चालु नै बनाएको छ। सुनलाई खोल चाहिन्छ र ? त्यसैले यस्तो कार्य तत्काल रोक्नुपर्छ। सफा सुन्दर भक्तपुर अबको नगरपालिकाको योजनामा परोस्।

मजदुर, २०८२ वैशाख ९ गते

# आलुको बियाँबाट आलु खेती एक जानकारी

शक्तिधर जोन्छेँ

नेपालमा आलुको प्रयोग हर समय तरकारीको रूपमा प्रयोग गरिएको छ । नेपालीहरूको लागि आलुबिनाको तरकारी स्वाद नै हुँदैन । नेपालीहरूको लागि यो बच्चादेखि बुढाबुढीसम्म नै लोकप्रिय छ । आलु जुनसुकै तरकारीमा मिसाउन नभई नहुने तरकारी हो । अझ नेपालको उच्च पहाडी भेगहरूमा त मुख्य खाद्यान्न बालीको रूपमा आलुलाई लिइन्छ ।

पौष्टिक पदार्थहरूको लागि आलु एक उत्तम खाद्य पदार्थ हो । यसमा प्रोटिन, खनिज तत्त्व र एमिनो एसिडको मात्राले गर्दा आलुलाई एक पूर्ण खाद्य पदार्थको रूपमा लिइएको छ । आलुलाई हामीले कार्बोहाइड्रेड र प्रोटिनको रूपमा प्रतिदिन ५०० देखि ६०० ग्राम आलु खाने गर्नाले शरिरको मोटाइ कम हुनाको साथै हृदय रोगको सम्भावनालाई समेत कम गर्छ भन्ने भनाइ रहेको पाइछ ।

नेपालमा धान, गहुँ, मकै र कोदोपछि आलुखेतीले ढाकेको छ । तर कुल क्षेत्रफलमा ढाके तापनि कोदोभन्दा उत्पादनमा अगाडि नै आउँछ । अन्न बाली र तेलहन बालीभन्दा आलुको उत्पादकत्व निकै बढी छ । आलु बालीले चिसो हावापानी रुचाउँछ । त्यसैले तराई भेगमा हिउँडे सिजनमा रोपिन्छ भने मध्य पहाडी भेगमा शिशिर ऋतु र वसन्त ऋतु दुई सिजनमा आलु रोपिन्छ । उच्च पहाडी भेगमा वर्षा बालीको रूपमा आलु खेती गरिन्छ ।

नेपालमा आलुको बीउको रूपमा आलुका दानाहरू नै प्रयोग गरिने हुनाले आलुका दानामा हुने विभिन्न रोगका जीवाणुले गर्दा आलुको उत्पादनमा निकै ह्रास भएको पाइन्छ । कृषकहरूले रोप्ने आलुका दाना स्वस्थ नै भए तापनि बढी परिमाणमा बीउको आवश्यकता पर्ने हुँदा ओसार पसार र भण्डारणमा बढी खर्च लाग्ने हुँदा लागतमा निकै बढेको हुन्छ । हाल नेपालमा यसरी आलुका दाना बीउमा लागत बढी पर्ने भएकोले स्वस्थ बीउको विकल्पको रूपमा टिस्युकल्चर ( तन्तु प्रजनन) बाट रोगमुक्त बिरुवा उत्पादन गरी स-साना दानाका बीउ आलु उत्पादन गर्ने प्रविधिको पनि विकास गरिएको भए तापनि सो प्रविधिमा बीउ उत्पादन गर्न ३-४ वर्ष लाग्ने भएकोले कृषकहरूले आलु खेतीबाट फाइदा लिन बढी समय कुर्नुपर्ने हुन्छ । यी समस्याको निराकरण गर्नको लागि बीउ आलुको विकल्पको रूपमा आलुको बियाँबाट खेती गर्ने प्रविधि अपनाई कृषकहरू बढी आम्दानी लिन सफल भएका छन् ।

### आलुको बियाँ भनेको के हो ?

आलुको बियाँ भनेको आलु बोटको शीर्ष भाग वा सबैभदा माथिल्लो भागमा फूल लागी गोलभेँडा जस्तो फल लागेको हुन्छ । यसै फलभित्र हेरेको खण्डमा गोलभेँडामा जस्तै यसमा पनि बियाँहरू भएको हुन्छ । यी बियाँ नै खास आलुको बियाँ हो । यिनै बियाँको उपयोग गरी आलु बाली व्यवसायिक रूपमा गर्न सकिन्छ ।

### आलुका बियाँबाट हुने फाइदाहरू

१. एक हेक्टरमा आलु खेती गर्नको लागि नर्सरीमा स-साना दाना तयार गर्नको लागि ५० ग्राम र बेर्ना सार्नको लागि ९० ग्राम बियाँको आवश्यकता पर्दछ । यी बियाँको प्रयोगबाट आलुको उत्पादन लागतलाई निकै घटाउँछ ।
२. आलुको बियाँलाई एक ठाउँबाट अर्को ठाउँमा वा एक जिल्लाबाट अर्को जिल्लामा सजिलैसँग हुलाकबाट वा खल्तीमा राखेर लान सकिन्छ ।
३. बीउमा प्रयोग हुने दाना आलु खानमा प्रयोग गर्न सकिन्छ ।
४. बियाँबाट आलु खेती गर्दा भण्डारणको समस्या कम हुनको साथसाथै खर्च पनि कम हुन्छ ।
५. आलुको दानामा हुने विभिन्न रोग तथा कीराले गर्दा आलु



बाली सबै नष्ट गर्नसक्छ। आलुको बियाँमा यस्तो रोग तथा कीरा हुँदैन। भए तापनि उपचार गर्न सकिन्छ।

६. गुणस्तरीय बीउ आलुको अभाव भएको बेलामा आलु खेती गर्न नसकेको ठाउँमा आलु खेतीको विस्तार गर्नको लागि आलुको बियाँ एक विकल्पको रूपमा लिन सकिन्छ।

७. आलुको बियाँ वर्णशङ्कर (हाईब्रिड) जातको हुने हुनाले यिनीहरूको उत्पादकत्व निकै बढी हुन्छ। बीउ आलुमा डढुवारोग सहन सक्ने क्षमता हुँदैन भने यी बियाँ आलुमा डढुवा रोग सहन सक्ने क्षमता भएको हुन्छ।

**आलु बियाँको जात**

१. HPSII/67

२. HPSI/13

## आलुको बियाँबाट स-साना आलुका दानाहरू तयार गर्नको लागि नर्सरी ब्याड राख्ने तरिका

यसको लागि नर्सरी ब्याडको साइज १ मिटर चौडाइ र आवश्यकताअनुसारको लम्बाइ राख्ने। ब्याड बनाउँदा जमिनको सतहको, माटोमा विभिन्न प्रकारका रोगका जीवाणु, कीरा, घाँसका बीउ तथा जराहरू हुने भएकोले त्यस ठाउँमा यी रोग कीरा घाँसका बीउ र जरा नष्ट गर्नको लागि आगो लगाउने गर्नुपर्दछ। सो गर्न नसकेको खण्डमा त्यस ठाउँमा १० सेन्टिमिटर सतहको माटो हटाउनु पर्दछ। नर्सरी ब्याड राख्ने ठाउँमा अर्को जग्गाबाट २ फिटभन्दा तलको माटो झिकेर ल्याई सो नर्सरी बनाउने माटोमा राम्रोसँग कुहिएको गोबर मल वा कम्पोस्ट मल वरपर मिलाई माटो र कम्पोस्ट मलको मिश्रण तयार गर्नुपर्दछ। प्रतिवर्गमिटरको लागि उक्त मिश्रणसँग डी.ए.पी. मल १७ ग्राम, युरिया मल १२ ग्राम र म्युरेट अफ पोटास १७ ग्राम हालेर राम्रोसँग मिसाउनु पर्दछ। उक्त मिश्रणलाई सतहको माटो राम्रोसँग हटाएको (नर्सरी ब्याड बनाउन १० सेन्टिमिटर माटो) नर्सरी ब्याड बनाउने ठाउँमा जमिनको सतहभन्दा १० सेन्टिमिटर अग्लो हुने गरी नर्सरी ब्याड बनाउनु पर्दछ।

## बीउ दर

१ रोपनी जग्गामा आवश्यक पर्ने स–साना आलुका बीउ दाना आलु उत्पादन गर्नको लागि १२ वर्ग मिटरको ब्याड र २ ग्राम आलुको बियाँ आवश्यकता पर्दछ। यस प्रकारको ब्याडबाट करिब ४२ किलो स–साना आलुको बीउ दाना उत्पादन हुन्छ र अर्को वर्ष १ रोपनी जग्गामा आलु खेती गर्नलाई पुग्छ।

## बियाँ रोप्ने तरिका

बियाँलाई सिधै ब्याडमा रोप्नुभन्दा २४ घण्टासम्म सफा पानीमा भिजाएर रोप्नु पर्दछ। बियाँ रोप्नुभदा एक दिनअघि माटोको अवस्था हेरी आवश्यक भएमा हल्का सिँचाइ गर्नुपर्दछ। ब्याडमा बियाँ रोप्दा बियाँदेखि बियाँको दुरी ४ सेन्टिमिटर तथा लाइनदेखि लाइनको दुरी २५ सेन्टिमिटर हुनुपर्दछ। बियाँ रोप्दा मसिनो डोरीको सहायताले सोझो हुने गरी धर्का कोरी लाइनले चिनो बनाउनु पर्दछ। प्रत्येक ठाउँमा २ वटा बियाँ खसाल्ने र पहिले बनाएको मिश्रण लाइनहरू हल्का तरिकाले छोप्नु पर्दछ।

बियाँ ब्याडमा लगातार रूपमा खसाल्न सकिन्छ। तर पछि बेर्ना ठम्याउन सकिने भएपछि निश्चित दूरीमा बेर्ना रहने गरी कमजोर तथा अरू बेर्नाहरूलाई निकाल्नु पर्दछ।

## छापो दिने (मल्चिङ)

बियाँ राम्रोसँग उमार्नको लागि बोरालाई पानीमा भिजाएर बियाँ भएको ठाउँमा नर्सरी बनाएको ठाउँमा बियाँलाई छोप्ने वा पराल, खरले छोप्ने। जबसम्म बीउ उम्रँदैन तबसम्म सिँचाइको रूपमा बोरा, पराल, खरलाई भिजाई राख्ने। तर छोपो धेरै बाक्लो हुनु हुँदैन। अन्यथा सिँचाइ गर्दा पानी तर्केर जाने हुन्छ। जसले गर्दा ब्याडमा पानी पुग्न नपाई ब्याड सुख्खा हुन जान्छ। यसले गर्दा बियाँ उम्रन सकिँदैन। छोपेको छापोबाट सजिलैसँग ब्याड भिज्ने गरी पानी जान सकून्। तर, माटो पानीले नबगाउने गरी चिस्यान कायम हुने गरी छापो हालेको माथिबाट हजारीले समय समयमा पानी दिइरहनु पर्दछ। बियाँले राम्रोसँग चिस्यान पाएमा आलुको बियाँले ५ दिनपछि नै उम्रन सुरु गर्दछ। बियाँ उम्रेपछि छोपेको छापो हटाइदिने र दिउँसोको कडा घाममा कलिलो बेर्ना सुकेर जाने सम्भावना रहेको हुँदा छापो निकाल्ने बेला बेलुकी पख मात्र निकाल्ने गर्नुपर्दछ।



## फेद गल्ने (डेफिङ अफ) रोगको रोकथाम

यदि आलुको बेर्नामा फेद गल्ने (डेफिङ अफ) रोगबाट आक्रमण गरेमा डाइजेन एम ४५ या बेभिष्ठीन विषादीबाट ड्रेचिङ माटो भिजाउने गरी स्प्रे गर्नुपर्दछ । सो रोग लाग्न नदिनको लागि बेर्ना उमार्नको लागि बियाँ छर्दा धेरै बाक्लो हुने गरी नछर्ने । बियाँबाट बेर्ना उम्रिनासाथ तुरुन्त छापो हटाउने काम गर्नु पर्दछ ।

## बेर्ना बेडाउने तथा झारपात उखेल्ने

ब्याड हालेको ठाउँमा एक ठाउँमा २ वटा बोट उम्रिएमा एक बोट मात्र राखी अर्को बोट उखेलिदिनु पर्दछ । आलुको बोट सानो हुने हुँदा झारपातले पनि दुःख दिएको हुन्छ । त्यसैले समय समयमा गोडमेल गर्नुपर्दछ ।

## युरिया मलको झोल बनाएर छर्ने

बिरुवाको राम्रो वृद्धिको लागि १ ग्राम युरिया मल १ लिटर पानीमा मिलाई ७-१० दिनको फरकमा ६० दिनसम्म स्प्रे गर्नुपर्दछ ।

## उकेरा दिन

आलुको डाँठबाट निस्कने त्यान्दाको टुप्पामा आलु फल्दछ । त्यही भएर समयमा नै उकेरा दिएर आलुको त्यान्द्राहरूलाई माटोबाट निस्कनु अगावै बाहिर ननिस्कने गरी माटोले छोपिदिनु पर्दछ । अन्यथा आलु फल्ने त्यान्द्रा माटोबाट बाहिर निस्कने र सो त्यान्द्राबाट आलुको बोट बन्दछ र त्यसमा आलुको गेडा लाग्दैन । त्यतिकै बोट मात्र हुन्छ । आलुको बेर्ना उम्रेको ३०-३५ दिन वा आलुको बोटमा ४-५ पात भएपछि पहिलो उकेरा दिने गर्नुपर्छ ।

त्यसपछि बोटको वृद्धिअनुसार १५ देखि २० दिनको फरकमा माथिको ४-५ पातासम्म डाँठ माटोले पुरी उकेरा दिनुपर्दछ ।

उकेरा दिँदा बीउ आलु उत्पादन गर्न ब्याडको माटो नचलाइकन पहिले नर्सरीमा राख्न माटोको मिश्रण बनाए जस्तै बाहिरबाट माटो ल्याई प्राङ्गारिक मल मिसाई मिश्रण तयार गरी उकेरा दिनुपर्छ ।

## सिँचाइ

आलु बालीमा कहिले पनि जग्गा सुख्खा राख्नु हुँदैन किनकि जग्गा सुख्खा भयो भने आलुको गेडाको राम्रो वृद्धि हुँदैन । आलु गेडा वृद्धि गर्नको लागि समय समयमा पानीको आवश्यकता परेको हुन्छ । त्यही भएर आलुको गेडा वृद्धि गर्न र उत्पादन बढाउन आलु लगाएको जग्गामा समय समयमा पानीको आवश्यकतालाई ध्यान दिएर हल्का सिँचाइ गर्नुपर्दछ ।

आलु बालीमा आलु खन्नुपूर्व १५-२० दिनसम्म आलुलाई पानीको आवश्यकता पर्ने हुँदा सिँचाइ गरिरहनुपर्ने हुन्छ । तर आलु खन्नुभन्दा ७-१० दिन अगाडि सिँचाइ गर्न बन्द गर्नुपर्दछ ।

## बोट उखेल्ने (हल्मपुलिङ)

साधारणतया बेर्ना सारेको ९० दिनपछि आलुका दानाहरूलाई माटोमुनि रहन दिई बोटहरू उखेल्ने गर्नु पर्दछ । जसले गर्दा आलुका दाना छिपिन पाउँछ र आलु खन्दा आलुमा चोटपटक लाग्ने कम सम्भावना हुन्छ । आलु बियाँबाट लगाएका बाली दाना बीउ लगाएको तुलनामा बोटहरू स्वस्थ र बढी हरियो रंग हुने भएकोले बोट धेरै दिनसम्म बाँच्न सक्दछ । तर आलु फल्ने दाना बढ्ने कार्य भने ८०-१०० दिन भित्र पूरा भइसकेको हुन्छ । यस्तो अवस्थामा लाही कीराको प्रकोप भई भाइरस रोग सर्न सक्ने अवस्था सृजना हुने र आलुको दाना ठूलो हुने हुँदा बोट उखेल्नु (हल्मपुलिङ) आवश्यक छ ।

## आलु खन्ने ग्रेडिङ तथा भण्डारण

बोट उखेलिसकेको ७-१० दिनपछि मात्र आलु खन्ने काम गर्नुपर्छ । आलु खन्दा होसियारीपूर्वक आलुलाई चोटपटक नलाग्ने गरी खन्नुपर्छ । आलु खनिसकेपछि आलु लगेर २-३ दिन हावा खल्ने तर घाम नआउने ठाउँमा फिजाएर राख्नु पर्दछ । यसरी हावामात्र खेल्ने ठाउँमा आलु राख्दा आलुमा टाँसिएर बसेको माटो तथा झारपातहरू सुकेर तल झरेर जाने हुन्छ । यसले गर्दा आलु सफा भएर राम्रो देखिन्छ ।

आलुलाई भण्डारण गर्नको लागि आलुको आकारअनुसार कोल्ड स्टोरमा राख्ने वा रष्टिक स्टोरमा भण्डारण गर्ने हो । त्यसको लागि आलुको तौल ५ ग्रामभन्दा सानो ५-१० ग्रामसम्मको, १०-२० ग्रामसम्मको र २० ग्रामभन्दा ठूलो छुट्याई सो आलु सुरक्षितपूर्वक भण्डारण गर्नुपर्छ ।

## नर्सरीमा बेर्ना उत्पादन गरी मुख्य खेतमा बेर्ना सारी आलु खेती गर्ने तरिका

यस तरिकामा नर्सरी ब्याडमा आलुका बियाँ रोपी बेर्ना तयार गरी बेर्ना तयार भएपछि आलु रोप्ने जग्गामा बेर्ना सार्ने काम हुन्छ । सोबाट उत्पादन भएको आलुमध्ये बीउ साइज तथा सोभन्दा सानो भएका आलुहरू अर्को वर्षमा सो सानो आलु बीउमा प्रयोग गर्न सकिन्छ । ठूलो आकारमा फलेका आलुका दाना उत्पादन भएकै वर्ष खानको लागि प्रयोग गर्न सकिन्छ ।

## बीउको दर

एक रोपनी जग्गामा आलुको बेर्ना सार्न ४.५ ग्राम

बीउको आवश्यकता पर्दछ। सो आलुको बियाँबाट सरदर ४५०० वटा बेर्ना उत्पादन हुन्छ। उक्त बेर्ना एक रोपनी जग्गामा बेर्ना सार्नका लागि पुग्ने हुन्छ।

यसै गरी १ कट्ठा जग्गामा आलु खेती गर्न बेर्ना सार्नको लागि आलुको बीउ ३ ग्राम बीयाँको आवश्यकता पर्छ। यसको लागि ३ वर्ग मिटरको नर्सरी ब्याड बनाउनु पर्दछ। यसबाट करिब ३००० वटा बेर्ना रोप्नको लागि तयार भएको हुन्छ। जो १ कट्ठा जग्गामा बेर्ना सार्नलाई पुग्ने हुन्छ।

## नर्सरी ब्याड तयार गर्ने तरिका

नर्सरी ब्याड तयार गर्ने तरीका माथि उल्लेख गरे जस्तै नै गर्ने हो। यतिमात्र फरक छ कि स-साना बीउ दाना तयार गर्ने र बियाँ रोप्दा १० से.मि. को लाइन बनाई लगातार रूपमा पातलोसँग बियाँ खसाल्नु पर्दछ।

## मुख्य जग्गा तयारी

आलु खेती गर्नको लागि खेतमा आलुको बेर्ना सार्नुअघि साधारण आलु खेती गर्ने बेलामा जस्तै सिफारिस गरेअनुसारको मलखाद्को प्रयोग गरी पूर्व पश्चिम फर्किने गरी ड्याङ बनाउनु पर्दछ। दुई ड्याङको बिचको दुरी ६० से.मि. र ड्याङको उचाइ २० से.मि. को राख्नुपर्छ।

## बेर्ना सार्ने

माथि उल्लेखित साइजको ड्याङ बनाइसकेपछि सो ड्याङमा बेर्ना सार्नु अघिल्लो दिन वा एक दिन अगाडि ड्याङ आधा भाग भिज्ने गरी सिँचाइ गर्नुपर्छ। सो सिँचाइ गरेको पानी ड्याङले सोसिसकेपछि माथिल्लो चिस्यान भएको भागमा साँझपख बेर्नाबाट बेर्ना २० से.मि.को फरकमा सार्नु पर्छ। बेर्ना सार्दा हाम्रो ड्याङ पूर्व पश्चिम फर्किने गरी राखेका छौँ भने बेर्ना रोप्दा सो ड्याङको उत्तरपट्टिको पाटामा मात्र बेर्ना सार्ने गर्नुपर्छ। दुबै पाटामा बेर्ना सार्नु हुँदैन।

आलुको बियाँ नर्सरीमा खसालेको २०-२५ दिनभित्र बेर्ना तयार हुन्छ र मुख्य जग्गामा बेर्ना सारिसक्नु पर्छ। त्यस दिनभित्र बेर्ना सार्न सकिएन भने सो बेर्नामा नै आलुका दाना लाग्न सुरू भएको हुन्छ। बेर्ना सारिसकेपछि बेर्ना राम्ररी, नसरुन्जेल बिहान र बेलुका हजारीले हल्का राम्ररी सिँचाइ गर्नुपर्छ। त्यस्तै ७-१० दिनको फरकमा पानीसँग ०.१ प्रतिशत युरिया मल मिसाई माथि उल्लेखित गरेअनुसार हजारीले सिँचाइ गर्नुपर्छ। यसरी सिँचाइ गरेमा बेर्नाको वृद्धि राम्रो भएर आउँछ।

## उकेरा दिने

बेर्ना सारेको २०-२५ दिन भएपछि पहिलोपल्ट उकेरा दिने काम गर्नुपर्छ। बेर्ना सार्दा हामीले ड्याङको उत्तरतर्फको पाटामा बेर्ना रोपेको हुनाले पहिलो उकेरा दिँदा सोही ड्याङको माथिल्लो माटोले उकेरा दिने र दोस्रो उकेरा दिने समय पहिलो उकेरा दिएको २०-२५ दिनपछि दिनुपर्छ। दोस्रो उकेरा दिने बेलामा अर्को ड्याङको एकचौथाइ माटो ल्याई उकेरा दिने गर्नुपर्छ। तेस्रो पटक उकेरा दिँदा दोस्रो पटक उकेरा दिएको २०-२५ दिनपछि अर्को ड्याङको अघिल्लो भाग माटो ल्याई उकेरा दिनुपर्छ।

यसरी उकेरा दिँदा अन्तमा बेर्ना सारेको भाग ड्याङको मध्य भागमा पर्न आउँछ। यसरी जग्गाको तयारी गर्दा बनाएको ड्याङको मध्य भाग ड्याङको खोल्सा बन्न जान्छ।

## आलु बियाँबाट आलु खेती गर्दा अपनाउनु पर्ने सावधानीहरू

१. दिनको तापक्रम ३० डि. से. भन्दा बढी भएमा छापो बनाएर बियाँलाई घामबाट जोगाउनु पर्छ।
२. चिसो ठाउँमा तापक्रम बढाउन नर्सरी ब्याडमा प्लास्टिकको सुरुङ बनाउनु पर्छ।
३. पानी जम्न नदिनको लागि नर्सरी ब्याड बनाउँदा सतहभन्दा केही उचाइ हुने गरी बनाउनु पर्छ।
४. रोग तथा कीराको प्रकोप भएमा सिफारिसअनुसारका विषादी छर्कनु पर्छ।
५. युरिया मलको स्प्रे गर्दा सिफारिस मात्राभन्दा बढी हुन गएमा कलिला बेर्नाहरू डढ्न सक्छ। त्यसैले सिफारिस अनुसार मात्र प्रयोग गर्नुपर्छ।
६. आलुका बीयाँहरू मसिनो हुने हुनाले बियाँ रोप्दा एक ठाउँमा धेरै खस्न गएमा बीउको दर बढी हुन जान्छ।
७. आलुको बियाँ माटोमा गहिरो गरी पुरिएमा वा चिस्यानको कमी भएमा बियाँ उम्रिन ढिलो हुन जानुका साथै बियाँ नउम्रन पनि सक्छ।
८. माटो चढाउन वा उकेरा दिन ढिलो भएमा आलु फल्ने त्याम्दाहक हाँगामा परिणत भई आलुको उत्पादनमा कमी हुनसक्छ।

**सन्दर्भ सूची**

आलु विकास शाखा, खुमलटार-ललितपुर
राष्ट्रिय आलु बाली अनुसन्धान कार्यक्रम, खुमलटार
कृषि सूचना तथा सञ्चार केन्द्र, हरिहर भवन

## तस्विरमा केही गतिविधि



बिस्का जात्रा तथा नयाँ वर्षको २०८२ को शुभकामना र्याली तथा सभा (चैत २८ गते)



विद्यार्थीहरूमा रहेको व्यवसायिक प्रतिभालाई प्रवर्द्धन गर्ने उद्देश्यले 'दोस्रो ख्वप हाटबजार' कार्यक्रम (चैत २७ गते)



बिस्का जात्रा २०८१ सम्बन्धी तयारी बैठक (चैत २६ गते)



कर्मचारी एशोसिएसनद्वारा प्रकाशित २०८२ सालको भित्तेपात्रो सार्वजनिकीकरण कार्यक्रम (चैत २६ गते)

# तस्बिरमा केही गतिविधि



६ महिने आधारभूत सिलाइ, बुटिक र हेयर कटिङ प्रशिक्षण समापन तथा प्रमाणपत्र वितरण कार्यक्रम (चैत २९ गते)



बिस्का जात्रा र नयाँ वर्ष २०८२ सालको उपलक्ष्यमा भक्तपुर नगरपालिकामा कार्यरत सफाइकर्मीहरुबिच शुभकामना आदानप्रदान कार्यक्रम (चैत ३० गते)



उपप्रमुख रजनी जोशीद्वारा राष्ट्रिय समावेशी आयोगका कार्यवाहक अध्यक्ष माननीय विष्णुमाया ओझालाई भनपाका प्रकाशनहरू हस्तान्तरण (वैशाख ८ गते)



वंशगोपाल फल्चा उद्घाटन तथा हिसाब सार्वजनिकीकरण (चैत २६ गते)

## तस्विरमा केही गतिविधि



प्रमुख सुनिल प्रजापतिसँग नेपालगञ्ज उपमहानगरपालिकाका प्रमुख प्रशान्त विष्ट भक्तपुर जिल्लाका पूर्व प्रमुख जिल्ला अधिकारी खगेन्द्रप्रसाद रिजाल, बिमल डाँगी र सुदिप भट्टको भेटघाट (वैशाख ५ गते)



नगर प्रमुख प्रजापतिसमक्ष विद्यालय अनुगमन तथा प्राविधिक सहयोग समितिको वार्षिक प्रतिवेदन हस्तान्तरण ( वैशाख १२ गते)



भक्तपुर नगरपालिकाभित्र कार्यरत महिला सामुदायिक स्वास्थ्य स्वयम्सेविकाहरुको भेला तथा नयाँ वर्ष २०८२ को शुभकामना आदान प्रदान कार्यक्रम (२०८१ चैत २९ गते)



नास हैमा बाजा खलको बिस्का विशेष सांस्कृतिक कार्यक्रम (२०८१ चैत २७ गते)

भक्तपुर नगरपालिकाको आयोजनामा २०८१ चैत २३, २४ र २५ गते सम्म सञ्चालन भएको अन्तर- नगर जिम्नास्टिक प्रतियोगितामा भएका गतिविधिहरूको केही झलक









# विश्व शान्तिका महानायक गौतम बुद्ध



न्हुछेरत्न बुद्धाचार्य

**"ठूलो ढुङ्गालाई हावाले हल्लाउन नसकेझैं सांसारिक निन्दा प्रशंसाले ज्ञानी व्यक्तिलाई हल्लाउन सक्दैन ।"- *गौतम बुद्ध***

प्राचीन नेपालमा शाक्यहरूको कपिलवस्तु नाउँको एउटा प्रसिद्ध गणतन्त्र राज्य थियो । यो राज्य गण्डकी तथा राप्ती नदीको माझमा थियो । यो राज्यको सिमाना उत्तरमा हिमालय र दक्षिणमा लुम्बिनी थियो । शाक्यहरूको निर्वाचित नेता नै राजा कहलाउँथे । शुद्धोदन शाक्यहरूको निर्वाचित राजा थिए । ईसा पूर्वभन्दा ६ शताब्दीअघि शुद्धोदन शाक्यहरूको शासन थियो । आफ्ना बाबुको घर जाँदा महामायाले लुम्बिनीमा एउटा रुखको मुनि एउटा छोरा पाइन्, जसको नाउँ सिद्धार्थ राखियो । यी नै सिद्धार्थ पछि बुद्धका नामले प्रख्यात भए ।

सिद्धार्थ जन्मेको पाँचौं दिनपछि महामायाको मृत्यु भयो । तसर्थ, सिद्धार्थको लालनपालन उनकै कान्छी आमा प्रजापतिले गरिन् । सिद्धार्थको पालनपोषण बहुतै प्यारबाट गरियो । सिद्धार्थको बिहे यसोधरासँग भयो । तिनको राहुल नाउँको एउटा छोरो पनि भयो । उन्नतीस वर्षको उमेरमा जब सिद्धार्थ राजमहलबाट बाहिर घुम्न निस्के तब उनले क्रमशः एउटा बुढो, एउटा रोगी र अन्त्यमा एउटा मरेको मान्छे देखे । उनले यस विषयमा आफ्नो सारथीसँग सोधे, "तदुपरान्त एक दिन सबै बुढो हुनुपर्छ, सबै बिरामी पर्छन् र अन्त्यमा एक दिन सबैले मर्नु पर्छ" भन्ने कुरा सिद्धार्थलाई ज्ञात भयो । त्यसैले उनको मन मानव जातिलाई दुःखको फन्दाबाट छुटकारा (मुक्ति) दिलाउन ज्ञानको खोजीमा निलिप्त भयो ।



एक रात उनी स्त्री, पुत्र, आमाबाबु, कुटुम्ब परिवार सबैलाई छोडेर घरबाट निस्किए । उनको यो यात्रालाई महाभिनिष्क्रमण नामले सम्बोधन गरिन्छ । सबभन्दा पहिले सिद्धार्थ मगधको राजधानी राजगृह गए । मगधका राजा विम्विसारले भनेकी उनी उनको सेनामा भर्ती होऊन् । तर सिद्धार्थले यो प्रस्ताव स्वीकार गरेनन् । ज्ञानको खोजीमा उनी चिन्तित थिए । तसर्थ, उनले चिन्तित र तपस्या गर्ने तरिका सिके । अनि पाँच जना साधुहरूसँग उनले गयाको जङ्गलमा तपस्या गरे । उपवास र अल्प भोजन गर्नाले जब उनको शरीर निर्बल भयो तब उनले उपवास र अल्प भजन गर्न छाडिदिए ।

त्यसपछि उनलाई तिनका साथीहरूले छोडिदिए र उनको टीकाटिप्पणी गर्न लागे । सिद्धार्थ गाउँलेहरूसँग जे पाउँथे त्यही खाएर बस्थे । एकदिन सुजाता नाउँकी एउटी केटीले उनलाई खीर पकाएर खुवाइन् । त्यसपछि सिद्धार्थले पीपलको रुखमुनि बसेर चिन्तन गरे । त्यहाँ उनलाई ज्ञान प्राप्ति भयो । त्यसै दिनदेखि सिद्धार्थ 'बुद्ध' का नामले प्रसिद्ध भए । बुद्धले सबभन्दा पहिले पुराना पाँच जना मित्रहरूलाई शिक्षा दिए । त्यसपछि उनले घुमीघुमी आफ्नो शिक्षालाई प्रचार गरे । बुद्धको शिक्षा बौद्ध धर्मका नाउँले फैलियो । बुद्धको शिक्षा यसप्रकारको छ -

१) संसारमा दुःख छ ।
२) दुःख अज्ञानताबाट पाइन्छ ।
३) अज्ञानता पन्छाउन सकिन्छ ।
४) अज्ञानता आठ प्रकारबाट पन्छाउन सकिन्छ-

क) माथिका चारै शिक्षालाई सम्झने शक्ति हुनुपर्छ ख) असल आकाङ्क्षा हुनुपर्छ ग) मिठो बोली हुनुपर्छ घ) असल आचरण हुनुपर्छ ङ) असल जीविका हुनुपर्छ च) असल प्रयास हुनुपर्छ छ) असल मगज हुनुपर्छ ज) असल चिन्तन हुनुपर्छ बुद्धले भने, "मानिस आफ्नै कर्महरूका आधारले सुख दुःख पाउँछन् ।"

सांसारिक जन्म मृत्युका बन्धनबाट मुक्ति पाउनको लागि मानिसले आफ्ना इच्छाउपर विजय पाउनु पर्छ । माथिका शिक्षाको उपदेश पालन गर्नाले नै मानिसले तिनमा विजय पाउन सक्नेछन् ।

बुद्धले आफ्ना शिक्षालाई तीन भागमा विभाजित गरेका छन्- १) प्रजन ( बौद्धिक सिद्धान्त) २) शील (नैतिक सिद्धान्त) ३) समाधि (आध्यात्मिक सिद्धान्त)

गौतम बुद्ध ८० वर्षको उमेरमा यस संसारबाट बिदा भए । बुद्धले अहिंसा र शान्तिको पाठ यस संसारलाई दिए । उनी नेपाल र भारतका मात्र शुभचिन्तक थिएनन् विश्वकै शुभचिन्तक थिए ।

सन्दर्भ : २०६९ औं बुद्ध जयन्ती

# ल्याटिन अमेरिकामा साम्राज्यवाद र गैरसरकारी संस्थाहरू

जेम्स पेट्रास

सन् १९८० का सुरुका वर्षसम्ममा नव–उदारवादी शासकवर्गको बढी संवेदनशील क्षेत्रले आफ्नो नीतिबाट समाजलाई धुव्रीकरणतर्फ लगिरहेको र ठूलो मात्रामा सामाजिक असन्तोषलाई चर्काइरहेको अनुभव गऱ्यो । नवउदारवादी राजनीतिज्ञहरूले 'तलबाट' को एक 'समानान्तर' रणनीति सुरु गरे । आपसमा नमिलेका मुख्य–मुख्य वर्गहरूमा मध्यस्थता गरी 'राजनेताहरूविरोधी' सिद्धान्तमार्फत 'प्रारम्भिक' सङ्गठनलाई बढाउन, 'सामाजिक संरक्षण' निर्माण गर्न आर्थिक सहयोग गर्न र बढावा दिन सुरु गरे ।

यस्ता सङ्गठनहरू वित्तीय हिसाबले नव–उदारवादी स्रोतमा निर्भर थिए । तिनीहरू स्थानीय नेता एवं सक्रिय समुदायहरूको विश्वास जित्न अन्य सामाजिक, राजनैतिक आन्दोलनसँग प्रतिस्पर्धा गर्न प्रत्यक्ष संलग्न थिए । सन् १९९० का वर्षहरूमा 'गैर–सरकारी' भनिने यस्ता सङ्गठनहरूको सङ्ख्या हजारौँ पुग्यो र विश्वव्यापीरूपमा तिनीहरूले झन्डै ४ अरब अमेरिकी डलर सहायता पाइरहे ।

## नव-उदारवाद तथा गैर-सरकारी सङ्गठनहरू

गैरसरकारी संस्थाहरूको राजनैतिक चरित्रबारे तानाशाही शासकका दिनहरूमा १९७० को दशकको सुरुमा केही भ्रमहरू उत्पन्न भएको थियो । त्यस अवधिमा यस्ता संस्थाहरू सैनिक अधिनायकवादको शिकार भएकाहरूलाई सहायता प्रदान गर्न तथा मानव अधिकार उल्लङ्घनको निन्दा गर्न सक्रिय थिए । नव–उदारवादी अधिनायकवादीहरूले गरेको दुःखद व्यवहारको प्रथम झट्काबाट जोगिनको लागि 'सहयोगको रूपमा' (Soup kitchens) यस्ता गैर–सरकारी संस्थाहरूले समर्थन गरेका थिए । त्यस अवधिमा वामपन्थीहरूमा समेत गैर–सरकारी संस्थाहरूको राम्रो छाप परेको थियो । तिनीहरूलाई 'प्रगतिवादी शिविर' को अङ्गको रूपमा लिइयो ।

तैपनि, गैर–सरकारी संस्थाका सीमाहरू प्रस्टिँदै गए । स्थानीय अधिनायकवादीहरूको मानव अधिकार उल्लङ्घनको निन्दा गरे पनि तिनीहरूले आफूलाई धन उपलब्ध गराउने तथा सल्लाह दिने अमेरिकी तथा युरोपेली संरक्षकहरूलाई कहिलेकाहीँ मात्र निन्दा गर्थे । साथै तिनीहरूले त साम्राज्यवादी व्यवस्था, नव–उदारवादी नीति एवं मानव अधिकारका उल्लङ्घनलाई नयाँ मोड दिनेतर्फ पनि गम्भीर प्रयास गरे । प्रस्टतः धनको बाह्य स्रोतको निर्भरताले गर्दा साम्राज्यवादी व्यवस्थाको आलोचना तथा मानव अधिकारका कार्यको परिधिलाई सीमित पाऱ्यो ।

सन् १९८० को दशकका वर्षहरूमा नवउदारवादप्रति विरोध बढ्दै जाँदा अमेरिकी तथा युरोपेली सरकारहरू एवं विश्व बैङ्को गैर–सरकारी संस्थाहरूलाई दिने कोष बढ्दै गयो । नव–उदारवादी नमुनालाई हाँक दिने सामाजिक आन्दोलनको वृद्धि तथा गैर–सरकारी सङ्गठनमार्फतको वैकल्पिक सामाजिक कार्यको सृजनाबाट त्यसलाई अन्तरध्वंस गर्ने प्रयासका बिच प्रत्यक्ष सम्बन्ध थियो । गैर–सरकारी संस्थाहरू र विश्व बैङ्कबिचको साझा बिन्दु 'स्थापित' सरकारको विरोधमा थियो । सतहमा हेर्दा नागरिक समाजको पक्ष लिँदै वामपन्थी दृष्टिकोणबाट गैर–सरकारी संस्थाहरूले राज्यको आलोचना गर्थे भने दक्षिणपन्थीहरू बजार अर्थतन्त्रको नाउँमा त्यसको आलोचना गर्थे । यथार्थमा भने विश्व बैङ्क, नव–उदारवादी सरकारहरू तथा पश्चिमेली प्रतिष्ठानले बहुराष्ट्रिय



कम्पनीबाट शिकार भएकाहरूलाई उद्धार गर्ने सामाजिक सेवा प्रदान गरी राष्ट्रिय लोककल्याणकारी राज्यलाई अन्तरध्वंस गर्न गैर-सरकारी संस्थाहरूलाई अँगाल्थे र प्रोत्साहन गर्थे। अर्को शब्दमा भन्ने हो भने माथि रहेका नव-उदारवादी सरकारहरूले सस्तो निर्यातबाट आएका वस्तुहरू देशमा छ्यापछ्यापती पारेर समुदायलाई ध्वस्त पार्ने, बाह्य ऋण तिर्न धन सोहर्ने, श्रम कानुन उल्लङ्घन गर्ने तथा आम्दानी घटाउने र बेरोजगार मजदुरहरूको सङ्ख्या बढाउने गर्थे भने 'स्वावलम्बन' योजना, 'जनशिक्षा' तथा पेसागत प्रशिक्षणद्वारा स-साना दरिद्र समूहलाई अल्झाउन र स्थानीय नेतालाई सहवरण गर्न तथा व्यवस्थाविरोधी सङ्घर्षलाई भित्रभित्र भाँड्ने गैर-सरकारी सङ्गठनहरूलाई धन जुटाइरहेका हुन्थे।

गैरसरकारी संस्थाहरूले नवउदारवादको माथिल्ला नेताहरूसँग निकट सम्बन्ध राख्थे र नव-उदारवादका 'समुदायको मुहार' हुन जान्थे तथा स्थानीय परियोजनाहरूबाट तिनीहरू ध्वंसात्मक कार्यलाई थप बल पुऱ्याउँथे। यथार्थमा नव-उदारवादीहरूले 'पेन्चिस' रणनीति अथवा दोधारे रणनीति अवलम्बन गर्थे। दुर्भाग्यवस वाम पक्षका धेरै मानिसहरूले माथि र बाहिर (अन्तर्राष्ट्रिय मुद्राकोष, विश्व बैङ्क) मात्र ध्यान दिए। तर, बाह्य नवउदारवादलाई गैरसरकारी संस्थाहरू र स-साना उद्यमहरूतिर ध्यान दिएनन्। बेवास्ताका प्रमुख कारण धेरै पुराना मार्क्सवादीहरूको गैर-सरकारी संस्थाको उद्देश्य एवं व्यवहारप्रतिको दृष्टिकोणमै परिवर्तन थियो। वर्ग राजनीतिबाट 'सामुदायिक विकास' तर्फको अस्थायी यात्रा नै राज्यविरोधी सिद्धान्तको स्वीकृतिपत्र थियो, त्यस्तै मार्क्सवादबाट गैर-सरकारी संस्थाहरूतर्फको यात्रा थियो।

त्यसकारण, गैर-सरकारी संस्थामा आस्था राख्नेहरूले 'राज्य' सत्ताविरुद्ध 'स्थानीय' सत्तालाई तेर्स्याए। तिनीहरू के तर्क गर्छन् भने 'राज्य' सत्ता आफ्ना नागरिकहरूबाट टाढा, स्वायत्त तथा स्वेच्छाचारी हुन्छ तथा यसले आफ्ना नागरिकहरूभन्दा भिन्न एवं तिनका विरुद्धको हित विकसित गर्ने प्रवृत्ति देखाउँछ भने 'स्थानीय' सत्ता जनताप्रति अनिवार्यतः बढी निकट एवं उत्तरदायी हुन्छ। यसको विपरीत सत्य साबित भएका ऐतिहासिक मुद्दालाई छोडेर हेर्दा राज्य तथा स्थानीय सत्ता 'बिचको' नैसर्गिक सम्बन्धलाई नै अलग्याउँछ। साधारण सत्य अर्थात् प्रभुत्वकारी शोषकवर्गले चलाएको राज्य सत्ताले प्रगतिवादी स्थानीय प्रयासलाई छिन्नभिन्न पार्छ भने प्रगतिवादी शक्तिको हात भएको सोही सत्ताले यस्ता प्रयासलाई पुनः सुदृढीकरण गर्नसक्छ।

स्थानीय स्वतन्त्र बजारवादी सरकारहरू, स्थानीय सङ्गठनहरू तथा नव-उदारवादी विदेशी दाता संस्थाहरू ( विश्व बैङ्क, युरोप वा संयुक्त राज्य अमेरिका) बिच दलालको भूमिका गैर-सरकारी संस्थाहरूले खेल्छन् भन्ने कुरा पुष्टि गर्न नै राज्यविरुद्ध स्थानीय सत्तालाई राखिन्छ। तर, यसको प्रभाव भने राष्ट्रिय र अन्तर्राष्ट्रिय राजनैतिक आन्दोलनहरूले स्थानीय सङ्घर्ष एवं सङ्गठनहरूको सम्बन्ध विच्छेद गरी नव-उदारवादी सरकारलाई सेवा पुऱ्याउँछ। 'स्थानीय गतिविधि' मा जोड दिँदा नवउदारवादी सरकारहरूको सेवा हुन्छ किनभने यसले बाह्य तथा घरायसी समर्थकहरूलाई बृहत् आर्थिक-सामाजिक नीतिमा प्रभुत्व जमाउन तथा पुँजीपति एवं वित्तीय संस्थानका लागि निर्यात सुविधा दिन राज्यका सबै स्रोतहरूलाई उपयोग गर्न अनुमति दिन्छ।

त्यसैले, नव-उदारवादीहरूले नाफा हुने राज्यका सम्पत्ति व्यक्तिगत धनीहरूलाई हस्तान्तरण गर्छन् र गैर-सरकारी संस्थाहरू श्रमिक सङ्घको प्रतिरोधको अङ्ग थिएनन्। यसको विपरीत गैरसरकारी संस्थाहरू त स-साना उद्योगमा जोड दिँदै निजी व्यवसायको विषय (स्वावलम्बन) लाई, स्थानीय समुदायलाई अघि सार्दै र 'स्थानीय निजी' योजनाका कार्यमा व्यस्त थिए। 'राज्यको विरोध' र नागरिक समाजहरूको निर्माणको नाममा गैर-सरकारी संस्थाहरूले स-साना आकारका पुँजीपतिहरू र एकाधिकारवादीहरूको माझ एक सैद्धान्तिक पुलको निर्माण गरे। निजीकरणबाट धनीहरूले विशाल वित्तीय साम्राज्य हात पारे भने गैर-सरकारी संस्थाहरूका मध्यम वर्गीय व्यवसायिक व्यक्तिहरूले कार्यालय चलाउन, आवागमनका लागि एवं साना तिना आर्थिक गतिविधिका लागि केही रकम पाए।

महत्त्वपूर्ण राजनैतिक कुरो के हो भने गैर-सरकारी संस्थाहरू जनताका समूहरूलाई 'राजनीतिबाट टाढा' राख्थे, सार्वजनिक कर्मचारीतर्फको आफ्नो प्रतिबद्धतालाई बेवास्ता गर्ने तथा स-साना परियोजनाहरूका उठ्दो नेताहरूलाई हातमा लिन्थे। गैर- सरकारी संस्थाहरू सार्वजनिक शिक्षक सङ्घर्षबाट परै बस्थे। किनभने, नवउदारवादी शासकहरू सार्वजनिक शिक्षा एवं शिक्षाविद्हरूलाई असफल पार्न खोज्थे। कम ज्याला एवं बजेट कटौतीविरोधी हडताल र विरोधहरूलाई गैर-सरकारी संस्थाहरूले समर्थन गर्दैनथे। नव उदारवादी सरकारहरूबाटै आफ्नो धन प्राप्त गर्ने भएकोले सङ्घर्षमा तिनीहरू सार्वजनिक शिक्षाविद्हरूसँग ऐक्यबद्धता गर्न चाहँदैनथे। व्यवहारमा 'गैर-सरकारी' संस्थाहरू सार्वजनिक खर्चको गतिविधिको विरोधमा अभिव्यक्ति दिन्थे अर्थात् नव-उदारवादीहरूलाई ठूलो धनराशी स्वतन्त्रतापूर्वक पुऱ्याउँथे, पुँजीपतिहरूलाई निर्यात सुविधा दिन र सरकारबाट गैर-सरकारी संस्थाहरूलाई सानातिना रकममात्र दिन लगाउँथे।

साँच्चै भन्ने हो भने गैर–सरकारी संस्थाहरू 'गैर–सरकारी' होइनन्। तिनीहरूले समुद्रपारका देशका सरकारहरूबाट धन प्राप्त गर्छन् अथवा स्थानीय सरकारका निजी उपठेकेदारहरूका रूपमा काम गर्छन्। तिनीहरूले आफ्नै देशको अथवा समुद्रपारका सरकारी संस्थासँग खुलारूपमा बरोबर सहकार्य गर्छन्। यस्तो 'उपठेकेदारीले' अनिश्चित पेशेवरलाई उपयोग गरी निश्चित करार भएका पेशेवरलाई पन्छाउँछन्। लोककल्याणकारी राज्यले उपलब्ध गराउने दीर्घकालीन कार्यक्रमहरू गैर–सरकारी संस्थाहरूले प्रदान गर्न सक्दैनन्। यसको सट्टा तिनीहरूले समुदायका साँगुरो समूहलाई सीमित सेवा प्रदान गर्छन्। अझ महत्त्वपूर्ण कुरा के हो भने तिनका कार्यक्रम स्थानीय जनताप्रति उत्तरदायी नभई समुद्रपारिका दाताहरूप्रति उत्तरदायी हुन्छन्। यस अर्थमा 'स्थानीय जनता' एवं तिनले निर्वाचित गरेका अधिकारीहरूका 'हातबाट सामाजिक कार्यक्रम झिकी' अनिर्वाचित समुद्रपारका अधिकारीहरू एवं तिनका पिछलग्गू स्थानीय कर्मचारीमा निर्भर गराई गैर–सरकारी संस्थाहरूले प्रजातन्त्रकै जरा काट्ने गर्छन्।

गैर–सरकारी संस्थाहरूले राष्ट्रिय बजेटबाट जनताको ध्यान एवं सङ्घर्षलाई अन्तै मोड्छन् र स्थानीय सामाजिक सेवा प्राप्त गर्न आफ्नो गतिविधितर्फ ध्यान आकर्षित गर्छन्। तिनीहरूले नव–उदारवादीहरूलाई सामाजिक बजेट कटौती गर्न दिन्छन् तथा निजी बैङ्कमा डुबेको ऋणलाई सुविधा दिन तथा निर्यातकर्तालाई ऋण दिन सरकारी कोष रकमान्तर गर्न स्वीकृति दिन्छन्। स्वशोषण (स्वावलम्बन) को अर्थ के हो भने श्रमिक वर्गले सरकारलाई कर तिरिराखेबापत केही प्राप्त नगर्ने त छँदै छ, तिनीहरूले पुँजीपतिवर्गलाई राज्यबाट प्राप्त गरिरहेको सेवा पाउन सीमित स्रोतसहित थप घण्टाको काम गर्नुपर्छ र दुर्लभ शक्ति लगाउनुपर्ने हुन्छ। अझ बढी मूलभूतरूपमा 'निजी स्वेच्छाको गतिविधि' को गैर–सरकारी संस्थाहरूको सिद्धान्तले 'सार्वजनिक' भावनालाई छिन्नभिन्न पार्छ अर्थात् सरकारको आफ्ना नागरिकहरूलाई हेरचाह गर्ने तथा तिनीहरूलाई जीवन, स्वतन्त्रता तथा सुख प्राप्ति गराउने राज्यको राजनैतिक 'दायित्व' लाई छिन्नभिन्न पार्छन्। सार्वजनिक दायित्वको यो दृष्टिकोणविपरीत गैर–सरकारी संस्थाहरूले सामाजिक समस्याको निम्ति निजी जिम्मेवारीको विचार तथा यस्ता समस्या समाधानमा व्यक्तिगत स्रोतहरूको महत्त्वको भावनालाई विकास गर्छन्। यसरी तिनीहरूले गरिब जनतामाथि दोहोरो बोझ थपिदिन्छन्, किनभने तिनले नव–उदारवादी राज्यलाई धनीको सेवा गर्न कर तिर्नुको साथै आफ्ना आवश्यकता पूरा गर्न निजी स्वकार्य गर्न पनि आफूमै भर पर्नुपर्ने गराए।

## गैर-सरकारी संस्थाहरू एवं सामाजिक राजनैतिक आन्दोलनहरू

गैर–सरकारी संस्थाहरूले आयोजनामा जोड दिन्छन्, आन्दोलनमा होइन, तिनीहरूले सीमित उत्पादन गर्न सहभागिता जुटाउँछन्, सङ्घर्ष गरी उत्पादनका साधन तथा धनका आधारभूत साधनहरू नियन्त्रण गर्न सङ्घर्ष गर्दैनन्, तिनीहरू आयोजनाको प्राविधिक र वित्तीय सहयोगमा केन्द्रित हुन्छन्, तिनीहरू जनताको दैनिक जीवनलाई आधारभूत अवस्थामा आकार दिने काम गर्दैनन्। गैर–सरकारी संस्थाहरू वामपन्थी शब्दावली प्रयोग गर्छन् – 'जनताको शक्ति', 'सशक्तीकरण', 'लैङ्गिक समानता', 'दिगो विकास', 'तलदेखि माथिसम्मको नेतृत्व' आदि। व्यवहारिक गतिविधिलाई सङ्घर्षहीन राजनीतिमा सहयोग पुऱ्याई दाता एवं सरकारी संस्थाहरूसँगको संयुक्त लगानीको बनोटसँग यो भाषा मेल खान्छ वा खाँदैन भन्ने नै समस्या हो। गैर–सरकारी संस्थाहरूसँगका स्थानीय गतिविधिको अर्थ के हुन्छ भने 'सशक्तीकरण' को सीमित स्रोतका कारणबाट सामाजिक जीवनको सानो इलाका पार गरी आफ्नो प्रभाव जमाउन सक्दैनन् र नव–उदारवादी राज्य र अत्यन्त सानो अर्थतन्त्रले दिएका अवस्थाभित्र मात्र तिनीहरू सीमित हुन्छन्।

गरिब, स्वास्नीमानिसहरू एवं सामाजिकरूपले हेला गरिएकाहरूमा प्रभाव जमाउन गैर–सरकारी संस्थाहरू तथा तिनका भूतपूर्व मार्क्सवादी व्यावसायिक कर्मचारीहरू, सामाजिक राजनैतिक आन्दोलनसँग प्रत्यक्षरूपले प्रतिस्पर्धा गर्छन्। गरिबीको स्रोत एवं समस्याको समाधानको निम्ति (बाहिर र माथि हेर्नुको सट्टा तल र भित्र हेर्दा) तिनीहरूको सैद्धान्तिक एवं व्यवहारले ध्यान अन्तै मोड्छन्। समुद्रपारिका बैङ्कको शोषणबाट मुक्ति नै समाधान भन्नु सट्टा 'साना उद्योग' भन्नुपर्ने धारणा केमा आधारित छ भने समस्या व्यक्तिगत प्रयासमा आधारित कुरो हो, समुद्रपारि आम्दानी लैजानेमा होइन। गैर– सरकारी संस्थाहरूले जनसङ्ख्याको सानो भागलाई प्रभाव पार्छन्, दुर्लभ स्रोतको समुदायहरूमाझ प्रतिस्पर्धा ल्याउँछन्, आदिवासीहरूको बिचमा भेद र अन्तर चर्काउँछन्, समुदायहरूबिचको भेदलाई उठाउँछन् र गैर–सरकारी संस्थाहरूले वर्गीय ऐक्यबद्धतालाई भाँड्छन्। व्यवसायीहरूबिच पनि यही कुरा लागु हुन्छ – प्रत्येकले समुद्रपारको धन खोज्न आफ्नै गैर–सरकारी संस्थाहरू स्थापना गर्छ। समुद्रपारिका दाताको अनुकूल हुने गरी विभिन्न प्रस्ताव प्रस्तुत गरी तिनीहरू आपसमा प्रतिस्पर्धा गर्छन्, आफ्ना समर्थकका लागि बोलेको दाबी गर्छन्।

यसको खास प्रभाव के हुन्छ भने आफूलाई पिरोल्ने समष्टिगत चित्र हेर्न नसक्ने तथा व्यवस्थाविरोधी सङ्घर्षमा

एकीकृत हुन अझ असक्षम हुने गरी गरिब समुदायहरूलाई क्षेत्रगत एवं उपक्षेत्रगत समूहमा विभाजित गर्ने गैर-सरकारी संस्थाहरूका समूहहरू बढ्दै जानु हो। हालैको अनुभवले के बताउँछ भने यथास्थितिवादविरुद्ध राजनैतिक एवं सामाजिक हाँक आई 'सङ्कट' परेको बेलामा समुद्रपारिका दाताहरूले गैर- सरकारी संस्थाहरूको आयोजनालाई धन उपलब्ध गराउँछन्। यस्तो आन्दोलन शिथिल हुने बित्तिकै तिनीहरूको दान वा सहयोग नव-उदारवादी उद्देश्यमा मिल्ने गरी गैर-सरकारी संस्थाको शैलीको 'संयुक्त लगानी' तर्फ जान थाल्छन्। दान प्राप्त गर्ने कार्यक्रमहरू समाजको परिवर्तनको लागि काम गर्ने सामाजिक सङ्गठनहरूको प्रभुत्व भन्दा 'स्वतन्त्र बजार' प्रणालीसँग मिल्ने आर्थिक विकाससँग मेल खान्छ।

आफ्नो 'अराजनैतिक' रूप तथा स्वावलम्बनतर्फको केन्द्रिकृत स्थिति र गैर-सरकारी संस्थाहरूको बनोट र प्रवृत्तिले गरिबहरूलाई गैर-राजनीतिकरण एवं असङ्गठित बाटोतर्फ धकेल्छ। नव-उदारवादी दल तथा आम सञ्चार माध्यमबाट प्रोत्साहित भएर तिनीहरूले निर्वाचन प्रक्रियालाई सुदृढीकरणातिर लान्छन्। साम्राज्यवादको चरित्र, नव-उदारवादको वर्ग आधार, निर्यातकर्ताहरू एवं अस्थायी मजदुरबिचको वर्गसङ्घर्षबारेको राजनैतिक शिक्षाबाट तिनीहरू पन्छाइए। यसको सट्टा गैर-सरकारी संस्थाहरूले 'पन्छाइएका', 'शक्तिहीन', 'चरम गरिबी', 'लैङ्गिक अथवा जातीय भेदभाव' जस्ता कुराबारे छलफल गर्छन् र समाज व्यवस्थाको बाहिरि कुरा मात्र गरेर त्यसको भित्री तहमा जान चाहँदैनन्। अर्थतन्त्रमा गरिब जनतालाई 'निजी स्वेच्छिक कार्य' बाट समेटेर गैर-सरकारी संस्थाहरूले ऐक्यबद्धताको 'देखावा' र सामाजिक सङ्घर्षको मकुन्डो लगाएर अन्तर्राष्ट्रिय एवं राष्ट्रिय सत्ताको बनोटसँग एक रुढीवादी एकरूपता ल्याउने राजनैतिक संसार निर्माण गर्छन्।

केही क्षेत्रमा गैर-सरकारी संस्थाहरू प्रभावशाली हुनु, स्वतन्त्र वर्गीय राजनैतिक सङ्घर्ष घट्नु, नव-उदारवादबिना कुनै विरोध अघि बढ्नु संयोगमात्र होइन। महत्त्वपूर्ण कुरो के हो भने गैर-सरकारी संस्थाहरूको वृद्धिले नव उदारवादअन्तर्गत जति जति सहायता बढ्दै गयो उति उति जहाँ तहीँ गरिबी चर्कँदै गयो। धेरै स्थानीय सफलताका दाबीहरू हुँदा हुँदै पनि नव उदारवादको समष्टिगत शक्ति विनारोकतोक अगाडि बढ्यो र गैर-सरकारी संस्थाहरू सत्ताभित्र मौका खोज्दै गए।

विकल्पहरू बनाउने समस्यालाई अर्को कारणबाट पनि अवरोध उत्पन्न भयो। गुरिल्ला तथा सामाजिक आन्दोलनका पूर्वनेताहरू, मजदुर सङ्घ तथा नाउँ चलेका स्वास्नीमानिसहरूको सङ्गठनका पूर्वनेताहरूलाई गैर-सरकारी संस्थाहरूले सहयोग गरिरहे। केही व्यक्तिहरू यसबाट सत्ता प्राप्त हुने कारण आफूले राम्रो कुरा गर्न पाउने आशा अथवा भ्रमबाट पनि निःसन्देह आकर्षित भएका देखिए। तर, जे भए पनि लोभलाग्दो मौका (कहिलेकाहीँ डलर र स्टर्लिङ पाउन्डजस्ता विदेशी मुद्रामा), बढी तलब, समुद्रपारिका दाताहरूबाट इज्जत एवं मान्यता, समुद्रपारिका सम्मेलन र संयन्त्रहरू, कार्यालय कर्मचारीहरू तथा तुलनात्मकरूपले दमनबाट सुरक्षाजस्ता लोभमा तिनीहरू फसे। यसको तुलनामा सामाजिक-राजनैतिक आन्दोलनले कम भौतिक फाइदा भए तापनि बढी सम्मान र स्वाधीनता प्राप्त गरे तथा अझ महत्त्वपूर्ण कुरो राजनैतिक एवं आर्थिक व्यवस्थालाई हाँक दिने स्वतन्त्रता प्रदान गरे। जनताका दैनिक उपभोगका सामानहरू घटेको, बजार भाउ अति बढेको, कम मूल्यका आयातीत वस्तुले बजार कब्जा गरेको, त्यसबेला मेक्सिकोमा ज्यादै ब्याजदर बढेको जस्ता कुरा नलेखिकन, गैर-सरकारी संस्थाहरू तथा तिनका समुद्रपारिका बैङ्कका समर्थक (अन्तर अमेरिकी बैङ्क, विश्व बैङ्क) हरूले साना उद्योग एवं अन्य स्वावलम्बन परियोजनाका सफलताका कथाहरू प्रकाशित गरे। यस्ता 'सफलताहरूले' पनि सम्पूर्ण गरिबहरूको एक सानो अंशलाई मात्र असर पारेको थियो र त्यो सफलता पनि अन्य व्यक्ति सोही बजारमा पस्न नसक्नेसम्मको कुरो थियो। निजी स-साना उद्योग व्यवसायको सफलताको प्रचार मूल्य जे जस्तो भए पनि नव-उदारवादको एक लोकप्रिय प्रवृत्ति हो भन्ने भ्रम बढाउनु महत्त्वपूर्ण कुरा थियो। स-साना उद्योग प्रवर्द्धन गर्ने इलाकामा भएका बारम्बारका हिंसात्मक जनताको असन्तोषले के देखाउँछ भने सिद्धान्त प्रभुत्ववादी हुँदैन तथा गैर-सरकारी संस्थाहरूले अझै स्वतन्त्र वर्गसङ्घर्षको आन्दोलनलाई प्रदर्शन गर्न सकेनन्।

अन्तमा, गैर-सरकारी संस्थाहरूले नयाँ प्रकारको सांस्कृतिक एवं आर्थिक उपनिवेशवाद तथा परनिर्भरतालाई हुर्काए। साम्राज्यवादका केन्द्र तथा तिनका संस्थानका 'निर्देशनहरू' तथा प्राथमिकताका आधारमा आयोजनाहरू लागू हुन्थे अथवा अनुमोदित हुन्थे। तिनीहरू लाग गर्थे र समुदायलाई 'बिक्री' गर्थे। साम्राज्यवादी संस्थाहरूद्वारा त्यसको मूल्याङ्कन गरिन्थ्यो र साम्राज्यवादी संस्थानहरूकै निम्ति गरिन्थ्यो। सहायता उपलब्ध गराउने प्राथमिकताको परिवर्तनले अथवा खराब मूल्याङ्कनको परिणामले समूह, समुदाय र कृषि सहकारीहरूलाई डुबाउँथे। दाता एवं आयोजना मूल्याङ्कनकर्ताहरूका मागबमोजिम गर्न र गराउन प्रत्येक कुरा एवं प्रत्येक व्यक्तिमा अनुशासन लाड्दै गए। नयाँ औपनिवेशिक प्रतिनिधिहरूले दाताको लक्ष्य, मूल्य-मान्यता

एवं सिद्धान्तसँगको एकरूपताको सुनिश्चिततालाई निरीक्षण गर्थे र धनको उचित प्रयोग सुनिश्चित गर्थे। 'सफलताहरू' देखापरेका ठाउँहरूमा बाह्य निर्भरता बढेको देखियो र तिनीहरूको सहयोगविना ती सबै डुब्थे।

धेरै किसिमका सङ्गठनात्मक बनोट एवं 'सहयोग' तथा 'प्रशिक्षण' १९ औँ शताब्दीको दानसँग मिल्दोजुल्दो थियो तथा यसका प्रवर्द्धनकर्ताहरू क्रिस्तानी धर्म प्रचारकहरूभन्दा धेरै भिन्न पनि थिएनन्। राज्यको 'संरक्षकत्व एवम् निर्भरतालाई' विरोध गर्दै गैर-सरकारी संस्थाहरूले 'स्वावलम्बनमा' जोड दिए। नव-उदारवादका शिकारहरूलाई हात पार्ने गैर-सरकारी संस्थाहरूको प्रतिस्पर्धामा युरोप तथा संयुक्त राज्य अमेरिका उस्तै संस्थाबाट आर्थिक सहयोग प्राप्त गर्छन्। स्वावलम्बनको सिद्धान्तले सरकारी कर्मचारीको ठाउँमा स्वयंसेवक कार्यकर्ताहरू ल्याउने र माथि जाने गतिशील पेशेवर व्यवसायीहरूको ठाउँमा अस्थायी करारवाला ल्याउन जोड दिए। सम्पन्न वर्गहरूको राज्यको स्रोतबाट 'ध्यान मोडी' र 'गरिबहरूको स्वयं शोषण' तर्फ लगी नव-उदारवादको स-साना अर्थतन्त्रसँग 'ऐक्यबद्धता' लाई संयुक्त लगानीको सहभागितामा रूपान्तर गर्ने आधारभूत दर्शन गैर-सरकारी संस्थाहरूका बुद्धिजीवीहरूको हो।

गैर-सरकारी संस्थाहरूको ठूलो सङ्ख्या विस्तारै नव-उदारवादकै ज्यावल हुँदै गएको बेला अझै एक अल्प सङ्ख्या साम्राज्यवादलाई विरोध गर्ने तथा वर्गीय राजनीतिलाई समर्थन गर्ने वैकल्पिक रणनीतिको निर्माण गर्न प्रयास गरिरहेका थिए। यस्ता कुनै पनि संस्थाले विश्व बैङ्क, युरोपेली सङ्घ अथवा संयुक्त राज्य अमेरिकी सरकारी संस्थाबाट धन पाउँदैनथे। तिनीहरूले स्थानीय शक्तिलाई राज्य सत्ताको सङ्घर्षसँग जोड्ने प्रयासलाई समर्थन गर्थे। तिनीहरूले स्थानीय आयोजनाहरूलाई राष्ट्रिय सामाजिक-राजनैतिक आन्दोलनसँग, ठूलठूला भूमि वा जमिनदारी कब्जा गर्ने, सार्वजनिक सम्पत्ति जोगाउने र बहुराष्ट्रिय कम्पनीहरूको विरोधमा राष्ट्रिय स्वामित्वको आन्दोलनसँग जोड्थे। तिनीहरूले कब्जा गरेको भूमिको सङ्घर्षको सामाजिक आन्दोलनसँग राजनैतिक ऐक्यबद्धता जनाउँथे। वर्गीय दृष्टिकोणसँग जोडिएका स्वास्नीमानिसहरूको आन्दोलनलाई तिनीहरू समर्थन गर्थे। स्थानीय एवं तत्कालीन सङ्घर्षका महत्त्वलाई तिनीहरू राजनैतिक मान्यता प्रदान गर्थे। स्थानीय संस्थाहरूले राष्ट्रिय तहमा लड्नुपर्छ तथा राष्ट्रिय नेताहरू स्थानीय कार्यकर्ताप्रति उत्तरदायी हुनुपर्छ भन्नेमा तिनीहरू विश्वास गर्थे।

*स्रोत : ल्याटिन अमेरिकामा साम्राज्यवाद र गैरसरकारी संस्थाहरू*

## दुई गजल

– नरेन्द्रप्रसाद जोशी

टेबुलमुनि हात मिलाउने कर्मचारी सधैँ पास
इमानदार कर्तव्यनिष्ठ कर्मचारी यहाँ दास

निमुखा गरिब जनता छन् अक्कमक्क
गाह्रो छ धान्न के गर्नु एक मुठ्ठी सास

सोर्स फोर्स नहुनेहरू हुन्छन् दुवा तिर्खि
मान्छे हुने लाटो पनि हुन्छ यहाँ खास

जो गए नि उस्तै कुर्सीमा बस्न जानेको मति
भो पुग्यो अब ए जनता गर्न छाड उसको आस

पापको घडा भरिँदै छ लौ हेरिराखे है
त्यसैले अब ए पापी हुनेछ तिम्रो विनास ॥

● ● ●

षड्यन्त्रको जालोमा फसेँ चुपचाप चुपचाप
ढोका खोल्यौ तिमीले पसेँ चुपचाप चुपचाप

जब देखेँ आँखैले तिम्रो चर्तिकला
आफ्नै नजरदेखि खसेँ चुपचाप चुपचाप

छातीमा मेरो ताण्डव गर्‍यौ तिमीले
निःसहाय भई आफू बसेँ चुपचाप चुपचाप

उठ तिमी उठाऊ जनता पनि
म त उठेँ कम्मर कसेँ चुपचाप चुपचाप

कति सहुँ कति यसै बसुँ
तेल जोश र जाँगरको घसेँ चुपचाप चुपचाप


**आफू बस्ने घर, चोक, टोल र नगर**
**हाम्रो लागि हामी आफै सफा गरौं।**
**सफाइ गर्दा इज्जत घट्दैन**
**बरु सभ्य भइन्छ र**
**रोगबाट समेत मुक्त हुन्छ।**

## Gorky in America (IX)



# The City of the Yellow Devil

Maxim Gorky




It would be a welcome relief to see a drunk with a beaming face come rolling along, jostling, singing, shouting, happy because he is drunk and wishing all good people the same from the bottom of his heart....

Music strikes up, ripping the air to ribbons. The band is bad and the musicians tired, the notes blared forth lack cohesion, limping and unable to keep in step; they race along in a broken line, jostling, overtaking and upsetting one another. For some reason the imagination pictures each note as a sheet of tin to which human likeness has been imparted—a mouth, eyes and an opening for the nose cut out, and long white ears attached. The man swinging a baton over the heads of the musicians who do not pay any attention to him, seizes these bits of metal by the handle like ears and invisibly hurls them aloft. They dash with one another, the air whistles in the mouth slits, and this produces music from which even the dregs horses inured to everything, shy away in fright, twitching their ears nervously as if to shake out the prickly, tinny sounds...

Curious fantasies are bora of this music of beggars for the amusement of slaves. One wants to wrest the biggest of the brass horns from the hands of its player and to blow into it with all one’s might, to blow a blast so long and loud and terrifying that ail should flee from captivity impelled by the horror of that wild sound....

Near the orchestra is a cage with bears. One of them, a fat, brown animal with tiny, crafty eyes, stands in the centre of the cage and shakes his head in measured rhythm. He seems to be thinking:

“I can accept this as rational only if I am shown that it has all been arranged deliberately in order to blind people and to deafen and cripple them. In that case, of course, the end justifies the means.... But if people sincerely believe that all this is amusing, I have no more faith in their mental powers!..

Two other bears sit opposite each other as if playing chess. A fourth, with a serious mien, scrapes at some straw in a corner of the cage, his black claws catching in the bars. There is a look of calm resignation on his face. Evidently, he expects nothing of this life and has decided to go to sleep....,

The animals evoke keen interest—the watery eyes of the people follow their every movement as if searching for something long-forgotten in the powerful movements of the graceful bodies of the lions and panthers. Standing before the cages, people silently poke sticks through the bars and jab the animals in the stomach or the sides, curious to see what will happen.

Those of the beasts that have not yet learned the character of humans grow indignant, strike at the bars with their paws and roar, opening wide jaws trembling with rage.

This pleases the crowd. Protected by iron from the blows of the animals, sure of their safety, people calmly look into the bloodshot eyes and smile with satisfaction. But most of the beasts disregard the humans. Given a jab with a stick or spat at, they get up slowly and without as much as a glance at the tormentor withdraw to a far comer of the cage. There in the gloom lie the powerful, graceful bodies of the Hons, tigers, panthers and leopards and through the darkness their eyes glow with the green fire of contempt for men....

And the people, after another look at them, walk away saying;

"That animal's no fun."

In front of the band which plays with desperate zeal at the half-open entrance to some dark yawning maw inside which the backs of the chairs just like rows of teeth—in front of the musicians stands a pole to which two monkeys, a female and infant, are tied with a thin chain. The infant clings to its mother's breast, its long skinny arms wound round her neck and the tiny fingers locked behind. The mother holds the infant tight with one arm while the other is stretched out warily with the fingers crooked ready to scratch and strike. The mother's eyes tensely dilated, they express an impotent despair, an anguished anticipation of unavoidable injury, a weary anger and resentment. The infant, its cheek pressed against the mother's breast, looks with cold horror out of the corner of its eye at the people—it has evidently known fear from the very first day of its life and fear has petrified within it for the rest of its days. The mother, baring her small white teeth, and not for a second removing the arm that holds the small body close to hers, with the other ceaselessly wards off the sticks and umbrellas poked at her by the spectators of her agony.

There are so many of these white-skinned savages, men and women, in bowlers and hats with feathers, and they all find it frightfully amusing to see how agilely the mother monkey defends her child from the blows aimed at its little body The monkey moves swiftly on a round surface the size of a plate, risking any moment to fall under the feet of the spectators, and she indefatigably repels all who seek to lay hands on her babe. Now and again, failing to parry a blow, she emits a piteous wail. Her arm swings around like a whip, but there are so many spectators, and each one of them is so anxious to strike, to pull the monkey's tail, or jerk the chain around her neck, that she cannot cope with them all. And her eyes flutter piteously, and lines of pain and misery appear around her mouth.

The infant's arms press against her breast, it clings so tightly to her that its fingers are almost hidden in the mother's thin fur. Its eyes stare fixedly at the yellow blobs of faces, the dim eyes of the people who derive pleasure from its horror of them....

Now and again one of the musicians trains the foolish brass mouth of his trumpet at the monkey, drenching her with raucous sound—she cringes, bares her teeth and turns her sharp eyes on the tormentor....

**(To be continued)**

# समाजवादी देशहरू पुँजीवादी देशहरूभन्दा छिटो विकास गर्न सक्षम




४४ औं विश्व सम्पदा दिवस २०२५ को अवसरमा भक्तपुर पर्यटन विकास समिति र भक्तपुर स्थानीय पथप्रदर्शक परिचालन समितिद्वारा आयोजित सांस्कृतिक नगर भक्तपुरको सांस्कृतिक सम्पदा संरक्षणमा 'सय वर्षपछिको भक्तपुर' पुस्तकको मार्गनिर्देशन र चुनौतीहरूबारे छलफल कार्यक्रम भक्तपुर दरबार क्षेत्रमा वैशाख १२ गते सम्पन्न भयो।

उक्त कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष एवम् 'सय वर्षपछिको भक्तपुर' पुस्तकका लेखक **नारायणमान बिजुक्छें** (रोहित)ले आफू जेलमा बस्दा जगदिश शमशेर राणाको 'नाचगानको राजधानी भक्तपुर' पुस्तक अध्ययन गरी पुस्तकको विभिन्न कमीकमजोरीहरू लेखेर पठाएको स्मरण गर्दै देशको परिस्थिति कतातिर जाँदै छ भन्ने विषयमा चिन्तित भई 'सय वर्षपछिको भक्तपुर' पुस्तक लेखेको बताउनुभयो ।

उहाँले वर्तमान राष्ट्रपति रामचन्द्र पौडेल स्थानीय विकासमन्त्री हुँदा भक्तपुरका मठ–मन्दिरहरू मर्मत तथा जीर्णोद्धार गर्ने विषयमा कुरा गर्दा कुनै चासो नदिएकोले स्थानीय तहलाई नै संरक्षणको जिम्मा दिनुपर्नेमा जोड दिएको हो भन्नुभयो ।

सरकारले स्थानीय सम्पदाहरू मर्मत तथा पुन:निर्माणमा चासो नदिएको र आवश्यक बजेट व्यवस्था पनि नगरेकोले भक्तपुर नगरपालिकाले मर्मत तथा पुन:निर्माण गर्न विदेशी पर्यटकहरूबाट सेवा शुल्क सङ्कलन गर्न सुरु गरेको उल्लेख गर्दै उहाँले तत्कालीन स्थानीय विकासमन्त्रीले यसलाई निरुत्साहित पार्ने काम गर्न खोजेको बताउनुभयो।

सरकारले सम्पदाहरूको संरक्षणमा ध्यान नदिंदा सम्पदा क्षेत्रमा निर्धारित मापदण्डभन्दा बढी उचाइका निजी घरहरू बनाएर नियम उल्लङ्घन भइरहेको, मन्त्रीहरूमा स्थानीय सम्पदा र यसको महत्त्वबारे ज्ञान नहुँदा नियम पालना गराउन नसकेको पनि उहाँले बताउनुभयो।

मन्त्री र कार्यालय प्रमुखहरूले आफ्नो जिम्मेवारी र स्थानीय सम्पदाको ज्ञान राख्नु जरुरी भएको उल्लेख गर्दै उहाँले प्राचीन सहर संरक्षण नगरपालिकाको जिम्मेवारी र कर्तव्य पनि हो भन्नुभयो। स्थानीय सम्पदा र संरचनाहरूको राम्रो ज्ञान र सीप यहाँका जेष्ठ नागरिकहरूमा रहेको उल्लेख गर्दै उहाँले स्थानीय अग्रजहरूको ज्ञान तथा सीपलाई उपेक्षा गरिएको कारण जर्मन प्रोजेक्टको ढल निकासको उपचार पोखरी र प्लान्ट भक्तपुरमा असफल भएको बताउनुभयो। यसैको परिणाम भक्तपुरका खोलाहरू दूषित भएको र यसलाई सफा गर्न ठाउँ ठाउँमा उपचार पोखरी र फोहोर नियन्त्रण प्रविधिमा जोड दिनुपर्ने आवश्यकता उहाँले औँल्याउनुभयो । ढल निकासको जिम्मा स्थानीय तहलाई दिई ढलको पानी उपचार गर्ने उपचार प्लान्ट नगरपालिकालाई दिने निर्णय गरिए तापनि पछि विदेशी दबाब र स्वार्थी कर्मचारीहरूले नदिने निर्णय गराएको पनि उहाँले बताउनुभयो।

कार्यक्रममा अतिथि बिजुक्छेँले विश्वमा समाजवादी देशहरू पुँजीवादी देशहरूभन्दा सम्पदा निर्माण र संरक्षणमा छिटो विकास गर्न सक्षम रहेको इतिहासले प्रस्ट भएको बताउनुभयो। उहाँले पुँजीवादी देशहरूले गर्नेभन्दा कम समयमा समाजवादी देशहरूले विकास गरेको उल्लेख गर्दै उहाँले विश्वको ४३ प्रतिशत उत्पादन चीन एक्लैले गरेको बताउनुभयो। समाजवाद स्थापनापछि सोभियत सङ्घ रुसले हरेक क्षेत्रमा शीघ्र विकास गर्न सफल भएको उहाँले बताउनुभयो ।

देशको जलविद्युत् उत्पादन गरी यसलाई सदुपयोग गर्न सकेको भए नेपाली जनताले सबै काम बिजुलीबाट गर्न सकिने थियो; यसले इन्धन आयातमा हाम्रो देशको ठूलो रकम भारत जानबाट रोकिने बताउँदै उहाँले भारतले नेपाललाई आफ्नो अधीनमा राखिराख्न नेपालको विकास निर्माणमा अवरोध गरिरहेको हो भन्नुभयो । नेपालका भ्रष्ट नेता, कर्मचारीहरूले भारतको पैसा खाएकोले नेपालको हरेक स्रोतसाधन भारतको हातमा पुगेको बताउनुभयो।

कार्यक्रमका विशेष अतिथि भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले 'सय वर्षपछिको भक्तपुर' पुस्तकबारे विश्लेषण गर्दै परम्परागतसँगै आधुनिकताको सकारात्मक पक्षलाई पनि जोड दिनुपर्ने कुरा औँल्याउनुभयो।

राम्रो काम गर्ने इमानदार कर्मचारीका सन्तानले

आफनो परिवारको गर्व गर्छ भने भ्रष्टाचारीहरूका सन्तानले भविष्यमा आफ्नो परिवारको कुकर्मलाई धिक्कार्छ भन्नुभयो ।

२५ वर्ष अगाडि लिखित पुस्तकमा उल्लेख भएजस्तै नवउदारवादको प्रवेशले हाम्रा उद्योग कलकारखानाहरू निजीकरण हुँदै गएको उहाँले बताउनुभयो ।

भारतीय एकाधिकार पुँजीले नेपालका उद्योग र व्यापारमा नियन्त्रण हुने चिन्ता पनि उहाँले व्यक्त गर्नुभयो । उहाँले पुस्तकलाई मार्गनिर्देशकको रूपमा कार्य गरेर देशको प्रमुख पर्यटकीय स्थल जनकपुर, लुम्बिनीजस्ता धार्मिक पर्यटकीय स्थल र काठमाडौँ उपत्यकाको विश्व सम्पदा स्थलहरूमा वार्षिक २०/३० लाख पर्यटक भ्रमण गर्ने बताउनुभयो । यसले नेपालको पर्यटन उद्योगमा विकास हुने उहाँले बताउनुभयो ।



देशमा उपलब्ध प्राकृतिक स्रोत साधनको अत्यधिक प्रयोग गरी उत्पादनमूलक बनाउने, देशलाई आर्थिक रूपमा सम्पन्न बनाउने तथा रोजगारी बढाई निराशाबाट आशाको दियो बाल्ने काममा यो पुस्तकले मार्गनिर्देशन गरेको उहाँले स्पष्ट पार्नुभयो ।

नगरपालिकाले विदेशी सहयोगमा निर्भर हुनुभन्दा आफ्नै मेहनतमा सांस्कृतिक सम्पदा संरक्षणमा जोड दिएको उल्लेख गर्दै उहाँले युवाहरूलाई सिकर्मी, डकर्मी र अन्य रोजगारीमूलक तालिमहरूसँगै विभिन्न भाषाको प्रशिक्षण पनि भक्तपुर नगरपालिकाले सञ्चालन गर्दै आएको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका उपप्रमुख **रजनी जोशी**ले भक्तपुर नगरपालिकाले 'सय वर्षपछिको भक्तपुर' पुस्तकको मार्गनिर्देशनबमोजिम सम्पदा संरक्षण गर्दै आइरहेको चर्चा गर्नुभयो ।

उहाँले भक्तपुर नगरको संरचना दुई खोलाको बिचमा अवस्थित भएकोले यी दुई खोला यहाँको सभ्यता र विकाससँग जोडिएकोले खोलालाई संरक्षण गर्न आवश्यक भएको बताउनुभयो । यहाँको कला संस्कृति तथा सम्पदाहरू उदाहरणीय रहेको र यसको मौलिकतालाई जोगाउन नगरपालिका सँगसँगै  जनता नै लाग्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

कार्यक्रममा नेपाल घरेलु तथा साना उद्योग सङ्घका केन्द्रीय सदस्य **वीरेन्द्र जती**ले भक्तपुरका स्थानीय उत्पादनहरू र यसको जगेर्ना गर्नुपर्नेबारे आफ्नो धारणा राख्नुभयो । उहाँले भक्तपुरको मौलिक उत्पादन घरेलु उद्योगबाट रोजगारीमूलक र आर्थिक विकासमा सहयोग हुने बताउनुभयो ।

भक्तपुर स्थानीय पथप्रदर्शक परिचालन समितिका संयोजक एवं कार्यक्रमका सहजकर्ता **गौतमप्रसाद लासिवा**ले भक्तपुर नगरपालिकाले भक्तपुरका मूर्त तथा अमूर्त सम्पदा संरक्षणार्थ विभिन्न समयमा गर्दै आइरहेको कार्यक्रमहरू प्रस्तुत गर्दै प्रत्येक वर्ष विश्व सम्पदा दिवसको अवसरमा 'सय वर्षपछिको भक्तपुर' पुस्तकको सम्पदा संरक्षणमा मार्गनिर्देशन भएको बताउनुभयो ।

उहाँले 'सय वर्षपछिको भक्तपुर'को परिकल्पना साकार पार्न सम्पूर्ण जनप्रतिनिधि, सम्पदाविद्, पुरातत्त्वविद्, संस्कृतिविद्, वातावरणविद् र कर्मचारीहरू एकताबद्ध भई कार्य गरे सहज हुने बताउनुभयो ।

उक्त कार्यक्रममा उपस्थित महानुभावहरूलाई भक्तपुर पर्यटन विकास समितिका अध्यक्ष **दिपेशराज शर्मा**ले स्वागत गर्नुभएको थियो । कार्यक्रममा भक्तपुर घरेलु तथा साना उद्योग सङ्घका निवर्तमान अध्यक्ष **प्रेम खर्बुजा**, इतिहासविद **विश्वमोहन जोशी**, राष्ट्रिय कला सङ्ग्रहालयका अधिकृत **यमुना महर्जन**, पुरातत्त्व विभागका अधिकृत **रज्जु हाडा**, विद्यावारिधि गरिरहनुभएका **राजन फेलु**, पर्यटन व्यवसायी **विनोदचरण राय**, इलेक्ट्रिकल इन्जिनियर **सुमित बाला**, पर्यटन व्यवसायी **अजय प्रधानाङ्ग**, त्रिभुवन विश्वविद्यालयमा बौद्ध दर्शनका प्राध्यापक डा. **पुष्परत्न शाक्य**, शिक्षक **राजेन्द्रबहादुर कायष्ठ**ले भक्तपुरको सांस्कृतिक सम्पदा संरक्षणको विषयमा सुझाव दिनुभएको थियो ।

## यता-उताबाट

**Continent-Countries**

Asia- 48
Europe-50
Africa-54
North America - 23
South America - 12
Australia-14
Antarctica - 0

# “राजनीतिज्ञहरू कल्पनाशील र दूरगामी भएमा देश विकास हुन समय लाग्दैन”




– सुनिल प्रजापति, प्रमुख भक्तपुर नगरपालिका

राजनीतिज्ञहरू कल्पनाशील र दूरगामी दृष्टि राखेर काम गर्ने भएमा देश विकास हुन समय लाग्दैन। संसारको सबैभन्दा ठूलो देश सोभियत सङ्घले यो कुरा पुष्टि गऱ्यो। युरोपकै सबभन्दा पछाडि परेको सोभियत सङ्घमा १९१७ को समाजवादी क्रान्तिपछि लेनिन र स्तालिनको नेतृत्वमा योजनाबद्ध विकासका कामहरू भए। पुँजीवादी देशले २-३ वर्ष लगाएर गरेको विकास समाजवादी सोभियत सङ्घले ३०-४० वर्षमा गरेर देखायो। यो तत्कालीन सोभियत नेताहरूमा भएको दूरदर्शिताको परिणाम हो। समाजवादी विचारले नै त्यो सम्भव भएको हो। चीनमा पनि माओ त्सेतुङको नेतृत्वमा समाजवादी क्रान्ति भयो। त्यही जगमा आधुनिक चीनको विकास भएको छ। अहिले चीन संसारको दोस्रो ठूलो अर्थतन्त्र भएको देशको रूपमा अगाडि बढेको छ।

लेनिनले एकपटक भन्नुभएको थियो– “विद्युतीकरण बराबर समाजवाद।” समाजवादी क्रान्तिपछि स्तालिनको नेतृत्वमा सोभियत सङ्घमा व्यापक मात्रामा विद्युत्‌को विकास भयो। त्यसले तीव्रगतिमा उद्योगधन्दाको विकास गर्‍यो। संसारका विकसित भनिएका देशहरूलाई सोभियत सङ्घ चुनौतीको रूपमा देखापर्‍यो। त्यसकारण, युरोपका एक विद्वान एच.जी. वेल्सले लेनिनलाई क्रेमलिनको स्वप्नद्रष्टा भनेर चित्रण गरे।

‘सय वर्षपछिको भक्तपुर’को चर्चा गर्दा हामीले त्यस्तै कल्पनाशिलता देख्न सक्छौँ। पुस्तकमा ५० वर्ष पहिलेको नेपालको आर्थिक, सामाजिक र सांस्कृतिक अवस्था बुझ्न सक्छौँ भने ५० वर्षपछिको नेपाल कस्तो हुन्छ भने अनुमान भेटाउन सक्छौँ साथै सय वर्षपछिको भक्तपुरको दृश्य पनि त्यसमा देख्न सक्छौँ।

५० वर्षपहिले भक्तपुरका सडकहरूमा कुनै ढलको व्यवस्था थिएन। पानी पर्नासाथ सडक नै ढल बन्थ्यो। फोहर बगेको पानीमा केटाकेटीहरू खेलेर रमाउने गर्थे। २०५९ सालमा पुस्तक तयारीको समयलाई विचार गर्दा त्यो वि.स.२००९/१० सालतिरको नेपालको अवस्था अनुमान गर्न सकिन्छ।

त्यतिबेला महेन्द्र राजमार्ग बनिसकेको थिएन। तराईका जिल्लाहरूमा जाने सडक सुविधा थिएन। विराटनगर पुग्न पनि भारतीय भूमिको प्रयोग गर्नुपर्थ्यो। जनकपुर जयनगर रेल प्रयोगको विकल्पसमेत थिएन। त्रिभुवन राजपथ भर्खर बन्दै थियो। भारतले नेपालको उत्तरी सीमामा सैनिक चेक पोस्टहरू राखेको थियो। तराईका जिल्लाहरूमा नेपाली रूपैयाँभन्दा भारतीय रूपैयाँको कारोबारको चलन थियो अथवा काठमाडौँ र तराई धेरै टाढा थियो। त्यहाँका मानिसहरूले प्रायः भारतीय सामानहरू नै बढी प्रयोय गर्थे। त्यतिबेलाको नेपालको विविध अवस्थाबारे पुस्तकमा चित्रण गरिएको हुँदा पहिलेको नेपाल बुझ्न पनि यो पुस्तक अति उपयोगी छ।

भारत त्यतिबेला बेलायत र फ्रान्सभन्दा विकासमा निकै पछि थियो भने नेपालभन्दा भारत धेरै कुरामा अगाडि थियो। पुस्तकमा नेपाललाई अरु देशहरूसँगको तुलनात्मक अवस्था पनि प्रस्तुत गरिएको छ।

नेताहरू राम्रा भए वा शासक दलका नेताहरूमा दूरदृष्टि भएमा छोटो समयमै देशको विकास गर्न सकिने कुरा लेखकले यसरी व्यक्त गर्नुहुन्छ, “देशको राजनीति ठीक ठाउँमा छ भने अर्थात् सत्तामा पुगेका पार्टी र नेताहरूमा दूर दृष्टि छ भने विराट नगरमा चिया, राजविराजमा बिहानको खाना

खाएर साँझ भक्तपुरमा खाना खान आइपुग्न सक्छौँ" (पेज नं ४६)

पूर्व-पश्चिम महेन्द्र राजमार्गको निर्माण र त्रिभुवन राजपथ निर्माण सम्पन्न भएपछि त्यो सबै साकार भइसकेको छ। जुम्ला, हुम्ला, मुगुमा गाडी जाने मोटर सडक बन्ने, रारा र मानसरोवर पुग्ने पनि लेखमा उल्लेख गरिएको पाइन्छ। मुगु जिल्लाको रारा तालसम्म अहिले मोटर बाटो पुगिसकेको छ। हवाईजहाजको सुविधा भए पनि मानसरोवर पुग्न बाटो हालसम्म बन्न सकेको छैन। ५० वर्ष पहिलेको नेपालभन्दा धेरै क्षेत्रमा नेपाल अगाडि बढिसकेको छ।

लेख तयार गरिएको समय अहिले २२ वर्ष भइसकेको छ। त्यतिबेलाको कल्पनाअनुसार त्यो आजभन्दा ७२ वर्ष अघिको नेपालको अवस्था थियो। अहिले देश डिजिटल युगमा प्रवेश गरिसकेको छ। सबैको हातहातमा मोबाइल भइसकेको छ। विश्वका कुनै ठाउँमा भएको घटना एकै क्षणभित्र हेर्न सकिने भइसकेको छ। आइटीको विकासले विश्वलाई अत्यन्त सानो बनाइदिएको छ।

'५० वर्षपछिको नेपाल' शीर्षक लेखमा एक इमानदार कर्मचारी र भ्रष्ट व्यक्तिबिचको तुलना गरिएको पाइन्छ। भ्रष्ट मान्छेका छोराछोरीहरू कतिले आत्महत्या गर्ने, घृणित जीवन बिताउने र विदेश पलायन हुने जस्ता नकारात्मक पात्रको रूपमा प्रस्तुत गरिएको छ भने इमानदार व्यक्तिको जीवन गौरवपूर्ण हुने बताइएको छ। त्यसमा भनिएको छ- देशद्रोहीहरूका छोराछोरीहरू पनि या त त्यस्तै भ्रष्ट भई नरकको जीवन बिताउने छन् वा सङ्गत र पढाइले राम्रो भएपछि आमा बाबुका काला कर्तुतहरू थाहा पाएर बुढालाई एक्लै छाडेर जानेछन्। त्यसका खराब छोराछोरीहरू कतिले आत्महत्या गर्नेछन्, कोही त्यस्तै नराम्रा अपराधहरूमा फोहरको कीराजस्तै घृणित जीवन बिताउने छन् र विदेश गएपछि फर्किने छैनन्। मर्ने बेलामा ती विश्वासघातीहरूको पश्चाताप, अपराधबोध र धुनै नसक्ने पापको टीको लगाएर कीरा फट्याङ्ग्रासरह गौरवहीन मृत्यु हुन्छ।(पेज नं ५४)

५० वर्षको अवधिलाई पनि लेखकले दुई भागमा विभाजन गरिएको बुझ्न सकिन्छ। पहिलो २५ वर्षमा नेपालमा उदारीकरणको प्रभाव बढ्दै जाने र राज्यको स्वामित्वमा रहेका उद्योगधन्धाहरू एक एक गरी निजीकरण हुँदै जाने तथा प्रकृतिको वरदान स्वरूप प्राप्त हाम्रा नदीनालाहरू पनि एक एक गरी भारतीय सरकारको नियन्त्रणमा जाने सम्भावना कोरिएको पाइन्छ। अहिले हामीले त्यही कुरा भोगिरहेका छौं। अहिले सरकारको स्वामित्वमा कुनै पनि उद्योगहरू छैन भन्दा फरक पर्दैन। सबै नै कोडीको मूल्यमा निजी कम्पनीहरूलाई बेचिसकेको छ। नेपालको वायु सेवा निगम समेत भारतीय एकाधिकार कम्पनीको नियन्त्रणमा जाने देखाइएको छ। अहिले भारतबाट आउने हवाईजहाजहरूमा भारतीय सेना बसेर आउने चलन सुरु भएको छ।

पछिल्लो २५ वर्षमा भने उज्यालो भविष्यको आशा देखाइएको छ। त्यतिबेलासम्ममा नेपालमा थुप्रै विश्वविद्यालय र अस्पतालहरू खुल्नेछन्। चिनियाँबाहेक वार्षिक २५ लाखभन्दा बढी पर्यटक नेपाल आउनेछन्। उत्तरी क्षेत्रमा फलफूल, जडिबुटी, माछा, पशुधनको प्रशोधनका केन्द्रहरू बन्नेछन्। लुम्बिनी, जनकपुरजस्ता ठाउँहरू धार्मिक पर्यटकहरूको गन्तव्य बन्नेछन्।

सरकारले उत्पादनमूलक कुटिर उद्योगहरूलाई प्राथमिकता दिनेछ। २० वर्षमा देशको तस्बिर फेरिने र ५० वर्षमा देशको नक्सा नै फेरिने छ। जनताको जीवन शैलीमा ठूलो परिवर्तन आउनेछ। यो आशालाग्दो तस्बिर पनि '५० वर्षपछिको नेपाल' लेखमा लेखकले स्पष्ट पार्नुभएको छ। निराशा होइन आशाका थुप्रै ठाउँहरू देखाउनुभएको छ।

'सय वर्षपछिको भक्तपुर' को अध्ययनले हामी सबैलाई भक्तपुरको पुनःनिर्माणको लागि घच्घच्याएको छ। त्यसैलाई मार्गदर्शक मानेर भनपाले काम गर्दै आएको छ। २०७२ सालको भूकम्पले १३० भन्दा बढी सम्पदाहरूमा क्षति पुऱ्याए पनि त्यसलाई पुनःनिर्माणको एउटा अवसरको रूपमा लिएर काम गर्दै छौं। विभिन्न सम्पदाहरू गरी हालसम्म १९० वटा सम्पदाहरू पुनःनिर्माण सम्पन्न भइसकेको छ भने १५ भन्दा बढी निर्माणाधीन छन्।

शिक्षा, स्वास्थ्य उपचार, सरसफाइ, विकास निर्माण, सीपमूलक तालिम आदि दिएर भक्तपुरलाई ज्ञान विज्ञानको केन्द्र, पर्यटकीय गन्तव्यस्थल बनाउने कार्यलाई सार्थक बनाउन हामी निरन्तर लाग्दै छौं। प्राचीन शैलीमा घर बनाउनेलाई अनुदान, डकर्मी-सिकर्मी तालिम दिएर हरेक युवालाई सीपयुक्त बनाउने प्रयास जारी छ।

पुरै पुस्तकको अध्ययनपछि सय वर्षपछिको भक्तपुरको मात्र होइन ५० वर्षपछिको नेपालको सम्भावनाका धेरै पक्ष पनि पुस्तकमा स्पष्ट पारिएको छ। त्यसैले का. रोहितलाई भक्तपुरको मात्र होइन देशकै स्वप्नद्रष्टा भन्न कुनै अप्ठेरो मान्नु पर्दैन।

*(नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले २०८२ वैशाख १३ गते सम्पदा दिवसको अवसरमा आयोजित भक्तपुरको सांस्कृतिक सम्पदा संरक्षणमा 'सय वर्षपछिको भक्तपुर' विषयक प्रवचन कार्यक्रममा व्यक्त गर्नुभएको मन्तव्यको सार सङ्क्षेप)*

# काठमाडौँ उपत्यकाका सम्पदाहरू हाम्रो सभ्यताको चिनारी हो




भक्तपुर नगरपालिका र पुरातत्त्व विभागको संयुक्त आयोजनामा '२०७२ सालको भूकम्पपश्चात् पुनःनिर्माणको एक दशकको पुनरावलोकन' र अन्तर्राष्ट्रिय वैज्ञानिक समिति (काठमाडौँ उपत्यका विश्व सम्पदा क्षेत्र) को तेस्रो वार्षिक बैठकको उद्घाटन कार्यक्रम वैशाख १२ गते भक्तपुर दरबार क्षेत्रमा सम्पन्न भयो। संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री **बद्रीप्रसाद पाण्डे**ले पानसमा दीप प्रज्वलन गरी उक्त समारोहको उद्घाटन गर्नुभयो।

मन्त्री पाण्डेले कार्यक्रम पूर्ण सफलताको कामना गर्दै काठमाडौँ उपत्यकाका सम्पदाहरू केवल सम्पदा नभई हाम्रो सभ्यताको चिनारी र परिचयको आधार पनि हो भन्नुभयो।



उपत्यकाका भौतिक र अभौतिक सम्पदाहरूको इतिहासले देशको गर्विलो इतिहासलाई उजागर गर्न महत्त्वपूर्ण भूमिका खेलिरहेको बताउँदै उहाँले भूकम्पले क्षति पुगेका भौतिक र अभौतिक सम्पदाको मौलिक शैलीमा पुनःनिर्माण हुनु सबैको लागि गौरवको विषय हो भन्नुभयो।

सम्पदाप्रतिको मोह र आस्था नयाँ पुस्तामा जागृत गराउने सिलसिलामा सम्पदासम्बन्धी चित्रकला प्रतियोगिता आयोजना गरिएको बताउँदै उहाँले सम्पदाको महत्त्वबारे नयाँ पुस्तालाई सुसूचित गर्दै हस्तान्तरण गर्नुपर्नेमा जोड दिनुभयो।

हाम्रा सम्पदाहरू स्थानीय हुँदै विश्वव्यापी मान्यतासँग जोडिनुपर्ने बताउँदै मन्त्री पाण्डेले सम्पदाहरूको विश्वव्यापी प्रचारप्रसारमा सम्बन्धित सरोकारवालाहरूले ध्यान दिनुपर्ने बताउनुभयो।

सम्पदा संरक्षणमा स्थानीयहरूको सहभागिता महत्त्वपूर्ण पक्ष हो भन्दै उहाँले पुरातात्त्विक सम्पदामाथि हुने हमला र हस्तक्षेपबारे सबैजना सचेत हुनुपर्ने बताउनुभयो।



कार्यक्रमका विशेष अतिथि नेपाल मजदुर किसान पार्टीका सचिव एवम् सङ्घीय सांसद **प्रेम सुवाल**ले भूकम्पीय जोखिम न्यून गर्ने प्रविधिसहित पूर्वाधार निर्माण गर्ने सङ्कल्प आजको आवश्यकता हो भन्नुभयो।

उहाँले पूर्वाधार निर्माणस्थल, निर्माण सामग्री, निर्माणमा लाग्ने

प्राविधिक र अन्य श्रमिकहरू, निर्माणस्थलमा बस्ने सर्वसाधारण जनतालाई भूकम्पीय जोखिम न्यूनीकरण गर्ने प्रविधिबारे जानकारी दिने व्यवस्था गर्नुपर्नेमा जोड दिँदै सम्पदा संरक्षणको लागि स्थानीय जनतालाई नै जिम्मेवारी दिने र शिक्षित पार्ने काम गर्नुपर्ने बताउनुभयो ।

नयाँ पुस्तालाई सम्पदा संरक्षणबारे पाठ्यपुस्तकमै राखेर अध्ययन अध्यापन गराउनु आवश्यक रहेको औँल्याउँदै सांसद सुवालले नयाँ पुस्तालाई सम्पदाको महत्त्वबारे छलफल र अध्ययनमा संलग्न गराउन सके पुर्खाका धरोहर हजारौँ हजार वर्षसम्म जीवित रहिरहने बताउनुभयो ।

काठमाडौँ उपत्यका भूकम्पीय जोखिम क्षेत्र भएको हुँदा भूकम्पबाट क्षति न्यून हुने प्रविधि अहिले सबैभन्दा महत्त्वपूर्ण पक्ष भएको उहाँले बताउनुभयो ।

बसाइँसराइले जोखिम बढाइरहेको हुँदा देशको सन्तुलित विकास गर्न ७५३ वटै पालिकामा सरकारले भूकम्पीय जोखिम न्यून हुने प्रविधिसहित आवास विस्तार गराउने र बसाइँसराइ जिल्लाभित्र मात्र सीमित गर्ने व्यवस्था गराउन सके क्षति न्यूनीकरण हुने बताउनुभयो ।

जनप्रतिनिधिहरूले आ–आफ्नो निर्वाचन क्षेत्रको सन्तुलित विकास गर्नेतर्फ जोड दिनुपर्ने बताउँदै उहाँले उपत्यकामा निर्माण भइरहेको फास्ट ट्रयाक, सुख्खा बन्दरगाह, खानेपानी व्यवस्थापन, सडकको लागि भइरहेको खरबौँ रकम खर्च देशको शिक्षा क्षेत्रमा लगानी भएको भए धेरै उपलब्धि हुनेछ भन्नुभयो ।

अमानत वा उपभोक्ता समितिबाट भएको विकास निर्माणको काम दिगो र जनताको अपनत्व कायम हुने बताउँदै सांसद सुवालले सरकारले सचेत भएर स्थानीय जनता, स्थानीय तह र स्थानीय जनप्रतिनिधिसँग समन्वय गरेर मात्र सम्पदा संरक्षणको कामलाई अगाडि बढाउन अनुरोध गर्नुभयो ।



भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले सम्पदाको मौलिकता संरक्षणको लागि संस्कृति मन्त्रालय, पुरातत्त्व विभाग र स्थानीय तह एक भएर लाग्नु आवश्यक भएको बताउनुभयो ।



नेपाल आउने विदेशी पर्यटकहरूमध्ये करिब २५ प्रतिशत विदेशी पर्यटकहरूले भक्तपुर भ्रमण गर्ने गरेको तथ्याङ्क रहेको उल्लेख गर्दै उहाँले गएको आ.व. मा सार्क र गैरसार्क मुलुकका गरी जम्मा २ लाख ४६ हजारभन्दा बढी पर्यटकहरूले भक्तपुर भ्रमण गरेको र चालु आ.व. को बितेको ९ महिनामा सार्क र चीनका गरी ८१,८४४ र गैरसार्क देशका १,०३,७०४ गरी १ लाख ८५ हजार ५४८ जनाले भक्तपुर भ्रमण गरिसकेको तथ्याङ्क प्रस्तुत गर्नुभयो।

सम्पदा संरक्षणले देशको पर्यटन उद्योगलाई थप टेवा पुऱ्याउने विश्वास व्यक्त गर्दै प्रमुख प्रजापतिले भक्तपुरको मौलिकता बचाइराख्न मौलिक शैलीमा घर निर्माण गर्ने घरधनीहरूलाई अनुदानको व्यवस्था पनि नगरपालिकाले गर्दै आएको अवगत गराउनुभयो।

प्रमुख प्रजापतिले भन्नुभयो, "भक्तपुरको मौलिकता बचाइराख्न पुरानो सहरको सीमाङ्कन गरी यहाँको घरजग्गा स्थानीय जनताबिच मात्रै किनबेच गर्न सकिने नीति निर्माण गऱ्यौं तर सर्वोच्च अदालतले रोकपछि हामी त्यसबाट पछि हट्नु पर्यो। विश्व सम्पदाहरूको संरक्षण गर्ने हो भने राज्यले नै संरक्षणको लागि विशेष कानुन निर्माण गर्नु आवश्यक छ।"




काठमाडौँ महानगरपालिकाका उपप्रमुख **सुनिता डंगोल**ले भक्तपुरको सम्पदा पुन:निर्माण सबैको लागि उदाहरणीय रहेको चर्चा गर्दै सम्पदा संरक्षणमा तीन तहका सरकारबिच समन्वय र सहकार्य गरेर अगाडि बढ्नुपर्छ भन्नुभयो।

हाम्रो सम्पदाप्रति हामीले गर्व गर्ने ठाउँ बनाउनुपर्नेमा जोड दिँदै उपप्रमुख डंगोलले काठमाडौँ महानगरपालिकाले सम्पदा पुन: निर्माणमा मौलिक स्वरूपलाई विशेष प्राथमिकतामा राखी काम गर्दै आएको बताउनुभयो।




चाँगुनारायण नगरपालिकाका प्रमुख **जीवन खत्री**ले भक्तपुर नपाले सम्पदा संरक्षणमा गरेको कार्यबाट सबै स्थानीय तहले अनुशरण गर्नुपर्ने बताउँदै भूकम्पको एक दशक पुन:निर्माण कार्यको यात्रामा सिकाइ उपलब्धि पनि भएको बताउनुभयो।



पुरातत्त्व विभागका महानिर्देशक **सौभाग्य प्रधानाङ्ग**ले सम्पदा संरक्षण सबैको साझा दायित्व भएको बताउँदै पुरातत्त्व विभागले २०७२ को भूकम्पपश्चात् क्षतिग्रस्त ८१५ वटा सम्पदाहरूको जीर्णोद्धार तथा पुन:निर्माण सम्पन्न गरिसकेको बताउनुभयो।

भूकम्पबाट क्षति पुगेको सम्पदा अध्ययन अनुसन्धान गर्ने अवसर मिलेको बताउँदै उहाँले अन्तर्राष्ट्रिय वैज्ञानिक समिति (काठमाडौँ उपत्यका विश्व सम्पदा क्षेत्र) को तेस्रो वार्षिक बैठक २०८२ वैशाख १३ गते भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप इन्जिनियरिङ कलेजमा हुने जानकारी गराउनुभयो।



कार्यक्रममा नेपालका लागि युनेस्कोका प्रतिनिधि **जाको डु टुइट**ले २०७२ को भूकम्पबाट क्षति पुगेका सम्पदा संरक्षण र जीर्णोद्धारमा नेपालले उल्लेखनीय कार्य गरेको बताउनुभयो।



उक्त कार्यक्रममा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव **विनोदप्रकाश सिंह**ले धन्यवादज्ञापन गर्नुभएको थियो।

सोही क्रममा २०७२ सालको विनाशकारी भूकम्पले क्षति पुगेका सम्पदाहरूको जीर्णोद्धार तथा पुन:निर्माणसम्बन्धी जानकारी दिने उद्देश्यले फोटो प्रदर्शनी कार्यक्रम राखिएको थियो। साथै सोही अवसरमा आयोजित चित्रकला प्रतियोगिताका विजेताहरूलाई पुरस्कार दिइएको थियो।

# "सम्पदाको मौलिकता संरक्षणको लागि संस्कृति मन्त्रालय, पुरातत्त्व विभाग र स्थानीय तह एक भएर लाग्नु आवश्यक छ"

सुनिल प्रजापति, प्रमुख–भक्तपुर नगरपालिका




'२०७२ सालको भूकम्पपश्चात पुन:निर्माणको एक दशकको पुनरावलोकन' विषयक अन्तर्राष्ट्रिय वैज्ञानिक समिति (काठमाडौँ उपत्यका विश्व सम्पदा क्षेत्र) को तेस्रो वार्षिक बैठकको पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछौँ।

नेपालमा गोरखा केन्द्रबिन्दु भएर गएको भूकम्प आज १० वर्ष पूरा भयो। २०७२ साल वैशाख १२ गते गएको भूकम्पबाट प्रभावित १४ वटा प्रमुख जिल्लामध्ये भक्तपुर पनि एक हो। भूकम्पको कारण भक्तपुरका धेरै नागरिकहरूको ज्यान जानुका साथै यहाँ झन्डै आठ हजार निजी घरमा आंशिक र पूर्ण क्षति पुगेको थियो। यहाँका प्रसिद्ध पाँचतले मन्दिर, भैरवनाथको मन्दिर, वत्सला मन्दिरलगायत १३० वटा भन्दा बढी सम्पदामा पूर्ण र आंशिक क्षति पुगेको थियो। त्यतिबेला सांस्कृतिक सम्पदाहरूको पुन:निर्माण गरी भक्तपुरलाई पुरानै अवस्थामा पुऱ्याउनु हामी सबैको लागि ठूलो चुनौती थियो।

सांस्कृतिक नगर, नाचगानको राजधानी र जीवित सङ्ग्रहालयको रूपमा परिचित भक्तपुरका सांस्कृतिक धरोहरहरू पुन:निर्माण र जीर्णोद्धारमा सारा भक्तपुरवासीहरू एकजुट भएर लाग्दै छौँ। पुर्खाले सिर्जेको सम्पत्ति हाम्रो कला र संस्कृतिको नारालाई मूर्त रूप दिन पहल गरिरहेका छौँ। सम्पदा पुन:निर्माण र जीर्णोद्धार स्थानीय उपभोक्ता समितिमार्फत गर्नमा जोड दिँदै छौँ।

सम्पदा पुन:निर्माणको काम ठेक्कामार्फत गराइएमा सम्पदाको ऐतिहासिक, सांस्कृतिक र पुरातात्त्विक महत्त्वमा असर पर्नेबारे हामी सचेत छौँ। ठेकेदारले सम्पदाको मौलिकताभन्दा नाफालाई बढी प्राथमिकतामा राख्छन्। यसले सम्पदाको गुणस्तरीयतामा प्रश्न उठिरहेको छ। सम्पदाको मौलिकता जोगाउन, गुणस्तरीय निर्माण गर्न र कम लागतमा छिटो छरितो निर्माण कार्य सम्पन्न गर्न उपभोक्ता समिति नै राम्रो र भरपर्दो विकल्प भएको हाम्रो अनुभव छ।

भूकम्पपछि भक्तपुरको पुन:निर्माणको लागि जर्मनी सरकार केएफडब्लुमार्फत सहयोग गर्न तयार थियो। भक्तपुरको सम्पदा पुन:निर्माणको लागि १ करोड युरो (१ अर्ब २० करोड रुपैयाँ) सहयोग गर्नेसम्बन्धी नेपाल सरकार र जर्मनी सरकारबिच सम्झौता पनि भयो। तर, हामी आफ्नै प्राविधिक जनशक्ति, स्थानीय स्रोत र साधनहरूको अधिकतम प्रयोग गरी पुन:निर्माण गराउन चाहन्थ्यौँ। विभिन्न प्राविधिक कारणले गर्दा त्यो सहयोग स्वीकार गर्न सकिएन। यद्यपि, भक्तपुर नगरपालिकाले विदेशीको सहयोगबिना नै हालसम्म ४ वटा मठ, ४६ वटा मन्दिर, ६२ वटा पाटी, १४ वटा द्योछेँ, ४ वटा प्रवेशद्वार, १८ वटा पोखरी, ९ वटा इनार, ९ वटा सत्तल, ९ ढुङ्गेधारा र अन्य १५ वटा गरी १९० वटाभन्दा बढी सम्पदाहरू पुन:निर्माण सम्पन्न गरिसकेको छ भने दर्जनौँ सम्पदाहरू अहिले निर्माणाधीन अवस्थामा छन्। केही प्राविधिक समस्या परेकाबाहेक अधिकांश निजी घरहरूको पुन:निर्माण कार्य पनि सम्पन्न भएको छ।

जनस्तरबाट सम्पदा पुन:निर्माण हुँदा उल्लेख्य आर्थिक सहयोग, जिन्सी र श्रमदान पनि प्राप्त हुने गरेको छ। एउटै सम्पदा पुन:निर्माणको लागि पनि लाखौँ मात्र होइन अझ एक करोडभन्दा बढी आर्थिक सहयोग प्राप्त भएको उदाहरण पनि हामीसँग छ। ङातापोल्हँ जीर्णोद्धारको क्रममा ४,२०० भन्दा बढी जनताले श्रमदान गरे, १५।१६ लाख आर्थिक सहयोग र त्यतिकै जिन्सी सहयोग प्राप्त भएको थियो भने वाकुपति

चाँगुनारायण मन्दिरमा सुनको जलप लगाउने कार्यमा १ करोडभन्दा बढी आर्थिक सहयोग प्राप्त भएको थियो। सबैजसो सम्पदा पुन:निर्माणमा जनताको उल्लेख्य सहयोग प्राप्त हुँदै आएको छ। यसलाई जनताले सम्पदाप्रतिको अपनत्व ग्रहण गरेको अर्थमा हामीले बुझेका छौँ। हरेक सम्पदा पुन:निर्माणमा पारदर्शितालाई ध्यान दिएका छौँ।

प्रसिद्ध थन्थु दरबार, छुमा गणेश द्योछेँलगायतका सम्पदाहरू माटो जोडाइबाटै पुन:निर्माण भइरहेका छन् भने लक्ष्मीनरसिंह मन्दिर हालै पुन:निर्माण सम्पन्न भएको छ।

पुरातात्त्विक महत्त्वलाई बचाइराख्न विवादित घरहरू नपाले नै पुरानै शैलीमा निर्माण गरी लागत घरधनीबाट असुल गर्ने नीतिअनुसार भक्तपुर नपाले काम गरिरहेको छ। त्यसैगरी यहाँको मौलिकता बचाइराख्न मौलिक शैलीमा घर निर्माण गर्ने घरधनीहरूलाई अनुदानको व्यवस्था गर्दै आएका छौँ।

मूर्त र अमूर्त सम्पदाहरूको संरक्षणमा योगदान गर्ने अग्रज सांस्कृतिक गुरुहरूको सम्मान, भक्तपुरको कला संस्कृति र इतिहाससम्बन्धी गोष्ठी, भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङको आयोजनामा नियमित रूपमा भूकम्पसम्बन्धी राष्ट्रिय र अन्तर्राष्ट्रिय सम्मेलनहरूको आयोजना पनि गर्दै आएका छौँ।

भक्तपुरको मौलिकता बचाइराख्न पुरानो सहरको सीमाङ्कन गरी यहाँको घरजग्गा स्थानीय जनताबिच मात्रै किनबेच गर्न सकिने नीति निर्माण गर्‍यौँ तर सर्वोच्च अदालतको रोकपछि हामी त्यसबाट पछि हट्नुपर्‍यो। विश्व सम्पदाहरूको संरक्षण गर्ने हो भने राज्यले नै संरक्षणको लागि विशेष कानुन निर्माण गर्नु आवश्यक छ।

भक्तपुरको अत्यन्त महत्त्वपूर्ण जगन्नाथ क्षेत्र, ९९ चोक, साकोठालगायत पुरातात्त्विक महत्त्वका विषयहरूमा उत्खनन गर्नुपर्ने आवश्यकता छ। पुरातत्त्व विभागले त्यस्ता ठाउँहरूलाई प्राथमिकतामा राखेर उत्खननमा ध्यान दिने अपेक्षा गर्दछौँ।

भक्तपुर दरबार क्षेत्रमा अवस्थित कला सङ्ग्रहालय रहेको न्ह्यकं झ्या दरबार मल्लकालीन शैलीमा पुन:निर्माण गर्ने संस्कृति मन्त्रालय, भक्तपुर नगरपालिका र पुरातत्त्व विभागबिच सहमति भइसकेको थियो। तर युनेस्कोको अनुमति लिनुपर्ने भन्ने विषयले त्यो काम अगाडि बढ्न सकेन। यस्ता काममा मन्त्रालयले सहजीकरण गरिदिएको भए राम्रो हुने थियो।

गुठी संस्थानको भवन ३५ फिट मात्रै उचाइ राखेर पुरानो स्वरूप नै समाप्त हुने गरी पुरातत्त्वले नक्सा स्वीकृति गर्‍यो। नगरपालिका स्वयम्ले त्यसको पहल गरेर पुरातत्त्व विभागसम्म पुगेर पुरानै शैलीमा निर्माणको लागि नक्सा स्वीकृति गर्‍यो।

भक्तपुर पर्यटकीय केन्द्रको रूपमा विकास हुँदै छ। नेपाल आउने विदेशी पर्यटकहरूमध्ये करिब २५ प्रतिशत विदेशी पर्यटकहरूले भक्तपुर भ्रमण गर्ने गरेको तथ्याङ्क छ। गएको आ.व. मा सार्क र गैरसार्क मुलुकका गरी जम्मा २ लाख ४६ हजारभन्दा बढी पर्यटकहरूले भक्तपुर भ्रमण गरेका थिए भने चालु आ.व. को बितेको ९ महिनामा सार्क र चीनका गरी ८१,८४४ र गैरसार्क देशका १,०३,७०४ गरी १ लाख ८५ हजार ५४८ जनाले भक्तपुर भ्रमण गरिसकेका छन्। हाम्रो सम्पदाको महत्त्व अझ बढ्दै गएको छ। हाम्रो सम्पदा संरक्षणले देशको पर्यटन उद्योगलाई थप टेवा पुर्‍याउने विश्वास छ।

अन्त्यमा, सम्पदाको मौलिकता संरक्षणको लागि संस्कृति मन्त्रालय, पुरातत्त्व विभाग र स्थानीय तह एक भएर लाग्नु आवश्यक छ। भूकम्पपछिको पुन:निर्माणसँगै भूकम्प पूर्व तयारी गर्नु पनि उत्तिकै आवश्यक छ। '२०७२ सालको भूकम्पपश्चात् पुन:निर्माणको एक दशकको पुनरावलोकन' विषयमा अन्तर्राष्ट्रिय वैज्ञानिक समिति (काठमाडौँ उपत्यका विश्व सम्पदा क्षेत्र) को तेस्रो वार्षिक बैठकको पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछौँ।

*(भक्तपुर नगरपालिका र पुरातत्त्व विभागको संयुक्त आयोजनामा २०७२ सालको भूकम्पपश्चात् पुन:निर्माणको एक दशकको पुनरावलोकन, अन्तर्राष्ट्रिय वैज्ञानिक समिति (काठमाडौँ उपत्यका विश्व सम्पदा क्षेत्र) को तेस्रो वार्षिक बैठक २०८२ वैशाख १२ गते भएको उद्घाटन कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिद्वारा व्यक्त मन्तव्य)*

## थाहा पाइराखौँ

- पाटनबाट २४ कोठी महाजन झिकाई गोरखामा व्यापार विस्तार गर्ने राजा राम शाह थिए।
- दुई सयभन्दा बढी चराको आवाजको नक्कल गरेर गिनिजबुकमा नाम लेखाउने नेपाली गौतम सापकोटा (चीदादा) हुन्।
- विश्वमा प्यागोडा शैलीको विकास जापान देशबाट भएको मानिन्छ।
- अपराधीलाई नगद दण्ड गर्ने चलन जयस्थिति मल्लले ल्याएका थिए।

*-सङ्कलकः न्हुछेरत्न बुद्धाचार्य*

## तेस्रो वार्षिक बैठक




भक्तपुर नगरपालिका र पुरातत्त्व विभागको संयुक्त आयोजनामा '२०७२ सालको भूकम्पपश्चात् पुन:निर्माणको एक दशकको पुनरावलोकन' र अन्तर्राष्ट्रिय वैज्ञानिक समिति (काठमाडौं उपत्यका विश्व सम्पदा क्षेत्र) को तेस्रो वार्षिक बैठक २०८२ वैशाख १२ गते सम्पन्न भयो ।









# सम्पदाको मौलिकता संरक्षणमा भनपा सधैं सचेत

२०७२ सालको भूकम्पपश्चात् पुनः निर्माणको एक दशक पुनरावलोकन विषयक अन्तर्राष्ट्रिय वैज्ञानिक समिति (काठमाडौँ उपत्यका विश्व सम्पदा क्षेत्र) को तेस्रो बैठक ख्वप कलेज अफ इन्जिनियरिङमा वैशाख १३ गते सम्पन्न भयो ।



बैठकको समापन समारोहका प्रमुख अतिथि भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले सम्पदाको मौलिकतामा संरक्षणमा भनपा सधैँ सचेत रहेको बताउनुभयो ।

उहाँले भन्नुभयो, "दरबार क्षेत्रस्थित सिद्धिलक्ष्मीको मन्दिरमा प्रयोग भएका ढुङ्गाहरू कमसल खालको भन्ने देखिएपछि सबै भत्काउन लगाएर नयाँ ढुङ्गाबाट निर्माण गर्न लगायौँ । केही समयअघि पशुपति मन्दिरको पुन:निर्माण बिग्रेको, मक्किएको काठ प्रयोग गरिएको कारण हामीले रोक्नुपऱ्यो । पुरातत्त्व विभाग, प्रशासन सबैलाई त्यसको जानकारी पठायौँ र पछि सुधार गरेको थाहा भयो ।"

काठमाडौँको रानीपोखरी सिमेन्टले बनाउन खोज्दा पुनः निर्माण प्राधिकरणका पदाधिकारीहरू भक्तपुर नगरपालिकामा आएर सहयोगको लागि अनुरोध गरेपछि भनपाका १०० जना कालिगढहरूले ८ महिनाभन्दा बढी लगाएर काम पूरा गरी मौलिक शैलीमै रानीपोखरीको पुनः निर्माण गरेको उहाँले स्मरण गराउनुभयो ।

प्रमुख प्रजापतिले भन्नुभयो, "आज बिहानै मात्र 'सय वर्षपछिको भक्तपुर' पुस्तकबारे छलफल कार्यक्रम गऱ्यौँ । नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले सय वर्षपछिको भक्तपुर नगरको कल्पना गर्नुभएको छ । त्यतिबेला भक्तपुर विश्वकै एक आकर्षक नगर बन्ने अध्यक्ष बिजुक्छेँले अनुमान गर्नुभएको छ ।"

विश्व सम्पदा क्षेत्रभित्रका सम्पदाहरूको संरक्षणको लागि यो बैठक महत्त्वपूर्ण रहेको धारणा राख्दै प्रमुख प्रजापतिले समयअनुसार नयाँ नयाँ ऐनको आवश्यक हुने भएकोले व्यापक छलफल गरेर ऐन बनाउनुपर्ने धारणा राख्नुभयो ।

प्रमुख प्रजापतिले भन्नुभयो, "सम्पदाको महत्त्वबारे नयाँ पुस्तालाई राम्रो जानकारी नभएको कारण संरक्षणमा नयाँ पुस्ता अगाडि नआएको हुनसक्छ । भक्तपुर नगरपालिकाले विद्यालय तहदेखि नै स्थानीय पाठ्यक्रम बनाई लागु गरी सम्पदा संरक्षणमा मद्दत गरिरहेको छ ।"

कार्यक्रमका सभापति एवं पुरातत्त्व विभागका महानिर्देशक शौभाग्य प्रधानाङ्गले दुई दिनसम्म बसेको बैठकले धेरै सुझाव तयार गरेको र उक्त सुझावलाई संस्कृतिमन्त्री बसेर छलफल गरी कार्यान्वयनको लागि जिम्मेवारी बाँडफाँट गर्ने बताउनुभयो ।

उहाँले भन्नुभयो, "सम्पदा संरक्षणमा भक्तपुरले उदाहरणीय कार्य गर्दै आएको छ । उपत्यकालाई पुरानै अवस्थामा फर्काउन सबैले साझा प्रयास जारी राख्नुपर्छ ।"

संस्कृति मन्त्रालयका सहसचिव सुरेस सरोजलगायत अन्य सहभागीहरूले परम्परागत सीपलाई संरक्षण गर्दै सबैसँग संवाद र समन्वय गरी काम गरेमा राम्रो हुने विचार व्यक्त गर्नुभयो ।

नगर प्रमुख प्रजापतिले विदेशी मित्रहरूलाई मायाको चिनो मयुरझ्याल उपहार प्रदान गर्नुभयो ।



# १३६ औं अन्तर्राष्ट्रिय श्रमिक दिवसको अवसरमा प्रवचन कार्यक्रम




नेपाल मजदुर किसान पार्टीका अध्यक्ष **नारायणमान बिजुक्छेँ** (रोहित) को प्रमुख आतिथ्यमा नेपाल नगरपालिका कर्मचारी एशोसियसन भक्तपुर नगरपालिका समितिको आयोजनामा १३६ औं अन्तर्राष्ट्रिय श्रमिक दिवसको अवसरमा वैशाख १५ गते प्रवचन कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा अध्यक्ष बिजुक्छेँले वैज्ञानिक समाजवाद र साम्यवादसम्म पुग्न विश्वका मजदुरहरू एक हुनु जरुरी रहेको बताउनुभयो ।

समाजवाद स्थापनाको निम्ति नागरिक भावनामा परिवर्तन आउनुपर्छ भन्दै उहाँले समाजवाद ल्याउन समाजवाद स्थापनाका आधारहरू तयार गर्नुपर्ने र अन्य देशको समाजवादबारे पनि अध्ययन गर्नुपर्ने बताउनुभयो ।

बौद्धिक र शारीरिक श्रमलाई जीवन्त बनाइराख्न विभिन्न अध्ययन र व्यायाममा जोड दिनुपर्ने बताउँदै उहाँले ऋणमा चलेको देशले परनिर्भरतातर्फ धकेल्छ भन्नुभयो ।

जनप्रतिनिधि वा सांसद बन्नु सुविधा उपभोगको लागि नभई जनताको नि:स्वार्थपूर्वक सेवा गर्नको लागि हो भन्दै अध्यक्ष बिजुक्छेँले नेमकिपाले सांसदहरूलाई पेन्सनको सुविधा दिने विषयको विरोध गर्दै आएको बताउनुभयो ।

सामान्य नागरिकहरूको भन्दा कर्मचारीहरूको कर्तव्य बढी हुने बताउँदै उहाँले कर्मचारीहरू सङ्घर्ष गर्न र आफ्नो कर्तव्यबाट विमुख हुनुहुँदैन भन्नुभयो । कर्मचारीहरूमा देशभक्तिको भावना हुनुपर्ने बताउँदै अध्यक्ष बिजुक्छेँले भक्तपुर नगरपालिकाका कर्मचारीहरू अरुभन्दा पृथक भई इमानदारीपूर्वक काम गर्नुपर्ने बताउनुभयो ।

युवाहरू घरखेत बेचेर विदेश जानुभन्दा देशमै लगानी गरेर रोजगारी सिर्जना गर्नतर्फ जोड दिनुपर्ने बताउँदै उहाँले शिक्षक आन्दोलनले देशलाई शैक्षिक रूपमा पछाडि धकेल्ने बताउनुभयो ।

भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले नेपालका कम्युनिस्ट नाम गरेका शासक पार्टीहरूले सिद्धान्त र उद्देश्यहरू काम गरेका छैनन्, सत्तामा जानको लागि सिद्धान्तहीन गठबन्धन गर्छन् भन्नुभयो । पुँजीवादी व्यवस्थामा मजदुरहरूको जीवनको कुनै मूल्य नहुने बताउँदै उहाँले समाजवादी गणतन्त्रमा मात्र कामदार जनताले सुख पाउने बताउनुभयो ।

भक्तपुर नगरपालिकाले स्वयम्सेवा गर्ने भावनाले प्रत्येक महिनाको १ र १५ गते नगरका विभिन्न ठाउँमा सरसफाइ कार्यक्रमको आयोजना गर्दै आएको बताउँदै उहाँले देशको राजनीति, सङ्गठन र सेवाबारे कर्मचारीहरूले अध्ययनमा जोड दिनुपर्ने बताउनुभयो ।

भक्तपुर नगरपालिकाका उपप्रमुख **रजनी जोशी**ले समाजवादी गणतन्त्र कामदार जनताको लागि उपयुक्त व्यवस्था भएको बताउँदै भक्तपुर नपाले समाजवादका आधारहरू तयार गर्ने किसिमले काम गर्दै आएको बताउनुभयो ।

नेपाल नगरपालिका कर्मचारी एशोसियसन भक्तपुर नगरपालिका समितिका अध्यक्ष **गौतमप्रसाद लासिवा**ले अन्तर्राष्ट्रिय श्रमिक दिवसलाई नारामा मात्र सीमित पार्न नहुने, प्रगतिशील ढङ्गले मनाउनुपर्छ भन्दै कामदारवर्गको योगदान र भूमिकाबारे चिन्तनमनन गर्नुपर्ने बताउनुभयो ।



कार्यक्रममा नेपाल क्रान्तिकारी मजदुर सङ्घका अध्यक्ष **उपेन्द्र सुवाल**, भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत **वसन्त भट्टराई**ले मई दिवसको सान्दर्भिकताबारे प्रस्ट पार्नुभयो भने समितिका सहसचिव **विकास प्रजापति** र सदस्य **रामकृष्ण प्रजापति**, मजदुर **सुन्दर ब्यान्जु** र **कृष्णराम हयंगोजु**ले पनि बोल्नुभएको थियो ।



“विश्वका मजदुर एक होऔँ”

# १३६ औं अन्तर्राष्ट्रिय श्रमिक दिवस नेपाल क्रान्तिकारी मजदुर सङ्घको



# अपिल

## अन्तर्राष्ट्रिय श्रमिकहरूको विजय दिवस - मे १

**क्रान्तिकारी मजदुर साथीहरू,**

आजभन्दा करिब डेढ सय वर्षअघि उद्योग तथा कलकारखानामा मजदुरहरूले दैनिक १८ घण्टासम्म काम गर्नुपर्थ्यो। कामको ज्यालाबाट मजदुरलाई सुख्खा रोटीसँग एक टुक्रा प्याज खान मुश्किल थियो भने आधा पेट पनि भरिन्नथ्यो। मजदुरको बास छाप्रोमा हुन्थ्यो। नाबालकहरूलाई समेत दिनको १२-१३ घण्टा काम गराइन्थ्यो।

संरा अमेरिकाका मजदुरहरूले दिनको ८ घण्टा काम र ज्याला बढाउने माग राखी आन्दोलन सुरु गरे। १ मे १८८६ का दिन देशव्यापी हडतालको आह्वान भयो। शिकागो सहर सङ्घर्षको केन्द्र थियो। मे १ र २ को हडताल शान्तिपूर्ण भयो। प्रतिक्रियावादी सरकारले मे ३ को दिन हडतालमा सहभागी निःशस्त्र मजदुरहरूमाथि गोली चलायो। सरकारको गोलीबाट ५ जना मजदुर मारिए भने ५० जना गम्भीर घाइते भए। मे ४ को दिन गोलीकाण्डको विरोधमा मजदुरहरूले विशाल जनप्रदर्शन र सभा आयोजना गरे।

उत्तेजना फैलाउन सरकारकै एक गुप्ती पुलिसले पुलिसमाथि बम हान्यो। सरकारका प्रहरीले मजदुरको सभामाथि दनादन गोली बर्साउन थाल्यो। गोलीकाण्डमा धेरै मजदुर मारिए र सयौँ घाइते भए। पुँजीवादी सरकारको न्यायालयले बमकाण्डको झूटो आरोप लगाई मजदुर नेताहरूलाई फाँसी दियो। मजदुर नेताहरूलाई फाँसी दिएको समाचारसँगै संरा अमेरिकाका सारा मजदुरहरू सरकारको विरोधमा ज्वालामुखीझैँ उठे। यसरी, मजदुर आन्दोलन अगाडि बढ्यो।

मजदुरको रगत पसिनाले मोटाएका पुँजीपतिवर्ग मजदुर आन्दोलनको अगाडि घुँडा टेक्न बाध्य भयो। आठ घण्टा कामको दिन र ज्याला बढाउने मजदुरको माग पूरा भयो। मजदुरको आन्दोलन र बलिदान खेर गएन। सन् १८८९ मे १ मा फ्रान्सको राजधानी पेरिसमा विश्वका मजदुरहरूको भेला भयो। सो भेलाले मजदुरहरूको विजय भएको दिन मे १ मा अन्तर्राष्ट्रिय श्रमिक दिवस मनाउने निधो गऱ्यो।

### मजदुरवर्गसँग हार्नको लागि बाँधिएको सिक्रीबाहेक अरू केही छैन

सन् १८४८ मा मार्क्स-एङ्गेल्सले कम्युनिस्ट घोषणापत्र लेख्नुभयो। उहाँहरूले सर्वहारावर्ग र मजदुरवर्गसँग हार्नको लागि बाँधिएको सिक्रीबाहेक अरु केही नभएको तर जित्नको लागि सारा संसार भएको स्पष्ट पार्नुभयो। उहाँहरूले पुँजीवादको उत्थान, विकास र पतनको नियम मार्क्सवाद प्रतिपादन गर्नुभयो। वैज्ञानिक समाजवाद र साम्यवादसम्म पुग्न विश्वका मजदुर एक हुनु जरुरी छ।

सन् १८७१ मा मजदुरवर्गको पहिलो राज्य ‘पेरिस कम्युन’ स्थापना भयो। सन् १९१७ को अक्टोबर समाजवादी क्रान्तिले सोभियत सङ्घ स्थापना गऱ्यो। त्यसको प्रकाश युरोप, एसिया, अफ्रिका र दक्षिण अमेरिकासम्म फैलियो। सर्वहारावर्गका नेता लेनिन र स्तालिनको निधनपछि सोभियत सङ्घका नेताहरूमा विश्वासघात (संशोधनवाद) र पिपलपाते ( अवसरवादी) प्रवृत्ति देखापऱ्यो। सन् १९९१ मा सोभियत सत्ता विघटन गरियो र समाजवाद रक्षात्मक स्थितिमा पुग्यो।

वर्ग रहेसम्म वर्गसङ्घर्ष चालु रहन्छ। सन् २०१६-१७ मा जनताले तिरेको कर पुँजीपतिवर्ग वा बैङ्कहरूलाई बाँडिएको विरोधमा संरा अमेरिकामा ‘वालस्ट्रिट कब्जा गर’ आन्दोलन सुरु भयो। यसको कम्पन बाँकी संसारमा फैलियो। अहिले रुसी जनता सोभियत सङ्घ पुनःस्थापनाको लागि सङ्घर्ष गर्दै छन्। एक्काइसौँ शताब्दी मजदुर आन्दोलन र समाजवादको युग हो।

### अन्तर्राष्ट्रिय परिस्थिति

संरा अमेरिकामा सन् २०२५ मा राष्ट्रपति ट्रम्पको दोस्रो कार्यकाल सुरु भयो। ट्रम्पको आदेशानुसार विश्व स्वास्थ्य सङ्गठन, जलवायु परिवर्तनसम्बन्धी पेरिस सम्झौता, संयुक्त राष्ट्रसङ्घअन्तर्गतको मानव अधिकार समितिबाट अमेरिका बाहिरियो। ट्रम्पले समाजवादी क्युबाविरुद्ध ‘राज्य प्रायोजित आतङ्कवादी देश’ आरोप लगाई नाकाबन्दी थप कडा पारे। संसारका १८५ देशलाई भन्सार कर बढाएर व्यापार युद्ध घोषणा गरेको ट्रम्पले चीनलाई २४५ प्रतिशत भन्सार कर पुऱ्याए। यसको जवाफमा चीनले अमेरिकालाई १२५ प्रतिशत भन्सार कर लगायो।

अमेरिकी भन्सार करको विरोधमा चीन र युरोपबिच सहकार्य हुने सङ्केत पाएपछि ट्रम्पले चीनबाहेक बाँकी देशलाई लगाएको भन्सार कर ९० दिनको लागि स्थगन गरे। ट्रम्पले ‘बल चीनको आँगनमा पुगेको’ धम्कीपूर्ण भाषा बोले। चीनले अमेरिकी सरकारलाई जवाफ दिए, ‘भन्सार कर हटाए मात्र

वार्ता हुनेछ।'

अमेरिकी भन्सार करको कारण विश्वमा आर्थिकसँगै राजनीतिक आँधी आउने खतरा बढ्यो। अमेरिकी व्यापार युद्ध अमेरिकी जनताकै लागि प्रत्युत्पादक हुनेछ। तेस्रो विश्वयुद्ध भए अमेरिकालाई क्षति हुनेछ।

अहिले संसारमा ८० प्रतिशत स्रोत-साधन ०.००४ प्रतिशत शोषकवर्गको कब्जामा छ। विश्व बैङ्क र अन्तर्राष्ट्रिय मुद्राकोषले उत्तरी गोलार्द्धका साम्राज्यवादी देशहरूको हित हेर्दै छन् भने विश्वव्यापी आर्थिक असमानता बढाउँदै छन्। मुठीभरको सङ्ख्यामा रहेका विश्वका खर्ब डलरपतिहरूको आम्दानी दैनिक १० करोड डलरले बढेको सार्वजनिक भइरहेको छ।

बेलायतले भारतलाई २१० वर्ष उपनिवेश बनाउँदा ६४० खर्ब ८२ अर्ब डलर बराबर दोहन गरेको थियो। बेलायतका १ प्रतिशत शोषकवर्गको कब्जामा १७० खर्ब डलर रहेको छ। सन् १८२५ देखि सन् १९४७ सम्म बेलायत र फ्रान्सले दक्षिणी गोलार्द्धका देशहरूबाट २० खर्ब ४० अर्ब डलर बराबर दोहन गरे। बेल्जियम र जर्मनीले पनि अफ्रिकाबाट खर्बौं डलर बराबर दोहन गरे। दक्षिणी गोलार्द्धका देशहरूबाट यो दोहन आज पनि चालु छ। सन् २०२३ मा मात्र उत्तरी गोलार्द्धका साम्राज्यवादी देशहरूले दक्षिणी गोलार्द्धका गरिब देशहरूबाट ९ खर्ब २१ अर्ब डलर बराबर दोहन गरेको सार्वजनिक भयो। विश्वको २० प्रतिशत जनसङ्ख्या भएको उत्तरी गोलार्द्धका देशहरूले विश्वको ७७ प्रतिशत सम्पत्ति कब्जा गरेका छन्। सन् १९७० देखि सन् २०२३ सम्म दक्षिणी गोलार्द्धका गरिब देशले उत्तरी गोलार्द्धका धनी देशहरूलाई ३३ खर्ब डलर ऋण भुक्तानी गरे। साम्राज्यवादीहरू विश्वका गरिब देशहरूलाई ऋण र पुँजी लगानीको निहुँमा नवउपनिवेश बनाउँदै छन्।

**सरकारी मिलेमतोमा भएको भ्रष्टाचारका कारण खारेज गरिएका संस्थानहरू**

| | |
|---|---|
| नेपाल जुट विकास तथा व्यापार कम्पनी | (२०५०/११/१२ खारेजी) |
| कृषि आयोजना सेवा केन्द्र | (सन् २००१ खारेजी) |
| सूर्ती विकास कम्पनी | (२०५०/११/१२ खारेजी) |
| हिमाल सिमेन्ट कम्पनी | (२०६३/१०/१४ खारेजी) |
| घरेलु शिल्पकला बिक्री | (२०५०/१०/१७ खारेजी) |
| नेपाल कोल लि. | (२०५९/९/१० खारेजी) |
| हेटौँडा कपडा उद्योग | (२०६०/९/३ खारेजी) |
| वीरगञ्ज चिनी कारखाना लि. | (२०५९/१०/१६ खारेजी) |
| कृषि औजार कारखाना लि. | (२०५०/१२/४ खारेजी) |
| नेपाल यातायात संस्थान | (२०६९/०८/३ खारेजी) |
| कृषि चुन उद्योग लि. | (२०६४/०९/१५ खारेजी) |
| नेपाल ड्रिलिङ कम्पनी | (सन् २००६ खारेजी) |

**सरकारी मिलेमतोमा भएको भ्रष्टाचारका कारण सस्तोमा बेचिएका संस्थानहरू**

| | |
|---|---|
| भृकुटी कागज कारखाना | (२०४९/०७/०५ व्यवसाय एवम् सम्पत्ति बिक्री) |
| हरिसिद्धि इँटा टायल कारखाना | (२०४९/०७/१४ व्यवसाय एवम् सम्पत्ति बिक्री) |
| बाँसबारी छाला जुत्ता कारखाना | (२०४९/०७/२४ व्यवसाय एवम् सम्पत्ति बिक्री) |
| चलचित्र विकास कम्पनी लि. | (२०५०/०७/२६ सेयर बिक्री) |
| बालाजु कपडा उद्योग | (२०५०/०८/१७ सेयर बिक्री) |
| नेपाल ल्युब आयल | (२०५१/०२/२२ सेयर बिक्री) |
| नेपाल ढलौट उद्योग लि. | (२०५२/१२/१२ सेयर बिक्री) |
| श्री रघुपति जुट मिल्स | (२०५३/०४/३० सेयर बिक्री) |
| नेपाल बैङ्क लिमिटेट | (२०६३/०६/२१ सेयर बिक्री) |
| नेपाल चिया विकास निगम | (२०५७/०३/१४ सेयर बिक्री) |
| बुटवल पावर कम्पनी | (२०५९/०९/१९ सेयर बिक्री) |
| नेपाल दूरसञ्चार कम्पनी लि. | (२०६४/०९/६ सेयर बिक्री) |
| भक्तपुर इँटा टायल कम्पनी लि. | (२०६०/०९/२२ सम्पत्ति बिक्री र भाडा) |
| विराटनगर जुट मिल्स | (२०५३/०९/०४ सेयर बिक्री) |
| लुम्बिनी चिनी कारखाना | (२०६२/०९/२४ सम्पत्ति बिक्री र भाडा) |
| नेपाल रोजिन एन्ड टर्पेन्टाइन | (२०६३/०१/२९ सम्पत्ति बिक्री र भाडा) |

## देशको अवस्था : अर्थतन्त्र ध्वस्त

सामन्त र पुँजीपतिवर्गले आफ्नो स्वार्थको लागि बरोबर प्रतिक्रान्ति (कू) गर्छन्। २०१७ पुस १ गते बहुदलीय प्रजातन्त्रको निर्वाचित सरकारलाई अपदस्थ गरी निर्दलीय पञ्चायती सरकार सुरु गरियो। नेकाको देउवा सरकारले २०५९ असोज १८ गते सङ्कटकालमा प्रतिनिधिसभा विघटन गरी देश जनप्रतिनिधिविहीन बनायो। २०६१ जेठ २१ गते तत्कालीन राजा ज्ञानेन्द्र शाहको प्रतिगामी सरकारमा नेका (प्रजातान्त्रिक) र एमाले सामेल भए। २०६१ माघ १९ गते तत्कालीन राजा ज्ञानेन्द्र शाहले कार्यकारी प्रमुख आफै बनेर सत्ता कब्जा गरे। यी सबै प्रतिक्रान्ति (कू) का केही उदाहरण हुन्।

संविधानसभाबाट संविधान घोषणा भइसकेपछि स्थानीय र संसद्को निर्वाचनमा नेका-माओवादी-मधेसवादी-राजमो एकातिर र एमाले-राप्रपा अर्कोतिर सिद्धान्तहीन गठबन्धन गरिएको पनि प्रतिक्रान्ति (कू) कै सिलसिला हो। दुई वर्षयता माओवादी-एमाले, माओवादी-नेका, माओवादी-एमाले र एमाले-

नेकाको सिद्धान्तहीन सरकार गठन र विघटन पनि प्रतिक्रान्तिकै सिलसिला हो। यी घटनाहरू प्रतिक्रान्ति (क्) का केही उदाहरण मात्र हुन्।

नेपाली काङ्ग्रेसको जन्म विदेशी पुँजीको सेवाकै लागि भएको हो। सन् १९१७ को फेब्रुअरी क्रान्तिपछि बनेको करेन्स्कीको पुँजीवादी सरकारमा गएको र आफूलाई कम्युनिस्ट दाबी गरेको मेन्सेविक पार्टीले राज्यको ढुकुटीमा लुटपाट मच्चाएको थियो। नेपालमा पुँजीवादी सरकारमा गएका कम्युनिस्ट दाबी गरेका एमाले–माओवादी केन्द्र, नेकपा ( एस)– राजमोको अवस्था पनि मेन्सेविकहरूको जस्तै छ। ३५ वर्षयता सरकारमा गएकाहरूले सार्वजनिक संस्थान र उद्योग सस्तोमा निजीकरण गरे। जुन यसप्रकार छन :–

## सरकारले जनता लुट्न मिल्छ र ?

सरकारले नेपाल विद्युत् प्राधिकरणको शेयर बेचेर निजीकरण गर्दै छ भने नेपाल वायुसेवा निगमको व्यवस्थापन करारको नाममा निजीकरण गर्दै छ। पानी नबग्ने नदीमा समेत जलविद्युत् परियोजनाहरू अनुमति दिएर शेयर बेच्न लगाई सर्वसाधारण जनताको अर्बौं अर्ब रुपियाँ ठगी गरेकाहरू छाती फुलाएर हिँडिरहेका छन्। सरकारले सहकारी संस्थालाई यसको सिद्धान्त र उद्देश्यअनुसार सञ्चालन गराउन सकेन। परिणाम, सर्वसाधारण जनताको ४ खर्ब रुपियाँ बढी ठगी गरियो भने सरकारले ठग सञ्चालक र सम्बन्धित सबैको लगानी र सम्पत्ति जफत गरी सर्वसाधारण जनताको बचत फिर्ता गराउन सकेन। त्यस्ता १७ हजार सहकारी संस्थालाई खारेज गर्ने निर्णय गरी भारी बिसाउँदै छ। यो गलत हो।

सरकारले सार्वजनिक ऋण २६ खर्ब ६७ अर्ब २६ करोड रुपियाँ पुऱ्याएर सडक र पुल निर्माण, विद्युत् र टेलिफोन विस्तार गरेको दाबी गर्दै छन्। यो अङ्क कुल ग्राह्रस्थ उत्पादन (जीडीपी) को ४६.७५ प्रतिशत भएको बताइन्छ। यति बेला सरकारले ऋण ल्याएर ऋण तिर्दै छ। आव २०७२/७३ मा सरकारको सार्वजनिक ऋण ६ खर्ब रुपियाँ मात्र थियो।

चालु आवको आठ महिनामा आयात ११ खर्ब ४५ अर्ब रुपियाँ र निर्यात १ खर्ब ५८ अर्ब रुपियाँ भयो। व्यापार घाटा १० खर्ब १३ अर्ब रुपियाँ भयो। एमालेका अर्थमन्त्रीले संसद्मा राजस्वबाट कर्मचारीको तलब खुवाउन धौधौ भएको वक्तव्य राखे। देशको अर्थतन्त्र सम्हाल्न नसक्ने सरकारले राजिनामा किन दिएनन् ? गिद्धले सिनो खाएजस्तै सरकारले जनतालाई चुस्न मिल्छ र ?

अहिले नेपालमा पनि पुँजीवादको सङ्कट बढ्दो छ। सर्वसाधारण जनता र स–साना उद्योगी–व्यापारीहरूको क्रयशक्ति कमजोर भइरहेको छ। विनोद चौधरीजस्ता देश दोहन गर्नेहरूको सम्पत्ति वर्षमा ४०–५० अर्ब रुपियाँ बढेको सार्वजनिक भयो। सरकारले युवालाई स्वदेशमा रोजगारीको व्यवस्था, आन्तरिक उत्पादन वृद्धि र व्यापारघाटा घटाउने कुनै योजना बनाउन सकेन। सरकारले घरेलु तथा साना उद्योगलाई कुल कर्जाको ५० प्रतिशत प्रवाह गर्नु आवश्यक छ। सरकारले नेपालीको लगानीमा जलविद्युत् उत्पादन गरी भारतबाट इन्धन आयात घटाउनु उपयुक्त हुनेछ।

२०८१ चैत १५ गते काठमाडौँ तीनकुनेको जनप्रदर्शनमा सहभागी सर्वसाधारण जनताको अपेक्षा शिक्षा, स्वास्थ्य निःशुल्क, देशभित्र रोजगारी हो। तर, राजतन्त्र समर्थकहरूले सर्वसाधारण जनतालाई राजतन्त्र पुनःस्थापना भए देश र जनताको समस्या समाधान हुने जालझेलपूर्ण भ्रम फैलाउँदै छन्। नेपाली जनताले २५० वर्षको हुकुमी राजतन्त्र झेलेकै हो। अब राजतन्त्रको कुरा उठाउनु सानो बेलाको लुगा ठुलो हुँदा ठीक नभएजस्तै हो।

सङ्घीय लोकतान्त्रिक गणतन्त्र नामको वर्तमान पुँजीवादी प्रजातन्त्र वा राजतन्त्र पुनःस्थापना हुँदैमा देश र जनताको समस्या समाधान हुनेछैन। देश र जनताको समस्या समाधानको लागि समाजवादी गणतन्त्र जरुरी छ। समाजवादी गणतन्त्रमा मात्र श्रमको सम्मान, योग्यताअनुसार काम र कामअनुसारको ज्यालाको बन्दोबस्त हुनेछ।

काठमाडौँकेन्द्रित आन्दोलनमा सहभागी शिक्षकहरूको माग उत्पादन श्रमसँग जोडिएको विद्यालय शिक्षा निःशुल्क र अनिवार्य तथा विश्वविद्यालय शिक्षा निःशुल्क हुनुपर्ने हो। जिल्ला–जिल्लाबाट विद्यार्थीसँगै अभिभावकलाई प्रदेश र सङ्घको राजधानीमा पठाउने, जिल्ला–जिल्लाका शिक्षकहरूलाई प्रदेश र सङ्घको राजधानीमा सरुवा गर्ने र १२ कक्षा उत्तीर्ण विद्यार्थीहरूलाई अभिभावकको घरखेत बेच्न लगाई विदेश अध्ययन वा वैदेशिक रोजगारीमा पठाउने सरकारको विरोध शिक्षकहरूले गर्नुपर्थ्यो। शिक्षकहरूले देशको सन्तुलित विकासको लागि आवाज उठाउनु जरुरी छ।

बहुदलीय व्यवस्था र गणतन्त्र आएको ३५ वर्ष भयो तर कमैया, कमलरी, बँधुवा, हरूवाचरुवा, मजदुरको समस्या यथावत छ। वैशाख २ गतेको गोरखापत्र दैनिकमा धनुषाको सहिदनगर नगरपालिका–४ मा बँधुवा मजदुर यथावत रहेको सार्वजनिक भयो। पश्चिम नेपालको दाङ, बाँके, बर्दिया, कैलालीमा कमैया र कमलरी पाल्ने सामन्तवाद यथावत छ। यसको विरुद्ध सङ्घले आवाज उठाउँदै आएको छ।

## क्रान्तिकारी मजदुर साथीहरू

यो सङ्घको स्थापना पञ्चायती शासनको बेला २०२४ सालमा भूमिगत रूपमा भएको हो। उत्पादनका मुख्यमुख्य साधन र सेवा राष्ट्रियकरण भएमात्र मजदुरवर्गको दीर्घकालीन हित हुने यो सङ्घको विश्वास हो। सङ्घले यही वैशाख १७ गते १३६ औँ अन्तर्राष्ट्रिय श्रमिक दिवसको अवसरमा प्रदर्शनसहित सभा गर्दै छ। सो कार्यक्रममा सम्पूर्ण मजदुर र अन्य पेसाका साथीहरूको सहभागिताको लागि हार्दिक अनुरोध छ।

*नेपाल मजदुर किसान पार्टीको जनवर्गीय सङ्गठन*
*नेपाल क्रान्तिकारी मजदुर सङ्घ*

## भक्तपुर नगरपालिका गतिविधि

### वंशगोपाल फल्चा उद्घाटन तथा हिसाब सार्वजनिकीकरण



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले एक कार्यक्रमबिच वंशगोपाल फल्चा चैत २६ गते उद्घाटन गर्नुभयो ।

भनपा वडा नं. ३ मा पुनःनिर्मित फल्चाको उद्घाटन तथा हिसाब सार्वजनिकीकरण कार्यक्रमका प्रमुख अतिथि प्रजापतिले सम्पदाहरू पुनःनिर्माण र जीर्णोद्धार कार्य स्थानीय जनताबाट गठित उपभोक्ता समितिबाट गर्दा गुणस्तरीयता र मौलिकताको संरक्षण हुने भक्तपुरको अनुभव रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "सम्पदा पुनःनिर्माणको काम ठेक्कामा दिनु हुन्न । ठेकेदारले नाफा मात्र हेर्छ, गुणस्तरीयता र सम्पदाको मौलिकताबारे ध्यान दिँदैन ।"

सरकारको भरमा मात्रै विकास गर्ने सोच राखेको भए भक्तपुर आजको अवस्थामा पुग्न नसक्ने बताउँदै आफ्नो ठाउँको विकास आफैले गर्ने भक्तपुरवासीहरूको सोचको परिणाम अहिलेको भक्तपुर बनेको हो भन्नुभयो ।

उहाँले भक्तपुर पर्यटकीय गन्तव्य स्थलको रूपमा अगाडि बढिरहेको हुँदा भक्तपुरवासीहरू अझ बढी सचेत भएर मौलिकता जोगाउन लाग्नुपर्नेमा जोड दिनुभयो ।

फल्चा पुनःनिर्माण उपभोक्ता समितिका अध्यक्ष रामसुन्दर खाताखोले हिसाब सार्वजनिक गर्दै रु. २३ लाख ८४ हजार लगत इस्टिमेट भएकोमा १२ लाख १० हजार रूपैयाँमा पुनःनिर्माण सम्पन्न भएको जानकारी दिनुभयो ।

भनपा वडा नं. ३ का वडाध्यक्ष राजकृष्ण गोराको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा कार्यपालिका सदस्य सुनिता प्रजापति, वडा सदस्य राजकुमार शिल्पकार र भनपा सम्पदा शाखा प्रमुख रामगोविन्द श्रेष्ठले फल्चा पुनःनिर्माणको लागि सहयोग गर्ने सबैलाई धन्यवाद दिँदै त्यसको संरक्षण गर्न सबैलाई आग्रह गर्नुभएको थियो ।

### बिस्का जात्रा २०८१ सम्बन्धी तयारी बैठक सम्पन्न



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा नजिकिँदै गरेको भक्तपुरको प्रसिद्ध बिस्का जात्रा सभ्य, भव्य र मर्यादित रूपमा सञ्चालन गर्न चैत २६ गते सरोकारवालाहरूसँगको बैठक भक्तपुर नपाको सभाकक्षमा बस्यो ।

बैठकमा प्रमुख प्रजापतिले २०८१/८२ को बिस्का जात्रा निर्धारित समयमा व्यवस्थित ढङ्गले सम्पन्न गर्न सम्बन्धित सरोकारवालाहरूले आ–आफ्नो तर्फबाट आवश्यक भूमिका निर्वाह गर्न आग्रह गर्नुभयो । उहाँले बिस्का जात्रा सञ्चालन र व्यवस्थापनबारे भक्तपुर नपाको तयारीबारे जानकारी गराउनुभयो ।

उहाँले २०८१ चैत २८ गतेदेखि २०८२ वैशाख ५ गतेसम्म सञ्चालन हुने ८ रात ९ दिनको बिस्का जात्रा सांस्कृतिक नगरको गौरव गर्नलायक जात्रा भएको बताउँदै उक्त जात्रा निर्धारित समयमै सुरु गरी समयमै सम्पन्न गर्न जोड दिनुभयो ।

प्रमुख जिल्ला अधिकारी गोपालप्रसाद अर्यालले भक्तपुरको ऐतिहासिक बिस्का जात्रा स्थानीय जनताको वैभव र पहिचानको विषय भएको बताउँदै गुठी संस्थानको तालिकाअनुसार जात्रा समयमै सम्पन्न गर्न सबैबाट सहयोग हुने विश्वास व्यक्त गर्नुभयो ।

उहाँले बिस्का जात्राको मर्यादा अक्षुण्ण राख्दै स्थानीय



समुदायले नै मनाउने हो र कसैले उच्छृङ्खलता प्रदर्शन गरे कानुनबमोजिम कारबाही गरिने बताउनुभयो ।

बैठकमा गुठी संस्थान भक्तपुरका प्रमुख खिमा ओलीले गुठी संस्थान कार्यालयले बिस्का जात्राबारे गुठी संस्थानको हालसम्मको तयारीबारे अवगत गराउँदै संस्थानले बिस्का जात्रा सञ्चालनबारे तालिका सार्वजनिक गरेको र सोही तालिकाअनुसार जात्रा सञ्चालन भए जात्रा मर्यादित तथा व्यवस्थित रूपमा सम्पन्न हुने विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ५ का वडाध्यक्ष योगेन्द्रमान बिजुक्छेँ र वडा नं. ४ का वडाध्यक्ष उपेन्द्र सुवालले जात्रा सञ्चालन हुने बाटोमा सरसफाइ र सचेतना कार्यक्रमहरू हुने बताउँदै जात्रामा उच्छृङ्खल गतिविधि गर्नेहरूलाई आवश्यक कारबाही हुनुपर्ने बताउनुभयो ।

बैठकमा भक्तपुर नपाका जनप्रतिनिधि, राष्ट्रिय अनुसन्धान विभाग, सशस्त्र प्रहरी बल, नेपाल टेलिकम, काठमाडौँ उपत्यका खानेपानी लिमिटेड, नेपाल विद्युत् प्राधिकरण, नेपाल रेडक्रस सोसाइटी, भैरवनाथ जात्रा सहयोग समिति, अस्पतालका प्रतिनिधि र जात्रासँग सम्बन्धित सरोकारवालाहरूको उपस्थिति रहेको थियो भने बिस्का जात्रा व्यवस्थापनबारे सहभागीहरूले आ–आफ्नो तयारीबारे बैठकमा अवगत गराउनुभयो ।

### बैठकका निर्णयहरू

१. भक्तपुरको ऐतिहासिक तथा सांस्कृतिक बिस्का जात्रा मर्यादित र भव्य रूपमा सम्पन्न गर्न सरोकारवाला सङ्घ संस्थाहरूबाट हालसम्म भए गरेका तयारीबारे छलफल गरियो ।

२. बिस्का जात्रा मर्यादित र भव्य रूपमा सम्पन्न गर्न गुठी संस्थान भक्तपुरबाट तयार पारिएको कार्य तालिका अनुसार २०८१ चैत २८ गते दिनको ३:०० बजे भैरवनाथको रथ तानी जात्रा सुरु गर्ने र साँझ ५:०० बजे सम्पन्न गर्न सम्बन्धित सबैले आ–आफ्नो जिम्मवारीका पूजा–आजा, भजनलगायत सम्पूर्ण गतिविधि समयमै सम्पन्न गर्ने ।

३. बिस्का जात्रा व्यवस्थित र मर्यादित रूपमा सम्पन्न गर्न २०८१ चैत २८ गते र २०८२ वैशाख ५ गते भैरवनाथको रथ पूर्वमा सुकुलढोकासम्म र पश्चिममा नासमना (बुलबुल हिटी) सम्म मात्र लान सम्पूर्ण जनसमुदायमा अनुरोध गर्ने ।

४. बिस्का जात्रालाई व्यवस्थित र मर्यादित रूपमा सम्पन्न गर्न जनसमुदायमा अनुरोध गर्दै भक्तपुर नगरपालिकाबाट बिस्काजात्रासम्बन्धी पर्चा वितरण गर्ने ।

५. भक्तपुरको प्रसिद्ध बिस्का जात्रा र नयाँ वर्ष २०८२ सम्बन्धी शुभकामना र्याली र सभा २०८१ चैत २८ गते भ.न.पा ९, दत्तात्रयबाट भ.न.पा ५, टौमढी स्थानमा गर्ने निर्णय गरियो ।

## बिस्का जात्रा तथा नयाँ वर्षको २०८२ को शुभकामना र्याली सम्पन्न



नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सचिव एवं सङ्घीय सांसद प्रेम सुवालको प्रमुख आतिथ्यमा चैत २८ गते भक्तपुर नगरपालिका वडा नं. ९ स्थित दत्तात्रयबाट सुरु भएको शुभकामना र्याली टौमढीमा पुगी सभामा परिणत भयो ।

टौमढीमा भएको शुभकामना सभामा प्रमुख अतिथि सांसद सुवालले राजनीति निःस्वार्थ रूपले देश र जनताको सेवाको लागि हो र देशको सम्मुन्न विकासको लागि जनतामा राजनीतिक चेतना हुनुपर्छ भन्नुभयो । उहाँले आधुनिक युगमा सञ्चार माध्यम तथा सामाजिक सञ्जालबाट भक्तपुरको पहिचान बोकेको मूर्त र अमूर्त सम्पदाहरूसँग सम्बन्धित बिस्का जात्रा संसारभरिका स्वदेशी तथा विदेशी पर्यटकहरूले समेत प्रत्यक्ष हेर्न भएकाले जात्रालाई सभ्य र सुसंस्कृत रूपमा सम्पन्न गर्नु हामी सबैको कर्तव्य रहेको जानकारी गराउनुभयो ।

प्रमुख अतिथि सुवालले अहिलेको सरकारले देशको सन्तुलित विकासको लागि विदेशबाट भित्रिने रेमिट्यान्सको भर नपरी स्वदेशमा आफ्नो श्रम र सीप उपयोग गरी कार्य गर्नसक्ने वातावरण बनाउनुपर्ने उल्लेख गर्दै देशको अर्थतन्त्र जोगाउन कालो बजारी नियन्त्रण गर्न जनता सजग हुनुपर्ने चर्चा गर्नुभयो ।

"भक्तपुर नघुमे संसारका आधा भाग नघुमे सरह हुन्छ ।" भन्ने विभिन्न समयमा भक्तपुर भ्रमण गर्ने विद्वानहरूले उल्लेख गरेको स्मरण गर्दै उहाँले भक्तपुरको सम्पदा र संस्कृतिअन्तर्गत परम्परादेखि चलिआएको बिस्का जात्रालाई सबै मिली सभ्य र भव्य रूपमा सम्पन्न गर्नु अपरिहार्य रहेको बताउनुभयो ।



कार्यक्रमका सभापति एवं भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले बिस्का जात्रा मर्यादित रूपमा मनाउन चैत १४ र १९ गते सम्बन्धित सरोकारवालाहरूको बैठक बसी आवश्यक तयारी पूरा गरिसकेको जानकारी दिँदै बिस्का जात्रामा हजारौँ स्वदेशी र विदेशी पर्यटकहरूले प्रत्यक्ष अवलोकन गर्न आउने तथा विभिन्न सञ्चार माध्यमबाट विश्वभरका नागरिकहरूले प्रत्यक्ष हेर्ने हुनाले जात्रालाई शान्तिपूर्ण, व्यवस्थित र सभ्य बनाउनु नगरवासी सबैको साझा जिम्मेवारी भएको बताउनुभयो ।

संसारभर भक्तपुर सांस्कृतिक नगरका साथसाथै जीवित सङ्ग्रहालयको परिचय दिन सफल भइरहेको चर्चा गर्दै सन् २०२३ मा नेपाल भ्रमणमा आएकामध्ये २५ प्रतिशतले भक्तपुर नगरको भ्रमण गरेको उहाँले बताउनुभयो । आन्तरिक पर्यटन प्रबर्द्धनको लागि गत मङ्सिर २८ गतेदेखि पुस २ गतेसम्म भक्तपुर महोत्सव सफलतापूर्वक सम्पन्न गरेको जानकारी दिनुभयो ।

भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले ज्यालीमा उपस्थित जनप्रतिनिधि, कर्मचारी, संस्कृतिकर्मी, स्कूल कलेजका शिक्षक, विद्यार्थीहरू, स्काउट, संस्कृतिप्रेमी नगरवासीहरूलाई धन्यवाद ज्ञापन गर्नुभयो । उहाँले भैरवनाथको रथ वास्तुकला, भूकम्पीय, सामाजिक, ट्राफिक र स्ट्रक्चर गरी ५ वटा इन्जिनियरिङको बेजोड नमुना भएको बताउँदै बिस्का जात्राको मुख्य आकर्षणको रूपमा रथ तान्ने जात्रालाई सभ्य, भव्य र सुरक्षित रूपमा मनाउन सम्पूर्ण नगरवासीहरूको साथ र सहयोगको अपेक्षा गर्नुभयो ।

कार्यक्रममा प्रमुख जिल्ला अधिकारी गोपालप्रसाद अर्यालले बिस्का जात्राको माध्यमबाट अन्तर्राष्ट्रिय समुदायमा भक्तपुरको परिचय दिइरहेको बताउँदै बिस्का जात्रा जस्तो अमूर्त सम्पदालाई नयाँ पुस्तामा पुस्तान्तरण गर्दै जानुपर्ने विचार व्यक्त गर्नुभयो । उहाँले जात्रा व्यवस्थित गर्न सुरक्षा निकायको तर्फबाट गर्नुपर्ने सम्पूर्ण तयारी पूरा भएको जानकारी दिँदै जात्रालाई शान्तिपूर्ण र मर्यादित रूपमा सञ्चालन गर्न र उच्छृङ्खल गतिविधि नगर्न नगरवासीहरूलाई अनुरोध गर्नुभयो ।

कार्यक्रममा गुठी संस्थान, भक्तपुर शाखाका प्रमुख खिमा ओलीले गुठी संस्थान,भक्तपुरले चैत २८ गते दिनको ३ बजेको समयमै जात्रा सुरु गरी जात्रालाई सफल बनाउन पुजारी, नाइके तथा नगरवासीहरूको सहयोगको अपेक्षा गर्नुभयो । उहाँले समय सँगसँगै बिस्का जात्रा पनि सुधारोन्मुख हुँदै आएको बताउँदै प्रसिद्ध बिस्का जात्रा सम्पन्न गर्न आवश्यक दुबै रथ निर्माण सम्पन्नपश्चात् जनसमुदायलाई हस्तान्तरण गर्नका लागि तयारी अवस्थामा रहेको बताउनुभयो । उहाँले रथ तान्ने चलनअनुसार नै माथि र तलको टोलमा रहेका समुदायले तान्ने भनी तोकिएको दिनमा तोकिएअनुसार नै तानी जात्रालाई भव्य, सभ्य, अनुशासित र मर्यादित तारिकाले सम्पन्न गर्न अनुरोध गर्नुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिका वडा नं. ५ का वडाध्यक्ष योगेन्द्रमान बिजुक्छेँ र वडा नं. ९ का वडाध्यक्ष रविन्द्र ज्याख्वले पनि बोल्नुभएको थियो ।

## ६ महिने आधारभूत सिलाइ, बुटिक र हेयर काट्ने प्रशिक्षणको प्रमाणपत्र वितरण कार्यक्रम



भक्तपुर नगरपालिकाको आयोजनामा सञ्चालन भएको ६ महिने आधारभूत सिलाइ, बुटिक र हेयर काट्ने प्रशिक्षण समापन तथा प्रमाणपत्र वितरण कार्यक्रम भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीको प्रमुख आतिथ्यमा चैत २९ गते भनपा सभाकक्षमा सम्पन्न भयो ।

कार्यक्रममा उपप्रमुख जोशीले भक्तपुर नगरपालिकाले सम्पदा संरक्षणमा विशेष जोड दिँदै आइरहेको उल्लेख गर्दै ऐतिहासिक बिस्का जात्रा भक्तपुरको गौरव रहेकोले संयमित भएर जात्रा मनाउनुपर्ने बताउनुभयो । उहाँले वर्तमान समयमा भक्तपुर शैक्षिक गन्तव्यस्थलको रूपमा रहेको चर्चा गर्दै भक्तपुर नगरपालिकाले ख्वप विश्वविद्यालयको स्थापनाको निरन्तर प्रयास गरिरहेको बताउनुभयो । उहाँले बदलिँदो राजनैतिक परिवर्तनसँगै देशमा व्यवस्था परिवर्तन भए पनि अवस्था परिवर्तन हुन नसकेको र जनताको अवस्था परिवर्तनको लागि समाजवादी गणतन्त्र आवश्यक रहेको बताउनुभयो ।

कार्यक्रमका सभापति, महिला बालबालिका तथा समाज कल्याण समितिका संयोजक एवं कार्यपालिका सदस्य रोशनमैयाँ सुवालले भक्तपुर नगरपालिकाले युवा तथा महिलाहरूलाई सीप प्रदान गर्ने उद्देश्यले तालिम सञ्चालन गर्दै आइरहेको स्पष्ट पार्दै तालिममा सिकेका कुराहरू व्यवसायिक रूपले अगाडि बढाउनको निम्ति स्थानीय सरकारको कानुनको बारेमा जानकार हुनुपर्ने बताउनुभयो ।

प्रशिक्षकतर्फबाट आधारभूत सिलाइ तालिममा प्रशिक्षक धर्मलक्ष्मी लघुले भक्तपुर नगरपालिकाले वि.सं. २०४४ सालदेखि नै तालिम सञ्चालन गर्दै आइरहेको स्मरण गर्दै तालिममा सिकेका कुराहरू व्यवहारमा उतार्नुपर्ने र सीप भएको व्यक्तिको समग्र विकास हुने बताउनुभयो ।



कार्यक्रममा समितिका सदस्य एवं कार्यपालिका सदस्य छोरीमैया सुजखुले निर्वाचनमा प्रतिबद्धता गरेको घोषणापत्रबमोजिम नगरवासीहरूलाई सीप प्रदान गर्ने उद्देश्यले तालिम सञ्चालन गर्दै आइरहेको बताउनुभयो भने ४ नं वडा महिला सदस्य विष्णुकेशरी दुवाल र ८ नं वडा महिला सदस्य सुमित्रा बोहजूले पनि बोल्नुभएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि जोशीले तालिममा सहभागी प्रशिक्षार्थीहरूलाई प्रमाणपत्र तथा प्रशिक्षकहरूलाई प्रशंसापत्र वितरण गर्नुभएको थियो ।

## समयमै सरसफाइ गर्नुपर्नेमा जोड



भक्तपुर नगरपालिका प्रमुख सुनिल प्रजापतिले समस्या समाधानको लागि निरन्तर जनतासँग नङ र मासुको जस्तो घनिष्ट सम्बन्ध हुनुपर्ने र नगरपालिकाले अभिभावकीय भूमिका निर्वाह गर्नुपर्ने बताउनुभयो । भनपा सभाकक्षामा चैत ३० गते भएको बिस्का जात्रा र नयाँ वर्ष २०८२ सालको उपलक्ष्यमा भक्तपुर नगरपालिकामा कार्यरत सफाइकर्मीहरूबिच शुभकामना आदानप्रदान कार्यक्रममा प्रमुख प्रजापतिले कर्मचारीहरूले समयमा काम नगर्दा रामशेखरहरूले नाटकमार्फत सचेत गराएको स्मरण गराउनुभयो । उहाँले जनसङ्ख्या बढेसँगै फोहरमैला पनि बढ्ने बताउनुभयो । उहाँले भ्रष्टाचार भनेको घुस लिने मात्र होइन समयमा काम नगर्नु पनि भ्रष्टाचार भएको बताउँदै समयमा नै अनियमित रोक्न सके नोक्सान नहुने र जथाभावी फोहर गरेमा दण्ड जरिवाना गर्नुपर्ने बताउनुभयो । उहाँले बाहिरबाट हेर्दा भक्तपुरमा राम्रो काम भइरहेको धारणा भए पनि अझ त्यो भन्दा राम्रो बनाउन सक्ने बताउनुभयो । उहाँले कानुन आफै काम नगर्ने त्यसलाई परिपालन गर्ने दायित्व कर्मचारीको भएकोले दत्तात्रय, टौमढी र दरबारस्क्वारमा छानामा रहेको पानीट्याङ्की हटाउने काम प्रभावकारी बनाउनुपर्ने बताउनुभयो । उहाँले वर्षा यामसँगै ढलनिकास बन्द हुने, डेँगु लाग्ने आदि रोकथामको लागि अहिले नै बन्दोबस्त गर्नुपर्ने बताउनुभयो । उहाँले बिस्का जात्रामा हजारौँ बाह्य र आन्तरिक पर्यटकले जात्रासँगै सरसफाइ र मठ-मन्दिरको समेत अवलोकन गर्ने भएकोले सफाइमा सधैँ ध्यान दिइरहनुपर्ने विचार व्यक्त गर्नुभयो । उहाँले सफाइ मजदुरहरूले स्वास्थ्यलाई ख्याल गरी मास्क, पञ्जा, बुट र ड्रेस अनिवार्य लगाउनुपर्ने बताउँदै अनुशासित कर्मचारीहरूले जाँडरक्सी,

चुरोट खान नहुने बताउनुभयो । उहाँले अमेरिका र चीनको व्यापार युद्धबारे बताउँदै चीन संयमित तरिकाले वार्ता भए वार्ता र वार्ताको ढोका खुला नभए अन्तिम दमसम्म लड्ने बताउनुभयो ।

कार्यक्रममा भनपा ९ नं वडाध्यक्ष एवम् वातावरण तथा पर्यटन समितिका संयोजक रविन्द्र ज्याख्वले जसरी शरीरलाई पुनर्ताजगी आवश्यक छ त्यसरी नै दिमागलाई सुसजित गर्न र उत्साह थप्न शुभकामना आदानप्रदान कार्यक्रम आवश्यक भएको उल्लेख गर्दै कर्मचारीले समयको पालना गर्नुपर्ने बताउनुभयो । उहाँले पाक्षिक सरसफाइ कार्यक्रममा सफाइ मजदुरहरू सहभागी हुन निर्देशन दिँदै हामी खटिएर काम गरे जनता खुसी हुने बताउनुभयो । उहाँले बेलुका फोहर फाल्ने कार्यलाई निरुत्साहित गर्न सम्झाउनुपर्ने बताउँदै कुहिने र नकुहिने फोहर छुट्याउन बाल्टिन वितरण कार्यक्रम ल्याएको बताउनुभयो ।

कार्यक्रममा ४ नं वडाध्यक्ष एवम् वातावरण तथा पर्यटन समितिका उपेन्द्र सुवाल, वातावरण तथा पर्यटन समितिका सदस्य मञ्जुमाया लाखाजु, श्यानिटेसन उपशाखा प्रमुख दिलिपकुमार सुवाल र वडा निरीक्षक रामकृष्ण प्रजापतिले बिस्का जात्रा र नयाँ वर्ष २०८२ को शुभकामना दिनुभएको थियो ।

## संसद् पुनःस्थापनाले गणतन्त्रको बाटो खुला



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले संसद् पुनःस्थापनाले गणतन्त्रको बाटो खुला गरेको बताउनुभयो ।

भक्तपुर नगरपालिकाको आयोजनामा वैशाख ११ गते सम्पन्न अन्तर-नगर जिम्न्यास्टिक प्रतियोगितामा सहयोगी सबैलाई धन्यवादज्ञापन कार्यक्रममा बोल्दै प्रमुख प्रजापतिले २०५८ जेठ ८ गते तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले संसद् विघटनदेखि नै नेमकिपाले संसद् पुनःस्थापनाको मागलाई अगाडि बढाएको हो भन्नुभयो ।

उहाँले २०६३ साल वैशाख ११ गते संसद् पुनःस्थापना भएको दिनको सन्दर्भ उल्लेख गर्दै भन्नुभयो, "नेमकिपाले संसद् पुनःस्थापनाको कुरा उठाउँदा त्यतिबेला धेरै पार्टीहरू त्यो मागमा तयार थिएनन् । सात दलले निर्णय गर्दा पनि एमाले र जनमोर्चा नेपाल अन्तिम क्षणमा मात्रै संसद् पुनःस्थापनाको पक्षमा देखिए । नेमकिपाको दीर्घकालीन सोचको परिणाम देशमा संसद् पुनःस्थापना भयो र त्यसैले गणतन्त्रको बाटो तय गऱ्यो ।"

उहाँले खेलाडीहरूले खेलकुदको साथै राजनीतिबारे चिन्तन गरेनन् भने दुःख पाउने बताउँदै पूर्वपञ्चहरू लोकेन्द्रबहादुर चन्द र सूर्यबहादुर थापालाई एमाले र नेकाले पालैपालो मन्त्री बनाउनाले नै अहिलेको स्थिति उत्पन्न भएको बताउनुभयो ।

देशमा गणतन्त्र स्थापना भए पनि शासक दलहरूले जनभावनाअनुसार काम गर्न नसक्दा अहिले राजावादीहरूले टाउको उठाउन थालेको उल्लेख गर्दै उहाँले अरुको भरमा राजनीति गर्नेहरूले देशलाई अगाडि बढाउन सक्दैनन् भन्नुभयो । उहाँले भन्नुभयो, "आलोचना गर्नेहरूभन्दा बाहिर प्रशंसा गरेर भित्र खुट्टा तान्नेहरूदेखि खेलाडीहरू सधैँ सचेत हुनुपर्छ ।"



उपप्रमुख रजनी जोशीले जिम्न्यास्टिक खेलको अध्ययन अनुसन्धान गर्नुपर्ने उल्लेख गर्दै अन्तर-नगर जिम्न्यास्टिक प्रतियोगितामा सहयोग गर्ने सबैलाई धन्यवादज्ञापन गर्नुभयो । प्रमुख प्रशासकीय अधिकृत वसन्त भट्टराईले भक्तपुर नपाले खेलाडीहरूले खेल्ने मात्रै होइन सम्मान गर्न पनि जानेको बताउनुभयो ।

भक्तपुर जिम्न्यास्टिक सङ्घका अध्यक्ष दीपककृष्ण प्रजापतिले कमजोरीलाई शक्तिमा बदल्ने प्रतिबद्धता व्यक्त गर्दै प्रतियोगितापछि जिम्न्यास्टिक प्रशिक्षार्थीहरू उत्साहित भएको विचार व्यक्त गर्नुभयो ।

## विश्व औलो दिवसको अवसरमा अभिमुखीकरण कार्यक्रम




भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा विश्व औलो दिवसको अवसरमा वैशाख १२ गते अभिमुखीकरण कार्यक्रम सम्पन्न भयो।

कार्यक्रममा प्रमुख प्रजापतिले लामखुट्टेको टोकाइबाट सर्ने औलो रोग निकै जोखिमयुक्त रोग भएको हुँदा मलेरिया रोकथामका लागि जनसमुदायलाई सचेत पार्नु आवश्यक रहेको बताउनुभयो।

प्रमुख प्रजापतिले सरकारले औलोमुक्त नेपाल बनाउने घोषणा मात्र गरेर हुँदैन, सचेतनाका कार्यक्रमलाई व्यापक बनाउनुपर्छ भन्नुभयो।

औलोको बेलैमा उपचार नभएमा यसको सङ्क्रमणले ज्यानसमेत जाने हुँदा सबैलाई सतर्क पार्नु आवश्यक छ भन्दै उहाँले विद्यार्थीहरूलाई विद्यालय तहदेखि नै राजनीतिक, सामाजिक, स्वास्थ्य आदि क्षेत्रमा सचेत बनाउँदै लानुपर्ने बताउनुभयो।

विदेशीको मुख ताक्ने प्रवृत्तिले नेपालको विकासमा ढिलाइ भइरहेको बताउँदै उहाँले भक्तपुर नपाले २०७२ को भूकम्पपश्चात् यहाँका सांस्कृतिक महत्त्वका सम्पदाहरूको पुन:निर्माण तथा जीर्णोद्धार कार्य गर्दै आइरहेको बताउनुभयो।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रविन्द्र ज्याख्वले रोगविरुद्ध लड्न मानसिक रूपमा तयार रहनुपर्ने बताउँदै रोग लाग्नै नदिन सचेतना आवश्यक रहेको बताउनुभयो।

कार्यक्रममा जिल्ला जनस्वास्थ्य कार्यालयका ल्याब टेक्निसियन तिव्रता शर्माले नेपालमा औलो रोगको वर्तमान अवस्था, औलो दिवसको पृष्ठभूमिबारे जानकारी दिनुभएको थियो।

कार्यक्रममा भक्तपुर नगरपालिका स्वास्थ्य शाखा प्रमुख डा. रत्नसुन्दर लासिवाले पनि बोल्नुभएको थियो।

कार्यक्रममा भक्तपुर नगरपालिकाभित्र सञ्चालित विद्यालयका शिक्षक, शिक्षिकाहरू, विद्यालय नर्स, वडा नर्सहरूको उपस्थिति थियो।

## बचत तथा ऋण सहकारीको अनुगमन

भक्तपुर नगरपालिका सहकारी अनुगमन समितिले वैशाख १५ गते भक्तपुर नपा वडा नं. ७ जगातिस्थित बचत तथा ऋण सहकारी संस्थामा अनुगमन गऱ्यो।

अनुगमनको क्रममा सहकारीको कार्यक्षेत्रभन्दा बाहिर रहेकालाई सदस्य बनाएको, कार्यक्षेत्रभन्दा बाहिरका सञ्चालक समितिमा रहेको, शिक्षा शिविर सञ्चालन गरिए पनि विभिन्न तालिम सञ्चालन नगरेको, विनाधितो ऋण प्रदान गरिएकोमा ती रकम सङ्कलन गर्न गाह्रो भएको, प्राथमिक पुँजी कोष १५ प्रतिशतभन्दा बढी ऋण प्रदान गरेको, सञ्चालक समिति र लेखा सुपरीवेक्षण समितिले औषधी उपचार खर्च लिएको देखिएको सहकारी अनुगमन समितिले जनाएको छ।

सो अनुगमनमा सहकारी अनुगमन समितिका संयोजक हरिप्रसाद बासुकला, श्यामसुन्दर मातां, हरिरत्न गोर्खाली, तारादेवी शाक्य, कृष्णगोपाल चौगुठी र सहकारी शाखा प्रमुख रेभिड कुस्माको सहभागिता रहेको थियो।

## भक्तपुर नगरपालिकाबाट बाल्टिन वितरण



भक्तपुर नगरपालिका वडा नं. २ ले वैशाख १६ गते वडावासीहरूलाई कुहिने र नकुहिने फोहोर सङ्कलनको लागि अलग अलग बाल्टिन वितरण गरेको छ।

बाल्टिन वितरण कार्यक्रममा भनपा वडा नं. २ का वडाध्यक्ष हरिप्रसाद बासुकलाले हाम्रा अग्रजहरूले भक्तपुरलाई सफा नगरको रूपमा कायम गर्न सफाई आन्दोलन गरेको स्मरण गर्नुभयो।

भक्तपुरको फोहोरलाई व्यवस्थापन गर्न कुहिने र नकुहिने फोहोर छुट्याएर मात्र नगरपालिकाको गाडीमा राख्न अनुरोध गर्दै उहाँले भक्तपुरलाई सफा नगरको रूपमा विकास गर्न सबैको साथ र सहयोग आवश्यक रहेको बताउनुभयो।

नेमकिपा वडा नं. २ का अध्यक्ष रत्नकाजी नायभारीले नेमकिपाको सिद्धान्तअनुसार भक्तपुर नगरपालिकाले जनताको सेवा गरिरहेको बताउँदै नपाले स्वास्थ्य र शिक्षालाई विशेष प्राथमिकता दिएर काम गरिरहेको बताउनुभयो।

कार्यक्रममा गणेशप्रसाद सुवाल र श्यामसुन्दर मातांले पनि बोल्नुभएको थियो भने यस आ.व.सम्म सफाइ शुल्क तिरेका नगरवासीहरूलाई रु. २०० मा दुईवटा बाल्टिन वितरण गरिएको थियो।

# शैक्षिक गतिविधि

## व्यवसायिक प्रतिभालाई प्रवर्द्धन गर्न दोस्रो ख्वप हाटबजार




ख्वप मा.वि., ख्वप कलेज, शारदा क्याम्पस मा.वि. र ख्वप कलेज अफ लमा अध्ययनरत विद्यार्थीहरूमा रहेको व्यवसायिक प्रतिभालाई प्रवर्द्धन गर्ने उद्देश्यका साथ 'दोस्रो ख्वप हाटबजार' कार्यक्रम चैत २७ गते सम्पन्न भयो।

ख्वप मा.वि./कलेज सञ्चालक समितिका अध्यक्ष एवम् भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले कार्यक्रम उद्घाटन गर्दै कृषि सामग्री बिक्री वितरणका साथै घरेलु तथा स-साना व्यवसायिक प्रवर्द्धन गर्न हाटबजारले महत्त्वपूर्ण भूमिका खेलिरहेको उल्लेख गर्दै कार्यक्रम सफलताको शुभकामना व्यक्त गर्नुभयो।

ठुलठुला डिपार्मेन्टल स्टोरजस्ता व्यवसायीहरूले गर्दा हाटबजार लोप हुँदै जाँदा देशको पुँजी सीमित व्यक्तिको हातमा पर्न गएको धारणा व्यक्त गर्दै प्रमुख प्रजापतिले विद्यार्थीहरूमा रहेको उद्यमशीलतालाई प्रवर्द्धन गर्न र आत्मनिर्भर बनाउन कलेज/विद्यालयले रचनात्मक कार्यक्रमका साथै यस्ता कार्यक्रमको निरन्तरता दिनुपर्ने आवश्यकता औँल्याउनुभयो।

वैदेशिक रोजगारीका नाममा गाउँ गाउँ खाली हुने गरी विदेश जाने क्रम बढिरहेको स्थितिलाई रोक्न, दक्ष जनशक्ति तयार गरी आत्मनिर्भर बनाउन भक्तपुर नगरपालिकाले विभिन्न सीपमूलक तालिम सञ्चालन गरिरहेको र तालिम लिएकाहरूलाई भनपाले सुलभ ब्याज दरमा व्यवसायिक ऋण उपलब्ध गराइरहेको प्रमुख प्रजापतिले जानकारी गराउनुभयो।

हाटबजार सञ्चालन गर्दा स्थानीय र मौलिक सीप



प्रवर्द्धनलाई प्रोत्साहन गर्नुपर्नेमा उहाँले जोड दिनुभयो।

कार्यक्रम संयोजक एवं ख्वप इन्क्यु वे सन ल्यावका संयोजक एवं उपप्राध्यापक अञ्जु ग्वाछाले किताबमा सीमित ज्ञानलाई व्यवहारिकता दिन र विद्यार्थीलाई उद्यमशील बनाउन कार्यक्रमको आयोजना गरिएको बताउनुभयो।

कार्यक्रममा शिक्षक सुनिता गाइसीले कार्यक्रमको आवश्यकताबारे चर्चा गर्नुभयो।

हाटबजारमा हस्तकला, खाद्य परिकार, घरेलु उत्पादन, खाद्य सामग्री, साबुन, श्रृङ्गारलगायतका स्टलहरू राखिएका थिए।

हाटबजारमा कक्षा ११ देखि एमबीएससम्मका विद्यार्थीहरूले समूह बनाएर २८ वटा स्टल सञ्चालन गरेका थिए। तीमध्ये बीबीएमका विद्यार्थी एलेन सिमाछ्वा नेतृत्वको टोलीलाई उत्कृष्ट ठहर गरी नगद पुरस्कार र प्रमाणपत्र प्रदान गरिएको थियो।

## ख्वप कलेज अफ इन्जिनियरिङको QAA प्रक्रियाको लागि पूर्व परीक्षण भ्रमण कार्यक्रमको उद्घाटन

विश्वविद्यालय अनुदान आयोगको Educational Quality Assurance and Accreditation Council बाट



ख्वप कलेज अफ इन्जिनियरिङको QAA प्रक्रियाको लागि गठित Peer Review Team बाट २०८२ वैशाख ८, ९ र १० गते हुने पूर्व परीक्षण भ्रमण कार्यक्रमको उद्घाटन वैशाख ८ गते भयो ।



कार्यक्रमको उद्घाटन गर्दै भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले २१ औं शताब्दीका चुनौतीहरू सामना गर्नसक्ने प्राविधिक तयार गर्ने उद्देश्यले भक्तपुर नपाले दुईवटा इन्जिनियरिङ कलेजहरू सञ्चालन गरेको बताउनुभयो ।

कलेजले सार्वजनिक बिदा कटौती गरी अध्ययन अध्यापन कार्यक्रमहरू सञ्चालनमा जोड दिँदै आएको बताउँदै आङ्गिक क्याम्पसबाहेकलाई थप कार्यक्रमको सम्बन्धन नदिने त्रिविको नीतिले कलेजमा नयाँ नयाँ कार्यक्रमहरू सञ्चालन गर्न नसकिरहेको बताउनुभयो ।

विश्वविद्यालय र कलेजहरू अनुसन्धान केन्द्र हुनुपर्ने बताउँदै उहाँले नपाबाट सञ्चालित कलेजहरूमा ७७ जिल्लाका विद्यार्थी र प्राध्यापकहरू अध्ययन अध्यापनमा आबद्ध रहेको बताउनुभयो ।

ख्वप कलेज अफ इ. का प्राचार्य सुनिल दुवालले वार्षिक कार्यक्रमअनुसार कलेजले भक्तपुर नपाबाट सञ्चालित ख्वप अस्पतालसँग सम्झौता गरेर चिकित्सकको व्यवस्था गरिरहेको, कलेजका प्राध्यापक, विद्यार्थी र कर्मचारीहरूको लागि स्वास्थ्य परीक्षणको सुविधा दिँदै आएको बताउनुभयो ।

उहाँले कलेजका कक्षाकोठाहरू स्मार्ट बोर्डको सुविधासहित आधुनिकीकरण गरेको बताउँदै पुस्तकालय आधुनिकीकरण तथा आरामदायी रूपमा अध्ययन अनुसन्धानको व्यवस्था पनि गर्दै आएको बताउनुभयो ।

प्रा. डा. जीवराज पोखरेलले कलेजले परम्परा र परिवर्तनलाई सँगसँगै लग्न सकेको बताउँदै कलेजको वास्तुकला हेर्दा गौरवको अनुभूति भएको बताउनुभयो ।

उहाँले कलेज भौतिक रूपमा सुसज्जित र प्राज्ञिक रूपमा सुसङ्गठित भएको बताउँदै हालसम्म १०२ वटा शैक्षिक संस्थाले QAA प्राप्त गरिसकेको जानकारी दिनुभयो ।

कलेजका प्रा.डा. राजुभाइ त्यातले कलेजले तयार गरेको स्वाध्ययन प्रतिवेदन SSR को सार सङ्क्षेपबारे जानकारी दिनुभयो ।

## देशलाई अघि बढाउन विश्वविद्यालयहरू राम्रो हुनु आवश्यक




विश्वविद्यालय अनुदान आयोगको Educational Quality Assurance and Accreditation Council बाट भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप कलेज अफ इन्जिनियरिङको क्यूएए प्रक्रियाको लागि गठित Peer Review Team (पीआरटी) बाट वैशाख ८, ९ र १० गते पूर्व परीक्षण भ्रमणको समापन तथा प्रतिवेदनमा हस्ताक्षर कार्यक्रम वैशाख १० गते सम्पन्न भयो ।

तीन दिवसीय पूर्व परीक्षण भ्रमणको समापन कार्यक्रममा विश्वविद्यालय अनुदान आयोगको तर्फबाट तयार गरिएको मूल्याङ्कन प्रतिवेदनमा आयोगका पीआरटी संयोजक प्रा.डा.जीवराज पोखरेल र कलेज सञ्चालक समितिका अध्यक्ष एवं भक्तपुर नगरपालिका प्रमुख सुनिल प्रजापतिले हस्ताक्षर गर्नुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख एवं कलेज सञ्चालक समितिका अध्यक्ष सुनिल प्रजापतिले प्रशंसाले पतनको बाटोतिर लाने र आलोचनाले सुधारको बाटोमा लाने बताउँदै विश्वविद्यालय अनुदान आयोगलाई धन्यवाद ज्ञापन गर्नुभयो । उहाँले समाज विकासको लागि दक्ष प्राविधिकहरू आवश्यक भएकोले कलेजले देशको लागि मात्र नभई संसारको लागि योगदान गर्ने प्राविधिकहरू तयार गर्ने प्रतिबद्धता जनाउनुभयो । देशलाई अगाडि बढाउन विश्वविद्यालयहरू राम्रो हुनुपर्ने औँल्याउँदै उहाँले आफ्नै देशलाई सपनाको देश बनाऔँ भन्नुभयो । २०७२ सालको भूकम्पपछि १ अर्ब २० करोड बराबरको सम्पदा पुनःनिर्माणको नाममा आएको विदेशी

सहयोग भनपाले अस्वीकार गरेको उल्लेख गर्दै १९३ वटा सम्पदाहरू विदेशी सहयोगविना कलेजको प्राविधिक सहयोगमा सम्पन्न भइसकेको बताउनुभयो। उहाँले अरूको सहयोगमा निर्भर भएर लक्ष्यमा पुग्न नसकिने बताउनुभयो।

कार्यक्रममा विश्वविद्यालय अनुदान आयोगको पीआरटी संयोजक प्रा. डा. जीवराज पोखरेलले तीन दिवसीय अवलोकन भ्रमणको मूल्याङ्कन प्रतिवेदनको सारसङ्क्षेप प्रस्तुत गर्नुभयो। उहाँले ख्वप कलेज अफ इन्जिनियरिङका विद्यार्थी र प्राध्यापकहरूमा अनुसन्धानको संस्कृति निर्माण भएको उल्लेख गर्दै कलेजले लघु अनुसन्धान, विद्यावारिधि तथा राष्ट्रिय-अन्तर्राष्ट्रिय सम्मेलनमा विद्यार्थी र प्राध्यापकहरू सहभागी गराउनु राम्रो पक्ष हो भन्नुभयो। प्रतिवेदनअनुसार काम गरेको, विद्यार्थीलाई आवश्यक सबै कलेजले विधि र प्रविधि अवलम्बन गरेर बाँकी पृष्ठ ८ मा सेवासुविधा उपलब्ध गराएको, सबलता र प्रबलतासाथ परम्परागत तथा विद्युतीय अभिलेखीकरण गरिएको बताउँदै उहाँले कलेजले प्राविधिक परामर्श नीति बनाएर कार्य गर्न सुझाउनुभयो।



ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य ई. सुनिल दुवालले विश्वविद्यालय अनुदान आयोगका सुझावहरू कलेजको गुणस्तर विकासमा उपयोगी हुने बताउँदै सुझावअनुसार कलेजको गुणस्तर विकासका कार्य गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। आयोगको अनुगमनले नयाँ युग सुहाउँदा थप शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्न कलेजलाई अवसर प्राप्त हुने बताउँदै कलेजमा विदेशी विद्यार्थीहरू आकर्षित भइरहेको र देशका धनकुटा र मनाङबाहेक ७५ जिल्लाका विद्यार्थीहरूले अध्ययन गरेको जानकारी दिनुभयो।

विश्वविद्यालय अनुदान आयोगका नविना चौलागाई र हिरा श्रेष्ठको सहभागिता रहेको कार्यक्रममा भनपाका जनप्रतिनिधि एवं कलेज सञ्चालक समितिका रजनी जोशी, रविन्द्र ज्याख्व, योगेन्द्रमान बिजुक्छेँ, हरिप्रसाद बासुकला, कृष्णप्रसाद कोजू एवं कलेजका उपप्राचार्य रत्नशोभा प्रजापति र प्रा. डा. राजुभाइ त्यातको सहभागिता रह्यो। कार्यक्रममा कलेजको प्रशासन शाखा प्रमुख सञ्जय मानन्धरले पनि बोल्नुभयो।

## नगर प्रमुख प्रजापतिलाई विद्यालय अनुगमन तथा प्राविधिक सहयोग समितिको वार्षिक प्रतिवेदन हस्तान्तरण



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिलाई भक्तपुर नगरपालिकाद्वारा विद्यालय अनुगमन तथा प्राविधिक सहयोग समितिका संयोजक योगेन्द्रमान बिजुक्छेँले २०८१ को वार्षिक प्रतिवेदन वैशाख १२ गते हस्तान्तरण गर्नुभयो।

सो क्रममा नगर प्रमुख सुनिल प्रजापतिले अनुगमन समितिका सदस्यहरूलाई धन्यवादज्ञापन गर्दै प्रतिवेदनले सुझाएका विषयहरूमा नगरपालिकाले विशेष ध्यान दिने बताउनुभयो।

हस्तान्तरण गरिएको प्रतिवेदनमा २०८१ साल वैशाखदेखि २०८२ वैशाख ११ गतेसम्म समितिले गरेको गतिविधिहरूलाई बुँदागत रूपमा प्रस्तुत गरिएको छ। समितिको पहलमा सो अवधिभित्र विभिन्न ६ वटा शिक्षक तालिम सञ्चालन भएको थियो। नवप्रवेशी शिक्षकहरूलाई सेवा प्रवेश तालिम, ए.बी.सी. मोडेलको पाठयोजना तालिम, वातावरणीय न्याय सम्बन्धमा विज्ञान शिक्षकहरूलाई अभिमुखीकरण कार्यक्रम र २०८२ सालदेखि लागु हुने राष्ट्रिय पाठ्यक्रमको प्रारूप परिमार्जनबारे पनि अभिमुखीकरण कार्यक्रमलगायतका छन्।

त्यस्तै समितिले विभिन्न चार चरणमा विद्यालयको अनुगमन गरी पाएको तथ्याङ्कको आधारमा विद्यालय र शिक्षकलाई सुझाव दिई विद्यालयको लागि आर्थिक अनुदानको लागि सिफारिससमेत गरेको प्रतिवेदनमा उल्लेख छ।

त्यसरी नै सामुदायिक आधारभूत विद्यालय समितिद्वारा प्रस्तुत प्रतिवेदनसमेतको अध्ययन गरी आवश्यक सुझाव दिइएको छ भने नजिक नजिकमा रहेका न्यून विद्यार्थी भएका विद्यालयहरूबिच आपसी सहकार्यको लागि पनि प्रतिवेदनमा सुझाव दिइएको छ।

यो वर्षदेखि कक्षा ४ मा न्यूनतम १० जना विद्यार्थीभन्दा

कम भएको अवस्थामा कक्षा सञ्चालन नगर्न सुझाव दिई शिक्षक अभावलाई व्यवस्थापन गर्न खोजिएको छ। अनुगमन समितिको काम छिटो छरितो गर्नको लागि इन्ग्रेल्स प्रा.लि.सँग विद्यालय अनुगमन प्रणाली सफ्टवेयर तयार गरी लागु गर्न सुझाव दिइएको छ।

साथै अनुगमन समितिमा थप विज्ञहरू भएमा अनुगमन थप प्रभावकारी हुने सुझाव दिइएको छ। त्यस्तै बी.एल.ई. र एस.ई.ई. नतिजाको आधारमा निश्चित मापदण्ड बनाई विषय शिक्षकहरूलाई सम्मान गर्न पनि समितिले सुझाव दिएको छ।

सो अवसरमा नगर शिक्षा समिति, विद्यालय अनुगमन तथा प्राविधिक सहयोग समिति र नगर शिक्षा शाखाका पदाधिकारीहरूको उपस्थिति थियो।

## 'वास्तुकलाका प्रवृत्ति र सम्पदासम्बन्धी चौथो राष्ट्रिय सम्मेलन' उद्घाटन



नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले विश्व सम्पदा दिवस २०८२ को अवसरमा भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप इन्जिनियरिङ कलेज, ख्वप कलेज अफ इन्जिनियरिङ र विश्वविद्यालय अनुदान आयोगको संयुक्त आयोजनामा 'वास्तुकलाका प्रवृत्ति र सम्पदासम्बन्धी चौथो राष्ट्रिय सम्मेलन' को वैशाख १५ गते एक कार्यक्रमबिच उद्घाटन गर्नुभयो।

सम्मेलन पूर्ण सफलताको कामना गर्दै उहाँले वास्तुकलाका विविध धाराहरू र विश्व सम्पदाका विषयहरूमा छलफल गर्ने अवसर सम्मेलनले प्रदान गर्ने विश्वास व्यक्त गर्दै एउटै भूगोलको परिवेशमा फरक फरक युगमा मानव जातिले नयाँ नयाँ भौतिक प्रगति र अमूर्त कलाको पनि विकासमा वास्तुकलाले महत्त्वपूर्ण योगदान पुऱ्याइरहेको



बताउनुभयो।

'हाम्रो प्राचीन मूर्त र अमूर्त सम्पदा, कला र संस्कृति नै हाम्रो पहिचान हो भन्दै उहाँले हाम्रो गौरव र जीवन्तता पनि त्यसैमा अन्तरनिहित छ भन्नुभयो।

अध्यक्ष बिजुक्छेँले मूर्त कलाले भौतिक प्रगतिको प्रतिनिधित्व गर्ने र अमूर्त कलाले विश्वका मानव जातिको मन र मस्तिष्कको भावनालाई अभिव्यक्ति गर्ने बताउँदै थरीथरीका गीत सङ्गीत र नाचगानले समाज र स्रोताहरूको हृदयलाई झङ्कृत गर्दै शब्द सन्देश पुऱ्याइरहेको छ भन्नुभयो।

मूर्त कला र सम्पदाले हरेक क्षेत्र र त्यस क्षेत्रको भौतिक प्रगति प्रदर्शन गर्दै आइरहेको र विश्व मानव जाति र सभ्यतामा आफ्नो योगदानलाई उजिल्याउने अवसर पनि प्रदान गरिरहेको बताउँदै उहाँले भन्नुभयो, "यसले समाजको नाचगान, चित्रकला र पहिरन एवम् सृङ्गारका वस्तुहरूको मानवीय भावना, सन्तोष र गौरवको अभिव्यक्ति प्रकाश पार्ने अवसर मिल्छ।"

नवदुर्गा नाच, भैरव र देवी नाचले प्राचीन मानव समाजको भित्री मनलाई स्पन्दित गराउने बताउँदै उहाँले बाजागाजाले हरेक पात्रहरूको प्रतीकात्मक र साङ्केतिक अभिव्यक्तिले मानव मनलाई आल्हादित गर्ने गर्छ भन्नुभयो।

सम्पदाको नयाँ नयाँ प्रविधिको प्रयोग र विज्ञानको विकासले चामत्कारिक उपलब्धि हासिल गरिरहेको बताउँदै उहाँले मानव जातिको तार्किक चिन्तन र अभिव्यक्तिले विकास र प्रगतिमा सहयोग पुऱ्याउने धारणा राख्नुभयो।

प्राचीन सम्पदाले वर्तमान नेपालको अर्थतन्त्रलाई सहयोग पुऱ्याइरहेको र देश विदेशका नयाँ प्रविधि र विज्ञानले धेरै विकास गरिसकेको बताउनुभयो।

कार्यक्रमका सभापति एवं भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नपाबाट सञ्चालित कलेजहरूको संयुक्त आयोजनामा विगत ४ वर्षदेखि 'वास्तुकलाका प्रवृत्ति र सम्पदासम्बन्धी राष्ट्रिय सम्मेलन' र दुई वर्षको एकपटक अन्तर्राष्ट्रिय सम्मेलनको आयोजना गर्दै आएको बताउँदै

भक्तपुरका सम्पदाहरू वास्तुकलाको दृष्टिले संसारकै उत्कृष्ट र नमुना रहेको बताउनुभयो ।

सांस्कृतिक सम्पदाहरू सबैको साझा सम्पत्ति हो र यसको संरक्षणको जिम्मा पनि सबैको हो भन्दै उहाँले सम्पदा पुन:निर्माणको जिम्मा ठेक्कामार्फत गरिनुहुन्न भन्ने पक्षमा जोड दिँदै आएको बताउनुभयो ।

भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) द्वारा लिखित 'सय वर्षपछिको भक्तपुर' पुस्तकलाई भक्तपुर नपाले मार्गनिर्देशक सिद्धान्तको रूपमा लिई काम गर्दै आएको बताउनुभयो ।


विश्वविद्यालय अनुदान आयोगका निर्देशक केदारप्रसाद आचार्यले विद्यार्थीहरूमा भएको ज्ञान र सीपलाई उजागर गरी नयाँ नयाँ तथ्य तथ्याङ्क प्राप्त गर्न सम्मेलनले महत्त्वपूर्ण भूमिका खेल्ने बताउँदै सम्पदा संरक्षण र प्रवर्द्धनको प्रमुख दायित्व हाम्रो हो भन्नुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत वसन्त भट्टराईले सम्पदा संरक्षण सामाजिक दायित्वअन्तर्गत पर्ने विषय भएको बताउँदै भक्तपुर सांस्कृतिक र पुरातात्विक हिसाबले अत्यन्त महत्त्वपूर्ण सहर भएको हुँदा यहाँको सम्पदा संरक्षणले पर्यटन प्रवर्द्धनमा टेवा पुऱ्याइरहेको छ भन्नुभयो ।


ख्वप इन्जिनियरिङ कलेजका प्राचार्य सुजन माक, ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य सुनिल दुवालले सम्मेलनको महत्त्वमाथि प्रकाश पार्दै सम्पदा संरक्षणको सन्दर्भमा दस्तावेजीकरणको पक्षलाई कलेजले विशेष जोड दिँदै आएको बताउनुभयो । उक्त कार्यक्रममा कार्यक्रम संयोजक लिबास फैंजुले पनि बोल्नुभएको थियो ।

## बासिबियाँलो

क) दिइएको A B C लाई रेखा नकाटी जोड्नुहोस् । उत्तर यसै अङ्कमा दिइएको छ ।




तलको चित्रको धर्कोमाथि नकाटी, नदोहोऱ्याइ हात नझिकी अर्को धर्को तान्नुहोस् ।



नगरपालिका नगरवासीहरूको संस्था हो ।
करदाताहरूले समयमै कर बुझाऔं
नगरको विकासमा सघाऔं ।

# स्वास्थ्य सेवा

## क्यान्सरसम्बन्धी स्वास्थ्य शिविर




भक्तपुर नगरपालिका वडा नं. ७ को आयोजनामा भएको निःशुल्क पाठेघरको मुखको क्यान्सरसम्बन्धी स्वास्थ्य शिविर २०८१ चैत २४ सम्पन्न भयो ।

## भनपा १ नं. वडा कार्यालयमा निःशुल्क स्वास्थ्य शिविर

भक्तपुर नगरपालिका १ नं. वडा कार्यालयको आयोजनामा निःशुल्क नाक, कान र घाँटी रोगको स्वास्थ्य शिविर चैत २७ गते सम्पन्न भयो ।

उक्त कार्यक्रममा भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले भक्तपुर नगरपालिकाले नगरवासीहरूको स्वास्थ्यलाई मध्यनजर गरी विभिन्न रोगको स्वास्थ्य शिविर सञ्चालन गर्दै आएको छ भन्नुभयो । भक्तपुर नगरलाई स्वच्छ, सफा, सांस्कृतिक नगरको रूपमा विकास गर्नको लागि यहाँका अग्रजहरूले खेलेको भूमिकाबारे चर्चा गर्दै उहाँले भक्तपुर नगर स्वास्थ्य तथा शिक्षाको गन्तव्य बन्दै गएको बताउनुभयो ।

स्वास्थ्य केन्द्र ख्वप अस्पताल स्थापना र घरदैलो नर्सिङ सेवाले स्थानीय नगरवासी एवं विभिन्न जिल्लाका जनताले सस्तो सुलभ रूपमा स्वास्थ्य क्षेत्रमा सुविधा उपलब्ध हुँदै आएको उल्लेख गर्दै उहाँले नगरपालिकाले स्थापना गरेको कलेजहरूमा विभिन्न जिल्लाका विद्यार्थीहरूले अध्ययन गर्ने प्रमुख केन्द्र बनेको बताउनुभयो ।

भक्तपुर नगरपालिका १ नं. वडा कार्यालयका वडा अध्यक्ष श्यामकृष्ण खत्रीले वडावासीहरूको स्वास्थ्यलाई मध्यनजर गरी विभिन्न समयमा विभिन्न रोगहरूको निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गर्दै आएको जानकारी दिनुभयो । वडा कार्यालयबाट हुँदै आएको स्वास्थ्य, सरसफाइ, योजना सञ्चालनलगायत अन्य विभिन्न गतिविधिलाई अझ व्यवस्थितरूपमा सञ्चालन गर्नको लागि वडावासीहरूको सल्लाह सुझाव आवश्यक छ भन्नुभयो ।

कार्यक्रममा वडा सदस्य कल्पना शिल्पकारले धन्यवाद दिनुभएको थियो भने वडाका समाजसेवी कृष्णबहादुर दुगुजुले भक्तपुर नगरपालिकाबाट हुँदै आएको विभिन्न गतिविधिको प्रशंसा गर्नुभयो । उक्त कार्यक्रम सञ्चालन वडाका वडा सचिव विजय लोहलाले गर्नुभएको थियो ।

## वडा नं. ८ मा पाठेघरको परीक्षण

भक्तपुर नगरपालिका ८ नं. वडा कार्यालयको आयोजनामा समाज सुधार माविको प्राङ्गणमा पाठेघरको परीक्षणसम्बन्धी स्वास्थ्य शिविर चैत २७ गते सम्पन्न भयो ।

स्वास्थ्य शिविरका टोली प्रमुख रचना सुवालका अनुसार शिविरमा १५१ जनाले पाठेघर परीक्षण गराएका थिए । शिविरमा एक जनाको पाठेघर खसेको आयोजकले जनाएको छ । पाठेघर समस्या भएका महिलालाई औषधि पनि उपलब्ध गराइएको थियो ।

शिविरमा नर्स, स्वास्थ्य कार्यकर्ता, नेत्रामसङ्घका कार्यकर्ता, वडाका कर्मचारी तथा सहयोगी दिदीहरूको सहयोग रहेको थियो ।

## शुभकामना आदानप्रदान



भक्तपुर नगरपालिकाभित्र कार्यरत महिला सामुदायिक स्वास्थ्य स्वयम्सेविकाहरूको भेला तथा नयाँ वर्ष २०८२ को शुभकामना आदानप्रदान कार्यक्रम २०८१ चैत २९ गते सम्पन्न भयो ।

## नाक, कान र घाँटीसम्बन्धी नि:शुल्क स्वास्थ्य शिविर सम्पन्न




भक्तपुर नगरपालिका २ नं. वडा कार्यालयको आयोजनामा वैशाख ६ गते नाक, कान र घाँटीसम्बन्धी नि:शुल्क स्वास्थ्य शिविर सम्पन्न भयो ।

शिविरको उद्घाटन गर्दै भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नगरपालिकाले नगरवासीको स्वास्थ्यलाई मुख्य प्राथमिकतामा राखी सय शय्याको अस्पतालका साथै सहरी स्वास्थ्य क्लिनिकहरू सञ्चालन गरिरहेको बताउनुभयो । उहाँले वडा वडामा नर्स नियुक्ति गरी घर घर गई स्वास्थ्य जाँच गर्ने बन्दोवस्त गरेको र नि:शुल्क र कम स्वास्थ्य शिविरहरू पनि सञ्चालन गर्दै आएको बताउनुभयो ।

उहाँले स्वास्थ्य ठीक अवस्थामा राख्न समय समयमा स्वास्थ्य परीक्षण गरिरहनुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा भनपा वडा नं. २ का वडा अध्यक्ष हरिप्रसाद बासुकलाले नेमकिपाको निर्वाचन घोषणापत्रअनुसार भक्तपुर नपाले जनतालाई स्वास्थ्योपचार र शिक्षा सहजरूपमा उपलब्ध गराउन काम गरिरहेको बताउनुभयो ।



कार्यक्रममा वडा सदस्यहरू श्यामसुन्दर मातां, मञ्जुमाया लाखा र स्थानीय सूर्यनारायण फाजूले पनि बोल्नुभएको थियो ।

शिविरमा ख्वप अस्पतालका चिकित्सक र स्वास्थ्यकर्मीहरूले सेवाग्राहीहरूको स्वास्थ्य परीक्षण गर्नुभएको थियो ।

## आफ्नो रोगबारे समयमै सचेत र सजग हुन जरूरी




भक्तपुर नगरपालिका ४ वडा कार्यालयको आयोजनामा पाठेघर क्यान्सरसम्बन्धी स्वास्थ्य शिविर वैशाख ६ गते सम्पन्न भयो ।

शिविरमा नेमकिपाका केन्द्रीय सदस्य एवम् भनपा प्रमुख सुनिल प्रजापतिले आगो, पानी, रोग र शत्रुलाई बेवास्ता गरे आफैलाई हानि नोक्सानी पुऱ्याउन सक्ने हुनाले समयमै सचेत र सतर्क हुन आवश्यक भएको बताउनुभयो । रोगलाई लुकाउनु भनेको फोहरलाई छोपेर राख्दा दुर्गन्ध फैलिएजस्तै हो भन्दै उहाँले विदेशमा उपचार गर्न जाँदा आवतजावतमै लाखौँ धन खर्च हुने र रोगबारे बेखबर रहँदा घरखेत बेचेर उपचार गराउँदा पनि स्वस्थ नहुने अवस्था भएकोले भनपाले ख्वप अस्पताल सञ्चालन गरी स्वास्थ्य उपचार सेवा सहजरूपमा उपलब्ध गराउँदै आइरहेको चर्चा गर्नुभयो ।

प्रमुख प्रजापतिले अस्पतालमा अहिले सिटी स्क्यानजस्ता आधुनिक उपकरणसमेत प्रयोग गरी स्वास्थ्य परीक्षण गराउँदै आएको जानकारी दिँदै स्वस्थ जीवनको निम्ति स्वस्थकर खाना सेवन गर्न सुझाव दिनुभयो । उहाँले स्वास्थ्य नै धन भएकोले नियमित स्वास्थ्य जाँच गरी स्वस्थ नागरिक भई समाज विकासमा योगदान गर्न वडावासीहरू तत्पर रहनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

ख्वप अस्पतालका निमित्त डाइरेक्टर डा. मजेशप्रताप मल्लले स्वास्थ्यमा असहज स्थिति नआउञ्जेल अस्पताल नजाने बानी ठीक नभएको र सामान्य लक्षण देखिनेबित्तिकै अस्पताल जाने र समयमै उपचार गराउन सके बिरामीलाई क्यान्सरबाट बचाउन सकिने धारणा व्यक्त गर्दै शिविरको रिपोर्टमा सामान्य, असामान्य वा असाधारण अवस्था देखिए पनि आत्तिन नहुने सल्लाह दिनुभयो ।

निवर्तमान कार्यपालिका सदस्य कृष्णलक्ष्मी दुवालले २०५५ सालदेखि पाठेघर र स्तन क्यान्सरसम्बन्धी स्वास्थ्य

शिविर निरन्तर सञ्चालन हुँदै आएको र विगतमा पहिलोपटक शिविर गर्दा सहभागी महिलाहरूमात्र नभई डाक्टरहरूसमेत डराउने गरेको जानकारी गराउँदै अहिले शिविर सञ्चालन गर्न धेरै सहज भएको बताउनुभयो ।

भ.न.पा.४ नं वडाका वडाध्यक्ष उपेन्द्र सुवालको सभापतित्वमा भएको औपचारिक कार्यक्रममा वडा सदस्य विष्णुकेशरी दुवाल, वडा नर्स इरा त्वायनालगायतले बोल्नुभयो ।

स्वास्थ्य शिविरमा १५६ जना स्थानीय महिलाहरूले स्वास्थ्य परीक्षण गराएका थिए ।

## पूर्ण स्तानपान प्रवर्द्धनका लागि आयुर्वेदसम्बन्धी अभिमुखीकरण



आर्युवेद तथा वैकल्पिक चिकित्सालय भक्तपुरको आयोजनामा पूर्ण स्तनपान प्रवर्द्धनका लागि आमा समूह र स्वास्थ्यकर्मीहरूलाई आयुर्वेदसम्बन्धी अभिमुखीकरण कार्यक्रम वैशाख १६ गते भक्तपुर नपाको सभाकक्षमा सम्पन्न भयो ।

कार्यक्रममा नगर प्रमुख प्रजापतिले शिशुको शारीरिक एवम् मानसिक विकासमा स्तनपानले महत्त्वपूर्ण भूमिका खेल्ने बताउँदै बजारमा पाइने विभिन्न प्रकारका पाउडर दूध आमाको दूधजस्तो पोषिलो नहुने बताउनुभयो ।

उहाँले पाउडर दूध निकै खर्चिलो भएको बताउँदै सरकारले आर्युवेद क्षेत्रलाई प्राथमिकतामा राख्नुपर्नेमा जोड दिनुभयो ।

नेपाली जडीबुटीको सदुपयोग र संरक्षण गर्न पनि आयुर्वेदलाई सरकारले उच्च प्राथमिकतामा राख्नुपर्ने बताउँदै उहाँले स्वदेशमै उत्पादित जडीबुटीबाट आयुर्वेदिक औषधि उत्पादन गरी त्यसको व्यवस्थापन र बजारीकरण गर्दै देशलाई आत्मनिर्भरताको बाटोतर्फ लान सकिने धारणा राख्नुभयो ।

स्वास्थ्य क्षेत्रमा व्यापक भ्रष्टाचार हुने गरेको बताउँदै उहाँले युवा विद्यार्थीहरूमा स्वयम्सेवी भावनाको विकास गराउनुपर्ने र सेवा दिने विषयमा स्वस्थ प्रतिस्पर्धा हुनु आवश्यक रहेको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले प्राचीनकालदेखि प्रचलनमा आएको आयुर्वेदको विकास मानव विकासको यात्राभन्दा अगाडिदेखि भएको बताउँदै यसको प्रवर्द्धनमा सरकारले ध्यान दिनुपर्ने बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिका स्वास्थ्य शाखा प्रमुख डा. रत्नसुन्दर लासिवाले स्तनपानले आमा र शिशुको स्वास्थ्य सुधारमा महत्त्वपूर्ण भूमिका खेल्ने बताउँदै बाल्यकालमा पर्याप्त रूपमा आमाको दूध खान नपाएका बच्चाहरू तुलनात्मक रूपमा रोगी हुने गरेको बताउनुभयो ।

जिल्ला आयुर्वेद स्वास्थ्य कार्यालय भक्तपुरका प्रमुख डा. नदन कँडेलले गर्भधारणको प्रक्रियासँग आमाको स्तनमा दूध बन्ने प्रक्रिया सुरु हुने बताउँदै पहिलो बिगौते दूध बच्चाको लागि अमृत सम्मान हुने र त्यसले बच्चाको रोग प्रतिरोधात्मक क्षमता पनि बढाउने बताउनुभयो ।

अभिमुखीकरण कार्यक्रममा ख्वप अस्पतालका वडा नर्स र विभिन्न खोप केन्द्रका प्रतिनिधिहरूको उपस्थिति थियो ।

## ख्वप नर्सिङमा शतप्रतिशत उत्तीर्ण ३६ जना विशिष्ट श्रेणी

प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (सीटीईभीटी) ले नर्सिङ दोस्रो वर्षको परीक्षाको नतिजा हालै प्रकाशन गरेको छ । परिषद्ले २०८१ मा लिएको नर्सिङ दोस्रो वर्षको परीक्षा नतिजा प्रकाशन गरेको हो ।

उक्त परीक्षामा भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप बहुप्राविधिक अध्ययन संस्थानले शतप्रतिशत सफल नतिजा हासिल गरेको छ ।

ख्वप बहुप्राविधिक अध्ययन संस्थानबाट नर्सिङ दोस्रो वर्षको परीक्षामा कुल ३९ जनाले परीक्षा दिएकोमा परीक्षामा सम्मिलित सबै विद्यार्थीहरू उत्कृष्ट अङ्कले उत्तीर्ण भएका छन् ।

उक्त परीक्षामा ख्वप बहुप्राविधिक अध्ययन संस्थान दोस्रो वर्षमा विद्यार्थीहरूले ल्याएको उच्चत्तम अङ्क ९०.७ प्रतिशत रहेको छ ।

परीक्षामा सम्मिलित ३९ जना विद्यार्थीमध्ये ३६ जना विशिष्ट श्रेणीमा उत्तीर्ण हुन सफल भएका छन् भने ३ जना पहिलो श्रेणीमा उत्तीर्ण भएका छन् ।



An Undertaking Of Bhaktapur Municipality

# Khwopa Hospital

## Chaitra Report
## 2081

| Age Group | Number | In Percentage |
|---|---|---|
| 0-9 | 2792 | 11.54 |
| 10-14. | 605 | 2.50 |
| 15-19 | 837 | 3.46 |
| 20-59 | 14855 | 61.39 |
| ≥60 | 5108 | 21.11 |
| Total | 24197 | 100.00 |

| Services | Number | In Percentage |
|---|---|---|
| Emergency | 531 | 2.19 |
| General | 3830 | 15.83 |
| Insurance | 19836 | 81.98 |
| Total | 24197 | 100.00 |

| District | Number | In Percentage |
|---|---|---|
| Banke | 1 | 0.01 |
| Bhojpur | 1 | 0.01 |
| Dang | 1 | 0.01 |
| Sunsari | 1 | 0.01 |
| Mahottari | 1 | 0.01 |
| Parbat | 1 | 0.01 |
| Tehrathum | 1 | 0.01 |
| Chitwan | 1 | 0.01 |
| Humla | 1 | 0.01 |
| Solokhumbu | 1 | 0.01 |
| Accham | 2 | 0.01 |
| Bajhang | 2 | 0.01 |
| Morang | 2 | 0.01 |
| Mugu | 2 | 0.01 |
| Nuwakot | 2 | 0.01 |
| Salyan | 2 | 0.01 |
| Rukum | 2 | 0.01 |
| Bara | 3 | 0.01 |
| Makwanpur | 3 | 0.01 |
| Nawalparasi | 3 | 0.01 |
| Panchthar | 3 | 0.01 |
| Ilam | 3 | 0.01 |
| Dhanusa | 4 | 0.02 |
| Sarlahi | 4 | 0.02 |
| Kalikot | 5 | 0.02 |
| Dolkha | 8 | 0.03 |
| Lalitpur | 9 | 0.04 |
| Jhapa | 10 | 0.04 |
| Kailali | 10 | 0.04 |
| Khotang | 10 | 0.04 |
| Okhaldhunga | 12 | 0.05 |
| Dailekh | 17 | 0.07 |
| Sindhuli | 17 | 0.07 |
| Surkhet | 18 | 0.07 |
| Rolpa | 19 | 0.08 |
| Jumla | 23 | 0.10 |
| Kathmandu | 41 | 0.17 |
| Ramechap | 41 | 0.17 |
| Sindhupalchowk | 63 | 0.26 |
| Kavrepalanchok | 118 | 0.49 |
| Bhaktapur | 23729 | 98.07 |
| Total | 24197 | 100.00 |

| | |
|---|---|
| Madhyapur Thimi | 168 |
| Suryabinayak | 1417 |
| Changu | 4779 |
| Bhaktapur | 17365 |
| Total | 23729 |

| Department | Number | In Percentage |
|---|---|---|
| Neuro Surgery | 63 | 0.26 |
| Nephrology | 73 | 0.30 |
| CHRP- Respiratory Medicine | 98 | 0.41 |
| General Ward | 210 | 0.87 |
| Psychiatric | 240 | 0.99 |
| Cardiologist | 258 | 1.07 |
| Laboratory | 407 | 1.68 |
| MDGP | 585 | 2.42 |
| Dermatology | 680 | 2.81 |
| Internal Medicine | 680 | 2.81 |
| General Surgery OPD | 784 | 3.24 |
| Physiotherapy | 1196 | 4.94 |
| Emergency Ward | 1222 | 5.05 |
| ENT | 1365 | 5.64 |
| Dental | 1437 | 5.94 |
| Obs. & Gynaecology | 1663 | 6.87 |
| Paediatric | 1961 | 8.10 |
| Orthopedic | 2011 | 8.31 |
| General OPD | 9264 | 38.29 |
| Total | 24197 | 100.00 |

| | |
|---|---|
| Patient Admitted | 210 |
| Discharge | 13 |
| LAMA | 5 |
| Refer | 22 |

### Eye Program

| | |
|---|---|
| Total Checkup | 2936 |
| Total Cataract Surgery | 97 |

### Operation

| | |
|---|---|
| Major | 130 |
| Minor | 50 |

| Gender | Number | In Percentage |
|---|---|---|
| Female | 14340 | 59.98 |
| Male | 9857 | 41.23 |
| Total | 24197 | 101.21 |

भक्तपुर नपाद्वारा सञ्चालित
ख्वप अस्पतालको २०८१ चैत
महिनाको सेवा प्रगति

# भेटघाट

## प्रमुख प्रजापतिसँग नेपालगञ्ज उपमनपाका प्रमुख प्रशान्त बिष्टको भेट




भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग नेपालगञ्ज उपमहानगरपालिकाका प्रमुख प्रशान्त बिष्ट लगायत खगेन्द्रप्रसाद रिजाल, बिमल डाँगी र सुदिप भट्टले भेट गर्नुभयो ।

## उपप्रमुख जोशी र राष्ट्रिय समावेशी आयोगका कार्यवाहक अध्यक्ष विष्णुमाया ओझाबिच भेट



भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले राष्ट्रिय समावेशी आयोगका कार्यवाहक अध्यक्ष विष्णुमाया ओझालाई वैशाख ८ गते भनपाका प्रकाशनहरू हस्तान्तरण गर्नुभयो ।

# Word Search

Farm Animals

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| L | L | U | B | R | E | T | S | O | O | R | E |
| U | D | P | I | G | S | F | I | S | H | R | S |
| N | A | O | G | B | U | F | F | A | L | O | O |
| M | O | L | E | E | B | O | T | B | C | L | H |
| T | U | R | K | E | Y | E | E | L | A | N | O |
| E | S | E | E | G | U | G | E | L | T | E | R |
| S | C | H | I | C | K | E | N | S | T | H | S |
| H | B | I | S | O | N | L | E | E | L | L | E |
| E | R | E | E | F | O | A | L | A | E | N | R |
| E | L | E | E | S | L | D | G | O | A | T | C |
| P | S | S | E | L | D | E | U | B | S | D | A |
| E | L | O | A | D | O | R | T | C | M | B | L |
| C | A | M | O | G | O | D | I | F | K | A | F |
| B | A | G | G | G | C | O | W | B | K | O | L |

COW
GOAT
PIG
BUFFALO
CHICKEN
SHEEP
LAMB
GOOSE
TURKEY
DUCK
HORSE
CATTLE
LLAMA
BISON
HEN
CALF
ROOSTER
BULL
FOAL
DOG
GEESE
FISH
DEER
BIRDS
BEES


(दायाँ-बायाँ-तल-माथि-तेर्सो-ठाडो-छडके-सुल्टो-उल्टोबाट छेउका मिल्दो शब्दहरू खोज्नुहोस्।)

**भक्तपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
ब्यासी-२, भक्तपुर

### उत्कृष्ट खेलाडी छनोटसम्बन्धी सूचना

भक्तपुर नगरपालिकाद्वारा २०८१ सालमा भक्तपुर जिल्लाबाट विभिन्न खेल प्रतियोगितामा सहभागी भई पदक प्राप्त गर्नुभएका वर्षका उत्कृष्ट पुरुष तथा महिला खेलाडीहरूलाई बधाई तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा पदक प्राप्त गर्न सफल खेलाडी, रेफ्री र प्रशिक्षक प्रशिक्षण कोर्समा उत्तीर्ण प्रशिक्षकहरूलाई (रिफ्रेसर कोर्स गर्नेलाई बाहेक) सम्मान कार्यक्रम गर्ने भएकोले सम्पूर्ण सम्बन्धित खेलाडी, रेफ्री, प्रशिक्षकहरूले आ-आफूले २०८१ सालमा प्राप्त गर्नुभएका प्रमाणपत्रहरूको प्रतिलिपि मिति २०८२ वैशाख ३१ गतेभित्र सम्बन्धित खेल सङ्घको सिफारिससहित, भ.न.पा. प्रशासन शाखा वा राय ह्यान्डिक्राफ्ट खौमामा पेस गर्नुहुन अनुरोध गरिन्छ ।

## बसिबियाँलो (क) को उत्तर



# विविध समाचार

## असल नागरिक र समाज सेवाको लागि अध्ययन गर्नुपर्ने



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले बालबालिकाहरू देशको सम्पत्ति भएकाले सन्तानहरू राम्रो भएन भने जतिसुकै सम्पत्ति भए पनि त्यसको कुनै अर्थ हुँदैन भन्नुभयो ।

प्रमुख प्रजापतिले हिमालयन इङ्गलिश सेकेन्डरी स्कूलको ३० औँ वार्षिक जयन्ती तथा पुरस्कार वितरण कार्यक्रममा चैत २६ गते प्रमुख अतिथिको आसनबाट बोल्दै सबै सन्तानलाई अभिभावकहरूले समान शिक्षा दिनुपर्ने बताउनुभयो ।

उहाँले विद्यालय र कलेजमा अध्ययन गर्ने विद्यार्थीहरूमा छात्राको बढ्दो सङ्ख्याले अबको केही वर्षपछि हरेक क्षेत्रमा महिलाको सङ्ख्या बढ्ने बताउँदै अध्ययन पैसा कमाउनको लागि नभई असल नागरिक बन्न र समाज सेवाको लागि हुनुपर्छ भन्नुभयो ।

शिक्षाबिना व्यक्ति, संस्था, समाज कोही पनि अगाडि बढ्न सक्दैन भन्दै उहाँले नि:शुल्क शिक्षाको व्यवस्था भए जनताले महँगो शिक्षण शुल्क तिरेर पढाउनुपर्ने अवस्था नहुने बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिका वडा नं. ६ का वडाध्यक्ष हरिराम सुवालले विद्यार्थीले स्वदेशमै अध्ययन गरी उच्च शिक्षा हासिल गरी कुनै न कुनै विषयमा विशेषज्ञता हासिल गरी देश र जनताको सेवा गर्न अभिप्रेरित हुनुपर्ने चर्चा गर्नुभयो ।

कार्यक्रममा विद्यालयका प्रधानाध्यापक शिवकुमार कोजूले विद्यालयले पुस्तकको ज्ञानसँगै व्यवहारिक र नैतिक शिक्षा पनि सिकाइरहेको बताउँदै शिक्षकको मेहनत र परिश्रम नै सफलताको आधार हो भन्नुभयो ।

कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष शम्भोचरण राजभण्डारी र शिक्षिका सुलोचना दुवालले पनि बोल्नुभएको थियो ।

कार्यक्रमका प्रमुख अतिथि प्रजापतिले विद्यालयबाट एसईई २०८० परीक्षा उत्तीर्ण तथा एसईई २०८१ मा समावेश भएका विद्यार्थीहरूलाई प्रमाणपत्र तथा मायाको चिनो वितरण गर्नुभएको थियो भने कार्यक्रमको बिच बिचमा सांस्कृतिक कार्यक्रम देखाइएको थियो । कार्यक्रममा अतिथिहरूले विद्यालयद्वारा वर्षभरि आयोजित विभिन्न प्रतियोगितामा विजयी विद्यार्थीहरूलाई पुरस्कार तथा प्रमाणपत्र वितरण गर्नुभएको थियो ।

## भनपामा अभिभावक सङ्घको ज्ञापनपत्र



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिलाई अभिभावक सङ्घ नेपाल भक्तपुर जिल्ला समितिका निवर्तमान अध्यक्ष मणिरत्न बज्राचार्यले चैत २७ गते भक्तपुर नगरपालिकाको प्रमुखको कार्यकक्षमा ज्ञापनपत्र बुझाउनुभयो ।

ज्ञापनपत्र बुझ्दै भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले सरकारी विद्यालयका प्रिन्सिपलहरू निजी विद्यालयमा काम गर्दा सामुदायिक विद्यालयको गुणस्तर खस्केको बताउनुभयो । उहाँले जिल्ला शिक्षा कार्यालय पुनर्जीवित गर्ने कार्य प्रतिगामी सोच रहेको बताउनुभयो । उहाँले सङ्घीयताको मूल मर्म अधिकार विकेन्द्रीकरण भएको बताउँदै स्थानीय तह सङ्घको केन्द्रको मातहतमा राख्ने सरकारको सोच गलत छ भन्नुभयो ।

उहाँले स्थानीय तहको अधिकार खोस्ने, भर्ना, पुस्तिका परीक्षणको बेला आन्दोलन गरेर सामुदायिक विद्यालयलाई डुबाएर निजी विद्यालय पोस्ने काम भएको बताउनुभयो । उहाँले निजी विद्यालय र सामुदायिक विद्यालय सँगसँगै लागिरहेको बताउँदै कसले के भन्यो त्यो महत्त्वपूर्ण कुरा

होइन बरु के परिणाम आउँछ त्यो महत्त्वपूर्ण हुने बताउनुभयो ।

अभिभावक सङ्घ नेपाल भक्तपुर जिल्ला समितिका अध्यक्ष रामकृष्ण प्रजापतिद्वारा हस्ताक्षरित ज्ञापनपत्रमा भनिएको छ – देश र जनताको सेवा गर्ने हेतुले देश विकासको लागि आवश्यक जनशक्ति तयार गर्न र हत्या, हिंसा, भ्रष्टाचार बढेको बेला समाजमा भएका विसङ्गति, विकृतिहरू हटाई शान्ति, सदाचार र शिष्टाचारसहितको नैतिक एवं व्यवहारिक शिक्षा आवश्यक छ । शिक्षाजस्तो अपरिहार्य आवश्यकतालाई सस्तो, सुलभ, गुणात्मक र वैज्ञानिक शिक्षा बनाई देश विकासको लागि आवश्यक जनशक्ति तयार गर्न तथा शिक्षा क्षेत्रमा भइरहेको विकृति, विसङ्गति, मनपरीतन्त्र, व्यापारीकरण, चर्को शुल्क वृद्धि, महँगी, बालबालिकामाथि यातना,शैक्षिक संस्था बन्दको विरोध तथा भौतिक पूर्वाधार, सुविधा र गुणस्तरयुक्त शिक्षाको लागि अभिभावकहरू सङ्गठित रूपमा अगाडि बढ्ने प्रणका साथ अभिभावक सङ्घ नेपाल भक्तपुर जिल्ला समितिले कार्य गरिरहेको छ ।

सामुदायिक विद्यालयको शिक्षा गुणस्तरीय नहुँदा अभिभावकहरू आफ्नो छाक काटेर भए पनि बालबालिकाहरूको गुणस्तरीय शिक्षाका लागि संस्थागत विद्यालयतर्फ आकर्षित हुँदा संस्थागत विद्यालयको प्रादुर्भाव भएको देखिन्छ । त्यस्ता विद्यालयमा नाफाको निम्ति अभिभावकको ढाड सेक्ने गरी शुल्क निर्धारण गर्दा तल्लोवर्गका जनताले गुणस्तरीय शिक्षाको पहुँचबाट टाढा हुँदै गएको देखिन्छ ।

नेपालको संविधान २०७२ मा शिक्षालाई मौलिक हकको रूपमा माध्यमिक विद्यालयसम्मको शिक्षा नि:शुल्क उल्लेख छ । शिक्षा राज्यको दायित्व हो । शिक्षा ऐन अहिलेसम्म नबन्दा शिक्षा पूर्णरूपमा नि:शुल्क हुन सकेको छैन । शिक्षा मन्त्रीले यो हिउँदे अधिवेशनमा शिक्षा विधेयक संसद्बाट पास गरी ऐन बनाउने शिक्षक सङ्घलाई आश्वासन दिएका थिए । तर, शिक्षा विधेयक पास नहुँदा शिक्षकहरू अनिश्चितकालीन हडतालमा उत्रेका छन् । यसले गर्दा विद्यार्थीहरूको विद्यालयमा अन्तिम परीक्षासमेत प्रभावित भएको छ ।

घनश्याम खड्काले अभिभावकहरूको समस्या अरुले राख्न नसक्ने भएकाले अभिभावकहरू पनि शुल्क निर्धारण समितिमा सहभागी गराउनुपर्ने बताउनुभयो ।

कार्यक्रममा अभिभावक सङ्घ नेपाल भक्तपुर जिल्ला कार्य समितिका अध्यक्ष रामकृष्ण प्रजापति, सचिव आशराम सुवाल, सहसचिव राजकुमार लघु, कोषाध्यक्ष कृष्णप्रसाद दुमरु, सदस्यहरू पवित्रा मानन्धर, सुचिता सैंजु, राजाराम दाहालको पनि उपस्थिति थियो ।

# कर्मचारीहरूबिच नयाँ नयाँ प्रविधिबारे जानकारी हुनुपर्ने



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले नेपाल नगरपालिका कर्मचारी एशोसिएसनद्वारा प्रकाशित २०८२ सालको भित्तेपात्रो चैत २७ गते एक कार्यक्रमबिच सार्वजनिकीकरण गर्नुभयो ।

भित्तेपात्रो सार्वजनिकीकरण, बिस्का जात्रा र नयाँ वर्ष २०८२ को शुभकामना आदानप्रदान कार्यक्रममा नगर प्रमुख प्रजापतिले कर्मचारीहरूले नयाँ नयाँ प्रविधिबारे जानकारी राख्नुपर्नेमा जोड दिँदै अहिले प्रविधि नजानेको व्यक्ति अशिक्षितसरह हुने बताउनुभयो ।

“संसारमा विज्ञान र प्रविधिमा अघि बढेका देशहरू मात्रै विकासमा पनि अघि बढेका छन् । चीन विकासमा अघि बढ्नुको मुख्य कारण खोज अनुसन्धानले नै हो । अमेरिका विश्वमा वर्चस्व तोड्ने सम्भावना भएको देश हो तर विश्वको अन्य देशसँगको व्यापारिक वस्तुमा कर लगाउने नीति लिई अघि बढिरहेको छ” उहाँले भन्नुभयो ।

प्रमुख प्रजापतिले चाड पर्वको बेलामा कर्मचारीहरूले फुर्सदको समय स्वअध्ययनमा लगाउनुपर्ने उल्लेख गर्दै आफ्नो व्यक्तिगत स्वार्थभन्दा माथि उठेर देश र जनताको हितमा काम गर्नुपर्ने बताउनुभयो ।

भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले जनप्रतिनिधि र कर्मचारीहरूको सहकार्यमा जनताको इमानदारीतापूर्वक सेवा गरेको कारणले भक्तपुर नमुना नगरको रूपमा परिचित भएको चर्चा गर्दै कर्मचारीहरूले जनताको सेवालाई प्राथमिकतामा राखी काम गर्न सकोस् भनी शुभकामना व्यक्त गर्नुभयो ।

भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत वसन्त भट्टराईले सूचना प्रविधि तथा डिजिटाइजेसनको युगमा सरकारी सेवालाई छिटो र छरितो सेवा दिनुपर्ने उल्लेख गर्दै



कर्मचारीहरूले आफूलाई तोकेको जिम्मेवारी इमानदारीपूर्वक सम्पन्न गर्नेतर्फ अग्रसर हुनुपर्ने बताउनुभयो । स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीबिच अन्योन्याश्रित सम्बन्ध आवश्यक रहेको उल्लेख गर्दै प्रमुख प्रशासकीय अधिकृत भट्टराईले कर्मचारीहरूले सृजनात्मक ढङ्गले काम गर्न प्रेरित गर्नुभयो ।

एशोसिएसनका अध्यक्ष गौतमप्रसाद लासिवाले कर्मचारी एशोसिएसनले नियमित रूपमा भित्ते पात्रोलगायत अन्य सन्देशमूलक पुस्तकहरू प्रकाशन गर्दै कर्मचारीहरूको हकहित सुनिश्चित गर्ने कार्य गर्दै आएको बताउनुभयो । उहाँले कर्मचारीहरूबिच आपसी साथ र सहयोगले नै संस्थागत हित हुने बताउँदै कर्मचारीहरू आफ्नो काम, कर्तव्य र अधिकारबारे सुसूचित हुनु जरुरी रहेको बताउनुभयो ।

कार्यक्रममा एशोसिएसनका प्रशासकीय अधिकृत दामोदर सुवाल, कानुन अधिकृत गणेशलाल फोंजू, एशोसिएसनका सदस्यद्वय विद्यालक्ष्मी प्रजापति र रामकृष्ण प्रजापतिले पनि बोल्नुभएको थियो ।

## नास हैमा बाजा खलको बिस्का विशेष सांस्कृतिक कार्यक्रमको एक झलक



२०८१ चैत २७ गते बुधबार

## सार्वजनिक सम्पत्ति र सम्पदा संरक्षणमा ध्यान दिनुपर्ने



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले निजी सम्पत्तिभन्दा सार्वजनिक सम्पत्ति र सम्पदा संरक्षणमा सबैले ध्यान दिनुपर्ने विचार व्यक्त गर्नुभयो ।

विद्यार्थी निकेतन माध्यमिक विद्यालयद्वारा चैत २८ गते आयोजित नयाँ वर्ष २०८२ को शुभकामना कार्यक्रममा उहाँले उक्त विद्यालय विश्व सम्पदा सूचीमा सूचिकृत दरबार क्षेत्रमा रहेको हुँदा त्यहाँ उत्खनन गर्दा दरबारका अवशेषहरू भेटिन सक्ने भएकोले जथाभावी सिमेन्टको संरचना निर्माण गर्नेबारे विद्यालय परिवार संवेदनशील हुनुपर्छ भन्नुभयो ।

उहाँले विद्यालय भनेको भौतिक संरचनामात्र नभई त्यहाँ कार्यरत जनशक्ति हो भन्दै विद्यालयमा अध्यापन गर्ने शिक्षकहरू योग्य भएमा राम्रा विद्यार्थीहरू उत्पादन हुने बताउनुभयो ।

राम्रो संस्थालाई राम्रो बनाउनु महत्त्वपूर्ण नभएको बताउँदै उहाँले बिग्रेको र कमजोर क्षेत्रलाई राम्रो बनाउनु नेतृत्वको सफलता मानिन्छ भन्नुभयो । उहाँले भन्नुभयो, "भक्तपुर शैक्षिक क्षेत्रमा देशकै राम्रोमध्येमा पर्न थालेको छ । यो हामी सबैको खुसीको कुरा हो । यहाँ शिक्षकहरूको मिहेनतको परिणाम हो ।"

३-४ दशकअघि शिक्षामा अत्यन्त पछाडि परेको भक्तपुर अहिले देशकै अग्रपङ्क्तिमा आउनु भनेको शैक्षिक क्रान्ति भएको बताउँदै उहाँले यसमा अग्रजहरूको भूमिका महत्त्वपूर्ण छ भन्नुभयो ।

कार्यक्रममा प्रा.डा. सर्वज्ञभक्त मल्लले आफू त्रिभुवन विश्वविद्यालयको डीन भएको बखत विद्यार्थी निकेतनमा विद्यार्थी शून्य भएको समाचार सुनेर चिन्तित भई त्यसको प्रगतिको लागि केही सहयोग गरेको बताउँदै अहिलेको प्रगति देखेर

आफू प्रभावित भएको बताउनुभयो भने पूर्व प्र.अ. सर्जनी जोशी र प्रा.डा. सिद्धिवीर कर्माचार्यले पनि विद्यालयको प्रगतिको निम्ति शुभकामना व्यक्त गर्नुभएको थियो ।

भ.न.पा. वडा नं. ५ का वडाध्यक्ष एवं विद्यालय व्यवस्थापन समितिका अध्यक्ष योगेन्द्रमान बिजेक्छेँको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा प्रमुख अतिथि प्रजापतिले विभिन्न व्यक्तिहरूलाई सम्मान गर्नुभएको थियो ।

## शुभकामना आदान प्रदान



सिद्धि गणेश साकोसको आयोजनामा नयाँ वर्ष २०८२ साल तथा बिस्का जात्राको शुभकामना आदान प्रदान कार्यक्रम २०८१ चैत २८ गते बिहीबार सम्पन्न भयो ।

## नयाँ पुस्तालाई दक्ष, शिक्षित र देशभक्त बनाउन आवश्यक




नेपाल क्रान्तिकारी शिक्षक सङ्घ भक्तपुर जिल्ला समितिको आयोजनामा ४६ औँ शिक्षक दिवस चैत २९ गते सम्पन्न भयो । २०३५/३६ सालको विद्यार्थी र शिक्षकहरूको आन्दोलनबाट राजनैतिक अधिकार र पेसागत अधिकार प्राप्त भएको र शिक्षक आन्दोलनले सफलता प्राप्त गरेको दिनको अवसरमा उक्त कार्यक्रम गरिएको हो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवम् भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भन्नुभयो, "शिक्षकहरू जुनसुकै स्थानमा गए पनि नयाँ पुस्तालाई दक्ष, शिक्षित र देशभक्त बनाउन निरन्तर लाग्नुपर्दछ । हरेक आन्दोलन र सम्झौता गर्दा भविष्यमा के कस्तो असर पर्ला भनी विश्लेषण गर्नुपर्दछ ।"

हाल भइरहेको काठमाडौँकेन्द्रित शिक्षकहरूको पेसागत हक–हितको लागि भनिएको आन्दोलनले स्थानीय तहमा गएको अधिकार फिर्ता लिने विचार सही नभएको औँल्याउँदै उहाँले सरकारमा गएका पार्टीहरूले आफ्ना शिक्षकहरूलाई सडकमा पठाएर संविधान संशोधन गर्ने आधार बनाउन खोजेको अनुमान गर्न सकिन्छ भन्नुभयो ।

जिल्ला शिक्षा कार्यालयलाई ब्यूँताएर नगरपालिका र गाउँपालिकामा विकेन्द्रीकरण भएको अधिकार जिल्ला र केन्द्रमा फर्काउने योजना हुनसक्ने विचार व्यक्त गर्दै उहाँले लामो समयसम्म सामुदायिक विद्यालयहरू बन्द गर्नु निजी विद्यालयलाई मलजल गर्नु हो, हाल उच्च शिक्षामा विद्यार्थी सङ्ख्या घट्दै छ र कलेज बन्द हुँदै छ भन्नुभयो ।

उहाँले भन्नुभयो, "विदेशमा गई अध्ययन गर्दा अरबौँ रूपैयाँ विदेसमा गएको छ । निजी कलेजमा चर्को शुल्क तिर्नुपर्ने हुँदा गरिबका सन्तानले अध्ययन गर्न पाउँदैनन् । सरकारले ख्वप विश्वविद्यालयको विधेयक पारित गर्दै सल्लाघारीको १०८ रोपनी जमिन मेडिकल कलेजलाई दियो भने देशको लागि स्वास्थ्य क्षेत्रमा पनि धेरै जनशक्ति तयार गर्न सकिन्छ ।"

कार्यक्रममा नेपाल क्रान्तिकारी शिक्षक सङ्घ केन्द्रीय समितिका अध्यक्ष ज्ञानसागर प्रजापतिले भन्नुभयो,"अहिले सामुदायिक विद्यालयका शिक्षकहरू काठमाडौँका सडक आन्दोलनमा रहेको समयमा निजी विद्यालयले खचाखच भर्ना गरिरहेको छ । शिक्षामा नवउदारवाद र व्यापारीकरणको प्रभाव परिरहेको छ । शिक्षक महासङ्घमा नेपाली काङ्ग्रेस, एमाले माओवादीलगायतका शिक्षक सङ्गठनहरू आबद्ध रहेको चर्चा गर्दै उहाँले शिक्षक–कर्मचारीहरूलाई सडकमा उतार्नु आफ्नै सरकारको विरोध गर्नु हो भन्नुभयो ।

कार्यक्रममा ने.क्रा.शि. सङ्घका केन्द्रीय कोषाध्यक्ष चक्रबहादुर चाकतुले महासङ्घको माग, शिक्षा विधेयक र २०८० साल असोजमा भएको सम्झौताबारेमा बोल्नुभयो । नेक्राशिसङ्घ भक्तपुर जिल्ला समितिका अध्यक्ष गणेशराम थुसाको सभापतित्वमा भएको उक्त कार्यक्रममा केन्द्रीय समितिका सदस्य अम्बिका न्याइच्याई, जिल्ला समितिका उपाध्यक्ष घनश्याम खड्का र सचिव राजन लाखाले नेपालको शिक्षक आन्दोलनको इतिहासबारे बोल्नुभएको थियो ।

## कर्तव्य इमानदारीसाथ पूरा गरे परिवर्तन सम्भव हुने




नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) ले व्यक्तिगत स्वार्थ र पैसाको पछि नलागी आफ्नो कर्तव्य इमानदारीसाथ पूरा गरेमा समाज परिवर्तन हुन समय नलाग्ने बताउनुभयो।

चैत २९ गते बाल विकास सेकेन्डरी स्कूलमा आयोजित बिस्का: जात्रा तथा नव वर्ष २०८२ को शुभकामना आदानप्रदान कार्यक्रममा उहाँले शासक दलहरूले विदेशी दलालहरूको आर्थिक प्रभावमा परेर नेपालको शिक्षालाई ध्वस्त पारेको बताउनुभयो। राणा शासनदेखि नेपाली विद्यार्थी विदेशमा बेचिने गरेको र गणतन्त्रमा समेत यो अवस्था अन्त्य नभएको विचार व्यक्त गर्दै उहाँले यसको जिम्मेवारी शासक दलहरूले लिनुपर्छ भन्नुभयो।

देशमै गुणस्तरीय र सीपयुक्त शिक्षा दिन सके विद्यार्थीहरू बिदेसिने क्रम रोकिने भएकोले विद्यालयले त्यसतर्फ ध्यान दिनुपर्नेमा उहाँले जोड दिनुभयो। म्यानपावर कम्पनीका मालिकसँग मोटा रकम खाएर सरकार र मन्त्रीहरू नै युवालाई सस्तो ज्यामीको रूपमा विदेशमा बेच्ने गरेको र सरकारकै कारण नेपालीले विदेशमा पशुको जस्तो व्यवहार भोग्न बाध्य हुनु परेको उहाँले बताउनुभयो। उहाँले विद्यालयले सानै उमेरदेखि विद्यार्थीमा असल व्यवहार, संस्कार र देशप्रेम सिकाउनु पर्छ भन्नुभयो।

नेमकिपाका केन्द्रीय सदस्य तथा भक्तपुर नगरपालिकाका मेयर सुनिल प्रजापतिले भक्तपुर नगरपालिकाले जनताको हितलाई केन्द्रमा राखेर काम गरिरहेको र देशका विभिन्न पालिकाले भक्तपुरको अनुकरण गरिरहेको बताउनुभयो। स्थानीय तहलाई अधिकार सम्पन्न बनाउनुपर्नेमा सरकार नै आफ्ना कार्यकर्तालाई आन्दोलन गराएर आन्दोलनका नाममा स्थानीय तहको अधिकार सिंहदरबारमा लाने काम गर्न लागेको बताउनुभयो।

सरकारको गलत नीतिले गर्दा नेपालको उच्च शिक्षा तहसनहस भएको बताउँदै भक्तपुर नगरपालिकाले अहिलेसम्म ४४-४५ हजार विद्यार्थीहरूलाई गुणस्तरीय शिक्षा प्रदान गर्दा पनि सरकारको पक्षपातपूर्ण व्यवहारले गर्दा ख्वप विश्वविद्यालय विधेयक पारित हुन नसकेको धारणा राख्नुभयो। उहाँले विद्यालयले सबै विद्यार्थीको नतिजा राम्रो बनाउने कुरामा ध्यान दिनुपर्ने बताउनुभयो।

विद्यालयका प्रिन्सिपल सुरेन्द्रराज गोसाईले विद्यालयले विद्यार्थीलाई प्रमाणपत्र मात्र नदिई समाजका लागि आवश्यक पर्ने ज्ञान, सीप र व्यवहार सिकाइरहेको बताउनुभयो। विद्यालयले शिक्षक कर्मचारीको चौतर्फी विकासमा ध्यान दिइरहेको बताउँदै नयाँ पुस्तालाई सिकाउने काम निकै चुनौतीपूर्ण भएकोले शिक्षकहरू सचेत हुनुपर्ने कुरामा उहाँले जोड दिनुभयो।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मोहनप्रसाद प्रजापतिको सभापतित्वमा भएको उक्त कार्यक्रममा शिक्षिका सीता प्रजापति, ग्रेड तह इन्चार्ज देवना जोशीलगायत विभिन्न कक्षाका प्रतिनिधि शिक्षकहरूले शुभकामना मन्तव्य राख्नुभएको थियो। उक्त अवसरमा कर्मचारीको तर्फबाट रामशङ्कर ह्यौमिखा, नज्मा प्रजापति र चण्डेश्वरी कोजूले पनि शुभकामना मन्तव्य राख्नुभयो।

## अग्रजहरूको योगदान महत्त्वपूर्ण



जेसिस स्कूलको आयोजनामा चैत ३० गते शुभकामना तथा प्रमाणपत्र वितरण कार्यक्रम सम्पन्न भयो।

भक्तपुर नगरपालिकाका प्रमुख एवं नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा भएको उक्त कार्यक्रममा उहाँले भक्तपुरको शैक्षिक विकासमा यहाँका अग्रजहरूको योगदान महत्त्वपूर्ण रहेकोले नयाँ पुस्ताले उहाँहरूको सम्मान गर्नुपर्ने बताउनुभयो।

उहाँले भन्नुभयो, "नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) बाट एक घर एक स्नातकको घोषणापछि

भक्तपुरको शैक्षिक क्षेत्रमा परिवर्तन भएको मान्नुपर्छ। शिक्षा, स्वास्थ्य र सम्पदा संरक्षणमा भक्तपुर नगरपालिकाले उल्लेखनीय कार्य गर्दै आएकोले भक्तपुर ज्ञान विज्ञानको केन्द्रको रूपमा विकास भइरहेको छ।"

प्रमुख प्रजापतिले भन्नुभयो, "अग्रजहरूले गरेको मेहनत र परिश्रमले नयाँ पुस्तालाई सहजरूपमा शिक्षा र स्वास्थ्य उपचारलगायत सुविधा प्राप्त भएकोले उहाँहरूको शिर उच्च राख्न हरेक विद्यार्थी एक एक वटा विषयको विशेषज्ञ बनेर देशको इमानदारीपूर्वक सेवा गर्नुपर्छ।"

सार्वजनिक शैक्षिक गुठी संस्थाका अध्यक्ष जे.एस. पौडेलले निजी विद्यालयहरूमा मन्त्री र सत्तामा गएका पार्टीका नेताहरूको लगानी भएकै कारण शिक्षा विधेयक पारित गर्न आनाकानी गरिरहेको बताउनुभयो।

उहाँले भन्नुभयो, "सार्वजनिक शैक्षिक गुठी गैरनाफामूलक भएको हुँदा निजी सबै विद्यालयहरूलाई सार्वजनिक शैक्षिक गुठीमा लानु जरूरी छ।"

विद्यालयका प्रिन्सिपल जयराम गोर्खालीको सभापतित्वमा भएको उक्त कार्यक्रममा अतिथि नगर प्रमुख प्रजापतिले एसईई उत्तीर्ण विद्यार्थीहरूलाई सम्मानपत्र प्रदान गर्नुभएको थियो।

## खेलाडीहरुले खेलका साथै शिक्षामा पनि ध्यान दिनुपर्ने




भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भनपाले खेलकुद क्षेत्रलाई प्राथमिकतामा राखेर काम गरिरहेको बताउँदै भक्तपुर अन्तर–नगर खेलकुद प्रतियोगिता, अन्तर–विद्यालय खेलकुद प्रतियोगिता र नियमित खेल प्रशिक्षण यसका दृष्टान्तहरू हुन् भन्नुभयो।

भक्तपुर जिल्ला टेबुलटेनिस सङ्घको आयोजनामा चैत ३० गते भएको शुभकामना आदानप्रदान कार्यक्रममा प्रमुख प्रजापतिले खेलाडीहरूले खेलको साथै शिक्षामा पनि उत्तिकै ध्यान दिनुपर्नेमा जोड दिनुभयो।

उहाँले भन्नुभयो, "खेलाडीहरूले अनुशासनमा बसेर देशको नाउँ उच्च राख्ने भावनाले खेल्नुपर्छ। खेलकुद सँगसँगै राष्ट्रिय र अन्तर्राष्ट्रिय घटनाहरूबारे जानकारी राख्नुपर्छ। देशको सार्वभौमिकतामाथि कसैले हस्तक्षेप गर्छ भने त्यसको विरोधमा आवाज उठाउनु पनि खेलाडीहरूको कर्तव्य हो।"



चीन र संरा अमेरिकाबिच व्यापार युद्धको सम्भावना बढ्दै गएको बारे स्पष्ट पार्दै उहाँले भन्नुभयो, "अमेरिकाले चिनियाँ सामान आयातमा अचाक्ली कर बढाउने घोषणा गऱ्यो। चीनले पनि त्यसको जवाफमा अमेरिकी सामानमा कर बढाउने निर्णय गर्दै वार्ता गर्ने भए ढोका खुला छ, लड्ने भए अन्तिमसम्म लड्न तयार छौं भन्यो। खेलाडीहरूले पनि शत्रुको सामु नझुकी दृढतापूर्वक लड्ने आँट गर्नुपर्छ।"

भनपा वडा नं. ४ का वडाध्यक्ष एवं युवा खेलकुद समितिका सदस्य उपेन्द्र सुवालले नगरपालिकाले खेलाडीहरूका लागि राम्रो अवसर प्रदान गर्ने कोशिश गरिरहेको बताउनुभयो।

अखिल नेपाल टेबुलटेनिस सङ्घका अध्यक्ष विजेन्द्र हमालले टेबुलटेनिसका मुख्य प्रशिक्षक बन्न सफल मोहनदास बासुकलालाई बधाई दिँदै बासुकलाले सङ्घर्षपूर्ण जीवनबाट खेलाडीहरूले पाठ सिक्नुपर्ने बताउनुभयो।

भक्तपुर जिल्ला खेलकुद सङ्घका अध्यक्ष प्रेमकृष्ण खर्बुजाको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा मुख्य प्रशिक्षक नियुक्त मोहनदास बासुकलालाई प्रमुख अतिथि प्रजापतिले सम्मान गर्नुभयो भने टेबुलटेनिस खेल प्रतियोगितामा प्रथम, दोस्रो र तेस्रो भएका खेलाडीहरूलाई मेडल तथा प्रमाणपत्र वितरण गर्नुभयो।

## सेवा निवृत्त भएपछिको जीवनलाई एक क्रियाशील बनाउन बौद्धिक श्रमलाई निरन्तरता दिनुपर्ने



सेवा निवृत्त शिक्षक समाज भक्तपुरद्वारा प्रकाशित 'शिक्षक अनुभव' पूर्णाङ्क १६ को विमोचन भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले वैशाख ८ गते एक कार्यक्रमबिच गर्नुभयो।

नगर प्रमुख प्रजापतिले सेवा निवृत्त शिक्षकको ज्ञान/सीप र अनुभव नयाँ पुस्ताको लागि प्रेरणा बन्ने हुँदा आफ्ना अनुभव र भोगाइलाई दस्तावेजीकरण गर्दै शैक्षिक इतिहास तयार गर्नेतर्फ शिक्षकहरू अग्रसर हुनुपर्ने बताउनुभयो।

सेवा निवृत्त भएपछिको जीवनलाई एक क्रियाशील बनाउन बौद्धिक श्रमलाई निरन्तरता दिनुपर्ने बताउँदै उहाँले शिक्षकहरू नयाँ प्रविधिसँग जोडिन जीवनलाई अझ क्रियाशील बनाउन आवश्यक छ भन्नुभयो।

सिद्धान्तहीन राजनैतिक पार्टीले आफ्नो लक्ष्य कहिल्यै प्राप्त गर्न नसक्ने बताउँदै उहाँले शासक दलहरू सरकारमा जानकै लागि सिद्धान्त त्यागेर राजनैतिक अपराध गरिरहेका छन् भन्नुभयो।



नेमकिपाले पुँजीवादी सरकारमा नजाने निर्णय गरेपछि नेमकिपाका धेरै नेता कार्यकर्तालाई एमालेले आफ्नो पार्टीमा प्रवेश गराएको सन्दर्भ जोड्दै उहाँले नयाँ पुस्तामा राजनीतिप्रति वितृष्णा जगाउने काम शासकहरूले गरिरहेका छन् भन्नुभयो।

प्रतिनिधिसभामा विचाराधीन शिक्षा विधेयक संविधानको भावना र सङ्घीय संरचनाअनुरूप शिक्षा विधेयक पारित हुनुपर्ने उहाँले बताउनुभयो।

सेवा निवृत्त शिक्षक समाजका संस्थापक अध्यक्ष नाति कवांले निवृत्त जीवनलाई अझ क्रियाशील बनाउन समाजको स्थापना भएको बताउँदै सङ्गठित शक्तिले सङ्घर्षको समयमा महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुभयो।

समाजका कोषाध्यक्ष विश्वराम कवांले शैक्षिक क्षेत्रलाई आजको अवस्था पुऱ्याउने अग्रजहरूप्रति सम्मान व्यक्त गर्दै 'शैक्षिक अनुभव' लाई आगामी दिनमा अझ परिष्कृत ढङ्गले प्रकाशन गरिने जानकारी दिनुभयो।

सेवा निवृत्त शिक्षक समाजका अध्यक्ष अम्बिकामान मानन्धरको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा समाजका सचिव शेरबहादुर डाखुसी, सम्पादक ज्ञानसागर प्रजापति, उपाध्यक्ष रामगोपाल कर्माचार्य र सदस्य तुल्सीराम ग्वाछाले पनि बोल्नुभयो।

प्रमुख अतिथि प्रजापतिले समाजका नयाँ सदस्यहरूलाई खादा ओढाई स्वागत गर्नुभएको थियो।

## अनिश्चितकालीन विद्यालय हडतालले सामुदायिक विद्यालयको शैक्षिक स्तर झन् कमजोर बनाउने



"जीवनमा गरेका राम्रा कामले नै मान्छेलाई अमर बनाउँछ। अवकाशपछि आफ्ना जीवनमा देखे भोगेका विषयबारे लिपिबद्ध गर्न सकिए त्यसले नयाँ पुस्तालाई ऊर्जा प्रदान गर्छ, विगत र वर्तमान शिक्षाबारे जानकारी दिन्छ।"

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले बासु माविबाट अनिवार्य अवकाश प्राप्त शिक्षक राजेन्द्रप्रसाद प्रधानको बिदाइको लागि वैशाख ९ गते आयोजित कार्यक्रममा नयाँ विद्यार्थी भर्ना र कक्षा सञ्चालन, एसइईको परीक्षा कापी परीक्षण, कक्षा १२ को परीक्षा प्रभावित हुने गरी अनिश्चितकालीन विद्यालय हडतालले सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर कमजोर बनाउने बताउनुभयो ।



उहाँले १० वर्षे सशस्त्र सङ्घर्षको बेला पनि भक्तपुरका विद्यालयहरू बन्द नभएको स्मरण गर्दै अहिले भक्तपुरको शिक्षा उत्कृष्ट हुनु त्यसैको परिणाम हो भन्नुभयो । उहाँले भन्नुभयो, "विद्यालय बन्दले निजी विद्यालयलाई फाइदा गर्छ । यसबाट सचेत हुनुपर्छ ।"

आफ्नो पेसागत हितको निम्ति आन्दोलन गर्नु नराम्रो होइन तर त्यसले लाखौँ विद्यार्थीहरूको भविष्यमाथि खेलबाड गर्ने छुट कसैलाई छैन, उहाँले भन्नुभयो ।

भक्तपुरको सामुदायिक शिक्षा राम्रो हुनुमा यहाँका शिक्षक, व्यवस्थापन समिति र स्थानीय जनताको राम्रो योगदान रहेको चर्चा गर्दै उहाँले भन्नुभयो, "२०३६ सालसम्म भक्तपुरको शिक्षा निकै पछाडि थियो । अहिले राम्रो हुँदै छ । अझ राम्रो बनाउन सबैले प्रयास गर्नु आवश्यक छ ।"

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष हरिप्रसाद बासुकलाले शिक्षक राजेन्द्रप्रसाद प्रधान मिलनसार व्यक्तित्व भएको चर्चा गर्दै अवकाशपछि पनि उहाँले शिक्षण क्षेत्रमा निरन्तरता दिने आशा व्यक्त गर्नुभयो ।


शिक्षक प्रेमकुमार मगरले उहाँ एक असल शिक्षक भएको आफ्नो अनुभव सुनाउनुभयो ।

विद्यालयका सहायक प्रधानाध्यापक राजकुमार ह्यौंमिखाले स्वागत गर्नुभएको उक्त कार्यक्रमको सभापतित्व प्रधानाध्यापक रवि प्रधानले गर्नुभएको थियो भने कार्यक्रममा शिक्षक रामकुमार निरौलाले पनि बोल्नुभएको थियो ।

अवकास प्राप्त शिक्षक प्रधानलाई प्रमुख अतिथि प्रजापतिले सम्मान गर्दै मायाको चिनो प्रदान गर्नुभएको थियो ।


भक्तपुर नपाबाट प्रकाशित

विविध विषयका पुस्तक




पढ्नुहोस्, पढाउनुहोस् ।


- पखाला लागेकालाई नुन चिनी पानीले संजीवनीको काम गर्छ ।
- झिँगा भन्केको, बासी खानेकुरा खानाले रोग निम्त्याउँछ ।
- सरसफाइमा जति ध्यान दिइन्छ स्वास्थ्य त्यतिकै राम्रो हुन्छ ।

अज्ञानीहरू रोगदेखि डराउँछन्
मूर्खहरू रोगलाई बेवास्ता गर्छन्
बुद्धिमानहरू रोगदेखि सतर्क रहन्छन् ।

सफा गर्ने बानी बसालौं
रोगदेखि टाढा बसौं ।

# हाम्रो स्वास्थ्य

## किन गर्नुपर्छ नियमित स्वास्थ्य परीक्षण ?

– डा. विकास श्रेष्ठ



कुनै पनि रोग लाग्नुभन्दा अगाडि समय समयमा गरिने स्वास्थ्य परीक्षणलाई नियमित स्वास्थ्य परीक्षण भनिन्छ। नियमित स्वास्थ्य परीक्षण हामीले रोग लाग्नुभन्दा अगाडि स्वास्थ्यमा कुनै जोखिम छ कि कुनै रोगको लक्षण नभए पनि हुने सङ्केत छ कि भनेर हेरिन्छ। यदि रोग लागेको देखिहाले समयमा नै उपचार गरी त्यसको जटिलताबाट बच्न सकिन्छ। नियमित स्वास्थ्य परीक्षण बच्चा जन्मनुभन्दा पहिले गरिएको भिडियो एक्सरेबाट सुरु हुन्छ।

### नियमित स्वास्थ्य परीक्षण कस्तो व्यक्तिलाई आवश्यक छ ?

जुन व्यक्तिमा कुनै पनि रोगको जोखिम छ त्यस्तो व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गर्नुपर्छ। उदाहरणको लागि मोटोपन भएका व्यक्ति जसले सुर्तीजन्य पदार्थ, मादक पदार्थ सेवन गर्छ भने त्यस्ता व्यक्तिको स्वास्थ्य परीक्षण आवश्यक हुन्छ। यसबाहेक अन्य जुनसुकै उमेर समूहका व्यक्तिले स्वास्थ्य परीक्षण गर्न सकिन्छ।

### कुन समूहले कहिले गर्ने ?

नियमित स्वास्थ्य परीक्षण हरेक वर्ष गरिन्छ। जसअन्तर्गत सुगर जाँच, प्रेसर परीक्षण, चिलोपन (कोलेस्टोर), मुटुको जाँच, किड्नीको जाँच, कलेजोको जाँच आदि पर्छन्। उमेर समूहअनुसार विभिन्न प्रकृतिका जाँच गर्न सकिन्छ। ५० वर्ष उमेर नाघेका व्यक्तिले हरेक वर्ष पेट र आन्द्राको समस्याको लागि दिसाको जाँच गरिन्छ। महिला समूहअन्तर्गत हरेक दुईदेखि तीन वर्षको अन्तरालमा पाठेघर मुखको क्यान्सरको जाँच गर्न सकिन्छ। ५० वर्ष नाघेका महिलामा स्तनको क्यान्सरको जाँचअन्तर्गत हरेक दुई वर्षको अन्तरालमा म्यामोग्राम गरिन्छ। ६५ वर्ष नाघेका महिलामा हड्डी कतिको बलियो छ भनेर बोन मिनिरल डेन्सीटी (बी.एम.डी) गरिन्छ। बच्चाहरूको स्कूल जानुभन्दा अगाडि (३ वर्षदेखि ५) वर्षको उमेरमा कान, दाँत र आँखाको जाँच गर्नु उपयुक्त हुन्छ।

### नेपालमा नियमित स्वास्थ्य परीक्षणको किन महत्त्व छ ?

नेपालमा सरुवा रोगको बिगबिगी विगतदेखि भइरहेको छ। त्यसमा पनि अहिले आएर जीवनशैली परिवर्तन भएको कारणले गर्दा नेपालमा नसर्ने रोगको भार पनि थपिएको छ। सर्ने रोगभन्दा नसर्ने रोगको जटिलता झन् भयानक हुँदै गएको छ। यसले गर्दा मान्छेको काम गर्ने क्षमतामा कमी आउनुका साथै उनीहरूलाई यो जटिलताको उपचार गर्नका लागि आर्थिक भार थपिँदै जाने भएकोले नियमित स्वास्थ्य परीक्षण गर्नु आवश्यक हुन्छ। युवा जनशक्तिमा नसर्ने रोगको प्रकोप बढ्दै गएमा पछि गएर राष्ट्रलाई नै चुनौती थपिने भएकोले सरकारले सुरुवाती चरणमै यससम्बन्धी सोच्नुपर्ने आवश्यक देखिन्छ। नियमित स्वास्थ्य परीक्षणमा देखिएको भ्रमको अन्त्य गर्नुपर्ने देखिन्छ। नियमित स्वास्थ्य परीक्षण एकपटक गरेर वर्षौंसम्म ढुक्क हुने अवस्था छैन। यो नियमित रूपमा गर्नुपर्दछ।


### नियमित स्वास्थ्य परीक्षणका फाइदाहरू

नियमित स्वास्थ्य परीक्षण गर्दा व्यक्तिलाई त फाइदा पुग्छ नै। अझ बढी फाइदा राज्यलाई हुन्छ। कुनै पनि व्यक्ति स्वस्थ भयो भने देश स्वस्थ रहन्छ। स्वस्थ मान्छेले देशमा योगदान गर्नसक्छ। जीवनको गुणस्तर राम्रो भएर रोग लागे पनि समयमा उपचार हुने भएकोले आर्थिक व्ययभारसमेत कमी हुन्छ।

स्वास्थ्य खबरपत्रिका

**औषधी, खाद्यसामग्रीलगायतका वस्तु किन्दा म्याद हेर्ने बानी गरौं !**

## आ.व. २०८१/८२ चैत महिनामा पर्यटक सूचना तथा सेवा केन्द्रको पर्यटक आगमन तथ्याङ्क




| गते ➡ | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| □ गैर सार्क | ७१० | ६५९ | ६५६ | ४४४ | ४७८ | ५५० | ४७६ | ६६८ | ५५५ | ४०९ | ५६७ | ४८९ | ५१४ | ४११ | ४५६ | ४८५ |
| ■ सार्क तथा चिनियाँ | ५८४ | ५३२ | ४८४ | ३४९ | ४११ | ३६६ | ४६६ | ६१६ | ६२६ | २८२ | ४९५ | ३५७ | ४५३ | ३८६ | ४५२ | ४०७ |

| गते ➡ | १७ | १८ | १९ | २० | २१ | २२ | २३ | २४ | २५ | २६ | २७ | २८ | २९ | ३० | ३१ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| □ गैर सार्क | ५२१ | ५१४ | ५१७ | ६५३ | ४८७ | ५४४ | ५५९ | ४२६ | ४८३ | ४८८ | ४७४ | ४४२ | ४८० | ६८३ | ५८५ |
| ■ सार्क तथा चिनियाँ | ४३६ | ३१५ | २४४ | ३०१ | २९४ | ४५२ | ३६४ | ४०७ | २०६ | २४३ | २०६ | ४१७ | ३९२ | ३२६ | ५४१ |

| | गैर सार्क | सार्क तथा चिनियाँ | कुल पर्यटक सङ्ख्या |
|---|---|---|---|
| २०८१ चैत | १६,३८३ | १२,४१० | २८,७९३ |
| २०८० चैत | १५,५३८ | १४,९५९ | ३०,४९७ |
| प्रगति | ८४५ | -२,५४९ | -१,७०४ |

सम्पादकको पृष्ठ

# सरकार निजी मेडिकल कलेज सञ्चालकहरूलाई पोस्दै ?

झन्डै एक महिनादेखि पोस्ट ग्राजुएट (पिजी) आवासीय चिकित्सकहरू सरकारले तोकेबमोजिम पारिश्रमिक माग गर्दै आन्दोलनमा छन् । नेपाल सरकारले आवासीय चिकित्सकको पारिश्रमिक मासिक ४८,७३७ तोकेकोमा निजी मेडिकल कलेजहरूले भने १८।१९ हजार मात्र दिँदै आएको छ । चिकित्सकहरूको आन्दोलनको कारण बिरामीहरू मारमा पर्दै आएका छन् । निजी मेडिकल कलेज सञ्चालकहरू भने एमबीबीएस कोटा र शुल्क नबढाएसम्म सरकारले निर्धारण गरेको पारिश्रमिक दिन नसक्ने अडानमा बस्दै आएका थिए ।

वैशाख १५ गते प्रधानमन्त्रीकै अध्यक्षतामा बसेको चिकित्सा शिक्षा आयोगको बैठकले एमबीबीएस कोटा ५० वटासम्म बढाउने र शुल्क पुनःसंरचना गर्नेबारे निर्णय गरेको सार्वजनिक भयो । यसले निजी मेडिकल कलेज सञ्चालकहरू खुसी भएका छन् । चिकित्सकहरूको आन्दोलन निजी मेडिकल कलेज सञ्चालकहरूको हितमा टुङ्गिने देखिएको छ ।

नेपालमा अहिले एमबीबीएस र बीडीएस गरी २२ सय कोटा छन् । सरकारी ६ वटा र निजी १९ वटा गरी जम्मा नेपालमा २५ वटा मेडिकल कलेजहरू सञ्चालनमा छन् । अहिले एउटा कलेजलाई अधिकत्तम १०० वटा कोटाको स्वीकृति दिएको छ । चिकित्सा शिक्षाको निर्णयअनुसार एउटा कलेजले ५० वटा कोटा थप स्वीकृति पाएमा सरकारले तोकेको प्रति विद्यार्थी ४२ लाखको दरले मात्र हिसाब गर्दा पनि प्रति कलेजलाई २० करोडभन्दा बढी फाइदा हुनेछ । अझ शुल्क बढाउने निर्णयले त्योभन्दा बढी फाइदा पुग्नेछ ।

चिकित्सा विद्यार्थीको कोटा वृद्धिले एकातिर शैक्षिक गुणस्तरमा कमी आउनेछ भने अर्कोतर्फ शुल्क वृद्धिले विद्यार्थीहरू थप मारमा पर्नेछन् । सरकार आफैले गरेको निर्णय कार्यान्वयन गर्न पनि मेडिकल माफियाहरूसामु आत्मसमर्पण गर्नुपर्ने अवस्था आउनु निश्चय पनि गम्भीर विषय हो ।

पिजी अध्ययन गर्ने विद्यार्थीहरू स्वयम् अनुमति प्राप्त डाक्टरहरू हुन् । ती डाक्टरहरूकै कारण अस्पताल राम्रोसँग चलेका हुन्छन् । थप सिक्न आएका विद्यार्थी भएकाले उनीहरूले झन् बढी मिहिनेत गर्छन् । उनीहरूले आफूले हासिल गरेको डिग्रीअनुसार पारिश्रमिक माग्नु स्वाभाविक छ । तर, सरकारले ती आन्दोलनलाई बहाना बनाएर निजी कलेज सञ्चालकहरूलाई पोस्ने काम गर्नु गलत हो ।

निजी मेडिकल कलेज सञ्चालकहरूले शिक्षालाई ठुलो व्यापार बनाइरहेका छन् । एकपटक लगानी गरेर वर्षौंसम्म आम्दानी गर्ने उद्योगको रूपमा मेडिकल कलेज सञ्चालन गरिरहेका छन् । सरकारले नै निःशुल्क मेडिकल कलेज चलाएको भए देशका कुना काप्चामा चिकित्सकहरू पुग्ने थिए । उपचारको अभावमा जनताले ज्यान गुमाउनुपर्ने अवस्था आउने थिएन । ५०।६० लाख रूपैयाँ तिरेर चिकित्सक बनेकाहरू दुर्गममा गएर काम गर्न मान्दैनन् । यसले गाउँगाउँमा स्वास्थ्यचौकी भएर पनि चिकित्सक नहुने अवस्था सिर्जना भएको छ ।

भक्तपुर नगरपालिकाले अत्यन्त सस्तो शुल्कमा चिकित्सा शिक्षा प्रदान गर्ने उद्देश्यले ख्वप विश्वविद्यालयको माग गर्दै आएको हो । निजी मेडिकल कलेज सञ्चालकहरूको दबाबमा सरकारले ख्वप विश्वविद्यालय विधेयक अगाडि बढाएको छैन । यसले सरकार निजी मेडिकल कलेज सञ्चालकहरूको पृष्ठपोषक भएको थाहा हुन्छ ।




'वास्तुकलाका प्रवृत्ति र सम्पदासम्बन्धी चौथो राष्ट्रिय सम्मेलन' उद्घाटन
(वैशाख १५ गते)




अन्तर-नगर जिम्न्याष्टिक प्रतियोगितामा सहयोगी सबैलाई धन्यवादज्ञापन कार्यक्रम
(वैशाख ११ गते)




'सय वर्षपछिको भक्तपुर' पुस्तकको मार्गनिर्देशन र चुनौतीहरूबारे
छलफल कार्यक्रम (वैशाख १३ गते)



ख्वप कलेज अफ इन्जिनियरिङको क्यूएए प्रक्रियाको लागि गठित
Peer Review Team (पीआरटी) पूर्व परीक्षण भ्रमणको समापन तथा
प्रतिवेदनमा हस्ताक्षर कार्यक्रम (वैशाख १० गते)